# वार्षिक कार्यक्रम सञ्चालन दिग्दर्शन

## आ.व. २०७८/७९

# स्वास्थ्य

कर्णाली प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालय**

वीरेन्द्रनगर, सुर्खेत

## समष्टिगत निर्देशन

सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका स्वास्थ्य क्षेत्रसँग संबद्ध कार्यक्रमहरूको निर्दिष्ट उद्देश्य बमोजिम कार्यान्वयनमा प्रभावकारिता, मितब्ययीता, एकरूपता तथा सुनिश्चितताका लागि सहजीकरण गराउने उद्देश्यले देहाय बमोजिमको समष्टिगत निर्देशन तयार गरिएको छ-

- कार्यक्रम सम्पन्न भए पश्चात सामाजिक विकास मन्त्रालय एवं स्वास्थ्य सेवा निर्देशनालयमा उल्लेखित कार्यक्रम सम्बन्धी प्रतिवेदन पठाउनुपर्नेछ ।
- सम्बन्धित कार्यालयहरूले वार्षिक कार्ययोजना तयार पारी अनिवार्य रूपमा सामाजिक विकास मन्त्रालय तथा निर्देशनालयमा पठाउनु पर्नेछ ।
- हरेक चौमासिक अवधि सम्पन्न भएको १ हप्ता भित्र चौमासिक प्रगति विवरण अनिवार्य रूपमा तोकिएको ढाँचा बमोजिम तयार पारी मन्त्रालयमा पठाउनु पर्नेछ ।यसरी प्रतिवेदन गर्दा प्रमुख तथा उल्लेख्य कृयाकलापहरूको फोटो र भिडियो समेत पठाउनु पर्नेछ ।
- कार्यक्रमहरू सञ्चालन गर्दा मितब्ययीता र उपलब्धीलाई विशेष ध्यान दिनुपर्नेछ ।
- आर्थिक वर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम खर्च गर्ने मार्गदर्शनलाई पूर्णरूपमा पालन गर्नुपर्नेछ ।
- कार्यक्रम तथा स्वास्थ्य सेवाको प्रवाह एवं सेवाको प्रयोग बारेको विवरणका आधारमा कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरिने हुँदा प्रदेश तह अन्तर्गत प्रदान गरिने स्वास्थ्य सेवाको तथ्याङ्कीय विवरण स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीमा मासिक रुपमा प्रविष्ट गर्नु, गराउनुपर्नेछ । साथै अन्य व्यवस्थापन सूचना प्रणालीको मापदण्ड अनुसार तथ्याङ्कको प्रविष्टि तथा प्रतिवेदन गर्नुपर्नेछ । प्रदेश अन्तर्गतका स्थानीय तहमा पनि समयमै प्रतिवेदन तथा सूचना प्रवाहका लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरण गर्नुपर्नेछ ।
- कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार प्राविधिक सहयोग तथा सहजीकरणका लागि संघीय र प्रदेशका कार्यक्रमसँग सम्बन्धित महाशाखा एवं निर्देशनालयसँग समन्वय गर्न सकिनेछ । साथै प्रदेशस्तरबाट आवश्यकता अनुसार कार्यक्रमहरुको अनुगममन हुन सक्नेछ ।
- प्रदेश अन्तर्गत रहेका जिल्ला तहका स्वास्थ्य कार्यालय मार्फत कार्यान्वयन गर्दा प्रभावकारी हुने कार्यक्रमहरु सोहि अनुरुप सञ्चालन गरी कार्यक्रमको प्रभावकारीता अभिबृद्धि गर्नुपर्नेछ । साथै स्थानीय तहहरुसँगको समन्वयमा सञ्चालन गर्नुपर्ने कार्यक्रम वा स्थानीय तहसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरुलाई प्राथमिकरण गरी योजनाबद्ध तथा समन्वयात्मक रुपमा सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट सम्बन्धमा यस निर्देशिकामा बाँडफाँटका आधार उल्लेख गरिएकोमा सोहि बमोजिम तथा बाँडफाँटका आधार उल्लेख नगरिएकोमा कार्यक्रम तथा कृयाकलापको उद्देश्य र अपेक्षित लक्ष्य अनुरुप हुने गरी आवश्यकता तथा

विद्यमान नियमानुसार बजेटको बाँडफाँट गरी कार्यक्रम तथा कृयाकलापहरु सञ्चालन गर्नुपर्नेछ।

- स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा सुचारूलाई प्राथमिकता दिई सेवा करारका कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ ।
- विद्यमान कोभिड १९ लगायतका महामारी तथा महामारीजन्य अवस्थाको प्रभावकारी व्यवस्थापन तथा नियन्त्रणका लागि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
- आवश्यक औषधि तथा औषधीजन्य सामग्रीहरुको निरन्तर सुनिश्चितताका लागि आवश्यक समन्वयका साथै आन्तरिक श्रोत साधनको कुशल व्यवस्थापन मार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता तर्फ ध्यान दिनु पर्नेछ ।
- औषधि तथा औषधीजन्य सामग्री खरिद गर्दा संघ र प्रदेशबाट प्राप्त नहुने वा कम मात्रामा प्राप्त हुने तथा प्रदेश एवं स्थानीय तहमा बढि आवश्यक हुने औषधि तथा सामग्रीहरुलाई प्राथमिकता दिनुपर्नेछ । स्थानीय तहका लागि आपुर्ति गरिने औषधीहरुको खरिद सम्बन्धी कार्यमा दोहोरोपना नहोस भनी स्थानीय तहहरुसँग आवश्यक समन्वय गरी व्यवस्थापन गर्नुपर्नेछ ।
- स्वीकृत कार्यक्रम तथा प्राप्त अख्तियारी अनुसारको निर्देशन र खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, कर्णाली प्रदेश विनियोजन ऐन २०७८, कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । यसका साथै आर्थिक मामिला तथा योजना मन्त्रालय तथा यस मन्त्रालयबाट यस आर्थिक बर्षका लागि लक्षित गरी जारी गरीएका निर्देशिका तथा परिपत्र अनुरुप गर्नुहुनेछ ।
- वैदेशिक सहायता समावेश भएको कार्यक्रमको हकमा आवश्यकता अनुसार सम्बन्धित निकायसँगको समन्वय तथा यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालन गरी तोकिए बमोजिमको ढाँचामा प्रतिवेदन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन सम्बन्धमा कुनै समस्या हुन गएमा वा थप जानकारी आवश्यक भएमा कार्यक्रमसँग संबद्ध यस मन्त्रालय अन्तर्गतका निर्देशनालय, महाशाखा वा शाखासँग समन्वय गर्न सकिनेछ ।
- यस निर्देशिकामा कार्यक्रम सञ्चालन गर्ने निकाय जुनसुकै तोकिएको भएतापनि नयाँ कार्यालय स्थापना भई कार्य सञ्चालन गर्नुपर्ने भएमा नयाँ कार्यालयका लागि तोकिने कार्यक्रम सञ्चालनको जिम्मा सोही कार्यालय मार्फत नै सञ्चालन हुनेछ ।

# विषय सूचि


समष्टिगत निर्देशन ........ २

(क) सामाजिक विकास मन्त्रालय अन्तर्गतका कृयाकलापहरू ........ ५

(ख) स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका कृयाकलापहरू ........ ३२

(ग) प्रदेश अस्पताल अन्तर्गतका कृयाकलापहरू ........ ८४

(घ) मानव संसाधन विकास केन्द्र, स्वास्थ्य तालिम शाखा अन्तर्गतका कृयाकलापहरू ........ ९९

(ङ) प्रदेश आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्रहरूका कृयाकलापहरू ........ १०८

(च) प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका कृयाकलापहरू ........ १४०

(छ) जन/स्वास्थ्य सेवा कार्यालय अन्तर्गतका कृयाकलापहरू ........ १४९

## (क) सामाजिक विकास मन्त्रालय अन्तर्गतका कृयाकलापहरू

### १. कृयाकलापको नामः शवबाहन खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.२.१६ | खर्च शिर्षकः ३११२१ |

| | |
|---|---|
| परिचय | कोभिड १९ को संक्रमण तथा अन्य कारणबाट मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनका लागि शबवाहनको ब्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | शबको समयमा नै व्यवस्थापन गरी मृतकका आफन्तलाई सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | शब ब्यवस्थापन सेवा उपलब्ध भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय तथा अन्तर्गतका अस्पताल/कार्यालयहरू । |
| सञ्चालन प्रकृया | प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गरी अस्पताल/कार्यालयहरूलाई उपलब्ध गराउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना र कार्यतालिका अनुसार । |
| बजेट बाँडफाँट | आवश्यकता एवं प्रचलित मापदण्ड अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, शबबाहन व्यवस्थापन सम्बन्धी नीति तथा निर्देशिका । |
| अनुगमन सूचक | खरिद प्रतिवेदन, सम्बन्धित कार्यालयको स्टोर दाखिला विवरण तथा उपलब्ध एम्बुलेन्स संख्या। |

### २. कृयाकलापको नामः COVID-19 महामारी ब्यवस्थापनका लागि एम्बुलेन्स खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.५.५ | खर्च शिर्षकः ३११२१ |

| | |
|---|---|
| परिचय | स्थानीयस्तरमा उपचार हुन नसक्ने बिरामीका लागि सुविधा भएका अस्पतालमा पुर्याउने ब्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय प्रेषण सेवा उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय प्रेषण सेवामा पहुँच भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरु । |
| सञ्चालन प्रकृया | • प्रदेश अन्तर्गतका एम्बुलेन्स नभएका अस्पतालहरूमा एम्बुलेन्स खरिदको लागि बजेट उपलब्ध गराउने<br>• एम्बुलेन्सको आवश्यकता रहेको स्थानीय तहसंग सामाजिक विकास मन्त्रालयको ७०% सम्म साझेदारीमा खरिद गर्न सकिनेछ।<br>• स्वीकृत मापदण्ड अनुसार एम्बुलेन्स उपलब्ध नभएका स्थानीय तहहरूबाट प्रस्ताव माग गरी खरिद गर्न पुरक अनुदानको रूपमा बजेट उपलब्ध गराउने।<br>• सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद कार्य गर्ने । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना र कार्यतालिका अनुसार |
| बजेट बाँडफाँट | आवश्यकता एवं प्रचलित मापदण्ड अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, एम्बुलेन्स व्यवस्थापन सम्बन्धी निति तथा निर्देशिका |
| अनुगमन सूचक | खरिद प्रतिवेदन, स्टोर दाखिला प्रतिवेदन तथा उपलब्ध एम्बुलेन्स संख्या |

## ३. कृयाकलापको नामः कोभिड १९ रोकथाम, नियन्त्रण, प्रतिकार्य तथा विशेष उपचार सेवा सञ्चालनका लागि मेशीनरी औजार तथा उपकरण खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.१५ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न र जटिल अवस्थाका विरामीको उपचारका लागि भेन्टीलेटर र आई.सि.यु. लगायत आवश्यक उपकरण तथा सामग्रीहरु खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय र उच्चस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवा बिस्तार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय वा अन्तर्गतका कार्यालयहरू |
| सञ्चालन प्रकृया | अस्पतालहरूमा ICU कक्ष व्यवस्थापन, अपरेशन कक्ष व्यवस्थापन लगायत निदानात्मक, उपचारात्मक सेवाका लागि आवश्यक पर्ने मेशीनरी औजार तथा उपकरणको परिमाण एकिन गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आवश्यकता एवं प्रचलित मापदण्ड अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित मापदण्डहरू |
| अनुगमन सूचक | स्टोर दाखिला प्रतिवेदन तथा उपलब्ध भेन्टीलेटर तथा आई सि.यु तथा अन्य उपकरण संख्या |

## ४. कृयाकलापको नामः सूचना तथा सन्देशमूलक सामग्री प्रकाशन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.४.१४.२ | खर्च शिर्षकः २२३१५ |

| | |
|---|---|
| परिचय | कोभिड १९ सम्बन्धी स्वास्थ्य शिक्षा सामग्री तथा कृयाकलापको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरु बारे जानकारी गराई ज्ञान, धारणा र सीपमा अभिबृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • भाषा, संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय |

| | |
|---|---|
| | सञ्चार माध्यमहरुबाट आम जनसमुदायमा कोभिड १९ सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने ।<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी कोभिड १९ सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तत गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | • कोभिड १९ सम्बन्धी सकारात्मक व्यवहार परिवर्तन भई स्वस्थ जीवनशैली अपनाइएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | • कोभिड १९ सम्बन्धी सन्देश प्रसारणको विधि यकिन गर्ने र स्पेशीफिकेशन तयार गर्ने।<br>• सूचना प्रसारणका माध्यमहरु एफ.एम रेडियोबाट प्रसारण, Hoarding Board, टेलिभिजन प्रसारण, Documentary उत्पादन तथा प्रर्दशनी, Digital Display, Flex, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, पम्पलेट, पोष्टर, लिफ्लेट, सन्देश सहितको टिसर्ट, ज्याकेट, क्याप आदि विभिन्न जानकारीमूलक सामग्री आवश्यकता अनुसार उत्पादन गरी वितरण गरिनेछ ।<br>• स्वास्थ्य शिक्षा सामग्री प्रसारणको विषयवस्तुमा पत्रकारहरूलाई अभिमुखिकरण गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक ऐन, नियम तथा कानून अनुसार प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ५. कृयाकलापको नामः कोभिड १९ रोकथाम, उपचार तथा प्रतिकार्य व्यवस्थापन कोष स्थापना र सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४९८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा कोभिड १९ रोकथाम, उपचार तथा प्रतिकार्य व्यवस्थापन गर्न प्रदेशस्तरमा कोष स्थापना गरी सञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको छ । यस कार्यक्रमबाट प्रभावित व्यक्ति लाभान्वित हुने अपेक्षा गरिएको छ । |
| उद्देश्य | प्रदेशस्तरमा कोभिड १९ रोकथाम, उपचार तथा प्रतिकार्यलाई व्यवस्थित गर्ने । |
| अपेक्षित प्रतिफल | कोभिड १९ बाट प्रभावित व्यक्तिले सरल र सहज तरीकाबाट सेवा प्राप्त गर्नेछन् । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रकृया | प्रचलित कानून र कोभिड १९ रोकथाम, उपचार तथा प्रतिकार्य व्यवस्थापन कोष सञ्चालन सम्बन्धी छुट्टै कार्यबिधि अनुसार कार्यान्वयन गरिनेछ । |
| सञ्चालन गर्ने अवधि र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा रही स्वीकृत बजेटको परिधिभित्र रही माग तथा आवश्यकता अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित मापदण्डहरू |
| अनुगमन सूचक | कोषबाट लाभान्वित व्यक्तिहरू, बैठक निर्णय । |

## ६. कृयाकलापको नामः निशुल्क स्वास्थ्य सेवाका लागि औषधी खरिद (औषधीहरू खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.३ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | औषधि अभाव सृजना हुन नदिइ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय वा मातहतका बजेट विनियोजन भएका कार्यालयहरू |
| सञ्चालन प्रकृया | • निशुल्क सूचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी स्टोरहरुमा राख्ने,<br>• गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने ।<br>• मन्त्रालय वा मातहतका निकायले खरिद गरेका औषधि उपकरण तथा सामग्रीहरुको समन्वय, अनुगमन, मुल्याङ्कन तथा गुणस्तर परिक्षण मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले गर्नुपर्ने छ ।<br>• माग र आवश्यकता भएको अवस्थामा अत्यावश्यक औषधिका साथै अन्य औषधिको व्यवस्थापन गर्नसकिने छ।<br>• कर्णाली प्रदेश सरकारबाट निःशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने वा अख्तियारी दिने ।<br>स्वीकृत बजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बजेट बाँडफाँट गरी प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने । |
| सन्दर्भ सामग्री | निशुल्क अत्यावश्यक औषधी सूची, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका२०७५, प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन |

## ७. कृयाकलापको नामः रणनैतिक स्थानमा आधारभूत अस्पताल निर्माणका लागि सहयोग (भवन निर्माण)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ११.१.२.४०६ | खर्च शीर्षकः ३१११२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका विशेष गरी दुर्गम स्थान र बहुसंख्यक जनसंख्यालाई सेवा दिन सकिने र विद्यामान अस्पतालहरूको पहुँचभन्दा टाढा रहेका बहुसंख्यक जनसंख्यालाई पायक पर्ने रणनैतिक स्थानीय तहमा आधारभुत अस्पताल निर्माणका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | रणनैतिक स्थानमा आधारभुत अस्पताल संचालन गरी सुलभ रूपमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | सर्वसाधारणले सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्नेछन् ।<br>स्वास्थ्य सेवा लिनेहरूको व्यवहारमा परिवर्तन भई सेवाको पहुँच विस्तार तथा प्राप्तिमा बृद्धि भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय, स्थानीय तह |
| सञ्चालन प्रक्रिया | • रणनैतिक अस्तपाल निर्माणका लागि स्थानीय तहबाट प्रस्तावना माग गर्ने ।<br>• मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले आधारभूत अस्पताल निर्माणका गर्नका लागि रणनैतिक स्थानको पहिचान गर्ने ।<br>• रणनैतिक स्थानको स्थलगत अध्ययन गरी प्राविधिक र ब्यवस्थापकीय अवस्थाको विश्लेषण गर्ने ।<br>• आधारभूत अस्पतालको थप संरचना निर्माण गर्न छनोटका आधार तपसिल बमोजिम हुनेछन्<br>    ○ मापदण्ड अनुसार जग्गाको व्यवस्था भएको,<br>    ○ चिकित्सक लगायत आवश्यक स्वास्थ्य जनशक्तिको व्यवस्थापन गरी सेवा दिइरहेको,<br>    ○ सदरमुकाम भन्दा टाढाको पायक पर्ने स्थानीय तह,<br>    ○ बिरामीहरूको चाप बढी भएको,<br>    ○ अस्पतालमा चाहिने मुख्य संरचना निर्माण भईसकेको वा भइरहेको<br>    ○ रणनैतिक अस्पताल स्थापना गर्न आवश्यक भएको<br>• यस रकमबाट आवश्यकता भएको तर हाल निर्माण भइरहेको डिजाइनमा नसमेटिएका संरचना निर्माणमा विशेष ध्यान दिनुपर्नेछ।<br>• रणनैतिक स्थानको छनौट प्रश्चात् सम्बन्धित स्थानीय तहमा वित्तिय हस्तान्तरण गरी बजेट उपलब्ध गराउने ।<br>• स्थानीय तहले प्रचलित कानून बमोजिम भौतिक पुर्वाधारको निर्माण गर्ने ।<br>• कार्य सम्पन्न भए पश्चात् त्यसको भौतिक तथा वित्तिय प्रतिवेदन स्थानीय तहले उपलब्ध गराउनुपर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी प्रयोजनका लागि आवश्यक पर्ने बैठक संचालन खर्च र सार्वजनिक खरिद प्रणाली अनुसार निर्माणका लागि बजेट बाँडफाँट |

| | |
|---|---|
| | गरी कार्यन्वयन गर्ने |
| सन्दर्भ सामग्री | पूर्वाधार तथा भवन निर्माण सम्बन्धी निर्देशिका साथै अद्यावधिक निर्देशिकाहरू |
| अनुगमन सूचक | प्रक्रिया, बैठकको विवरण, स्थलगत अध्ययनको प्रतिवेदन, भौतिक प्रगतिको विवरण |

## ८. कृयाकलापको नामः लागत साझेदारीमा राकम कर्णालीमा ट्रमा सेन्टर सहितको अस्पतालको भवन निर्माण (भवन निर्माण)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ११.१.२.४०७ | खर्च शीर्षकः ३११११२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा हरेक बर्ष सडक दुर्घटनाका कारण धेरै मानिसहरूले ज्यान गुमाउनुका साथै घाइते भई अङ्ग भङ्ग हुनेहरूको संख्या बढ्दो अवस्थामा रहेको, राकम कर्णाली कर्णाली राजमार्ग र मध्यपहाडी लोकमार्गको केन्द्रविन्दु भएकाले दुर्घटनामा परेकाको आकस्मिक उपचार गर्नका साथै धेरै जनसंख्यालाई सेवा दिन सकिने भएकाले ट्रमा सेन्टर सहितको अस्पतालको भवन निर्माण नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकारको लागत साझेदारीमा उक्त स्थानमा स्थापना गर्नका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | सडक तथा अन्य दुर्घटनाका कारण घाइते व्यक्तिहरूको तत्काल उपचार गरी जीवन रक्षा गर्न । |
| अपेक्षित प्रतिफल | सडक तथा अन्य दुर्घटनाका कारण घाइते व्यक्तिहरूको तत्काल उपचार गर्नका लागि आवश्यक भौतिक पूर्वाधार सहितको ट्रमा अस्पताल निर्माण गरी सञ्चालन हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | नेपाल सरकार, सामाजिक विकास मन्त्रालय र स्थानीय तह । |
| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालय, आठवीस नगरपालिका र साझेदार संस्थाबीच समझदारी गरी सोही अनुसार निर्माण कार्य गर्ने ।<br>• उल्लेखित वहुपक्षीय समझदारी पत्रानुसार प्रचलित कानून बमोजिम आठबीस नगरपालिकाले भवन निर्माण गर्ने ।<br>• ट्रमा अस्पताल रहने स्थानको स्थलगत अध्ययन गरी प्राविधिक र ब्यवस्थापकीय अवस्थाको विश्लेषण गर्ने ।<br>• प्रत्येक आ.व. समाप्त भएपश्चात् कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तिय प्रतिवेदन स्थानीय तहले सामाजिक विकास मन्त्रालय र साझेदार संस्थालाई उपलब्ध गराउनुपर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी प्रयोजनका लागि आवश्यक पर्ने बैठक संचालन खर्च र सार्वजनिक खरिद प्रणाली अनुसार निर्माणका लागि बजेट बाँडफाँट गरी कार्यन्वयन गर्ने । |
| सन्दर्भ सामग्री | पूर्वाधार तथा भवन निर्माण सम्वन्धी निर्देशिका साथै अद्यावधिक निर्देशिकाहरू |
| अनुगमन सूचक | प्रक्रिया, बैठकको विवरण, स्थलगत अध्ययनको प्रतिवेदन, भौतिक प्रगतिको विवरण |

## ९. कृयाकलापको नामः HMIS, DHIS र LMIS तथ्याङ्क प्रविष्टी तथा व्यवस्थापनको लागि कम्प्युटर जनशक्ति करार (व्यक्ति करार)

| कृयाकलाप संकेत नं. :२.५.७.२३ | खर्च शीर्षक: २२४१३ |
|---|---|

| | |
|---|---|
| परिचय | आ.ब. २०५१/२०५२ मा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागू भए पश्चात स्वास्थ्य सेवाहरुको सूचनाहरु एकद्वार प्रणालीबाट उपलब्ध गरिने प्रावधान रहेको छ । आ.ब. २०७३/०७४ देखि जिल्लाबाट DHIS २ अनलाईन सफ्टवेयरमा प्रतिवेदन प्रविष्ट गर्ने कार्य शुरु गरिएको हो । सोही आ.ब. मा प्रत्येक जिल्ला जन/स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत र सहायकहरूलाई र सरकारी अस्पतालमा कार्यरत मेडिकल रेकर्डर/अधिकृतहरुलाई DHIS २ सम्बन्धी तालिम प्रदान गरी सकिएको छ। गत आ.ब.२०७७/७८ मा सबै स्थानीय तहका स्वास्थ्य संयोजकहरूलाई e-LMIS सम्बन्धी तालिम समेत प्रदान गरी अनलाईनबाट प्रबिष्ट गर्ने कार्य भईरहेकोले HMIS, LMIS, e-LMIS सम्बन्धी सूचना प्रविष्ट गर्न र सूचना व्यवस्थापनका लागि करारमा जनशक्ति भर्ना गरी परिचालन गर्ने कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा प्रयोग हुने HMIS, DHIS २ Platform/LMIS मार्फत स्वास्थ्य सूचना सम्बन्धी कार्यको व्यवस्थापन गर्नका लागि योग्यता र दक्षताका आधारमा जनशक्ति भर्ना गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हो। उक्त जनशक्तिले गर्ने मुख्य कार्यक्रमहरू तपसिल बमोजिम रहेका छन्<br>• HMIS, DHIS-2/e-LMIS मा सूचना प्रविष्ट गरी प्रतिवेदन तयार गर्ने,<br>• E-Governance मा सहयोग पुर्याउने कार्य,<br>• सूचनालाई योजना निर्माणमा सहयोग पुर्याउने<br>• गुणस्तरीय स्वास्थ्य सूचना प्रणालीको दिगो विकासमा टेवा पुर्याउने, |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सूचनाहरू HMIS, e-LMIS, DHIS-2 मा नियमित, पूर्ण र समय सीमाभित्र प्रविष्ट हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय र जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | HMIS, DHIS-2, e-LMIS प्रविष्टी गर्नका लागि करारमा जनशक्ति लिन तपसिल बमोजिमका कृयाकलापहरू गरिनेछः<br>• प्रचलित आर्थिक ऐन नियम, करार सेवा नियमावली अनुसार शैक्षिक योग्यता पुगेका दक्ष जनशक्ति भर्ना गरिनेछ<br>• प्रतिवेदन प्रविष्ट सम्बन्धी अभिमुखिकरण गरिनेछ,<br>• उक्त जनशक्तिलाई लागि दरवन्दी रिक्त वा आवश्यक भएको स्थानमा खटाइनेछ,<br>• निज करारमा लिइएको जनशक्तिले नियमित रूपमा प्रतिवेदन प्रविष्ट गर्नुपर्नेछ,<br>• DHIS-2, HMIS, e-LMIS को प्रतिवेदनलाई विश्लेषण गरी परिणाममुखि योजना निर्माण गर्नमा सहयोग गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आ.ब. २०७८/७९ भित्र सञ्चालन गरिने भएको हुँदा करार जनशक्तिलाई प्रथम चौमासिक भित्र नै छनौट गरी असार मसान्त २०७९ सम्म परिचालन गरिनेछ। |
| बजेट बाँडफाँट | करारमा नियुक्त गरिएको जनशक्तिलाई नियमानुसार पारिश्रमिक तथा सुबिधा उपलब्ध गराउने, |

| | |
|---|---|
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ (संशोधित) कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ तथा प्रचलित ऐन, नियमावली, कार्यबिधिहरू । |
| अनुगमन सूचक | योग्यता पुगेका दक्ष जनशक्तिको करार नियुक्ति भएको र जिम्मेवारी अनुसारको कार्य सुचारू भएको । |

### १०. कृयाकलापको नामः आयुर्वेद चिकित्सकहरुलाई एनुरेक्टल रोग सम्बन्धी तालिम (उद्यमशिलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.६.४.६४ | खर्च शीर्षक: २२५१२ |

| | |
|---|---|
| परिचय | क्षारसूत्र चिकित्सा आयुर्वेद चिकित्सा सेवाको बिशिष्टिकृत चिकित्सा सेवा हो। यसको प्रयोग प्रमुखरूपमा एनोरेक्टल रोग तथा अन्य स्थानमा हुने फिस्टुला र साइनसहरूमा हुँदै आएको छ । यस कर्णाली प्रदेशमा पनि उक्त रोगहरूको समाधानको लागि यस प्रदेशमा कार्यरत चिकित्सकहरूलाई क्षारसूत्र सम्बन्धी तालिम प्रदान गरी सक्षम बनाउन आवश्यक देखिएकोले यस कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद चिकित्सकहरूलाई क्षारसूत्र चिकित्सा सम्बन्धी क्षमताको अभिबृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्सकहरू क्षारसूत्र चिकित्साद्वारा उपचार गर्न सक्षम हुनेछन् । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय/स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | स्वीकृत बार्षिक कार्यक्रम अनुसार सहभागीहरूको पहिचान गरी तालिममा सहभागी गराउने,<br>तालिम सञ्चालन पूर्व सहभागीहरूको पूर्वपरीक्षा तथा तालिम पश्चात् पनि परीक्षा लिइनेछ,<br>आयुर्वेद अस्पताल/औषधालयमा तालिम सञ्चालन हुनेछ,<br>यस तालिमको अबधि ५ देखि ७ दिनको हुनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आवश्यकता अनुसार प्रथम, दोस्रो तथा तेस्रो चौमासिकमा सञ्चालन हुनेछ |
| बजेट बाँडफाँट | मसलन्द सामग्री खरिद, क्षारसूत्र खरिद साथै अन्य सर्जिकल सामग्रीहरको खरिद,<br>तालिमका सहजकर्ता/प्रशिक्षक, सहभागीहरूलाई नियमानुसार पाउने यातायात, दैनिक भ्रमण भत्ता तथा अन्य भत्ता उपलब्ध गराइने । |
| सन्दर्भ सामग्री | क्षारसूत्र चिकित्सा सम्बन्धी तालिम सामग्री |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

### ११. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धमा नीति/रणनिति/निर्देशिका/फरमेट छपाइ तथा व्यवस्थापन (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.५.१६७ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | यस मन्त्रालयको नीति, बार्षिक कार्यक्रम तथा बजेट योजनाले अपेक्षा गरेका बिषयहरूलाई कार्यान्वयन गर्न रणनिति/निर्देशिका/मापदण्ड/फरमेटहरू तयार गरिनेछ। प्रचलित नीति, नियम, रणनीति, निर्देशिका, मापदण्ड तयार गरी उल्लेखित सामग्री लगायत बिभिन्न स्वास्थ्य सम्बन्धी प्रचार प्रसार सामग्रीको छपाइ अनिवार्य नै हुन्छ। ती उत्पादित सामग्रीहरू लक्षित |

| | |
|---|---|
| | सरोकारवाला/सेवाग्राहीसम्म पुर्याउन वितरण गरिने हुँदा त्यसको छपाइ तथा सम्पूर्ण व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य सम्बन्धीहरू बिभिन्न सामग्रीहरू उत्पादन गरी सरोकारवाला तथा लक्षित वर्गसम्म पुर्याउनु |
| अपेक्षित प्रतिफल | बिभिन्न नीति, रणनीति, निर्देशिका, फरमेटहरूको छपाइ गरी त्यसको वितरण गरिएको हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालयमा नीति, रणनीति, मापदण्ड, निर्देशिका, प्रचार प्रसार सामग्री तयार गर्ने प्राबिधिक समिति गठन हुनेछ,<br>• स्वास्थ्य शिक्षा तथा सामग्री विकास सम्बन्धी निर्देशिका, प्रोटोकल तथा मापदण्ड एवं गुणस्तर निर्धारणका कार्यहरु गर्ने,<br>• व्यवहार परिवर्तन तथा स्वास्थ्य शिक्षाजन्य सामग्री विकास गर्ने,<br>• अनुगमन तथा मुल्यांकनका आधारमा आवश्यकता अनुसार स्वास्थ्य शिक्षा तथा सामग्रीको परिमार्जन गर्ने,<br>• प्राबिधिक समितिले तयार गरी मन्त्रालयबाट स्वीकृत भइसकेपछि ती सामग्रीहरूलाई प्रचलित आर्थिक ऐन नियम बमोजिम उत्पादन तथा छपाइ कार्य गरिने,<br>• छपाइ गरीएका सामग्रीहरू आवश्यकता र बिषयको गाम्भीर्यताका आधारमा लक्षित समूहमा वितरण गरिने,<br>• सामग्री तयार गर्दा स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरिकहरलाई केन्द्रविन्दुमा राखी तयार गरिने,<br>• सामग्रीहरूको वितरण गर्दा सामाजिक विकास मन्त्रालयबाट ढुवानी गर्न सवारी साधनको व्यवस्था मिलाईने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार खर्चको बाँडफाँट र खर्च गरिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली स्वास्थ्य नीति, २०७६, प्रचलित ऐन, नियम, सम्बन्धित निर्देशिका, कार्यबिधि र निर्णयहरू, |
| अनुगमन सूचक | बिभिन्न सामग्रीहरूको उत्पादन, दाखिला प्रतिवेदन, उत्पादित सामग्रीहरू वितरण भएका स्थानहरू |

## १२. कृयाकलापको नामः आयुर्वेद तथा योग सम्बन्धी निःशुल्क स्वास्थ्य शिबिर संचालन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | जीवनशैलीमा परिवर्तन गरी रोगको रोकथाम गर्न आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्न र योग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्न आवश्यक महसुश गरी यो कृयाकलाप राखिएको छ। |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा तथा योग सम्बन्धी |

| | |
|---|---|
| | सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद तथा योग चिकित्साको पहुँच नपुगेका जनताले आयुर्वेद चिकित्सावाट स्वास्थ्य लाभ लिन सक्नेछन । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुको छनोट गरी कार्यक्रम स्थल निर्धारण गर्ने।<br>• सम्वन्धीत स्थानीय तहसँग समन्वय गरी आयुर्वेद औषधालयहरु र आयुर्बेद शाखाका आवश्यकता अनुसार अन्य जनशक्ति परिचालन गरी कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने।<br>• नियमानुसार अनुसुची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• अभियान सञ्चालनका लागि दै.भ्र.भत्तामा दोहोरोपना नपर्ने गरी विशेषज्ञ चिकित्सकलाई खटिएको दिनको दैनिक रू. ५००० र चिकित्सकलाई रू. २५०० पारिश्रमिक वापत भुक्तानी गरिनेछ ।<br>• शिबिर विहान देखि साझसम्म सञ्चालन हुने भएकाले अभियानका खटिनेहरूका लागि खाजा, खाना वापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ ।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | दोस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि पूर्व तयारी बैठक बसी आयुर्वेद औषधि खरिद , यातायात खर्च, खाजा, प्रचार प्रसार खर्च, दैनिक भ्रमण खर्च, विविधखर्च आदिको सम्बन्धित निकायको प्रमुखबाट स्वीकृत गराउने र खर्च गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५, निर्देशिका, कार्यविधि, मापदण्डहरु |
| अनुगमन सूचक | शिविर सम्पन्न प्रतिवेदन |

## १३. कृयाकलापको नामः एकीकृत जनस्वास्थ्य अभियान तथा बिशेषज्ञ स्वास्थ्य शिविर (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.१० | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गर्ने रणनीति लिएको छ । रणनीति बमोजिम आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच कम भएका स्थानमा बिशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरी गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउन, जनचेतना तथा परामर्श सेवा प्रदान गरी प्रभावकारी रूपमा संचालन गर्नको लागि यो कृयाकलाप समावेश गरिएको छ । |
| उद्देश्य | • दूर्गम तथा पिछडिएको, सिमान्तकृत समुदाय बसोबास गर्ने स्थानमा आधारभूत तथा विशेषज्ञ सहित अत्यावश्यक प्रबर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक र उपचारात्मक एकिकृत स्वास्थ्य सेवा मार्फत स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गर्ने। |

| | |
|---|---|
| | • स्थानीय आवश्यकता र विविधता अनुरुपका कार्यक्रम संचालनमा स्वास्थ्य सेवा कार्यालयहरुलाई सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | • पहुँच कम भएका स्थानमा आधारभूत/विशेषज्ञ स्वास्थ्य सेवाको उपलब्धता हुने ।<br>• एकीकृत अभियान मार्फत जनस्वास्थ्य सेवाको पहुँच तथा उपभोगमा बृद्धि हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • माग भई आएमा र आवश्यकता देखिएको अवस्थामा प्रदेशको जुनसुकै ठाउँमा विशेषज्ञ सेवा सहित स्वास्थ्य शिविर सञ्चालन गर्न सकिने छ ।<br>• आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक र अन्य स्वास्थ्यकर्मीहरू परिचालन गर्न सकिने छ ।<br>• शिविरमा सेवाका साथै जनचेननामुलक कृयाकलापहरू समेत गर्ने ।<br>• स्वास्थ्य शिविर सञ्चालन गर्दा सम्बन्धीत जिल्लाको अस्पताल, स्वास्थ्य कार्यालय, स्थानीय तह, स्वास्थ्य सेवासंग सम्बन्धीत अन्य निजी सामुदायिक अस्पताल एवं संस्थासंग साझेदारी गरी गर्न सकिनेछ ।<br>• प्रचलित आर्थिक नियमानुसार यस शिविरसँग सम्बन्धित सेवा तथा सामग्री खरिद गर्न सकिनेछ र उपकरणको हकमा भाडामा लिन पनि सकिनेछ ।<br>• नियमानुसार अनुसुची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• अभियान सञ्चालनका लागि दै.भ्र.भत्तामा दोहोरोपना नपर्ने गरी विशेषज्ञ चिकित्सकलाई खटिएको दिनको दैनिक रू. ५००० र चिकित्सकलाई रू. २५०० पारिश्रमिक वापत भुक्तानी गरिनेछ ।<br>• शिबिर विहान देखि साझसम्म सञ्चालन हुने भएकाले अभियानका खटिनेहरूका लागि खाजा, खाना वापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ ।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि ।<br>• यस कार्यक्रमबाट तोकिएको स्वास्थ्य संस्थामा हरेक महिनाको २ पटकसम्म विशेषज्ञ चिकित्सक परिचालन गरी स्वास्थ्य सेवा प्रदान गर्न सकिनेछ । यसरी सेवा प्रदान गर्दा खटिइ जाने जनशक्तिको दै.भ्र.भत्ता, यातायात साधनको व्यवस्थापन, औषधि खरिद र प्रचार प्रसारमा समेत खर्च गर्न सकिनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | दोस्रो र तेस्रो चौमासिकमा संचालन गर्ने |
| बजेट बाँडफाँट | शिविर संचालनका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिनेछ ।<br>• विनियोजित बजेटको परिधिभित्र रही प्रचलित कानूनी प्रक्रिया पुर्याई शिविरका लागि औषधी खरिद, दै. भ्र. भ. ढुवानी तथा जनशक्ति व्यवस्थापन लगाएत अन्य विविध खर्च गर्ने सकिनेछ। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली (संसोधित) र स्वीकृत कार्यविधि |

| | |
|---|---|
| अनुगमन सूचक | शिविरबाट लाभान्वितहरूको संख्या, अभिलेखिकरण, कार्यक्रम सम्पन्न प्रतिवेदन, खर्चको विवरण, बैठकहरूको विवरण |

## १४. कृयाकलापको नामः प्रदेशस्तरमा नीति, रणनीति मापदण्डहरु, आवधिक कार्यक्रम, निर्देशिका आदि तयारीको लागि छलफल बैठक अन्तरक्रिया र गोष्ठी (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.१८ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालको संविधान २०७२ ले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । संघीय संरचनाको वस्तुगत धरातलमा आधारित भई गणुस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ पुहँचभित्र पुर्याउनु हरेक सरकारको दायित्व हो । जनताको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न प्रदेश सरकारको नीति, बार्षिक कार्यक्रम तथा बजेट योजनाले अपेक्षा गरेका बिषयहरूलाई बिभिन्न रणनीति तथा कार्यान्वय योजना, योजना, मापदण्ड, कार्यबिधि, निर्देशिकाहरूको विकास गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | गुणास्तरीय स्वास्थ्य सेवाको पहुँचमा बृद्दि गर्न बिभिन्न नीतिगत र कार्यान्वयनको व्यवस्था गर्नु रहेको छ । |
| अपेक्षित प्रतिफल | बिभिन्न नीति, रणनीति, निर्देशिका, मापदण्ड तयार हुने र सो को कार्यान्वयनमा सहजीकरण भएको हुने। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालयमा नीति, रणनीति, मापदण्ड, निर्देशिका, प्रचार प्रसार सामग्री तयार गर्ने प्राबिधिक समिति/कार्यदल गठन हुनेछ ।<br>• नीति, रणनीति, प्रोटोकल, मापदण्ड, निर्देशिका, प्रचार प्रसार सामग्री तयार गर्दा स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका नागरिकहरलाई केन्द्रविन्दुमा राखी तयार गर्ने ।<br>• तयार भएका तथा प्रचलित नीति नियम अनुसार व्यवस्था गरीएका कार्यदल, समिति, सरोकारवालाहरूको समन्वयात्मक तथा अन्तर्क्रियात्मक बैठक तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• नीति नियम तथा कानून सम्बन्धी पृष्ठपोषण लिन तथा सोही अनुसार कृयाकलापहरू कार्यान्वयनका लागि संघीय निकाय, अन्तरप्रदेश तथा स्थानीय तहहरूसँग आवश्यक समन्वयात्मक कृयाकलापहरू सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम चौमासिक तथा आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ अनुसार खर्चको बाँडफाँट र खर्च गरिनेछ । विनियोजित रकम नीति निर्माण गर्ने कार्यशाला गोष्ठीमा भत्ता हलभाडा, खाना खाजा, यातायात व्यवस्थाका लागि बाँडफाँट गरिएको छ । |
| सन्दर्भ सामग्री | कर्णाली स्वास्थ्य नीति, २०७६, पहुँच बाहिर रहेका नागरिकहरूलाई समेटने रणनीति २०७७, जनस्वास्थ्य नियमावली २०७५, सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरू |
| अनुगमन सूचक | कार्यक्रम सञ्चाचल गरिएको संक्षिप्त प्रतिवेदन वा बैठक निर्णय पुस्तिका,<br>निर्माण भएका नीति, रणानीति तथा कार्यक्रमहरू |

## १५. कृयाकलापको नामः प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा आरआरटी परिचालन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.३६ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | बिभिन्न संक्रामक रोगको महामारी, पहिरो तथा बाढीको प्रकोपबाट कर्णाली प्रदेश उच्च जोखिममा रहेको छ । कुनै पनि समय र स्थानमा जुनसुकै रोगको महामारी, प्रकोप तथा विपद् हुनसक्छ । तसर्थ सम्वद्ध सरोकारवाला निकायहरु बीच छलफल तथा समन्वय गरी प्रकोप व्यवस्थापनका लागि तयारी अवस्थामा रहन र तत्काल प्रतिकार्य गर्नका लागि प्रदेश र जिल्लास्तरमा रहेका आरआरटीलाई सक्रिय गरी परिचालन गर्न यस कार्यक्रम राखिएको छ । |
| उद्देश्य | जोखिमपूर्ण क्षेत्रमा महामारी, प्रकोप वा विपद्को समयमै पूर्वतयारी तथा ब्यवस्थापन गरी सम्भावित क्षतिको न्यूनीकरण गर्ने । |
| अपेक्षित प्रतिफल | प्रकोप तथा महामारी व्यवस्थापनका लागि तयारी अवस्थामा रही विपदबाट हुनसक्ने जनधनको क्षति कम गर्नका लागि द्रुत प्रतिकार्य टोली तत्काल परिचालन । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गरी पूर्वतयारीका लागि आवश्यक सामग्रीहरूको संचिति गर्ने,<br>• प्रकोप व्यवस्थापनका लागि प्रदेश, जिल्ला तथा स्थानीय तहमा तत्काल आवश्यक समन्वय गरी पकोप प्रभावित स्थानमा जनशक्ति परिचालन गर्ने।<br>• परिचालित जनशक्तिलाई दै.भ्र.भत्ताको व्यवस्थाका साथै अभिमुखिकरण छलफल कार्यक्रम सञ्चालन गर्न सकिने ।<br>• प्रकोप भएका स्थानमा आवश्यक पर्ने सामग्री ढुवानीको लागि यातायातको व्यवस्था गर्ने ।<br>• प्राथमिकताका आधारमा परिचालित टोलीको प्रभावित समुदायको लगत तयार गरी बिभिन्न प्रतिकार्यका कार्यहरू गर्ने ।<br>• महामारीको कारणका सम्बन्धमा स्थलगत अध्ययन गर्ने ।<br>• महामारी, प्रकोप तथा विपद् नियन्त्रणका क्रममा भइरहेका कृयाकलापहरू तथा नियन्त्रण भइसकेपछि यथाशक्य छिटो त्यसको संक्षिप्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पेश गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | • RRT महामारीमा प्रत्यक्ष रुपमा संलग्न हुने स्वास्थ्यकर्मी तथा व्यवस्थापकहरूलाई नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायातको ब्यवस्था गरिनेछ साथै संलग्न ब्यक्ति तथा स्वास्थ्यकर्मीलाई खाजा, खाना र बासको व्यवस्था गरिनेछ ।<br>• नियमानुसार जनशक्ति परिचालन, भत्ता, उपकरण, आवश्यक औषधी, सरसामान खरिद, स्वास्थ्य शिक्षा सामग्री छपाई, ढुवानी र व्यवस्थापन खर्च ।<br>• स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बजेट बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने । |
| सन्दर्भ सामग्री | मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८<br>कोभिड १९ को रोकथाम, नियन्त्रण, उपचार तथा प्रतिकार्य आकस्मिक योजना २०७८ |

| | |
|---|---|
| अनुगमन सूचक | बैठकहरूको विवरण, कार्ययोजना, परिचालन भएकाको विवरण |

## १६. कृयाकलापको नामः अस्पतालको न्युनतम सेवा मापदण्ड सहजिकरण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.५८ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पताल तथा स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई गुणस्तरीय रूपमा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले न्युनतम सेवा मापदण्ड सञ्चालनमा ल्याएको छ। न्यूनतम सेवा मापदण्ड अनुरुप अस्पालहरूको भौतिक पूर्वाधार साथै सेवाको मापदण्ड अनुसार सेवा उपलब्ध भएको सुनिश्चित गर्न र सुनिश्चित भएका मापदण्डको स्तरलाई कायम गर्न र दिगोरूपमा निरन्तरता दिने उद्देश्यले अस्पतालको न्युनतम सेवा मापदण्ड सहजिकरण कार्यक्रम राखिएको छ । |
| उद्देश्य | कर्णाली प्रदेशका अस्पतालहरुको न्युनतम सेवा मापदण्ड प्रभावकारी रुपमा लागु गर्न सहजिकरण गर्ने र तंहाबाट प्रवाह भईरहेका स्वास्थ्य सेवाको गुणस्तर मापन गर्ने। |
| अपेक्षित प्रतिफल | प्रदेशका जिल्ला अस्पताल साथै मेहेलकुना र दुल्लु अस्पतालले न्युनतम सेवा मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • कर्णाली प्रदेश सामाजिक विकास मत्रालय अन्तर्गतका जिल्ला अस्पतालहरु लगायत मेहेलकुना र दुल्लु अस्पतालमा न्युनतम सेवा मापदण्डको मूल्याङ्कन गरिने छ। उक्त फलो-अप कार्यक्रमको अवधि २ दिनको हुनेछ ।<br>• पहिलो दिन न्युनतम सेवा मापदण्ड निर्देशिका अनुरुप गतबर्षको परिणामका आधारमा अभिबृद्दि भएको सेवाको स्तर पुनः मापन गर्ने र दोस्रो दिन प्रस्तुतिकरण तथा छलफल गरी Threshold भन्दा कम Score प्राप्त गरेका बिषयहरूलाई ध्यानमा राखी विस्तृत कार्ययोजना तयार गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी अस्पतालहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रममा सहजिकरण गर्न खट्टिएका कर्मचारीको यातायात खर्च, दैनिक भम्रण खर्च साथै प्रस्तुतिकरणका दिनमा उपस्थित कर्मचारीलाई खाजा (आवश्यक भएमा मात्र) लगायतका शिर्षकमा कार्यक्रम संचालन तथा कार्यन्वयन निर्देशिका तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार गर्न सकिनेछ । |
| सन्दर्भ सामग्री | अस्पतालहरूको न्युनतम सेवा मापदण्ड निर्देशिका, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | सहभागीको हाजिरी उपस्थितिको सुनिश्चितता, सूचकको सुधारको लेखाजोखा र तयार गरिएको योजना |

## १७. कृयाकलापको नामः प्रदेशस्तरीय आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी मापदण्ड म्यानुयल निर्देशिका तयार पार्ने (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.९९ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप ब्यवस्थित गरी यस माध्यमबाट गरिने उपचार पद्धतिलाई प्रवर्द्धन र नियमित संचालनका लागि मार्गनिर्देश गर्न आवश्यक देखिएकोले यस सम्बन्धी क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार पारी कार्यन्वयनमा लैजान यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणाली ब्यवस्थित गरी बैकल्पिक उपचार पद्धतिको प्रवर्धन गर्ने। |
| अपेक्षित प्रतिफल | • क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका अनुसार सर्वसाधरणमा सेवाको पहुँच अभिबृद्धि।<br>• आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप ब्यवस्थित हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रणालीलाई थप ब्यवस्थित गर्न अवश्यक क्लिनिकल मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गर्न पुर्व तयारी बैठक बसी एक विशेषज्ञ सहितको समुह गठन गर्ने ।<br>• मापदण्ड, म्यानुयल तथा निर्देशिका तयार गरी छलफल र पृष्ठपोषणका लागि गोष्ठी संचालन गर्ने ।<br>• सम्बन्धीत निकायबाट अनुमोदन गराइ कार्यन्वयनमा ल्याउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी यस प्रयोजनका लागि गोष्ठी संचालन खर्च, विशेषज्ञको खर्च, प्रिन्टीङ लगाएतका शिर्षकमा आवश्यकता अनुसार बाँडफाँट गरी संचालन गर्ने । |
| सन्दर्भ सामग्री | आयुर्वेद तथा बैकल्पिक चिकित्सा सम्बन्धी कागजातहरू । |
| अनुगमन सूचक | सहभागीको विवरण, बैठकका निर्णयहरू, दस्तावेजहरू । |

## १८. कृयाकलापको नामः औषधि ढुवानी तथा अन्य भाडा (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.१०१ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेश अन्तर्गतका अस्पताल, स्वास्थ्यसेवा कार्यालय मार्फत सेवा सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधि उपकरण उपलब्धता सहज गराउन यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पताल, स्वास्थ्यसंस्था, शिवीर तथा जनस्वास्थ्य अभियानमा औषधि उपकरण तथा स्वास्थ्य सेवा |

| | |
|---|---|
| | सम्बन्धी बिभिन्न सामग्रीहरुको उपलब्धताको सुनिश्चतता गर्न । |
| अपेक्षित प्रतिफल | • स्वास्थ्य संस्थाहरुमा औषधिको तथा अन्य आवश्यक सामग्री उपलब्धता भएको हुनेछ ।<br>• आधारभुत स्वास्थ्य सेवाको सुनिश्चित भइ सेवाको पँहुचमा अभिबृद्धि। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय र जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | • ढुवानीका लागि औषधी तथा सामग्रीहरुको स्थान अनुसारको परिमाण एकिन गर्ने ।<br>• ढुवानीका लागि आवश्यक पर्ने यातायातको साधन प्रक्रिया पुऱ्याइ भाडामा लिन सकिनेछ ।<br>• मन्त्रालय वा मातहतका निकायले समन्वय, अनुगमन, मुल्याङ्कन तथा गुणस्तर परिक्षण मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा रही स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी औषधि ढुवानी प्रक्रिया अगाडि बढाउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली |
| अनुगमन सूचक | ढुवानीको विवरण, स्टोर दाखिला विवरण, जिन्सी रिजस्टर अध्यावधिक विवरण, LMIS अध्यावधिक |

## १९. कृयाकलापको नामः आँखा सेवा प्रदायक संस्थासंगको सहकार्यमा आँखा शिविर संचालन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.१२९ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | आँखा रोग सम्बन्धी सेवा सम्पूर्ण स्वास्थ्य संस्थामा उपलव्ध नभएकाले आँखा सम्बन्धी बिशेष आँखा शिविर सञ्चालन तथा सेवा विस्तार गर्न बार्षिक कार्यक्रममा समावेश गरिएको छ । |
| उद्देश्य | • आँखा अस्पताल नभएका तथा सिमान्तकृत समुदायहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न ।<br>• भौगोलिक तथा आर्थिक रुपले आँखा स्वास्थ्य सेवाको पहुँच नपुगी अप्रेशन हुनवाट वञ्चित व्यक्तिहरुको आँखा शल्यक्रिया गर्ने । |
| अपेक्षित प्रतिफल | आँखा सम्बन्धी रोगको निदान भई बिरामीले उपचारात्मक सेवा प्राप्त गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • कर्णाली प्रदेशका जिल्लाका विभिन्न स्थानहरुमा स्क्रीनिङ्ग शिविर सञ्चालन गरी जिल्ला अस्पताल वा पायक पर्ने स्थानमा अप्रेशनका लागि सर्जिकल शिविर आयोजना गर्ने।<br>• शिविरमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूलाई दै.भ्र.भत्ता तथा अन्य पारिश्रमिकको व्यवस्था गर्ने ।<br>• स्वास्थ्य शिविर सञ्चालन गर्दा आँखा स्वास्थ्य सेवासँग सम्बन्धीत अन्य निजी सामुदायिक अस्पताल एवं संघसंस्थासँग सम्झौता तथा सहकार्य गर्ने।<br>• प्रचलित आर्थिक नियमानुसार यस शिविरसंग सम्बन्धित सेवा तथा सामग्री खरिद गर्न |

| | |
|---|---|
| | सकिनेछ र उपकरण तथा यातायात साधनको हकमा भाडामा लिन पनि गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | शिविर संचालनक लागि स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | आखाँ उपचार सम्बन्धी अद्यावधिक निर्देशिका |
| अनुगमन सूचक | शिविरबाट लाभान्वितहरूको संख्या, अभिलेखिकरण, खर्चको विवरण, |

## २०. कृयाकलापको नामः महामारी तथा संक्रामक रोगहरुको रोकथाम नियन्त्रण व्यवस्थापन तथा सचेतना कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.१९२ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तर्गतका जिल्ला तथा बिभिन्न स्थानहरुमा हुन सक्ने महामारीका वारेमा सचेतना जगाई जोखिमबाट सुरक्षित रहन अभिप्रेरित गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | महामारी तथा प्रकोपको जोखिम उच्च भएका स्थानहरुमा सो सम्वन्धी सचेतना जगाउने। |
| अपेक्षित प्रतिफल | आवश्यक पुर्व तयारी तथा जोखिम न्युनिकरणका उपायहरु पहिचान गरी अवलम्बन भएको हुने।<br>जिल्ला तथा बिभिन्न स्थानहरुको जोखिम नक्शाङ्कनमा सहयोग पुगेको हुने। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | उच्च/जोखिमपूर्ण भनि पहिचान गरीएका स्थानहरुमा मन्त्रालयको निर्णय अनुसार सचेतनामूलक कार्यहरू सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | प्रचलित मापदण्डमा आधारित भई आवश्यकताको आधारमा कार्यक्रम सञ्चालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड तथा निर्देशिका २०७५, इपिडियोमोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट बिभिन्न समयमा भएका मार्गदर्शन तथा निर्देशिकाहरु । |
| अनुगमन सूचक | कार्य सम्पादन प्रतिवदेन |

## २१. कृयाकलापको नामः अपाङ्ग बालबालिकाहरुको लागि स्वास्थ्य सहयोग (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.३९८ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशमा जन्मजात तथा जन्म पश्चात् हुने अपाङ्गता न्यूनीकरण गर्ने, मातृशिशु तथा बालमृत्युदर कम गर्ने एबम् अपाङ्ता भएका व्यक्तिहरू सहितको समावेशी समाज निर्माण गर्नका लागि कर्णाली प्रदेशका अपांग बालबालिकाहरुको लागि सहयोगार्थ यो कार्यक्रमको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | अपांग बालबालिकाहरुको लागि सहायता सामग्री उपलब्ध गराउन सहयोग/समन्वय गर्नु । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | अपांग बालबालिकाहरुको पहिचान भई उनीहरूलाई प्रदान गरिएको सहायता सामग्री साथै सहयोग/समन्वयबाट उनीहरूको जीवनयापन सहज हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • अपाङ्ता सम्बन्धी कार्य गर्ने संघसंस्थाहरूको समन्वय/सहकार्यमा स्वास्थ्यकर्मीहरुलाई अपांगता पहिचान, वर्गीकरण, परामर्श, रेफरल सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने।<br>• शारीरिक अपाङ्गता भएका बालबालिकाहरुको शीघ्र पहिचानको लागि स्वास्थ्य तथा पुनर्स्थापना सम्बन्धी घुम्ति शिविर संचालन गर्ने ।<br>• पहिचान भएका बालबालिकाको उपचार, निर्माणात्मक शल्यकृया Corrective Surgery मा सहयोग गर्ने।<br>• सि.बी.आर. पुनर्स्थापना सेवाहरु क्रमशः फिजियोथेरापी सेवा, सहायक तथा गमनशीलता सामग्री नापजाँच र वितरण, परामर्श सेवा प्रदान तथा समाजिकीकरणमा सहयोग गर्ने ।<br>• माथिका सेवाहरू सञ्चालन गर्दा यस क्षेत्रमा कार्यरत बिभिन्न संघसंस्थाहरूसँग समन्वय तथा सहकार्य गर्न सकिनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | अपाङ्गता रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी बिभिन्न निर्देशिका |
| अनुगमन सूचक | अपाङ्गता सम्बन्धी तालिम लिएका स्वास्थ्यकर्मीहरूको संख्या<br>अपाङ्गता भएका बालबालिकाको विवरण, स्वास्थ्य सेवा लिएकाको विवरण |

## २२. कृयाकलापको नामः प्रादेशिक प्रेषण केन्द्र संचालन तथा व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.३९९ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | प्रेषण केन्द्र संचारको माध्यमबाट उपयुक्त एम्बुलेन्समा उद्धार गरिएको विरामीलाई समयमै सम्बन्धित अस्पताल पुर्याउनका लागि समन्वय गर्ने केन्द्र हो । एकीकृत एम्बुलेन्स तथा पूर्व—अस्पताल सेवा सञ्चालन निर्देशिका, २०७७ मा ब्यवस्था भए बमेजिम प्रदेश तहमा प्रादेशिक प्रेषण केन्द्र संचालन तथा व्यवस्थापन गर्न यो कार्यक्रमको ब्यवस्था गरिएको छ ।यस कार्यक्रमबाट प्रादेशिक प्रेषण केन्द्र संचालन तथा व्यवस्थापन गर्नका लागि कार्यालय ब्यवस्थापन र जनशक्ति ब्यवस्थापन गरिनेछ । |
| उद्देश्य | एम्बुलेन्स खरिद तथा सचालन नविकरण र एकिकृत व्यवस्थापनका समयमा उपलब्ध गराइ उपयुक्त अस्पतालमा पुऱ्याउने व्यवस्था मिलाउन सहयोग पुर्यायने । |
| अपेक्षित प्रतिफल | प्रादेशिक प्रेषण केन्द्र संचालन हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्राय, प्रदेश अस्पताल तथा एकिकृत एम्बुलेन्स तथा पूर्व-अस्पताल व्यवस्थापन कार्य समिति । |
| सञ्चालन प्रक्रिया | • प्रादेशिक प्रेषण केन्द्र संचालन तथा व्यवस्थापन गर्न, एकिकृत एम्बुलेन्स तथा पूर्व-अस्पताल |

| | |
|---|---|
| | व्यवस्थापन कार्य समिति मार्फत यस कार्यक्रमबाट प्रादेशिक प्रेषण केन्द्र प्रदेश अस्पताल वा अन्य उपयुक्त स्थानमा कार्यालय स्थापना गर्ने ।<br>• प्रेषण केन्द्र संचालन तथा व्यवस्थापनका लागि कार्यालय स्थापना गर्न र जनशक्तिको ब्यवस्थापन गर्ने ।<br>• कार्य समितिलाई तोकिएका अन्य कार्य गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आवश्यकता अनुसार प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि स्वीकृत बजेटको परिधि भित्र रही कार्ययोजना अनुसार बजेटको बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने। |
| सन्दर्भ सामग्री | एकीकृत एम्बुलेन्स तथा पूर्व—अस्पताल सेवा सञ्चालन निर्देशिका, २०७७ तथा अन्य समन्धित दस्ताबेजहरू |
| अनुगमन सूचक | प्रगति प्रतिबेदन । |

## २३. कृयाकलापको नामः आयुर्वेद सम्बन्धी जनचेतनामूलक सामग्री छपाइ (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४७९ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | यस प्रदेश अन्तर्गतका सवै सरकारी स्वास्थ्य संस्था र आयुर्वेद संस्थाहरूलाई आवश्यक पर्ने आयुर्वेद सम्बन्धी जनचेतनामूलक सामग्रीहरूको सर्वसाधारण सम्म पुर्याउन यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | आयुर्वेद सम्बन्धी जनचेतनामूलक सामग्रीहरूको छपाइ गरी उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थामा सर्वसाधारणका लागि आयुर्वेद सम्बन्धी जनचेतनामूलक सामग्रीहरूको पहुँचमा बृद्धि हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत कार्ययोजना अनुसार छपाई गर्ने। |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | पहिलो र दोश्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार सामग्रीहरूको छपाइ गरिने, |
| सन्दर्भ सामग्री | आयुर्वेद सम्बन्धी जनचेतनामूलक बिभिन्न सामग्रीहरू<br>सार्वजनिक खरिद ऐन २०६३ नियम २०६४, कर्णाली खर्चको मापदण्ड निर्देशिका २०७५, यस अघिका खरिद सम्बन्धी कागजात र स्वीकृत नर्म्स |
| अनुगमन सूचक | छपाइ तथा दाखिला प्रतिवेदन |

## २४. कृयाकलापको नामः स्वास्थ्य शिक्षा सामग्री ढुवानी (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४८२ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी धारणा र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन स्वास्थ्य शिक्षा |

| | |
|---|---|
| | सामग्रीको महत्वपूर्ण भूमिका हुने भएकोले भौगोलिक अवस्था चालचलन भाषा धर्म अनुसार विभिन्न स्थानमा भिन्न भिन्न किसिमका स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न स्वास्थ्य शिक्षा सामग्रीहरूको, उत्पादन, छपाइ गरी सर्वसाधारणको पहुँचमा अभिबृद्धि गर्न उत्पादित सामग्रीको ढुवानी गर्नका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य शिक्षा सामग्रीहरूको छपाइ गरी स्वास्थ्य संस्थासम्म ढुवानी गर्नु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थासम्म स्वास्थ्य शिक्षा सामग्रीहरूको ढुवानी हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | वार्षिक कार्यक्रमभित्र रही चौमासिक लक्ष्यको आधारमा आवश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्रीहरूको ढुवानी गरिनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | पहिलो, दोस्रो तथा तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक ऐन नियम तथा कानून अनुसार प्रमुखबाट बजेट बाँडफाँट गरी आवश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री ढुवानी गर्ने, |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, स्वास्थ्य शिक्षा सामग्रीहरु |

## २५. कृयाकलापको नामः स्वास्थ्य सचेतनामूलक श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रसारण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४८३ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी विभिन्न धारणा र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन स्वास्थ्य सचेतनामूलक सामग्रीको महत्वपूर्ण भूमिका हुने भएकोले भौगोलिक अवस्था, स्वास्थ्यको पहुँच, चालचलन, भाषा धर्म अनुसार विभिन्न स्थानमा भिन्न भिन्न किसिमका स्वास्थ्य सचेतनामूलक श्रव्यदृष्य सामग्री उत्पादन गरी प्रसारण गर्नका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | आम जनसमुदायमा स्वास्थ्य सम्बन्धी ज्ञान धारणा र व्यवहारमा परिवर्तन गराउनु । |
| अपेक्षित प्रतिफल | प्रभावकारी रुपमा कार्यक्रम संचालन भई स्वास्थ्य सम्बन्धी सकारात्मक परिवर्तनले स्वस्थ जीवनशैली अपनाउनेहरूको संख्यामा बृद्धि हुने। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • वार्षिक कार्यक्रमभित्र रही चौमासिक लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक कार्य योजना अनुसार सम्बन्धित सरोकारवाला तथा विज्ञ सगको छलफल तथा निर्णय बमोजिम कार्यक्रम विनियोजित बजेटको परिधिमा रही लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्दछ ।<br>• यस कार्यक्रमबाट स्वास्थ्य सचेतना अभिबृद्धि गर्नका लागि गीत, नाटक, इत्यादि बिधिको प्रयोग गरी श्रव्यदृश्य (Audio-Visual) सामग्री तयार गरी टेलिभिजन, अनलाईन मिडिया लगायत अन्य सञ्चारका माध्यमबाट प्रसारण गर्नुपर्नेछ । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेसो चौमासिक |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन तथा नियमावली आर्थिक ऐन नियम तथा कानून अनुसार प्रमुखबाट बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आवश्यकता अनुसार स्वास्थ्य सचेतनामूलक श्रव्यदृश्य सामग्री उत्पादन गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ |
| अनुगमन सूचक | सचेतनामूलक श्रव्यदृश्य सामग्री |

## २६. कृयाकलापको नामः सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमनका लागि निरीक्षक तथा सरोकारवालाहरुसंग अन्तरकृया तथा समीक्षा (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४८४ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक कृयाकलापमा समेत नकारात्मक असर पार्ने देखिन्छ । यसको नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिबृद्धि गर्न सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण, प्रचार प्रसार तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को व्यवस्था भएको छ । विश्व स्वास्थ्य संगठनबाट जारी भएको Framework Convention on Tobacco Control (FCTC) महासन्धीले निर्दिष्ट गरे अनुसार नेपालमा समेत सुर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि कानूनी व्यवस्था भई कार्यान्वयनमा आएको छ। मानिसहरू धुम्रपानको कूलतमा फस्ने भएकोले यस विरूद्ध सचेतना अभिबृद्धि गर्न तथा सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था वारे समीक्षा गर्न निरीक्षक तथा सरोकारवालाहरु बीच अन्तरक्रिया कार्यक्रम राखिएको हो। |
| उद्देश्य | धुम्रपान तथा सुर्तिजन्य पदार्थको उत्पादन, आयात तथा उपभोगमा न्यूनीकरण गर्नु, |
| अपेक्षित प्रतिफल | • सर्वसाधारण नागरिक तथा सरोकारवालाहरूमा सचेतना अभिबृद्धि भई धुम्रपान तथा सूर्तिजन्य पदार्थको उत्पादन, आयात तथा उपभोगमा कमी आउने ।<br>• धुम्रपानका कारण हुने बिभिन्न रोगहरूमा कमी ल्याउन यस कार्यक्रम सहयोगी हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • स्वीकृत कार्यक्रम अनुसार सरोकारवालाहरूको पहिचान गरी कर्णाली प्रदेशस्तरमा सुर्तिजन्य पदार्थको, उत्पादन, आयात र उपभोगमा न्यूनीकरण गर्न १ दिने अन्तर्किया कार्यक्रम सञ्चालन गर्ने,<br>• सूर्तिजन्य पदार्थ स्वास्थ्यको हानिकारक छ भन्ने व्यहोराको चेतावनीमूलक सन्देश स्थानीय सञ्चार माध्यम मार्फत प्रकासन प्रसारण गर्न लगाउने,<br>• सार्वजनिक स्थलहरूमा यसको उपयोगलाई प्रतिबन्धित गर्नुपर्ने खालका सचेतनामूलक सामग्रीहरूको प्रकाशन तथा प्रसारण गर्ने,<br>• बजेटको उपलब्धताका आधारमा यस सम्बन्धी कार्यक्रमहरू जिल्लाहरूमा पनि गर्न सकिने |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | दोस्रो तथा तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम बजेटको बाँडफाँट गरी प्रचलित ऐन, नियमावलीको अधिनमा रही खर्च गरिनेछ । |
| सन्दर्भ सामग्री | सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, STEP Survey Report 2019 |
| अनुगमन सूचक | कार्यसम्पन्न प्रतिवेदन |

## २७. कृयाकलापको नामः TELE MEDICINE/ E-HEALTH व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४८५ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | दुर चिकित्सा सेवा भन्नाले श्रव्य, दृश्य र अन्य विद्युतीय सञ्चार माध्यमबाट एक भौगोलिक स्थानमा रहेको बिरामी वा चिकित्सकले अर्को भौगोलिक स्थानमा रहेको विशेषज्ञ चिकित्सकसँग परामर्श तथा उपचार व्यवस्थापन गर्ने चिकित्सकीय बिधि हो । विशेषज्ञ चिकित्सकबाट दुर्गम र दूरदराजमा सूचना तथा संञ्चार प्रविधि (ICT) मार्फत चिकित्सकीय विज्ञता प्रयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | कर्णाली प्रदेशका दुर्गम स्थानमा बिषेशज्ञ स्वास्थ्य सेवाको पहुँचमा बृद्धि भई गुणस्तरीय स्वास्थ्य सेवाको प्रवाहमा अभिबृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | • दूर चिकित्सा सेवाको विस्तार हुने ।<br>• गम्भीर प्रकारका रोगहरूको समयमा नै निदान तथा उपचार हुने ।<br>• प्रेषण अस्पताल वा विशेषज्ञ अस्पतालबाट प्रदान हुने सेवाको गुणस्तरमा अभिबृद्दि हुने ।<br>• सामाजिक तथा आर्थिक रूपमा विपन्न तथा सिमान्तकृत समुदायले स्थानीय तहमा नै विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्ने। |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय, प्रदेश अस्पताल, जन/स्वास्थ्य सेवा कार्यालय तथा स्थानीय तह |
| सञ्चालन प्रक्रिया | • दूर चिकित्सा सेवा विस्तारका लागि प्रदेश अस्पतालमा मापदण्ड बमोजिमको भौतिक पूर्वाधार, जनशक्तिका र सूचना प्रबिधिको व्यवस्थापन गरी टेलिमेडिसिन सेवालाई प्रभावकारी बनाउन, केन्द्रीय हव अस्पताल, जिल्ला अस्पताल, स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँग समन्वय गर्न, टेलिमेडिसिन सेवामा समावेश हुन इच्छुक स्थानीय तहको मापदण्ड एकीन गरी सेवा विस्तारका लागि सामाजिक विकास मन्त्रालयमा सिफारिश गर्न तपसिल बमोजिमको प्राबिधिक कार्यटोली हुनेछ।<br>१. निर्देशक, प्रदेश अस्पताल<br>२. प्रमुख, स्वास्थ्य सेवा महाशाखा सामाजिक विकास मन्त्रालय<br>३. प्रदेश अस्पतालका टेलिमेडिसिन कार्यक्रम हेर्ने चिकित्सक<br>• दूर चिकित्सा सेवा सहज तथा प्रभावकारी बनाउन Dedicated Software, Apps तथा Server व्यवस्थापन गर्ने ।<br>• सेवा सञ्चालन गर्न इच्छुक गाउपालिका/नगरपालिकासँग न्यूनतम मापदण्ड पुगेमा लागत साझेदारी सम्झौता गरी सेवा शुरू गर्न सकिनेछ ।सो सम्बन्धी निर्णय प्राविधिक समितिले गर्ने |

| | |
|---|---|
| | छ ।<br>• दूर दराजमा रहेका विपन्न, सिमान्तकृत तथा आकस्मिक स्वास्थ्य सेवा आवश्यक भएका विरामीहरूलाई स्वास्थ्य चौकी, आधारभूत अस्पताल, जिल्ला अस्पतालमा रहेका जनशक्ति मार्फत तोकिएका विशेषज्ञ चिकित्सकहरूसँग सम्भव भएसम्म भिडियो कल/कम्फरेन्स, फोन तथा सञ्चार प्रबिधि मार्फत स्वास्थ्य जाँच तथा परामर्श सेवा उपलब्ध गराइनेछ ।<br>• सेवा प्रदायक चिकित्सक, आयुर्वेद चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य विषय विज्ञहरूको सूची तयार गरी Software वा Dedicated टेलिफोन लाईन मार्फत सम्पर्क हुने व्यवस्था गर्ने र सो वापत प्रति विरामी रू.२०० सम्म प्रोत्साहन स्वरूप चिकित्सकलाई उपलब्ध गराउने।<br>• दूर चिकित्सा सञ्चालन भएको स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्कर्मीलाई प्रति विरामी प्रोत्साहन रकम व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।<br>• दूर चिकित्सा सेवा सञ्चालनका लागि खटिने अपरेटरको क्षमता अभिबृद्दि गर्न तालिमको व्यवस्था गरिनेछ ।<br>• दूर चिकित्सा स्वास्थ्य सेवाको आवधिक समीक्षा, अनुगमन तथा सुपरीवेक्षण गरिनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड २०७५ तथा प्रचलित नियम अनुसार जनशक्ति, पूर्वाधार तथा तालिमका लागि खर्चको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | दूर चिकित्सा सेवा मापदण्ड २०७६ र प्रदेशस्तरीय निर्देशिका तथा निर्णयहरू |
| अनुगमन सूचक | दूर चिकित्सा स्वास्थ्य सेवा विस्तार भएका पालिकाहरूको संख्या<br>दूर चिकित्सा सेवा लिएका सेवाग्राहीहरूको संख्या<br>प्रदेश अस्पतालमा स्थापना भएको पूर्वाधार तथा ICT व्यवस्थापन |

## २८.कृयाकलापको नामः मानसिक स्वास्थ्य कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४९१ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा ४ (ङ) मा मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको सूचीमा समावेश गरिएको छ । नेपाल सरकारले नसर्ने रोगहरुको रोकथाम तथा उपचारका लागि बहुपक्षीय कार्ययोजना (२०१४-२०२०) अनुसार मानसिक स्वास्थ्यका कृयाकलाप सहितको कार्ययोजना लागू गरेको छ । नेपालमा कूल नसर्ने रोगहरुको समस्या मध्ये १८ प्रतिशत मानसिक रोगले ओगटेको छ भने त्रिभिन्न श्रोतका अनुसार तुलनात्मक रूपमा कर्णाली प्रदेशमा मानसिक रोगीहरूको संख्या दिनानुदिन बढ्दो अवस्थामा रहेको छ । अस्वस्थ जीवनशैली, खानपान, मानसिक असन्तुलन, गरीवी साथै अन्य बिभिन्न सामाजिक समस्याका कारण मानसिक स्वास्थ्यको अवस्था विग्रँदो अवस्थामा रहको छ । त्यसैगरी विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ का कारण पनि मानसिक समस्या बढेको सन्दर्भमा त्यसको न्यूनीकरणको लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मी, स्थानीय नेतृत्वलाई मानसिक स्वास्थ्य सम्बन्धी एवं प्राथमिक मनोवैज्ञानिक सहयोग, तनाव व्यवस्थापन तथा मनोसामाजिक परामर्श सम्बन्धी ज्ञान धारणा र सीपको अभिबृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरूमा मानसिक स्वास्थ्यका बिषयमा ज्ञान तथा सीपको अभिबृद्दि हुने ।<br>मानसिक समस्याबाट प्रभावितहरूको पहिचान भई समयमा नै रोकथाम तथा उपचार भई स्वस्थ समाज निमार्णमा सहयोग पुग्ने । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक बिकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही तोकिएको मापदण्ड बमोजिमका प्रशिक्षक र सहभागीको छनौट गर्ने,<br>• जोखिमका आधारमा जिल्ला वा तालिम दिने स्थानको पहिचान गरी स्थानीय तह तथा अन्य सरोकारवाला निकायसँग समन्वय गर्न सकिने,<br>• स्वीकृत तालिम प्याकेज अनुसार अभिमुखिकरण तालिम सञ्चालन गर्ने, |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | पहिलो र दोस्रो चौमासिक |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहेर आर्थिक नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका |
| अनुगमन सूचक | मानसिक स्वस्थ्य सम्बन्धी तालिम लिने संख्या, तालिम सम्पन्नको प्रतिवेदन |

## २९. कृयाकलापको नामः प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२२.४९७ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना गर्ने नेपाल सरकार तथा प्रदेश सरकारको अ. व. २०७८/०७९ को नीति तथा कार्यक्रम अनुसार स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गत रहेको खरिद तथा आपूर्ति शाखालाई प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका रुपमा स्थापना गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना गरी आपूर्ति प्रणाली प्रभावकारी बनाउनु। |
| अपेक्षित प्रतिफल | प्रदेशमा स्वास्थ्य सामग्रीको आपूर्ति नियमित र व्यवस्थित हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय । |
| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालयले प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र स्थापना तथा स्वास्थ्य आपुर्ति प्रणालीको आवश्यकता बिषयमा अन्तर्क्रिया, अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने,<br>• संगठन संरचना तयार गरी प्रदेश सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने ।<br>• आपूर्ति केन्द्र तथा स्टोरका लागि आवश्यक पर्ने कार्यालय तथा अन्य सामग्री, भौतिक पुर्वाधार, विद्युतीकरण, विद्युतको वैकल्पिक व्यवस्था (Power Back up) हरुको व्यवस्थापन गर्ने ।<br>• उपकरण, स्टोर, कार्यकक्ष तथा सामग्रीहरूको मर्मत सम्भार गर्ने, कार्यालयको लागि भवन व्यवस्थापन गर्ने ।<br>• आपूर्ति व्यवस्थापन केन्द्र संचालनमा ल्याउने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक । |
| बजेट बाँडफाँट | यस प्रयोजनका लागि आवश्यक पर्ने पुर्वाधार, सामग्री तथा उपकरण र जनशक्ति, समन्वय बैठक समेतका लागि आवश्यकता अनुसार बाँडफाड गरी संचालन गर्ने । |
| सन्दर्भ सामग्री | आपूर्ति व्यवस्थापन सम्बन्धी निर्देशिकाहरू |
| अनुगमन सूचक | आपूर्ति व्यवस्थापन केन्द्रको स्थापना तथा तत् तत् निर्णयहरू । |

## ३०. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरु (अन्य)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.७.२५.३०६ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | महत्वपूर्ण दिवसहरु मार्फत जनचेतना स्थानीयस्तर सम्ममा फैलाई सकारात्मक सोचको विकास गरी स्वस्थ जीवनशैलीलाई बढावा दिन यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य शिक्षाको महत्व जनस्तरसम्म पुर्याई जनचेतना स्थानीयस्तर सम्म पुर्याउनु । |
| अपेक्षित प्रतिफल | ब्यावहारमा परिवर्तन भइ दैनिक जीवनशैलीमा सकारात्मक सोचको विकास हुने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय |
| सञ्चालन प्रक्रिया | • दिवस मनाउनुपुर्व आवश्यकता अनुसार बैठक बसी संचालन योजना वनाउनुपर्नेछ ।<br>• विभिन्न सचेतनामूलक कृयाकलापहरु संचालन गर्दा अन्तर्क्रिया, सचेतनामूलक सामग्री उत्पादन, सिर्जनात्मक कार्यक्रमहरू तथा जिल्ला एवम् स्थानीय तहमा दिवसहरू मनाउँदा प्राबिधिक सहजीकरण तथा अनुगमन गरिनेछ ।<br>• यो कार्यक्रमबाट स्वास्थ्य दिवसको अवसरमा अस्पताल, स्वास्थ्य सेवा कार्यालय तथा स्थानीय तहका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य शिक्षा कर्नरका लागि सामग्री लगायत स्वास्थ्य शिक्षा तथा स्वास्थ्य प्रवर्द्धनलाई सुदृढीकरण गर्न बिभिन्न क्रियाकलापहरू समेत सञ्चालन गर्न सकिनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | दिवस संचालनका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिने । |
| सन्दर्भ सामग्री | स्वास्थ्य दिवससंग सम्बन्धित सञ्चार सामग्री, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु |
| अनुगमन सूचक | दस्तावेजहरू सहभागीको विवरण, बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ३१. कृयाकलापको नामः अत्यावश्यक आयुर्वेद औषधी खरिद (औषधीहरु खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ७.२.९.२ | खर्च शीर्षक : २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न अत्यावश्यक आयुर्वेद औषधीहरू खरिदको लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने आयुर्वेद औषधि खरिद गरी प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने, |
| अपेक्षित प्रतिफल | प्रभावकारी उपचार हुने, आयुर्वेद औषधि अभाव सिर्जना हुन नदिने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय र मातहतका कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | • स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने,<br>• मन्त्रालय वा मातहतका निकायले खरिद गरेका औषधि उपकरण तथा सामग्रीहरुको समन्वय स्वास्थ्य सेवा महाशाखाले गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र | पहिलो, दोस्रो र तेस्रो चौमासिक |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | माग र आवश्यकता अनुसार बाँडफाँट गरी आयुर्वेद औषधि खरिद गर्न सिलवन्दी दरभाउपत्र, टेण्डर वा बोलपत्र आव्हानगर्ने र खरिद प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | अत्यावश्यक आयुर्वेद औषधी सूची, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली । |
| अनुगमन सूचक | खरिद प्रक्रिया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण । |

## ३२. कृयाकलापको नामः हेमोफिलियाको लागि औषधी खरिद (औषधीहरु खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ७.२.९.११ | खर्च शीर्षक : २७२१३ |

| | |
|---|---|
| परिचय | हिमोफिलिया एक वंशानुगत समस्या हो तर कोही कोहीमा वंशानुगत नभएर अन्य कारणले पनि हुन सक्छ । रगत जमाउन आवश्यक तत्वहरु (Clotting Factors) को कमीको कारण सामान्य चोटपटकमा पनि लामो समय सम्म रक्तश्राव भइरहने अवस्था हिमोफिलिया हो।प्रति १० हजारमा एक व्यक्ति हिमोफिलियायुक्त जन्मिने विश्व स्वास्थ्य संगठनको अनुमान रहेको छ । यस समस्याको लागि आवश्यक फ्याकटर (औषधी) को अभावमा वर्षेनि ३/४ जना हिमोफिलियायुक्त व्यक्तिहरुको मृत्यु हुने गरेको छ।त्यसैले सो औषधीको समयमा नै खरिद गरी हिमोफिलियायुक्त व्यक्तिहरुको मृत्युमा रोकथाम गर्नका लागि यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | हिमोफिलियायुक्त व्यक्तिहरुको जीवन रक्षा गर्न आवश्यक औषधीको खरिद गरी प्रभावकारी रुपमा सेवा प्रवाह गर्नु । |
| अपेक्षित प्रतिफल | • प्रभावकारी उपचार हुने, हिमोफिलियाको उपचारका लागि आवश्यक औषधीको अभाव सिर्जना हुन नदिने ।<br>• हिमोफिलियाको उपचार पश्चात् रोग लाग्ने दर र मृत्युदरमा कमी आउने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय र मातहतका कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | • स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने,<br>• मन्त्रालय वा मातहतका निकायले खरिद गरेका औषधि उपकरण तथा सामग्रीहरुको समन्वय, अनुगमन, मुल्याङ्कन तथा गुणस्तर परिक्षण मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले गर्नुपर्ने छ ।<br>• कर्णाली प्रदेश सरकारबाट निःशुल्क वितरणको लागि भनी उल्लेख भएको हुनुपर्ने |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | पहिलो, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | माग र आवश्यकता अनुसार बाँडफाँट गरी हिमोफिलियाको उपचारका लागि आवश्यक औषधी खरिद गर्न सिलवन्दी दर भाउ पत्र, टेण्डर वा बोलपत्र आव्हान गर्ने र खरिद प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधित) |
| अनुगमन सूचक | खरिद प्रक्रिया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण |

## ३३. कृयाकलापको नामः रोग प्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेदिक औषधी खरिद (औषधीहरु खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ७.२.९.१२ | खर्च शीर्षक : २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न रोग प्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेदिक औषधी खरिदको कृयाकलाप राखिएको हो । |
| उद्देश्य | नागरिकहरुलाई निःशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने रोग प्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेदिक औषधी खरिद गरी प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | प्रभावकारी उपचार हुने, आयुर्वेद औषधी अभाव सिर्जना हुन नदिने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | सामाजिक विकास मन्त्रालय र मातहतका कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | • स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने,<br>• मन्त्रालय वा मातहतका निकायले खरिद गरेका औषधि उपकरण तथा सामग्रीहरुको समन्वय स्वास्थ्य सेवा महाशाखाले गर्नुपर्ने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | पहिलो, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | माग र आवश्यकता अनुसार बाँडफाँट गरी आयुर्वेद औषधि खरिद गर्न सिलवन्दी दरभाउपत्र, टेण्डर वा बोलपत्र आव्हान गर्ने र खरिद प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | अत्यावश्यक आयुर्वेद औषधी सूची, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली |
| अनुगमन सूचक | खरिद प्रक्रिया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण |

## (ख) स्वास्थ्य सेवा निर्देशनालय अन्तर्गतका कृयाकलापहरू

**१. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी उपकरण तथा मेशिनरी औजार खरिद (स्वास्थ्य तथा चिकित्सासँग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार)**

| | |
|---|---|
| कृयाकलाप संकेतः११.३.९.२१ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक उपकरण तथा सामग्रीहरु खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय र उच्चस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवा बिस्तार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार आवश्यक उपकरण खरिद कार्य गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली, कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा रही स्वीकृत बजेटको परिधिभित्र रही माग तथा आवश्यकता अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका२०७५,सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित मापदण्डहरू । |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

**२. कृयाकलापको नामः इन्भर्टर तथा विद्युत व्यवस्थापन (विजुली एवं विद्युत उत्पादनसँग सम्बन्धी उपकरण, सामान, औजार, यन्त्र आदि)**

| | |
|---|---|
| कृयाकलाप संकेतः११.३.१९.१ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | दैनिक रूपमा भइरहेको विद्युत अवरूद्धलाई व्यवस्थित बनाउन निर्देशनालयमा बिजुली व्यवस्थापनका लागि सोलार तथा इन्भर्टर खरीद गरी व्यवस्थापन गर्ने |
| उद्देश्य | निर्देशनालयमा बिजुली व्यवस्थापनका लागि सोलार तथा इन्भर्टर खरिद गरी व्यवस्थापन गर्नु । |
| अपेक्षित प्रतिफल | कार्यालयको दैनिक कार्य छिटो छरितो र प्रबिधिमैत्री हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, मेहलकुना अस्पताल, सुर्खेत । |
| सञ्चालन प्रकृया | लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार आवश्यक सामग्री खरिद कार्य गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |

| | |
|---|---|
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा रही स्वीकृत बजेटको परिधिभित्र रही माग तथा आवश्यकता अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित मापदण्डहरू |
| अनुगमन सूचक | स्टोर दाखिला प्रतिवेदन |

## ३. कृयाकलापको नामः स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूलाई संक्रमण रोकथाम सम्बन्धी क्षमता अभिवृद्धि तालिम (कर्मचारी दक्षता बृद्धि तालिम-प्रमाणपत्र दिने)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.६.१.१७ | खर्च शिर्षकः २२५११ |

| | |
|---|---|
| परिचय | कोभिड १९ को महामारीको बेला स्वास्थ्यकर्मीहरूलाई हुनसक्ने संक्रमण जोखिमलाई कम गरी नियमित स्वास्थ्य सेवा सुचारू गर्न स्वास्थ्यकर्मीहरूको संक्रमण रोकथाम सम्बन्धी क्षमता अभिवृद्धि गर्नु आवश्यक रहेकोले यस तालिम कार्यक्रम राखीएको हो । |
| उद्देश्य | स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूलाई कोभिड १९ संक्रमण रोकथाम सम्बन्धी क्षमता अभिवृदि तालिम दिनु । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरू कोभिड १९ संक्रमण रोकथाम तालिम लिइ आ-आफ्नो स्वास्थ्य संस्थामा गुणस्तरीय स्वास्थ्य सेवा नियमित भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | NHTC बाट प्रकाशित COVID 19 Preparedness and Response Participant Handbook for Infection Prevention and Control निर्देशिका तथा संक्रमण रोकथाम निर्देशिका अनुसार बिभिन्न जिल्ला तथा पालीकाका स्वास्थ्यकर्मी तथा सहयोगी कर्मचारीहरूलाई तालिम आयोजना गरी सञ्चालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा रही स्वीकृत बजेटको परिधिभित्र रही माग तथा आवश्यकता अनुसार बाँडफाँट गरी प्रक्रिया अगाडि बढाउने। |
| सन्दर्भ सामग्री | NHTC बाट प्रकाशित COVID 19 Preparedness and Response Participant Handbook for Infection Prevention and Control निर्देशिका, संक्रमण रोकथाम निर्देशिका तथा Power point, निर्देशिका अनुसारका तालिम सामग्रीहरू<br>कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका२०७५,सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित मापदण्डहरू |
| अनुगमन सूचक | तालिम प्रतिवेदन, उपस्थिति । |

## ४. कृयाकलापको नामः अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/नर्स/स्वास्थ्यकर्मीहरूलाई मनोसामाजिक परामर्श सम्बन्धी तालिम (कर्मचारी दक्षता बृदि तालिम-प्रमाणपत्र दिने)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.१.१८ | खर्च शिर्षकः २२५११ |

| | |
|---|---|
| परिचय | नसर्ने रोगको मुख्य कारण अस्वस्थ जीवनशैली, खानपान, मानसिक असन्तुलन आदि मुख्य चुनौतिका रुपमा रहेका छन्। त्यसैगरी विश्व व्यापी रुपमा महामारीको रुपमा फैलिएको कोभिड १९ का कारण स्वास्थ्यकर्मीमा समेत मानसिक समस्या बढेको सन्दर्भमा न्यूनीकरणको लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | बिभिन्न तहका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक/नर्स/स्वास्थ्यकर्मीहरूलाई मनोवैज्ञानिक प्रथामिक उपचार एव् मनोसामाजिक परामर्श सम्बन्धी ज्ञान धारणा र सीपको अभिवृद्धि गर्नु । |
| अपेक्षित प्रतिफल | मानसिक स्वास्थ्यका बारेमा जनचेतना बृद्धि हुने र मानसिक समस्याबाट ग्रसित चिकित्सक/ नर्स/स्वास्थ्यकर्मीहरूको सख्यामा कमी आएको हुनेछ साथै चिकित्सक / नर्स/स्वास्थ्यकर्मीहरू मनोसामाजिक परामर्श सेवा दिन सक्षम हुने। |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सचालन प्रकृया | वार्षिक बजेटको परिधिभित्र रही कार्यक्रम स्वीकृत गरी मापदण्ड बमोजिम का प्रशिक्षक र सहभागी स्थान र समय छनौट तथा स्वीकृत तालिम प्याकेज अनुसार अभिमुखिकरण तालिम संचालन गर्न सकिने छ । स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वय गर्नेसकिनेछ । |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहेर आर्थिक नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित मापदण्डहरू । |
| अनुगमन सूचक | उपस्थिति, तालिम सम्पन्नको प्रतिवेदन |

## ५. कृयाकलापको नामः COVID 19 को लागि PPE, Mask, Sanitizer, Spray खरिद (तयारी सामान खरिद खर्च)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१.२. | खर्च शिर्षकः २२५२१ |

| | |
|---|---|
| परिचय | कोभिड १९ को महामारीमा रोकथाम, प्रतिकार्य, तथा नियन्त्रणका लागि कार्यालयमा आवश्यक पर्ने सामग्रीहरु खरिद गर्ने । |
| उद्देश्य | कोभिड १९ को संक्रमणको रोकथाम, नियन्त्रण र उपचारमा प्रयोग गर्नु । |
| अपेक्षित प्रतिफल | आवश्यकता अनुसार सुरक्षा सामग्रीको प्रयोगले दैनिक कार्य सम्पादनमा सहजता । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | प्रचलित ऐन नियमानुसार र स्वीकृत कार्ययोजना अनुसार। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

| | |
|---|---|
| अनुगमन सूचक | औषधि, दाखिला प्रतिवेदन |

### ६. कृयाकलापको नामः प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा आरआरटी परिचालन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कुनै पनि समय र स्थानमा जुनसुकै रोगको महामारी, विपत तथा प्रकोप हुनसक्छ । तसर्थ सम्वद्ध निकायहरु बीच छलफल तथा समन्वय गरी प्रकोप व्यवस्थापनका लागि तयारी अवस्थामा रहन र तत्काल प्रतिकार्य गर्नकालागि प्रदेश र जिल्लामा आरआरटी परिचालन कार्यक्रम राखिएको छ । |
| उद्देश्य | महामारी वा प्रकोप वा विपतको समयमै व्यवस्थापन गरी संभाव्य क्षति न्यूनीकरण गर्नु । |
| अपेक्षित प्रतिफल | प्रकोप तथा महामारी व्यवस्थापनका लागि तयारी अवस्थामा रही विपदबाट हुनसक्ने जनधनको क्षति कम गर्नका लागि आरआरटी टोलीको बैठक बसि तत्काल परिचालीत भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | • प्रकोप व्यवस्थापनका लागि आरआरटी टोलीसँग तत्काल आवश्यक समन्वय गरी प्रकोप स्थानमा आरआरटी टोली परिचालन गर्ने।<br>• आर आर टी समितिको नियमित बैठक बसि महामारी तथा प्रकोपको पूर्वतयारी तथा प्रतिकार्य गर्न सकिने छ ।<br>• प्रकोप स्थानमा परिचालन गर्न तत्काल आवश्यक पर्ने कुनैपनि यातायात तथा ढुवानिको साधन प्रयोग गर्न सकिने छ ।<br>• परिचालित टोलीको प्रमाणित प्रतिवेदन प्रकोप वा महामारी वा विपद नियन्त्रण भए पश्चात यथासक्य छिटो सामिजिक विकास मन्त्रालयमा पठाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | • RRT टोलीमा प्रत्यक्ष रुपमा संलग्न हुने स्वास्थ्यकर्मी तथा व्यवस्थापकहरूलाई नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायातको व्यवस्था गरिनेछ । नियमानुसार जनशक्ति परिचालन, बैठक भत्ता, उपकरण, आवश्यक औषधी सरसामान खरिद तथा ढुवानी र कार्यक्रम व्यवस्थापन खर्च,<br>• स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी वार्षिक कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | विपद/कोभिड १९/मनसुन पूर्वतयारी प्रतिकार्य योजना । |
| अनुगमन सूचक | बैठकहरूको विवरण, कार्ययोजना, परिचालन भएकाको विवरण । |

### ७. कृयाकलापको नामः यातायातको व्यवस्थापन (इन्धन, भाडामा लिने तथा मर्मत संभार-स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.३३० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अत्यावश्यक यातायात सेवा आवश्यक पर्ने अवस्थाहरू जस्तैः विरामीहरुलाई उपचार गर्न अस्पताल सम्म पुग्न, कोभिड १९ बाट मृत्यु भएको अवस्थामा शव व्यवस्थापन गर्न,औषधि, उपकरण, खोप |

| | |
|---|---|
| | आदि ढुवानी गर्न, कर्मचारी अनुगमन, onsite coaching वापत यातायात सहयोग गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | आवश्यकता अनुसार कार्यालय प्रयोजनका लागि यातायातको साधन प्रयोग गर्नु । |
| अपेक्षित प्रतिफल | आवश्यक अवस्थाहरू जस्तैः विरामीहरुलाई उपचार गर्न अस्पतालसम्म पुग्न, कोभिड १९ बाट मृत्यु भएको अवस्थामा शव व्यवस्थापन गर्न, औषधि, उपकरण, खोप आदि ढुवानी गर्न, कर्मचारी अनुगमन, onsite coaching यातायात सेवा उपलब्ध भइ सेवा बिस्तार भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | अत्यावश्यक यातायात सेवा आवश्यक पर्ने अवस्थाहरू जस्तैः विरामीहरुलाई उपचार गर्न अस्पताल सम्म पुग्न, कोभिड १९ बाट मृत्यु भएको अवस्थामा शव व्यवस्थापन गर्न, औषधि, उपकरण, खोप आदि ढुवानी गर्न, कर्मचारी अनुगमन, onsite coaching वापत भाडाँमा यातायात सहयोग गर्ने तथा कार्यालयको गाडी प्रयोग भएको भए इन्धन तथा मर्मत खर्च नियम अनुसार भुक्तानी गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी वार्षिक कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ संशोधित । |
| अनुगमन सूचक | यातायत सेवा पाएका संख्या, बैठकका निर्णयहरू, कार्यक्रम प्रतिवेदन |

### ८. कृयाकलापको नामः निर्देशिका, प्रोफाइल, मापदण्ड तथा बिभिन्न कार्यविधिहरू निर्माण, स्वास्थ्य शिक्षा सामग्रीहरू, फर्म फरम्याटको उत्पादन, प्रकाशन, वितरण तथा प्रसारण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३४३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश स्तरमा विभिन्न उपचार, रोकथाम, आइसोलेसन केन्द्रको व्यवस्थापन, कोभिड १९ संक्रमण रोकथाम, कोभिड १९ बाल उपचार निर्देशिका, प्रोफाइल, प्रदेश स्तरीय स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका मापदण्ड तथा बिभिन्न कार्यविधिहरू निर्माण, स्वास्थ्य शिक्षा सामग्रीहरू, फर्म फरम्याटको उत्पादन, प्रकाशन, वितरण तथा प्रसारण सम्बन्धी किताब, अभिलेख, प्रतिवेदन, फारामहरूको उपलब्धतामा सघाउ पुर्याउन यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | प्रदेशस्तरमा उपचार, रोकथाम, आइसोलेसन केन्द्रको व्यवस्थापन, कोभिड १९ संक्रमण रोकथाम, कोभिड १९ बाल उपचार निर्देशिका, प्रदेशस्तरीय स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका, स्वास्थ्य शिक्षासंग सम्बन्धित जनचेतनामूलक सामग्रीहरुको छपाई तथा उपलब्धतामा सघाउ पुर्याउने। |
| अपेक्षित प्रतिफल | कोभिड१९ संक्रमण रोकथाम, कोभिड१९ बाल उपचार मापदण्ड निर्देशिका, प्रदेशस्तरीय स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका मापदण्ड निर्माण, स्वास्थ्य शिक्षा संग समबन्धित जनचेतना मुलक सामग्रीहरुको छपाई भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालनप्रकृया | लागत अनुमान तयार गरी स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | बैठक,पारिश्रमिक, छपाइ र वितरण आदि खर्च |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ नियम २०६४, कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## ९. कृयाकलापको नामः कोभिड १९ व्यवस्थापन सम्बन्धमा आवधिक समिक्षा तथा योजना तर्जुमा (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३४४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश तथा जिल्लास्तरका कार्यालयहरुले गत आ.व.मा कोभिड १९ व्यवस्थापन सम्बन्धमा संचालित कृयाकलाप, उपलब्धी, अनुभव, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिबेदन, Power point तयार गरी प्रदेशस्तरको समिक्षा तथा योजना तर्जुमा गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | कार्यालयले गत आ.व.मा गरेको भौतिक तथा वित्तीय प्रगतिको जानकारी हुने साथै कोभिड १९ व्यवस्थापन सम्बन्धमा आवधिक समिक्षा तथा योजना तर्जुमा गर्नु । |
| अपेक्षित प्रतिफल | कार्यालयको सेवाको अवस्था बारे जानकारी भै आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्याङ्कको प्रयोग भइ कोभिड १९ व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा सुधार आउने । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | प्रदेश तथा जिल्लास्तरका कार्यालयहरुले गतआ.व.मा कोभिड१९व्यवस्थापन सम्बन्धमा संचालित कृयाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिबेदन सहित समेटिएको Power point तयार गरी प्रदेशस्तरको समिक्षा तथा योजना तर्जुमा गर्ने । |
| बजेट बाँडफाँट | बैठक, स्टेशनरी, पारिश्रमिक, छपाई र वितरण आदि खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १०. कृयाकलापको नामः संघ प्रदेश तथा स्थानीय तह साथै अन्य सरोकारवाला (पत्रकार अन्तरक्रिया) निकायहरूसँग नियमित रूपमा अन्तरक्रिया कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३४५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी सूचना तथा विज्ञापनहरु विभिन्न पत्रपत्रिकाहरु मार्फत सूचना दिने । पत्रकार र संचारकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी उपलब्ध हुने सेवा तथा रोगहरुका बारेमा जानकारी गराई आम नेपाली नागरिकहरुमा चेतना फैलाउन सहयोग गर्ने । |
| उद्देश्य | पत्रकार र संचारकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी जानकारी गराइ आम नेपाली नागरिकहरुमा चेतना फैलाउनका साथै सकारात्मक ब्यबहार परिवर्तनमा सघाउ पुर्याउनु । |
| अपेक्षित प्रतिफल | सरकारी संस्थाबाट उपलब्ध गराउने स्वास्थ्य सेवाहरुको अधिकतम उपयोग हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |

| | |
|---|---|
| सञ्चालन प्रकृया | नेपाल पत्रकार महासंघको सम्बन्धित जिल्ला समिति तथा अन्य सञ्चार सम्बन्धी संस्थाहरुसंगको समन्वयमा क्रियाशील सबै स्थानीय तहका पत्रकार/संचारकर्मी, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुलाई समेटिने गरी सञ्चालन गर्नु पर्नेछ । आवश्यक हल, स्टेशनरी, खाजा आदिको व्यवस्थापन गर्नुपर्नेछ ।<br>• अन्तर्क्रिया कार्यक्रम पुरै एक कार्य दिन अर्थात कम्तीमा ६ कार्य घण्टा समयको हुनुपर्नेछ ।<br>• सहभागीहरुलाई उपयुक्त स्वास्थ्य शिक्षा सामग्री उपलब्ध गराउने ।<br>• सहभागीहरुको सक्रिय सहभागितामा छलफल तथा अन्तर्क्रिया गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सहजकर्ता भत्ता, भ्रमण खर्च, यातायात खर्च, स्टेशनरी, प्रतिवेदन लेखन, खाजा खर्च विविध खर्च |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, स्वास्थ्य सूचना प्रसारणको रेकर्ड |

## ११. कृयाकलापको नामः रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्नको लागि आइसोलेसन तथा क्वारेन्टाइनमा आयुर्वेद औषधि खरिद तथा वितरण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३४९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कोभिड १९ को महामारीबाट प्रभावित मानिसहरूको रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्नको लागि आईसोलेसन तथा क्वारेन्टाइनमा आयुर्वेद औषधि खरिद तथा विवरण गर्न यस कृयाकलाप राखिएको हो । |
| उद्देश्य | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले जारी गरेको प्रोटोकल अनुसार आवश्यक हुने आयुर्वेद औषधि खरिद गर्ने । |
| अपेक्षित प्रतिफल | आबश्यक आयुर्वेदिक औषधि खरिद र आपूर्ति भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले जारी गरेको प्रोटोकल अनुसार आवश्यक हुने आयुर्वेद औषधि खरिद गर्ने ।<br>• गुणस्तरयुत्त औषधिहरू मापदण्ड पूर्याइ खरिद गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम लागत अनुमान तयार कोटेशन माग गरी प्रमुखबाट स्वीकृत गराइ खर्च गर्ने गराउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरीद ऐन २०६३, खरीद नियमावली<br>निर्देशिका, कार्यविधि, मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट आदि। |

## १२. कृयाकलापको नामः कोभिड १९ लगायतको महामारी नियन्त्रणको लागि अत्यावश्यकीय सामग्री व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४५१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कोभिड १९ लगायतको महामारीमा रोकथाम, प्रतिकार्य, तथा नियन्त्रणका लागि आवश्यक पर्ने सामग्रीहरु खरिद गर्नका लागि यस कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कोभिड १९ को संक्रमण हुनबाट सुरक्षित राखु । |
| अपेक्षित प्रतिफल | कोभिड १९ को महामारी नियन्त्रणका लागि अत्यावश्यक सामग्रीको अभाव हुन नदिने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | प्रचलित ऐन नियमानुसार र स्वीकृत कार्ययोजना अनुसार आबश्यक सामग्री खरीद तथा वितरण गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संशोधित) |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## १३. कृयाकलापको नामः कोभिड १९ तथा अन्य महामारी नियन्त्रणका कार्यक्रमको अनुगमन सुपरिवेक्षण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४५४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट संचालन गरिएका कोभिड १९ सँग सम्बन्धित कृयाकलापहरु, कार्यक्रमहरुको सहजीकरण, समन्वय, नियमित अनुगमन, पृष्ठपोषण, सुपरिवेक्षणका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | नियमित आवधिक अनुशिक्षण, अनुगमन, सुपरीवेक्षण गरी कार्यक्रममा सुधार गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा सुधार हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | अनुगमन कार्ययोजना निर्माण गरी स्वीकृत गराइ,कोभिड १९ अन्तर्गतका कार्यक्रमहरु साथै प्रकोप तथा महामारी आदि अनुगमन सुपरिवेक्षण मुल्यांकन गरी प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने र अनुगमन पश्चात सोको समिक्षा गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि अनुगमनको अनुमानित खर्च सहितको योजना बनाई प्रमुखबाट स्वीकृत गराउने । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५<br>विभिन्न कार्यक्रमहरुको संघ वा प्रदेशको सुपरिवेक्षण तथा अनुगमन चेकलिष्टहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,अनुगमन चेकलिष्ट |

## १४.कृयाकलापको नामः कोभिड १९ सम्बन्धी जनचेतनामूलक सामग्री प्रकाशन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४६४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कोभिड १९ सम्बन्धी स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरुबारे जानकारी गराई ज्ञान अभिबृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • भाषा, संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमहरुबाट आमसमुदायमा कोभिड १९ सम्बन्धी सम्बन्धी जानकारीमूलक सन्देशसहितका सामग्रीहरू जस्तैः स्टिकर, क्याप, टिसर्ट, पोष्टर, लिफ्लेट तथा पम्पलेट लगायतबाट सूचना प्रवाह गर्ने<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी कोभिड १९ सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तन गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | कोभिड १९ सम्बन्धी सकारात्मक व्यवहार परिवर्तन भई स्वस्थ जीवनशैली अपनाइएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • कोभिड १९ सम्बन्धी सन्देश प्रसारणको विधि यकिन गर्ने र स्पेशीफिकेशन तयार गर्ने ।<br>• सूचना प्रसारणका माध्यमहरु एफ.एम. रेडियो बाट प्रसारण, Hoarding Board, टेलिभिजन प्रसारण, सांस्कृतिक प्रायोजन, Documentary उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, पम्पलेट, पोष्टर, लिफ्लेट छपाई आदि विभिन्न जानकारीमूलक सामग्री आवश्यकता अनुसार उत्पादन/प्रकाशन/छपाई गरी वितरण गरिनेछ<br>• स्वास्थ्य शिक्षा सामग्री प्रसारणको विषयवस्तुमा पत्रकारहरूलाई अभिमुखिकरण गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक ऐन , नियम तथा कानून अनुसार प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## १५. कृयाकलापको नामः कोभिड अस्पताल तथा अन्य अस्पतालमा कार्यरत चिकित्सक/ नर्सिङ्ग/ स्वास्थ्यकर्मीहरूलाई Essential Critical Care Training (ECCT) को क्षमता अभिबृद्धि तालिम (स्वास्थ्य सेवा)

| कृयाकलाप संकेतः २.७.२२.४७६ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | कोभिड १९ को सन्दर्भमा अस्पतालमा कार्यरत चिकित्सक, नर्स तथा पारामेडिक्सहरु लामो समय देखि सेवा प्रदान गर्दै आएका र तिनिहरुलाई ECCT को पुनरतार्जगी तालिम तथा नयां उपचार पद्धति र प्रविधिका बारेमा तालिमको व्यवस्था नभएको हुदां सेवामा नबिनतम प्रविधिको सुरुवात गर्न कठिनाई हुने हुदां समय सापेक्ष नयां उपचार पद्धति र प्रविधिका बारेमा तालिम दिइ गुणस्तरीय सेवा बिस्तार गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्धेश्य | पुनर्ताजगी तालिम, नयां उपचार पद्धति र प्रविधिका बारेमा तालिम प्रदान गरी सेवा विस्तार गर्नु। |
| अपेक्षित प्रतिफल | नबिनतम प्रविधिको प्रयोग भइ गुणस्तरीय सेवा विस्तार हुने । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सचालन प्रकृया | कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ सीप विकास तालिमका लागि<br>• चिकित्सक, नर्स तथा पारामेडिक्सको छनौट आधार तयार गर्ने<br>• सेवा बिस्तार गर्ने क्षेत्र निश्चित गर्ने<br>• तालिम लिइ सके पछि सेवा नियमित हुने सुनिश्चित गर्ने<br>• सेवा प्रदान गरेको नियमित प्रतिबेदन गर्ने |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम बमोजिम |
| सन्दर्भ सामग्री | राष्ट्रिय तालिम केन्द्र बाट प्रकाशित ECCT Training Book साथै लामो तालिमका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको नम्स अनुसार हुने । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १६. कृयाकलापको नामः कोभिड सम्बन्धी जनचेतनामूलक सूचना प्रसारण (स्वास्थ्य सेवा)

| कृयाकलाप संकेतः २.७.२२.४७७ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | कोभिड १९ सम्बन्धी स्वास्थ्य प्रवर्धन गर्न स्थानीय आवश्यकता अनुरुप सम्भव भएसम्म स्थानीय भाषा र शब्दहरुको प्रयोग गरी स्वास्थ्य शिक्षा सूचनाहरुको उत्पादन गरी स्थानीय समुदायमा श्रब्य दृश्य तथा रेडियोको माध्यमबाट प्रचार प्रसार गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | कोभिड १९ को रोकथाम, नियन्त्रण तथा उपचारका वारेमा सर्वसाधारणलाई जानकारी गराउनु । |
| अपेक्षित प्रतिफल | कोभिड १९ सम्बन्धी रोगको प्रकोप, संक्रमण आदिको बारेमा जानकारी गराई स्वास्थ्य प्रवर्धन गर्न स्थानीयस्तरमा स्वास्थ्य शिक्षा सूचनाहरु उत्पादन तथा प्रसारण गरी जनचेतना अभिबृद्धि हुने। |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सचालन प्रकृया | • स्वास्थ्य प्रमुख, र सरोकारवाला, सुपरिवेक्षकहरुसंग छलफल गर्ने ।<br>• स्थानीयस्तरमा देखापरेका कोभिडसँग सम्बन्धित प्रमुख स्वास्थ्य समस्याहरु पहिचान गरी तथ्याङ्क विश्लेषण गर्ने, उपलब्ध तथ्याङ्क सूचनाहरु केलाउने । |

| | |
|---|---|
| | • तथ्याकहरु विश्लेषण गरेपछि देखिएका स्वास्थ्य समस्याहरुको प्राथमिकता सूची तयार गर्ने ।<br>• स्वास्थ्य समस्या तथा सेवाबारे उल्लेख गर्दा सो समस्याको उपयुक्त सेवा र सल्लाहहरू कहाँ कहाँ कसरी पाईन्छ भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।<br>• प्राथमिकता सूचीमा परेका कुन कुन विषयमा स्वास्थ्य शिक्षा सूचना उत्पादन गर्ने हो सो को निर्णय गर्ने ।<br>• विषय वस्तु छनौट भइसकेपछि, सो विषयसंग सम्बन्धित विज्ञहरुवाट सन्देश लेखन, परिमार्जन गरी प्राविधिक समिति/समिति भएमा सो समितिवाट समेत सामग्री अनुमोदन गरी अन्तिम रूप दिने ।<br>• सामग्री उत्पादनको लागि स्पेशीफिकेशन तयार गर्ने जसमा सामग्रीको विषय, डिजाईन तथा उत्पादन गर्ने सूचनाको बारेमा विस्तृतरुपमा उल्लेख गर्ने ।<br>• स्पेशीफिकेशन अनुसारको सूचना उत्पादन र प्रसारणको लागि नियमानुसार प्रकिया अघि बढाउने ।<br>• आवश्यकता अनुसार जनचेतनामूलक सामग्रीहरुको छपाई गरी वितरण गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रममा तोकिए बमोजिम । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | सम्झौता, बिल भर्पाइ आदि. |

## १७. कृयाकलापको नामः कोभिड सम्बन्धी समुदायस्तरमा जनचेतनामूलक अभियान/अभिमुखिकरण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४७८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कोभिड १९ सम्बन्धी समुदायमा अभियान गरी स्वस्थ जीवनशैलीको प्रवर्धन गर्न यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | • कोभिड १९ सम्बन्धी स्वस्थ जीवन शैली र वानी व्यवहारका लागि अभियानहरु संचालन गरी सकारात्मक परिवर्तन ल्याउने ।<br>• स्वस्थ वानी ब्यवहारलाई अधिकतम रूपमा प्रवर्धन गर्ने । |
| अपेक्षित प्रतिफल | कोभिड १९ सम्बन्धी ब्यावहारमा परिवर्तन भइ दैनिक जीवनशैलीमा सकारात्मक सोचको विकास भएको हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • कोभिड १९ सम्बन्धी स्वस्थ जीवनशैलीसंग सम्वन्धीत गर्न सकिने कृयाकलापहरूको विश्लेषण गर्ने र प्राथमिकताको आधारमा सूची तयार गर्ने र सोहि अनुसार कार्ययोजना बनाइ संचालन गर्न सकिनेछ ।<br>• जनस्वास्थ्यका मापदण्ड सम्बन्धी समुदायस्तरमा मास्क अभियान, हातधुने व्यवहार सम्बन्धी प्रदर्शन, खोप अभियानको प्रचारप्रसारका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।<br>• आवश्यकता अनुसार आयुर्वेद, जनस्वास्थ्यकर्मी र अन्य स्वास्थ्यकर्मीहरू परिचालन गर्न सकिने छ ।<br>• समुदायमा कोभिड १९ सम्बन्धी स्वस्थ जीवनशैली, योग शिक्षा लगाएका कक्षाहरू समेत संचालन गर्न सकिने । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | अभियान संचालनका लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | कोभिड १९ सम्बन्धी सम्वन्धी सन्दर्भ सामग्रीहरू |
| अनुगमन सूचक | सहभागीको विवरण, बैठकका निर्णयहरू, अभियानहरू, दस्तावेजहरू |

## १८. कृयाकलापको नामः कोभिड १९ लगायतका महामारीका कार्यक्रमको अनुगमन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यन्वयन भ्रमण खर्च)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.८.१.२१ | खर्च शिर्षकः २२६११ |

| | |
|---|---|
| परिचय | कोभिड १९ सँग सम्बन्धित प्रदेश सरकार र स्थानीय तहबाट संचालन गरीएका स्वास्थ्य आदि कृयाकलापहरु, कार्यक्रमहरुको सहजिकरण, समन्वय, नियमित अनुगमन, पृष्ठपोषण, सुपरिवेक्षेणका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | नियमित आवधिक अनुशिक्षण, अनुगमन, सुपरिवेक्षण गरी कार्यक्रममा सुधार गर्ने |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा सुधार भएको हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • अनुगमन कार्ययोजना स्वीकृत गराइ, कार्यक्रमहरु (खोप अभियान, महामारी, प्रकोप, कीटजन्य रोगहरूः जस्तैः औलो, डेङ्गी, स्कव टाइफस, कालाजार लगायत प्रयोगशाला, कोभिड १९ सम्बन्धी तालिम) आदि समेतको चेकलिस्ट अनुसार अनुगमन, सुपरिवेक्षण तथा मूल्यांकन गरी प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने ।<br>• अनुगमन पश्चात सोको समिक्षा गर्ने ।<br>• अनुगमन प्रतिवेदन तयार गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि अनुगमनको अनुमानित खर्च सहितको योजना सम्बन्धित निकायको प्रमुखबाट स्वीकृत गराउने । |
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५<br>विभिन्न कार्यक्रमहरुको संघ वा प्रदेशको सुपरिवेक्षण तथा अनुगमन चेकलिष्टहरु । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन । |

## १९. कृयाकलापको नामः COVID 19 लगायतका महामारी नियन्त्रण तथा प्रतिकार्यका लागि औषधि खरीद (औषधिहरू खरीद)

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.८ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको अधिकार |

| | |
|---|---|
| | सुनिश्चित गर्न अत्यावश्यक औषधीहरू खरिदको कृयाकलाप राखिएको हो । |
| उद्देश्य | प्राथमिकता अनुसार आवश्यक हुने औषधि खरिद गर्ने |
| अपेक्षित प्रतिफल | आबश्यकता अनुसार खरीद र आपूर्ति भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • औषधिको प्राथमिकता निर्धारण गरी (कोडिन सहितको प्यारासिटामोल, प्यारासिटामोल, एजिथ्रोमाइसिन, रेम्डिसिविर, भिटामिनहरू लगायतका औषधि खरिद गर्ने ।<br>• गुणस्तरयुक्त औषधिहरू मापदण्ड पूर्र्याइ खरिद गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | खरिद, वितरण र फुटकर खर्च |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन २०६३,खरिद नियमावली निर्देशिका, कार्यविधि, मापदण्डहरु । |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट आदि। |

## २०. कृयाकलापको नामः कोभिड १९ का लागि अत्यावश्यक आयुर्वेद औषधि खरिद (औषधिहरू खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.१६ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न अत्यावश्यक आयुर्वेद औषधीहरू खरिदको कृयाकलाप राखिएको हो । |
| उद्देश्य | प्राथमिकता अनुसार आवश्यक हुने औषधि खरिद गर्ने |
| अपेक्षित प्रतिफल | आबश्यक आयुर्वेद खरिद र आपूर्ति भएको हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्यसेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • औषधिको प्राथमिकता निर्धारण गरी आयुर्वेद तथा बैकल्पिक चिकित्सा विभागले जारी गरेको पोटोकल अनुसार आयुर्वेदिक औषधि खरिद गरी निःशुल्क बितरण गरिने ।<br>• अन्य आबश्यक गुणस्तरयुक्त आयुर्वेद औषधिहरू मापदण्ड पूर्याइ खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | पहिलो चौमासिकमा खरीद गर्ने । |
| बजेट बाँडफाँट | खरिद, वितरण र फुटकर खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५,सार्वजनिक खरिद ऐन २०६३, खरिद नियमावली निर्देशिका, कार्यविधि, मापदण्डहरु |

## २१. कृयाकलापको नामः आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई क्षारसुत्र सम्बन्धी तालिम कार्यक्रम (कर्मचारी दक्षता बृद्धि तालिम प्रमाण पत्र दिने)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.६.१.१६ | खर्च शीर्षक२२५११ |

| | |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई पाइल्स, फिसर तथा फिस्टुला एवं अन्य गुद्ध विकार |

| | |
|---|---|
| | सम्बन्धी रोगहरुको पहिचान गरी आवश्यकतानुसार क्षारसुत्र विधिबाट शल्यक्रिया गर्न सिकाउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई पाइल्स, फिसर, फिस्टुला तथा एवं अन्य गुद विकार सम्बन्धी रोगहरुको प्रभावकारी उपचार गर्न क्षमता अभिबृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | गुद्वविकार बिरामीहरूले प्रभावकारी उपचार पाउने छन् |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | • आयुर्वेद चिकित्सक तथा आयुर्वेद स्वास्थ्यकर्मीहरूको छनौट गर्ने<br>• स्वीकृत कार्ययोजना तथा तालिम निर्देशिका बमोजिम तालिम संचालन गर्ने |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार तोकिएको समय सीमाभित्र |
| बजेट बाँडफाँट | दैनिक भ्रमण खर्च, प्रशिक्षक भत्ता, खाजा, हल तथा आवश्यक सामग्रीहरु खरिद तथा अन्य ब्यवस्थापन खर्च |
| सन्दर्भ सामग्री | निर्देशिका, कार्यविधि तथा स्वीकृत मापदण्डहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २२. कृयाकलापको नामः आयुर्वेद सम्बन्धी दिवस (उधमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.६.४.४ | खर्च शीर्षक २२५१२ |

| | |
|---|---|
| परिचय | कार्तिक महिनामा राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति/माघ महिनामा राष्ट्रिय योग दिवश/असार महिनामा अन्तराष्ट्रिय योग दिवस मनाउने प्रयोजनका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद तथा योग पद्धतिको संरक्षण तथा स्मरण गर्दै यसको प्रचार प्रसार गर्नु । |
| अपेक्षित प्रतिफल | योगाभ्यासबाट हुने लाभका विषयमा जनचेतना अभिबृद्धि हुनेछ ।<br>नसर्ने रोगको न्यूनिकरणमा सहयोग पुग्ने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | • धन्वन्तरी जयन्तीका दिन स्वास्थ्य सम्बन्धी बिभिन्न जनचेतनामूलक कृयाकलाप सहित आरोग्य दिवश मनाउने<br>• प्रत्येक वर्ष माघ १ गते र June 21 मा सर्वसाधारणको उल्लेख्य सहभागिता हुन सक्ने स्थान छनौट गरी क्रमस राष्ट्रिय योग दिवश र अन्तराष्ट्रिय योग दिवश विविध कृयाकलाप सहित अभियानका रुपमा मनाउने<br>• योग र आयुर्वेदको महत्व वारे प्रचार प्रसार गर्ने |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको मिति अनुसार |
| बजेट बाँडफाँट | आबश्यकता अनुसार |
| सन्दर्भ सामग्री | निर्देशिका, कार्यविधि, मापदण्डहरु |

| | |
|---|---|
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २३. कृयाकलापको नामः प्रदेशभित्र योग तथा निःशुल्क स्वास्थ्य शिविर (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.५.१०३ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवाको पहुच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्न आवश्यक ठानी यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | स्वास्थ्य सेवाको पहुच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सम्बन्धी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यमा पहुँच नपुगेका जनताले आयुर्वेद चिकित्साबाट स्वास्थ्य सेवा लिन सक्नेछन । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | • प्रदेश भित्रका आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुको छनौट गरी कार्यक्रम स्थल निर्धारण गर्ने<br>• सम्वन्धीत जिल्ला तथा स्थानीय तहसँग समन्वय गरी आयुर्वेद औषधालयहरु र जिल्ला आयुर्बेद स्वास्थ्य केन्द्र बाट आबश्यकता अनुसार अन्य जनशक्ति परिचालन गरी कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने ।<br>• स्वास्थ्य शिविर सञ्चालन गर्दा विशेषज्ञ आयुर्वेद चिकित्सक समेतको सेवा प्रवाह सुनिश्चित गर्नुपर्नेछ।<br>• आयुर्वेद स्वास्थ्य शिविर एक दिन संचालन हुने भएकाले खटिएका कर्मचारीहरू तथा स्वयंसेवकहरुलाई खाजा, खाना को व्यवस्था गर्ने ।<br>• नियमानुसार अनुसुची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• अभियान सञ्चालनका लागि दै.भ्र.भत्तामा दोहोरोपना नपर्ने गरी विशेषज्ञ चिकित्सकलाई खटिएको दिनको दैनिक रू. ५००० र चिकित्सकलाई रू. २५०० पारिश्रमिक वापत भुक्तानी गरिनेछ ।<br>• शिबिर विहान देखि साझसम्म सञ्चालन हुने भएकाले अभियानका खटिनेहरूका लागि खाजा, खाना वापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ ।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि ।<br>• कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिक अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि पूर्व तयारी बैठक बसी आयुर्वेद औषधि खरिद, यातायात खर्च,खाजा, प्रचार प्रसार खर्च, दैनिक भ्रमण खर्च, विविधखर्च आदिको सम्बन्धित निकायको प्रमुखबाट स्वीकृत गराउने र खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५, निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | शिविर सम्पन्न प्रतिवेदन |

## २४. कृयाकलापको नामः तनाव ब्यवस्थापन तथा मेडिटेशन कक्ष संचालन तथा ब्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.७३ | खर्च शीर्षक२२५२२ |

| | |
|---|---|
| परिचय | व्यस्त जीवनशैलीका कारणले बढ्दो तनाबलाई न्यूनिकरण गर्नका लागि योग, ध्यान कक्ष ब्यबस्थापन गरी तनाबलाई कम गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्यकर्मी/अभ्यंङकर्ताहरू क्षमता अभिबृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | विभिन्न प्रकारका तनावहरूको व्यवस्थापन गर्ने क्षमता विकास भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | संचालन गर्ने विधि<br>• प्रदेश स्वास्थ्य सेवा निर्देशनालयले सामाजिक विकास मन्त्रालय,प्रदेश आयुर्वेदऔषधालयको समन्वयन तथा सहयोगमा जिल्लामा आयुर्वेद स्वास्थ्य संथाहरुबाट सहभागी छनौटगरी आबश्यकतानुसार स्वास्थ्यकर्मी/अभ्यंङकर्ताहरूको उपस्थितिमा तोकिएको कार्ययोजना अनुरूप तनाब व्यवस्थापन ( योग तथा पन्चकर्म) तथा ध्यानसम्बन्धी तालिम संचालन गर्ने |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम लागत अनुमान तयार गरी प्रमुखबाट स्वीकृत गराइ खर्च गर्ने गराउने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, निर्देशिका कार्यविधि मापदण्डहरु । |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता आदि । |

## २५. कृयाकलापको नामः आयुर्वेद औषधि खरीद तथा ब्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.४४९ | खर्च शीर्षक२२५२२ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा नि:शुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न आयुर्वेद औषधीहरू खरिद कृयाकलाप राखिएको हो । |
| उद्देश्य | रोगहरुको प्राथमिकता अनुसार आवश्यक हुने औषधि खरिद गर्नु । |
| अपेक्षित प्रतिफल | आबश्यक आयुर्वेद औषधीहरू आपूर्ति भएको हुने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सर्खेत |
| सञ्चालन प्रक्रिया | • औषधीको प्राथमिकता निर्धारण गरी आयुर्वेदिक औषधी खरिद गर्दा अनुसूचि ४ अनुसारका नि:शुल्क बितरण गरिने अत्याबश्यक आयुर्वेद औषधीहरूको मिति २०७४।७।२३ को स्वीकृति सूचि (२३ वटा) लगायत अन्य आबश्यक आयुर्वेद औषधीहरू खरीद गर्ने ।<br>• गुणस्तरयुत्त औषधीहरू मापदण्ड पुर्याइ खरीद गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | खरिद, वितरण र फुटकर खर्च |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५,सार्वजनिक खरिद ऐन २०६३,खरिद |

| | |
|---|---|
| | नियमावली २०६४ (संशोधित)<br>निर्देशिका, कार्यविधि, मापदण्डहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट आदि। |

## २६. कृयाकलापको नामः आयुर्वेद सम्बन्धी TOOLS छपाई (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.४७३ | खर्च शीर्षक२२५२२ |

| | |
|---|---|
| परिचय | यस प्रदेश भित्रका सवै सरकारी आयुर्वेद संस्था हरू लाई आवश्यक पर्ने आयुर्वेद सम्बन्धी अभिलेख प्रतिवेदन फारामहरू पुर्याउन यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | आयुर्वेद सम्बन्धी अभिलेख तथा प्रतिवेदन फारामहरूको छपाई गरी उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | दैनिक स्वास्थ्य सूचना अभिलेख र मासिक प्रतिवेदन सहज भएको हुनेछ |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय सुर्खेत |
| सञ्चालन प्रक्रिया | स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत कार्ययोजना अनुसार |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आयुर्वेद सम्बन्धी अभिलेख प्रतिवेदन फारामहरूको छपाई तथा वितरण |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४(संशोधित), कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## २७. कृयाकलापको नामः अत्यावश्यक आयुर्वेद औषधि खरिद (औषधिहरू खरीद)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.७.२.९.२ | खर्च शीर्षक२७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न अत्यावश्यक आयुर्वेद औषधीहरू खरिदको कृयाकलाप राखिएको हो । |
| उद्देश्य | रोगहरुको प्राथमिकता अनुसार आवश्यक हुने औषधि खरिद गर्ने |
| अपेक्षित प्रतिफल | आबश्यक आयुर्वेद औषधि खरिद र आपूर्ति भएको हुनेछ |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | • औषधिको प्राथमिकता निर्धारण गरी आयुर्वेदिक औषधि खरिद गर्दा अनुसूचि ४ अनुसारका निःशुल्क बितरण गरिने अत्याबश्यक आयुर्वेद औषधिहरूको मिति २०७४।७।२३ को स्वीकृति सूचि (२३ वटा ) लगायत अन्य आबश्यक आयुर्वेद औषधिहरू खरीद गर्ने<br>• गुणस्तरयुत्त औषधिहरू मापदण्ड पूर्याइ खरिद गर्ने |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | तोकिएको चौमासिकमा गर्ने |
| बजेट बाँडफाँट | खरिद, वितरण |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५,सार्वजनिक खरिद ऐन २०६३, खरिद |

| | |
|---|---|
| | नियमावली २०६४(संशोधित), निर्देशिका, कार्यविधि, मापदण्डहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट आदि |

## २८. कृयाकलापको नामः सूचना तथा सन्देशमूलक सामग्री प्रकाशन (विज्ञापन तथा सूचना प्रकाशन)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.४.१४.२ | खर्च शीर्षक २२३१५ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरुबारे जानकारी गराई ज्ञान अभिबृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रम राखिएको छ ।स्वास्थ्य सम्बन्धी सूचना तथा विज्ञापनहरु विभिन्न पत्रपत्रिकाहरु र श्रव्य दृष्य माध्यम मार्फत सूचना दिने। |
| उद्देश्य | • भाषा, संस्कार र संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमहरुबाट आमसमुदायमा स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तन गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने |
| अपेक्षित प्रतिफल | • सरकारद्वारा उपलब्ध गराउने स्वास्थ्य सेवाहरुको अधिकतम उपयोग हुने<br>• स्वास्थ्य सम्बन्धी व्यवहार परिवर्तन भई स्वस्थ जीवन शैली अपनाइएको हुनेछ<br>• स्वास्थ्य सम्बन्धी सन्देशमूलक सामग्रीहरु आम नागरिक सम्म पुग्ने |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | • सूचना प्रसारणका माध्यमहरु एफ एम प्रसारण, Hoarding Board, टेलिभिजन प्रसारण, सांस्कृतिक प्रायोजन, Documentary उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, पम्पलेट, पोष्टर, लिफ्लेट, टिसर्ट, ज्याकेट, क्याप, आदि विभिन्न जानकारीमूलक सामग्री आवश्यकता अनुसार उत्पादन/प्रकाशन/छपाई गरी वितरण गरिनेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | • सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधित), आर्थिक ऐन, नियम तथा कानून अनुसार प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन/प्रकाशन/छपाई गरी खर्च गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, विभिन्न सूचनामुलक सामग्रीहरू |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## २९. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी कृयाकलापहरुको एकीकृत कार्यस्थल अनुशिक्षण,सुपरिवेक्षण, अनुगमन, मुल्याङ्कन (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण )

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.५.३२ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश सरकार र स्थानीय तहबाट संचालन गरीएका स्वास्थ्य सम्बन्धित कृयाकलापहरुको सहजिकरण, समन्वय, नियमित अनुगमन, पृष्ठपोषण, सुपरिवेक्षेणका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | नियमित आवधिक अनुशिक्षण, अनुगमन, सुपरिवेक्षण गरी कार्यक्रममा सुधार गर्ने |
| अपेक्षित प्रतिफल | स्वास्थ्यका सूचकहरुमा सुधार हुने |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | अनुगमन कार्ययोजना निर्माण गरी स्वीकृत गराइ, कार्यक्रमहरु(खोप, महामारी, प्रकोप, सुरक्षित मातृत्व, पोषण, बालरोग, कीटजन्य, औलो, कालाजार, तथ्यांक, जनसङ्ख्या, क्षयरोग, एच.आई.भी., कुष्ठरोग, श्वासप्रश्वास, सामुदायिक इकाइ, बर्थिङ सेन्टर, प्रयोगशाला, तालिम तथा बजेट कार्यान्वयन) आदि समेतको अनुगमन सुपरिवेक्षण मुल्यांकन गरी प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने ।<br>अनुगमन पश्चात सोको समिक्षा गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार . |
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५<br>विभिन्न कार्यक्रमहरुको संघ वा प्रदेशको सुपरिवेक्षण तथा अनुगमन |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन आदि |

## ३०. कृयाकलापको नामः भ्याक्सिन स्टोर तथा सब स्टोर तथा कोल्डचेन व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.११८ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | भ्याक्सिनलाई सुरक्षित राखी वितरण तथा प्रयोगस्थल सम्म पुर्याउनको लागि भ्याक्सिन स्टोर तथा सव-स्टोरहरुमा अति आवश्यकीय राष्ट्रिय मापदण्डहरुका आधारमा व्यवस्थापन गर्नुपर्ने हुन्छ । |
| उद्देश्य | भ्याक्सिन व्यवस्थापनमा सहजता ल्याउने ।<br>भ्याक्सिनका कारणबाट हुने अवान्छित घटनामा कमी ल्याउने ।<br>जिल्ला भ्याक्सिन स्टोरतथा सव-स्टोरहरुको व्यवस्थापन हुने । |
| अपेक्षित प्रतिफल | प्रभावकारी भ्याक्सिन व्यवस्थापनका मापदण्डहरु पुरा भएको हुनुपर्ने । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सव स्टोरमा रहेका कोल्डचेन सामग्रीहरु लगायत रेफ्रिजिरेटर, जेनेरेटरको मर्मत तथा आवश्यक कोल्डचेन सामग्रीहरु जस्तै फोम प्याड |

| | |
|---|---|
| | जिपलग समेत खरिद तथा व्यवस्थापन गर्ने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | मर्मत तथा खरिदका लागि आवश्यकता अनुसार बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | EVM मापदण्ड निर्देशिका परिवार कल्याण महाशाखा निर्देशिका तथा प्रचलित सार्वजनिक खरिद ऐन वमोजिम । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन जिन्सी रजिष्टर व्यवस्थापन । |

## ३१. कृयाकलापको नामः स्वास्थ्य सेवा निर्देशनालयको बेवसाइट निर्माण/मर्मत (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.१६१ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी नागरिकको सहज रूपमा सूचना पाउने हक सुनिश्चित गर्नका लागि यस निर्देशनालयको बेवसाइट निर्माण र मर्मत सम्बन्धी कृयाकलाप राखिएको हो । |
| उद्देश्य | बेवसाइटको मर्मत संभार गर्नु । |
| अपेक्षित प्रतिफल | तथ्याङ्क एवं सूचना प्रवाहमा टेवा पुगेको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | वेवसाईट निर्माण तथा मर्मतमा निरन्तरता दिइने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | निर्माण र मर्मतमा प्रचलित ऐन नियमावली अनुसार । |
| सन्दर्भ सामग्री | स्वास्थ्य सूचना प्रणाली, सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ (संसोधित), कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५। |
| अनुगमन सूचक | सूचारुरत वेवसाइट |

## ३२. कृयाकलापको नामः सञ्चार/ पत्रपत्रिका/ मिडिया सहकार्य/ सूचना विज्ञापन /सन्देश प्रसारण तथा सञ्चारकर्मीहरुसंग अन्तरक्रिया

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२५.६४ | खर्च शीर्षक:२२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सम्बन्धी सूचना तथा विज्ञापनहरु विभिन्न पत्रपत्रिकाहरु मार्फत सूचना दिने । पत्रकार र संचारकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी उपलब्ध हुने सेवा तथा प्रकोपहरुका बारेमा जानकारी गराई आम नेपाली नागरिकहरुमा चेतना फैलाउन सहयोग गर्ने । |
| उद्देश्य | संचारकर्मीहरुलाई स्वास्थ्य सम्बन्धी जानकारी गराइआम नेपाली नागरिकहरुमा जनचेतना फैलाउन सहयोग गर्ने |
| अपेक्षित प्रतिफल | सरकारद्वारा उपलब्ध हुने स्वास्थ्य सेवाहरुको अधिकतम उपयोग हुने |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | नेपाल पत्रकार महासंघ लगायत जिल्ला समिति तथा अन्य सञ्चार सम्बन्धी संस्थाहरुसंगको समन्वयमा क्रियाशील सबै स्थानीय तहका पत्रकार/संचारकर्मी समेटिने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यसका लागि<br>• आवश्यक हल, स्टेशनरी, खाजा आदिको व्यवस्थापन गर्नुपर्नेछ ।<br>• अन्तर्क्रिया कार्यक्रम पुरै एक कार्य दिन अर्थात कम्तीमा ६ कार्य घण्टा समयको हुनुपर्नेछ<br>• सहभागीहरुलाई उपयुक्त स्वास्थ्य शिक्षा सामग्री उपलब्ध गराउने ।<br>• सहभागीहरुको सक्रिय सहभागितामा छलफल तथा अन्तर्क्रिया गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सहजकर्ता भत्ता, भ्रमण खर्च, यातायात खर्च, स्टेशनरी, प्रतिवेदन लेखन, खाजा खर्च, विविध खर्च |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन स्वास्थ्य सूचना प्रसारणको रेकर्ड |

## ३३. कृयाकलापको नामः जटिल प्रसुति आकस्मिक सेवा र आपतकालीन अवस्थाका लागि दुर्गम स्थानबाट सुविधा सम्पन्न अस्पतालसम्म एअर लिफ्टिङ्ग तथा प्रेषण सहजीकरण संचार एवं व्यवस्थापन समेत (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | सुरक्षित मातृत्व कार्यक्रमको प्रमुख उद्देश्य मातृ मुत्यु दर घटाउने हो । नेपालको सविंधानमा समेत सुरक्षित मातृत्वलाई मौलिक हकको रुपमा राखिएको छ ।"सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५" अनुसार प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भनी उल्लेख गरिएको छ। कुनै पनि महिलाले गर्भवती, प्रसव, सुत्केरी, गर्भपतनको जटिलताका कारण अस्पतालसम्म पुग्न नसकेर ज्यान गुमाउन नपरोस भनी उनीहरुलाई आवश्यक परेको खण्डमा तुरुन्त सुविधा सम्पन्न अस्पतालमा प्रेषण गर्न यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| उद्देश्य | आकस्मिक अवस्थाका गर्भवती, प्रसव, सुत्केरी र गर्भपतनको जटिलता समेतको बिरामीलाई समयमै सुरक्षित सुबिधा सम्पन्न अस्पतालमा पुर्याई जिवन रक्षा गर्ने |
| अपेक्षित प्रतिफल | मातृ तथा नव शिशु विरामी दर तथा मृत्युदरमा कमी आउने छ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | लक्षित समुह/Air lifting गर्नुपर्ने अवस्थाहरुः<br>• Air Lifting का लागि सडक यातायतको सुविधा नभएका अति दूर्गम ग्रामिण भेगमा बसोबास गर्ने गर्भवती प्रसव तथा सुत्केरी अवस्थाका आमाहरुमा सो अवधिमा ज्यान जोखिममा पर्ने जटिलता भएमा, गर्भपतनको जटिलता समेत<br>• तत्कालै सम्वधित स्थानमा रहेको संस्थामा उपचार हुन नसकी बिरामीको ज्यान खतरामा पर्न सक्ने अवस्था आएमा |

| | |
|---|---|
| | सुविधा सम्पन्न अस्पतालमा उपचारका लागि लैजाने स्थानीय स्तरमा यातायातको सुविधा उपलब्ध नभएमा आकस्मिक अवस्थाको बिरामीको अवस्थामा जटिलता आएमा र एम्बुलेन्सद्वारा नजिकैको सरकारी अस्पतालमा पुर्याउन नसक्ने अवस्था भएमा आवश्यक कागजातः<br>• स्वास्थ्य संस्था वा अस्पतालको प्रेषण पुर्जा,<br>• हवाइ उद्धार गर्न सहयोग गर्ने सम्बन्धित जिल्ला प्रशासन कार्यालय/अस्पताल/स्वास्थ्य संस्था वा स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र,<br>• विरामीको नागरिकताको प्रतिलिपि वा श्रीमानको नागरिकताको प्रतिलिपि वा सम्बन्धित स्थानीय निकायको नाता प्रमाणित पत्र,<br>जिल्लाभित्र एम्बुलेन्स वा एम्बुलेन्स उपलब्ध नभएको खण्डमा भाडाको गाडिको प्रचलित दर अनुसारको प्रेषण खर्च आदि स्वास्थ्य कार्यालयले खर्च गर्न सक्ने सेवा सञ्चालन विधिः<br>• बिरामीलाई नजिकैको सुबिधा सम्पन्न सरकारी/सामुदायिक/निजि अस्पतालसम्म पुर्याउँदा Air lifting मा तोकिएको शिर्षक अनुरूप खर्च गर्नुपर्नेछ,<br>• Air lifting गर्ने एयर लाईन्सलाई अस्पताल वा स्वास्थ्य संस्थाको सिफारिसको आधारमा स्वास्थ्य सेवा निर्देशनालयले कार्यदिश दिनुपर्नेछ,<br>• विरामीको व्यक्तिगत विवरण तथा अवस्थाको जानकारी अभिलेख निर्देशनालयमा राख्नुपर्नेछ, साथै निजको नागरिकता र सम्बन्धी अस्पतालबाट Discharge हुदाँ निजको Discharge Report संकलन गर्नुपर्नेछ,<br>• अभिलेख तथा प्रतिवेदन,<br>• निर्देशनालयले प्रदेश सरकार स्रोतबाट सम्पादन गरेका हवाइ उद्धारहरुको विस्तृत विवरण महिलाको नाम, ठेगाना, जटिलता, मिति, रकम र उपचार नतिजा समेत खुल्नेगरी विवरण अध्यावधिक गरी मन्त्रालयमा पठाउनुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही Air liftingतथा एम्बुलेन्स एअरपोर्टबाट अस्पताल सम्मको यातायात सेवाको लागि एवं समन्वय वैठक र सन्चारका लागि खर्च गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | कार्य संचालन निर्देशिका |
| अनुगमन सूचक | एअर लिफ्टिङ्ग गरेको तथ्याकं, बिल भरपाई |

## ३४. कृयाकलापको नामः पाठेघरको मुखको क्यान्सर जांचको लागि VIA Set, Silicon Ring Pessary खरिद (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.५१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने प्रजनन् स्वास्थ्य समस्याहरु मध्ये पाठेघरको मुखको क्यान्सरतथा आङ खस्ने समस्या मुख्य हो । पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको पहिचान गरी समयमा नै व्यवस्थापन गर्नको लागि VIA Set र आङ खस्ने समस्या जटिल हुन बाट बचाउन Silicon ring pessary का लागि यो कृयाकलाप राखिएको छ |
| उद्देश्य | पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको तथा आङ खस्ने समस्याको पहिचान गरी समयमा नै व्यवस्थापन गर्ने |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | पाठेघरको मुखको क्यान्सर हुन सक्ने अवस्थाको तथा आङ खस्ने समस्याको पहिचान गरी समयमा नै सम्बन्धित निकायमा सेवा प्रदानको लागि प्रेषण गरिने |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | यस शिर्षकमा प्राप्त रकमबाट पाठेघरको मुखको क्यान्सर र आङ खस्ने समस्या सम्बन्धी जाँच गर्नको लागि आवश्यक औषधि, उपकरण तथा Silicon ring pessary प्रचलित नियमानुसार प्रक्रिया पुर्याइ खरिद तथा वितरण गर्न सकिने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कार्यक्रम स्वीकृत गराई संचालन गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संशोधित) |
| अनुगमन सूचक | खरिद आदेश,विल भरपाई, सामग्री दाखिला प्रतिवेदन । |

## ३५. कृयाकलापको नामः स्वास्थ्य शिक्षा सामग्री उत्पादन, वितरण र प्रसारण (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरुबारे जानकारी गराई ज्ञान अभिबृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रमको कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • भाषा, संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमहरुबाट आम समुदायमा स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तत गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सम्बन्धी व्यवहार परिवर्तन भई स्वस्थ जीवन शैली अपनाइएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय । |
| | • प्रदेशस्तरमा कुनै पनि बिषयवस्तुमा स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी अन्तिम रुप दिन तथा प्रदेशमा रहेका सबै सरकारी वा निजी वा गैह्रसरकारी संघसंस्था वा संयुक्त राष्ट्र संघ मातहतका निकाय वा बाह्य विकासका साझेदारहरु वा संचार माध्यमबाट कुनै स्वास्थ्य सम्बन्धी सन्देश वा सूचना वा सामग्रीलाई प्रचारप्रसारका लागि देहाय बमोजिमको प्रादेशिक स्वास्थ्य संचार प्राविधिक समितिमा छलफल गरी निर्णय भए पश्चात् स्वीकृति दिने व्यवस्था मिलाउनुपर्नेछ । समितिको सचिवालय स्वास्थ्य सेवा निर्देशनालयको स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार शाखामा रहनेछ ।समितिमा तोकिएको पद रिक्त रहेको अवस्थामा मन्त्रालयले तोकेको मन्त्रालय वा अन्तर्गतको सम्बन्धित विज्ञले सदस्यको रूपमा प्रतिनिधित्व गर्न सक्नेछन्। |

| | |
|---|---|
| | संयोजक — निर्देशक, स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत<br>सदस्य — वरिष्ठ/जनस्वास्थ्य प्रशासक, सामाजिक विकास मन्त्रालय, सुर्खेत<br>सदस्य — वरिष्ठ/कन्सल्टेन्ट जनरल फिजिसियन, प्रदेश अस्पताल, सुर्खेत<br>सदस्य — वरिष्ठ/नर्सिङ्ग प्रशासक, स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत<br>सदस्य — वरिष्ठ/कन्सल्टेन्ट आयुर्वेद विज्ञ, स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत<br>सदस्य-सचिव — वरिष्ठ/स्वास्थ्य शिक्षा प्रशिक्षण प्रशासक, स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत<br>आमन्त्रित सदस्यहरु — सम्बन्धित विषयका विज्ञ तथा सरोकारवाला, आवश्यकता अनुसार<br>• उपरोक्त समितिले पहिलो चौमासिक भित्र आवश्यक स्वास्थ्य सन्देशहरूको रोष्टर तयार गरी प्राबिधिक पक्ष विश्लेषण, उत्पादन गरी सम्बन्धित कार्यालयहरूलाई उपलब्ध गराउने र सम्बन्धित सार्वजनिक निकायले कार्यान्वयन गर्ने ।<br>• राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रबाट जारी भएका स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सम्बन्धी सामग्रीहरूको हकमा माथि उल्लेखित प्राबिधिक समितिबाट स्वीकृति आवश्यक पर्नेछैन ।<br>• माथि उल्लेखित समितिबाट स्वीकृत भएका स्वास्थ्य शिक्षा सामग्रीहरू सम्बन्धित निकायहरूबाट प्रकाशन, प्रसारण तथा वितरण गर्नुपर्नेछ ।<br>• मौसम अनुसार देखापर्ने गरेका रोग एवं स्वास्थ्य समस्याहरुको प्रकोपहरुको तथ्याङ्क विश्लेषण गर्ने र प्राथमिकताको सूची तयार गर्ने,<br>• सन्देश प्रसारणको विधि यकिन गर्ने र स्पेशीफिकेशन तयार गर्ने,<br>• सूचना प्रसारणका माध्यमहरु एफएम प्रसारण, Hoarding Board, टेलिभिजन प्रसारण, सांस्कृतिक कृयाकलापहरु, Documentary उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, पम्पलेट, पोष्टर, लिफ्लेट आदि विभिन्न जानकारीमूलक सामग्री आवश्यकता अनुसार उत्पादन/प्रकाशन/छपाई गरी वितरण गरिनेछ,<br>• स्वास्थ्य शिक्षा सामग्री प्रसारणको विषय वस्तुमा पत्रकारहरूलाई अभिमुखिकरण गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक ऐन , नियम तथा कानून अनुसार प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी खर्च गर्ने |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## ३६. कृयाकलापको नामः स्तनपान कक्ष निर्माण (आवश्यक सामग्री व्यवस्थापन) (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.४७५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | शिशु जन्मेको ६ महिनासम्म पूर्ण स्तनपान र ६ महिना पछि थप आहाराका साथै स्तनपान गराउनु अपरिहार्य आवश्यकता हो । प्रभावकारी स्तनपानले स्वास्थ्य तथा वौदिक व्यक्तित्व निर्माणमा ठुलो टेवा पुर्याउने कुरा बिभिन्न अध्ययनले पुष्टी गरीसकेको छ । यसै महत्वलाई |

| | |
|---|---|
| | मध्यनजर गरी यस आर्थिक वर्षमा कर्णाली प्रदेशले स्तनपान कक्ष स्थापना तथा संचालन कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्तनपान गराउने आमाहरुलाई वच्चालाई स्तनपान गराउन सहज वातावरण सृजना गरी स्तनपानलाई प्रवदन गर्ने |
| अपेक्षित प्रतिफल | स्तनपान प्रवर्द्धन भई कर्णाली प्रदेशमा हुने शिशु मृत्युदरमा कमी आउनेछ |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सचालन प्रकृया | • स्तनपान कक्ष स्थापनाका लागि उपयुक्त स्थानको छनौट गर्ने<br>• उक्त स्थानको लागि सम्बन्धित पक्षसंग समन्वय गर्ने<br>• त्यस कक्षको ढोकामा स्पष्ट देखिने गरी स्तनपान कक्ष लेख्नुपर्नेछ<br>• स्तनपान र यसको महत्त्व खुल्ने फेल्क्स टाँस गर्ने<br>• आवश्यक सामग्रीहरु (Breast Feeding Chair-1, Bed-1, Sofa Set -1, Baby cot-1, Water Jar-1, Jug-1, Dust Blin-1, sanitary pad, Basin-1, Bucket -1) आदिको ब्यवस्था गर्ने ) |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना बमोजिम |
| बजेट बाँडफाँट | स्तनपान कक्षको लागि आवश्यक सामग्रीहरु र कर्णाली प्रदेश खर्च निर्देशिका २०७५ अनुसारगर्नु पर्नेछ |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियम २०६४ (संसोधित) |
| अनुगमन सूचक | स्थापित एवं संचालित स्तनपान कक्ष । |

## ३७. कृयाकलापको नामः HMIS तथ्याङ्क भेरिफिकेशन तथा फलोअप मिटिंग

| | |
|---|---|
| कृयाकलापसंकेतः २.७.२२.११२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | HMIS प्रतिवेदन मा आउने तथ्यांकीय त्रुटीहरू लाई कम गरी यसको गुणस्तरीयता, समयवद्धता र पुर्णता गराउन यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | नियमित स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सुद्धिढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय तथ्याङ्कमा आधारित योजना तर्जुमा भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | रिपोर्टिङको अवस्था कमजोर रहेका र तथ्याङ्कको एकरुपतामा समस्या भएका स्वास्थ्य संस्थ्याहरु पहिचान गरी विनियोजित बजेटको परिधि भित्र रहि रिपोर्टिंग तथा अभिलेख फर्मेट अनुसारको गुणस्तियता र एकरुपता लेखा जोखा गर्ने, कार्यस्थल अनुशिक्षण तथा पृष्ठपोषण प्रदान गर्ने । यसका लागि विकास साझेदार संस्थाहरुसंगको समन्वय र सहकार्यमा निर्देशनालयबाट तयार गरिएको नियमित तथ्याङ्कको गुणस्तरीयता लेखाजोखा कार्य समेत गर्न सकिनेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | पहिलो, दोश्रो र त्रेश्रो चौमासिक |
| बजेट बाँडफाँट | खाजा, स्टेशनरी, बैठक भत्ता र दैनिक भ्रमण खर्च |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५,कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |

| | |
|---|---|
| अनुगमन सूचक | भ्रमण प्रतिवेदन,कार्यक्रम सम्पन्न प्रतिवेदन आदि |

## ३८. कृयाकलापको नामः HMIS, LMIS तथा आयुर्वेद सम्बन्धी अभिलेख प्रतिवेदन छपाई

| | |
|---|---|
| कृयाकलापसंकेतः २.७.२२.३०७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | यस प्रदेश अन्तर्गतका सवै सरकारी स्वास्थ्य संस्था र आयुर्वेद संस्थाहरूलाई आवश्यक पर्ने एच.एम.आइ.एस.,एल.एम.आइ.एस तथा आयुर्वेद सम्बन्धी अभिलेख प्रतिवेदन फारामहरूको उपलब्धतामा सघाउ पुर्याउन यो कृयाकलाप राखिएकोहो। |
| उद्देश्य | HMIS, LMIS तथा आयुर्वेद सम्बन्धी अभिलेख तथा प्रतिवेदन फारामहरूको छपाई गरी उपलब्ध गराउने |
| अपेक्षित प्रतिफल | दैनिक स्वास्थ्य सूचना अभिलेख र मासिक प्रतिवेदन सहज भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | स्पेसिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत कार्ययोजना अनुसार |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वृकित कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | एच.एच.आइ.एस. HMIS, LMIS तथा आयुर्वेद सम्बन्धी अभिलेख प्रतिवेदन फारामहरूको छपाई तथा वितरण |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ नियम २०६४, (संशोधित) कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## ३९. कृयाकलापको नामः औषधि ढुवानी तथा अन्य भाडा

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१०१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | औषधि तथा औषधिजन्य सामग्रीहरु, खोप तथा खोपजन्य सामग्रीहरु र अन्य स्वास्थ्य सामग्रीहरु प्रभावकारी रुपमा ढुवानी। सप्लाइ चेन म्यानेजमेन्टका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आपूर्ति केन्द्रबाट प्रदेश अन्तरगतका जिल्लाहरु र स्थानीय तहहरु सम्म ढुवानी गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाहरुमा औषधी तथा औषधी जन्य सामग्रीहरुको नियमित आपूर्ती भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | निर्देशनालयबाट जिल्लाको स्टोरसम्म आवश्यकता अनुसार औषधि तथा औषधिजन्य सामग्रीहरु खोप, खोपजन्य सामग्री, अन्य स्वास्थ्य सामग्री ढुवानि गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | ढुवानी, दै.भ्र.भ. आदिका लागि खर्च विनियोजन गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित खरिद ऐन तथा नियमावली (संशोधित) |
| अनुगमन सूचक | सम्बन्धित स्थानमा समयमा औषधि औषधिजन्य सामग्रीहरु खोप खोपजन्य सामग्रीहरु पुगेको |

| | |
|---|---|
| | ह.फा. दाखीला प्रतिवेदन |

## ४०. कृयाकलापको नामः औषधि तथा औषधि जन्य सामग्रीको प्याकिंग तथा रिप्याकिंग समेत(स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१३९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | औषधि तथा औषधि जन्य सामग्रीहरुको गुणस्तरका लागि प्याकिङ्ग तथा रिप्याकिङ्गसंग सम्बन्धित अन्य कार्य गर्नका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | औषधि तथा औषधि जन्य सामग्री को प्याकिगं तथा रिप्याकिगं गरी औषधि औषधिजन्य सामग्री हरु बिग्रन र खेर जानबाट बचाउनु । |
| अपेक्षित प्रतिफल | औषधी तथा औषधी जन्य सामग्रीहरु बिग्रने छैनन् । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | औषधी तथा औषधी जन्य सामग्रीहरु तथा ढुवानीका लागि आवश्यक पर्ने आवश्यकता अनुसार प्याकिङ्ग तथा रिप्याकिङ्गका लागि आवश्यक सामग्रीहरु खरिद गरी कार्य गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोश्रो, तेश्रो चौमासिक |
| बजेट बाँडफाँट | प्याकिङ्ग रिप्याकिङ्गका लागि आवश्यक पर्ने विभिन्न सामग्रीहरुको व्यवस्थापनका लागि खर्च गर्ने |
| सन्दर्भ सामग्री | प्रचलित ऐन नियमानुसार खरिद गर्ने |
| अनुगमन सूचक | औषधी तथा औषधी जन्य सामग्रीहरुको प्याकिङ्ग भएको बिल भर्पाई |

## ४१. कृयाकलापको नाम : कम्प्युटर/प्रिन्टर/फोटोकपी मेशिन लगायतका सामग्रीहरु मर्मत

| | |
|---|---|
| कृयाकलाप संकेतः२.३.२.५ | खर्च शिर्षकः २२२२१ |

| | |
|---|---|
| परिचय | कार्यालयबाट चुस्त र दुरुस्त रुपमा सेवा प्रवाहका लागि कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन लगायतका उपकरणको मर्मत तथा सम्भारका लागि यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | कार्यालय संचालनमा आवश्यक उपकरणहरु सुचारुरुपले चलेको सुनिश्चितता गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | प्रचलित खरिद ऐन र नियम (संशोधित) बाट मर्मत गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोश्रो, तेश्रो चौमासिक |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन (संशोधित) |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, स्वीकृत कार्यविधि |
| अनुगमन सूचक | कार्यालयका कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन सूचारु रुपले संचालन भएको |

## ४२. कृयाकलापको नामः प्रदेश आकस्मिक स्वास्थ्य (PHEOC) सञ्चालन खर्च

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.८८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश स्वास्थ्य आकस्मिक केन्द्रको प्रशासनिक एवं सामान्य संचालन खर्चको लागि यो कृयाकलापमा बजेट व्यवस्था गरिएको हो । |
| उद्देश्य | प्रदेश आकस्मिक केन्द्रको नियमित कार्य सुचारु राखु । |
| अपेक्षित प्रतिफल | केन्द्रको नियमित संचालन, स्वास्थ्य आपतकालिन अवस्थामा, सूचना व्यवथापन र प्रतिकार्यमा सहयोग पुग्ने । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सचालन प्रकृया | PHEOC संचालन व्यवस्थापनका लागि यो रकम खर्च हुनेछ । |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार बजेट बाँडफाँट गरी संचालन गर्ने । |
| सन्दर्भ सामग्री | प्रदेश आकस्मिक स्वास्थ्य संचालन निर्देशिका तथा कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ भ्रमण प्रतिवेदन |

## ४३. कृयाकलापको नामः प्रदेशस्तरका कार्यालयहरूको बार्षिक प्रतिवेदन तयारी र छपाई

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.८४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवा निर्देशनालयको गत आ.व. मा सञ्चालित कृयाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्न यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | वार्षिक प्रतिवेदन तयारी र छपाई गर्ने |
| अपेक्षितप्रतिफल | प्रदेश, जिल्लागत र स्थानी तहगतरूपमा सेवाको अवस्थाबारे जानकारी भै आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्याङ्कको प्रयोग भै स्वास्थ्य सेवामा सुधार आउने |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | तयारी बैठक, कार्य बाँडफाँट, विषयगत प्रतिवेदन तयारी, समन्वय बैठक, समायोजन र कोटेशन मार्फत छपाई |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | बैठक, पारिश्रमिक, छपाई र वितरण आदि खर्च |
| सन्दर्भ सामग्री | स्वास्थ्य सूचना प्रणाली, कार्यक्रम प्रतिवेदनहरू, गतवर्षहरूका प्रगति प्रतिवेदन, वित्तीय प्रतिवेदनहरू, सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४, कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५, यस अघिका खरिद सम्बन्धी कागजात र स्वीकृत नर्म्स । |
| अनुगमन सूचक | वार्षिक प्रतिवेदन तयार |

## ४४. कृयाकलापको नामः मलेरिया, कालाजार, डेगुं विरूद्ध कीटनाशक औषधि स्प्रे ट्याकीं खरिद (तयारी सामान खरिद खर्च)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१.८ | खर्च शिर्षकः २२५२१ |

| | |
|---|---|
| परिचय | मलेरिया, कालाजार, डेगुं विरूद्द रोकथाम, प्रतिकार्य, तथा नियन्त्रणका लागि कार्यालयमा आवश्यक पर्ने सामग्रीहरु,औषधि स्प्रे ट्याकीं खरिद गर्ने । |
| उद्देश्य | मलेरिया, कालाजार, डेगुं विरूद्ध रोकथाम, प्रतिकार्य, लागि |
| अपेक्षित प्रतिफल | कार्यालयमा प्रभावकारी कार्य सम्पादनमा सहजता भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | प्रचलित ऐन नियमानुसार स्फेसिफिकेशन स्वीकृत गराई कार्ययोजना अनुसार खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने ।<br>मलेरिया, कालाजार, डेगुं विरूद्ध रोकथाम निर्देशिकाको स्पेशिफिकेसन अनुसार । |
| सन्दर्भ सामग्री | मलेरिया, कालाजार, डेगुं विरूद्ध रोकथाम निर्देशिकाको स्पेशिफिकेसन अनुसार तथा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संशोधित) |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## ४५. कृयाकलापको नामः सिकलसेल सम्बन्धी सर्भिलेन्स तथा अभिमुखिकरण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४६८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | थारू समुदाय लगाएत बिभिन्न् समुदायमा देखिएको सिकलसेल सम्बन्धी समस्यालाई पहिचान तथा रोकथाम नियन्त्रण गर्न चिकित्सक र स्वास्थ्यकर्मीलाई २ दिने तालिम तथा जोखिममा रहेको समुदायमा सर्भिलेन्स गरी रोग पहिचान गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | सिकलसेल सम्बन्धी सर्भिलेन्स तथा अभिमुखिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | सिकलसेल सम्बन्धी विरामीहरूको स्वास्थ्य अवस्थामा सुधार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • चिकित्सक र स्वास्थ्यकर्मीहरूका लागि तालिम आयोजना गर्ने ।<br>• जोखिम क्षेत्र पहिचान गरी नक्शाङ्कन गर्ने ।<br>• जोखिममा रहेको समुदायमा सर्भिलेन्स गरी रोग पहिचान गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी आर्थिक नियम अनुसार बैठक संचालन, अभिमुखीकरणमा खर्च गर्ने |

| | |
|---|---|
| सन्दर्भ सामग्री | सिकलसेल सम्बन्धी सर्भिलेन्स तथा अभिमुखिकरण केन्द्रिय निर्देशिका |
| अनुगमन सूचक | सहभागीको विवरण, बैठकका निर्णयहरू, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ४६. कृयाकलापको नामः भ्यक्सिन सुरक्षाको लागि संचालित रेफ्रिजेरेटर भ्यान संचालनका लागि सवारी चालक व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१४२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | भ्याक्सिनलाई मेडिकल स्टोरबाट सेवा प्रदान गर्ने स्थानसम्म कोल्डचेन व्यवस्थापन गरेर लैजानु तथा सो प्रकृयालाई सहजिकरण गर्नु अति नै महत्वपूर्ण हुन्छ । भ्याक्सिनहरु ढुवानीको समयमा छिटो विग्रने हुनाले यसको छिटो भन्दा छिटो सुरक्षित रुपमा सम्बन्धित स्थानमा ढुवानी गर्नुपर्ने हुन्छ जसका लागि सवारी चालकको आवश्यकता पर्ने भएकोले यस शिर्षकमा बजेटको व्यवस्था भएको छ। |
| उद्देश्य | चालक व्यवस्थापन गरी प्रदेश अन्तरर्गतको मेडिकल स्टोरमा रहेको भ्याक्सिन सुरक्षित रुपमा ढुवानी गर्नु । |
| अपेक्षित प्रतिफल | जिल्लाहरुमा कोल्डचेन मापदण्ड अनुसार भ्याक्सिनको ढुवानी हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सचालन प्रकृया | मेडिकल स्टोरमा रहेको रेफ्रिजिरेटर भ्यानलाई मासिक भ्याक्सिन ढुवानीका लागि प्रदेशबाट नियमानुसार चालकको व्यवस्थापन गर्ने । |
| बजेट बाँडफाँट | सवारी संचालनको लागि आर्थिक वर्षको सुरुवातबाट नै मासिक रुपमा भ्यान संचालन गर्नका लागि चालकको व्यवस्था गर्ने । |
| सन्दर्भ सामग्री | इभिएम मापदण्ड निर्देशिका परिवार कल्याण महाशाखा तथा प्रचलित करार सेवा सम्बन्धी मापदण्डहरु । |
| अनुगमन सूचक | करार सम्झौता । |

## ४७. कृयाकलापको नामः महामारी तथा संक्रामक रोगहरुको रोकथाम नियन्त्रण व्यवस्थापन तथा सचेतना कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१९२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश अन्तरगतका जिल्ला तथा स्थानहरुमा हुन सक्ने महामारी वारेमा सचेतना जगाई सुरक्षित रहन अभिप्रेरित गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | महामारी तथा प्रकोपको जोखिम उच्च भएका स्थानहरुमा सो सम्बन्धी सचेतना जगाउने |
| अपेक्षित प्रतिफल | आवश्यक पुर्व तयारी तथा जोखिम न्युनिकरणका उपायहरु पहिचान तथा गरी अवलम्वन भएको हुनेछ<br>जिल्ला तथा स्थानहरुको जोखिमको म्यापिङमा पनि यसबाट सहयोग पुगेको हुनेछ |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सचालन प्रकृया | पहिचान गरीएका तथा जोखिम उच्च रहेका स्थानहरुमा प्रदेश स्वास्थ्य सेवा निर्देशनालयबाट तोकिए वमोजिम कार्यक्रम संचालनको निर्देशिकाको परिधिमा रही कार्य गर्ने र सो को प्रतिवेदन निर्देशनालयमा कार्यक्रम सकिएको ३ दिन भित्र गर्ने |

| | |
|---|---|
| बजेट बाँडफाँट | प्रचलित मापदण्डमा आधारित भएर स्वास्थ्य सेवा निर्देशनालयको श्रोत व्यक्ति ले आवश्यकताको आधारमा गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड, इपिडियोमोलोजी तथा रोग नियन्त्रण बिभागको आवश्यक मार्गदर्शन तथा निर्देशिकाहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ४८. कृयाकलापको नामः महामारी व्यब्स्थापनको लागि बफरस्टक सामग्री खरीद (स्वास्थ्य सेवा )

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.९२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशमा हुन सक्ने प्रकोप महामारी व्यवस्थापनका लागि रणनितिक स्थानमा जगेडा औषधि राखि प्रभावकारी व्यवस्थापन हुने । |
| उद्देश्य | रणनितिक स्थानहरुमा तत्काल प्रतिकार्यका लागि आपतकालिन अवस्थामा अत्यावश्यक औषधि उपकरण निदानात्मक साधनहरु आदिको प्रिपोजिसनिङ गर्ने र प्रकोप महामारी आपतकालिन अवस्थामा सो को प्रयोग प्रकोप नियन्त्रण गर्ने । |
| अपेक्षित प्रतिफल | प्रकोप महामारी नियन्त्रणमा सहयोग भएको हुनेछ |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सचालन प्रकृया | प्रतिकार्य टोलिको वैठक वसि आफ्नो कार्यक्षेत्रमा हुने गरेका प्रकोप महामारीलाई मध्यनजर गरी आपतकालीन औषधि, उपकरण, निदानात्मक साधनहरुको सूची तयार गरी प्रचलित ऐन अनुसार खरिद गर्ने र खरिद पश्चात रणनितिक स्थानहरुमा जगेडा औषधि राख्ने, आवधिक सो औषधिको मौज्दात लेखाजोखा गर्ने, सो अनुसार परिचालित, रिफिलिड. कार्य गर्ने एवं निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन दिने । |
| बजेट बाँडफाँट | वार्षिक बजेट परिधिभित्र रहि सम्बन्धित कार्यालय प्रमुखबाट स्विकृति गराई औषधि, उपकरण, निदानात्मक साधनहरु खरिदका लागि बजेट बाँडफाँट गर्न सकिनेछ |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड, खरिद ऐन, अत्यावश्यक वाहेकका आपतकालीन अवस्थाका औषधिहरुको सूचीका लागि निर्देशनालय वा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा सम्पर्क राख्न सकिने |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट । |

## ४९. कृयाकलापको नामः मेडिकल स्टोरमा आपूर्ति व्यवस्थापन शाखामा औषधि तथा औषधिजन्य सामग्रीहरु लोड अनलोड प्याकिङ्ग रिप्याकिङ्गका लागि जनशक्तिको व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१४१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेशको मेडिकल स्टोरको आपूर्ति व्यवस्थापन शाखामा औषधि तथा औषधिजन्य सामग्रीहरु उपकरणहरु आपुर्ति गर्न आवश्यक हुन्छ । सो क्रममा औषधि तथा औषधिजन्य सामग्रीहरु लोड अनलोड गर्नुपर्ने साथै प्याकिङ्ग रिप्याकिङ्गका लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्थापनका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | औषधि तथा औषधिजन्य सामग्रीहरुको उचित व्यवस्थापन गरी बिग्रन र खेर जानबाट बचाउने |
| अपेक्षित प्रतिफल | औषधि तथा औषधिजन्य सामग्रीहरुको उचित व्यवस्थापन हुने र आपुर्ति प्रणाली तथा सामग्रीको |

| | |
|---|---|
| | व्यवस्थापनमा सजिलो भई स्वास्थ्य सेवा प्रणालीमा सुधार हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | कार्यक्रम करार सम्झौता मार्फत कार्यालय सहयोगी र हल्का सवारीचालक करारमा लिई काममा लगाउने र कार्य प्रगतीको मुल्यांकन गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन, २०६३ र खरिद नियमावली, २०६४(संशोधित), कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| सन्दर्भ सामग्री | कार्यविधि २०७७ ,सार्वजनिक खरिद ऐन, २०६३ र खरिद नियमावली, २०६४(संशोधित), कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ |
| अनुगमन सूचक | करार सम्झौता, कर्मचारी हाजिरी विवरण, तलबी भर्पाइ |

## ५०. कृयाकलापको नामः नसर्ने रोग कार्यक्रमका लागि तालिम सामग्री छपाई (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४४८ | खर्चशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | अहिलेको विधमान अबस्थामा नसर्ने रोगको तथ्याङ्क बढिरहेको अबस्था छ । अत: वर्तमान समयमा सर्वसाधारणहरूलाई नसर्ने रोग सम्बन्धी जानकारी दिइ स्वस्थ जीवनशैली परिवर्तनका लागि सूचना मुलक सामग्रीहरू छपाई एवं प्रकाशन गर्न यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | नसर्ने रोग सम्बन्धी सूचना मुलक सामग्रीहरू छपाईगर्ने |
| अपेक्षितप्रतिफल | सर्वसाधारण हरूलाई नसर्ने रोग सम्बन्धी जानकारी दिइ स्वस्थ्य जिवनशैली भएको हुने |
| कार्यान्वयनगर्नेकार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालनप्रकृया | तयारी बैठक, कार्य बाँडफाँट, विषयगत प्रतिवेदन तयारी, समन्वय बैठक, समायोजन र कोटेशन मार्फत छपाई |
| सञ्चालनगर्नेअवधिरअनुमानितमिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेटबाँडफाँट | बैठक, छपाई र वितरण आदि खर्च |
| सन्दर्भसामग्री | स्वास्थ्य सूचना प्रणाली, कार्यक्रम प्रतिवेदनहरू, सार्वजनिक खरिद ऐन २०६३ नियम २०६४(संशोधित), कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमनसूचक | वार्षिक प्रतिवेदन तयार |

## ५१. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरु (अन्य)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२५.३०६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | महत्वपूर्ण दिवसहरु मार्फत जनचेतना स्थानीय स्तर सम्ममा फैलाई स्वास्थ्य सम्बन्धी सकारात्मक सोचको विकास गरी स्वस्थ जीवनशैलीलाई बढावा दिन यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | स्वास्थ्य शिक्षाको महत्व जनस्तर सम्म पुर्याई जनचेतना स्थानीय स्तरसम्म पुर्याउने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | व्यावहारमा परिवर्तन भइ दैनिक जीवनशैलीमा सकारात्मक सोचको विकास हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | • दिवस मनाउनुपुर्व आवश्यकता अनुसार बैठक बसी संचालन योजना वनाउनुपर्नेछ<br>• स्वास्थ्य सम्बन्धी विभिन्न दिवसहरू( स्तनपान सप्ताह, स्वास्थ्य दिवस, क्षयरोग दिवस, नर्सिङ्ग दिवस, परिवार नियोजन दिवस, विश्व क्यान्सर दिवस, कुष्ठरोग दिवस, औलो दिवस, जनसंख्या दिवस आदि ) सचेतनामूलक कृयाकलापहरु संचालन गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | दिवस संचालनका लागि स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिनेछ |
| सन्दर्भ सामग्री | स्वास्थ्य दिवससंग सम्बन्धित पोस्टर, पम्पलेट, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नाराहरु |
| अनुगमन सूचक | दस्तावेजहरू, सहभागीको विवरण, बैठकका निर्णयहरू,कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५२. कृयाकलापको नामः निशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.३ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | औषधि अभाव सृजना हुन नदिइ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामग्रि खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने |
| अपेक्षित प्रतिफल | औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय र मेहलकुना अस्पताल । |
| सञ्चालन प्रकृया | • नि:शुल्क सूचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन/नियमावली अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने<br>• माग र आवश्यकता भएको अवस्थामा औषधि, औषधिजन्य सामग्री तथा सर्जिकल सामग्रीको व्यवस्थापन गर्नसकिने छ<br>• खरिद गरिएको औषधि माग गरेको स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने<br>स्वीकृत बजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बजेट बाँडफाँट गरी प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |
| सन्दर्भ सामग्री | निशुल्क अत्यावश्यक औषधी सूची,कर्णाली प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि २०७५, प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली |

| | |
|---|---|
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, खरीद आदेश तथा दाखिला प्रतिवेदन । |

### ५३. कृयाकलापको नाम: अनुगमन तथा मुल्यांकन/अनुगमन, मुल्यांकन तथा कार्यक्रम कार्यन्वयन (भ्रमण खर्च)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.८.१.५ | खर्च शिर्षकः २२६११ |

| | |
|---|---|
| परिचय | कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न निरन्तर अनुगमन, मुल्याङकन आवश्यक पर्ने भएको हुँदा तय गरीएका कार्यक्रमहरूको निरन्तर सहयोगात्मक सुपरिवेक्षेण गर्न यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | स्वास्थ्यक्षेत्रमा भइरहेका कार्यक्रमको अनुगमन, मुल्याङ्कन गरी समयमै सुधारका लागि पहल गर्ने |
| अपेक्षित प्रतिफल | स्वास्थ्य क्षेत्रमा सन्चालन भएका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भै सेवाको गुणस्तरमा सुधार भई पहुँच तथा उपभोगमा बृध्दि हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | • यस शिर्षकमा विनीयोजन भएको रकमबाट स्वास्थ्यक्षेत्रमा सन्चालन भएका कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण गर्नुपर्ने<br>• यसरी अनुगमन गर्दा वार्षिक सुपरिवेक्षण तालिका वनाई प्रमुखबाट स्वीकृत गराई सवै स्वास्थ्यसंस्थाहरूलाई समेटीने गरी गर्नुपर्नेछ<br>• प्रत्येक पटक अनुगमन गर्दा गरिएको चेकलिष्ट भरी फोटोहरु सहितको प्रतिवेदन सम्बन्धी शाखामा पेश गर्नुपर्नेछ। साथै अनुगमन गर्दा विगतमा सुधारगर्नुपर्ने विषयहरूमा सुधार भए नभएको र आगामि दिनहरूमा सुधारगर्नुपर्ने विषयमा समेत सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीहरूसंग समन्वय गरी कार्ययोजना बनाउनु पर्नेछ |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | नियमित |
| बजेट बाँडफाँट | बजेटको परिधि भित्र रहि आर्थिक नियमानुसार |
| सन्दर्भ सामग्री | सम्बन्धित चेकलिष्टहरू, कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | सहभागीको विवरण, बैठकका निर्णयहरू, भ्रमण प्रतिवेदन |

### ५४. कृयाकलापको नाम: MPDSR लागु भएका अस्पतालका चिकित्सक/नर्स/स्वास्थ्यकर्मीहरूलाई क्षमता अभिबृद्धि तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४६५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | मातृ तथा नवशिशु मृत्यु हुनुको कारण पहिचान गरी मृत्युको तथ्याकंको समीक्षा गर्ने र समीक्षाबाट प्राप्त भएक सुझावहरु बमोजिम आगामी दिनमा मातृ मृत्यु तथा पेरिनेटल मृत्यु घटाउन आवश्यक ऐन नियमहरूको व्यवस्था गर्न अस्पताल तथा स्वास्थ्य संस्थाका चिकित्सक, नर्स, स्वास्थ्यकर्मीहरूलाई क्षमता अभिबृद्धी गर्न यो कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | MPDSR कार्यक्रम संचालन भइरहेका अस्पतालहरु तथा समुदायमा MPDSR संचालन भएका जिल्लाका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको क्षमता अभिबृद्धी गरी मृत्यु हुनुका कारण पहिचान गर्न |

| | |
|---|---|
| | सक्षम गराउनु र MPDSR कार्यक्रमलाई प्रभावकारी रुपले निरन्तरता दिन तथ्याङ्क प्रविष्टि गर्न सक्ने बनाउनु । |
| अपेक्षित प्रतिफल | यस कार्यक्रम संचालन पश्चात MPDSR कार्य संचालन निर्देशिकाले निर्देशन गरे बमोजिम अस्पताल तथा समुदाय तहमा हुने सबैमातृ तथा पेरिनेटल मृत्युको पहिचान, सुचितिकरण तथा कारण पहिचान गरी आगामी दिनमा त्यस्तै प्रकृतिको अरु मृत्यु हुननदिन गुणस्तर सुधारका कार्य संचालन गरी मातृ तथा पेरिनेटल मृत्यु कम भएको हुनेछ तथा सबै मातृ मृत्यु तथा पेरिनेटल मृत्यु अनलाईनमा इन्ट्री गरेका हुनेछन । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | यस कार्यक्रम संन्चालन गर्दा MPDSR कार्यक्रम संचालन गरीरहेका अस्पताल तथा स्वास्थ्य संस्थाबाट Obstetrician, Pediatrician, Nursing-Incharge (Labor ward/Pediatric ward),Medical Recorder), MPDSR फोकल पर्सन तथा तथ्याकं सहायक/अधिकृतलाई समावेश गरी ३ दिनको तालिम संचालन गर्नुपर्दछ । तालिम संचालनको लागि प्रशिक्षकको रुपमा आवश्यकता अनुसार प्रदेशको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा, प्रदेश अस्पतालका तथा केन्द्रबाट (परिवार कल्याण महाशाखाबाट) प्रशिक्षक बोलाउन सकिनेछ |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | अवधि ३ दिन<br>स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता ,खाजा, स्टेशनरी, हल भाडा , अन्य प्रचलित |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, मातृ मृत्यु, पेरिनेटल मृत्युको तथ्याकं अपडेट HMIS, MPDSR online entry |

## **५५. कृयाकलापको नामः महिला स्वास्थ्य स्वयंसेविका तालिम पुस्तिका छपाई तथा प्रकाशन (स्वास्थ्य सेवा)**

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४७२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | यस प्रदेश अन्तर्गत कार्यरत सबै महिला स्वास्थ्य स्वयंसेविकाहरूको सीप र दक्षता विकास गर्नका लागि आवश्यक पर्ने तालिम पुस्तिका छपाई तथा प्रकाशन गर्न यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | महिला स्वास्थ्य स्वयंसेविका तालिम पुस्तिका छपाई तथा प्रकाशन छपाई गरी उपलब्ध गराउने |
| अपेक्षित प्रतिफल | महिला स्वास्थ्य स्वयंसेविकाहरूको सीप र दक्षता विकास हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा बाट तयार गरिएको महिला स्वास्थ्य स्वंमसेविका तालिम पुस्तिका लागत अनुमान तयार गरी कार्ययोजना अनुसार छपाई गर्ने |
| सञ्चालनगर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | तयारी बैठक, छपाई तथा प्रकाशन |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ नियम २०६४, (संशोधित) कर्णाली खर्चको मापदण्ड निर्देशिका २०७५, यस अघिका खरिद सम्बन्धी कागजात र स्वीकृत नर्म्स |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन, भरपाई आदि |

## ५६. कृयाकलापको नाम: अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम (संक्रमण रोकथाम/MNH) अपडेट (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.:२.७.२२.४६६ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | नेपलमा गर्भ अबस्थाका कारणले हुने मातृ मुत्यूदर २३९ प्रति लाख जिवित जन्ममा रहेको छ । यसमा पनि कर्णाली प्रदेशको बिषम भौगोलिक बनावट तथा मानव बिकास सुचकांक कम भएको कारणले गर्दा सुरक्षित मातृत्व सेवाको अवस्था कमजोर रहेको छ । बिभिन्न अध्यन तथा अनुसन्धानहरूले समयमानै ब्यवस्थापन र उपचार हुन सकेमा ८० प्रतिशत मृत्यू लाई कम गर्न सकिने देखाएको छ । अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीहरूलाई मातृ तथा नवशिशु स्वास्थ्य, सँक्रमण रोकथाम सम्बन्धी क्षमता अभिबृदि गरी मातृ तथा नवशिशु मृत्यू कम गर्नका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीहरूलाई मातृ तथा नवशिशु स्वास्थ्य, सँक्रमण रोकथाम सम्बन्धी क्षमता अभिबृदि गरी मातृ तथा नवशिशु बिरामीदर, मृत्यूदर कम गर्ने |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशमा आमा तथा नवशिशु स्याहार सेवाको गुणस्तरतामा अभिबृदि भइ मातृ तथा नवशिशु बिरामीदर, मृत्यूदर कम हुनेछ |
| कार्यक्रम संचालन गर्ने निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सन्चालन प्रकृया | • अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग कर्मचारीहरू छनौट गर्ने<br>• स्वीकृत कार्ययोजना अनुरूप बजेटको परिधि भित्र रही तालिम संचालन गर्ने । |
| संञ्चालन गर्ने अबधि/ अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुरुप |
| बजेट बाँडफाँट | बजेटको परिधि भित्र रहि आर्थिक नियमानुसार |
| सन्दर्भ सामग्री | सम्बन्धित तालिम पुस्तिका तथा निर्देशिका, कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | सहभागीको विवरण, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५७. कृयाकलापको नाम: प्रदेशस्तरीय आकस्मिक प्रसुति सेवा (EOC) समिक्षा तथा योजना तर्जुमा गोष्ठी (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.४६९ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेस तह अन्तरगतको प्रसूति सेवा उपलब्ध गराउने अस्पताल तथा स्वास्थ्य संस्थाहरुले उपलब्ध गराएको आकस्मिक प्रसूति सेवा वारे समिक्षा गर्नु पर्ने हुन्छ । स्वास्थ्य संस्थाको सुरक्षित प्रसुति सेवा र जटिलता पत्ता लगाउन EOC को समिक्षा गरेर आगामी दिनहरुमा अझ प्रभावकारी रूपमा आकस्मिक प्रसूति सेवा प्रदान गर्न का लागि थप योजना बनाउनका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | अस्पताल तथा स्वास्थ्य संस्थाहरुले आकस्मिक प्रसूति सेवाको उपलव्ध गरे नगरेको लेखाजोखा गर्ने। |
| अपेक्षित प्रतिफल | आकस्मिक प्रसूति सेवाको आवश्यकता भएका महिलाहरुको पहिचान गरी समयमै प्रसुति सम्बन्धी |

| | |
|---|---|
| | जटिलताको व्यवस्थापन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत नर्सिङ्ग तथा स्वास्थ्यकर्मीहरूलाई आकस्मिक प्रसूति सेवाका सूचकहरू बारे छलफल तथा कार्ययोजना बनाउने ।<br>सामाजिक विकास मन्त्रालयसंग समन्वय गरी संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सहजकर्ता भत्ता, भ्रमण खर्च, यातायात खर्च, स्टेशनरी, प्रतिवेदन लेखन, खाजा खर्च, विविध खर्च<br>सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधित) |
| सन्दर्भ सामग्री | EOC Guideline, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५८. कृयाकलापको नामः पाठेघर खस्ने रोग, पाठेघरको मूखको क्यान्सर स्क्रीनिङ्ग सम्बन्धी अभिमुखीकरण कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नः २.७.२२.४७१ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने प्रजनन स्वास्थ्य समस्याहरु मध्ये पाठेघर खस्ने,पाठेघरको मुखको क्यान्सर साथै Obstetric Fistula पनि मुख्य समस्याहरु हुन्। सोको समयमै पहिचान गरी उपचार गर्न सहजीकरणका लागि यो अभिमुखिकरण कार्यक्रम राखिएको छ । |
| उद्देश्य | महिलाहरुमा भएका प्रजनन स्वास्थ्य समस्या (क्यान्सर, पाठेघर खस्ने समस्या साथै Obstetric Fistula) को पहिचान गरी निदान तथा उपचार गर्नका लागि स्वास्थ्यकर्मीलाई क्षमता बढाउने |
| अपेक्षित प्रतिफल | क्यान्सर, पाठेघर खस्ने समस्या साथै Obstetric Fistula को शुरुकै अवस्थामा पहिचान गरी उपचार भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको पहिचान गरी अभिमुखीकरण कार्यक्रममा सहभागी गर्ने र परिवार कल्याण महाशाखा, सामाजिक विकास मन्त्रालय तथा प्रदेश अस्पतालसँग समन्वय गरी प्रशिक्षकको व्यवस्थापन गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सहजकर्ता भत्ता, भ्रमण खर्च, यातायात खर्च ,स्टेशनरी,प्रतिवेदन लेखन, खाजा खर्च, विविध खर्च<br>सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधित) |
| सन्दर्भ सामग्री | तालिम निर्देशिका, स्वीकृत कार्यविधि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन ।उपस्थिती |

## ५९. कृयाकलापको नामः क्षयरोग मुक्त पालिका घोषणा कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.४५५ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा विगत लामो समय देखि क्षयरोग जनस्वास्थ्य समस्याका रुपमा बिद्यमान छ। साथै यस कर्णाली प्रदेशमा पनि क्षयरोग एक प्रमुख जनस्वास्थ्य समस्याका रुपमा रहेको छ। यसको प्रमुख कारण समयमै क्षयरोगका बिरामी पत्ता लाग्न सकेका छैनन् नेपाल सरकारले सन् २०३५ सम्ममा क्षयरोग अन्त्य (क्षयरोग हुने दर १० प्रति लाख भन्दा तल झार्ने) गर्ने लक्ष्य र सन् २०५० सम्ममा क्षयरोग मुक्त नेपालको सोच तय गरेको छ। नेपाल सरकारले लक्ष्य तथा सोच सफलिभूत पार्न स्थानीय तहमा प्रदेश सरकारको प्रदेश सरकार र स्थानीय तहको संयुक्त रुपमा क्षयरोग मुक्त स्थानीय तह अभियान संचालनको लागि यो कार्यक्रम गर्न लागिएको हो। |
| उद्देश्य | सक्रिय खोज पड्तालका कृयाकलापहरु संचालनगरी समुदायमा रहेका क्षयरोगका बिरामीको पहिचान र निदानगरी निको पार्ने |
| अपेक्षित प्रतिफल | • समुदायमा रहेका क्षयरोगका बिरामी निदान भइ उपचार दायरामा आउने<br>• निदान भएका क्षयरोगका बिरामी ९० प्रतिशत भन्दा बढीले उपचार पूरा गर्ने<br>• शिघ्र निदान तथा उपचार भइ समुदायमा संक्रमण दर घट्ने |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय। |
| सञ्चालन प्रक्रिया | विगत ५ बर्षको तथ्याङ्क विश्लेषणको आधारमा बढि क्षयरोगका बिरामी भएका, सेवाको पहुच भन्दा बाहिर रहेका HOTSPOT पहिचान गरी त्यस्ता गाउँ, टोल तथा बस्तिमा महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन गरी सम्भावित क्षयरोगका बिरामीहरुको खकार नमुना संकलन गरी Gene Xpert बिधिबाट परीक्षण गरी प्रमाणित भएका क्षयरोगका बिरामीको उपचार प्रक्रिया कार्य संचालन गर्ने |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | दोस्रो चौमासिक |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च बाँडफाँट निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ अनुसार हुनेछ। |
| सन्दर्भ सामग्री | सम्बन्धित निर्देशिका, कार्यबिधि, मापदण्ड |
| अनुगमन सूचक | पूर्व तयारी योजना, कार्यक्रम सम्पन्न प्रतिवेदन,अभियानबाट लाभान्वितहरुको संख्या |

## ६०. कृयाकलापको नामः सार्वजनिक, निजी साझेदारी कार्यक्रम बाट बहुऔषधि क्षयरोग विरामीहरुको व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.:२.७.२२.४५६ | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी ढङ्ग बाट सञ्चालन गरी तोकिएको लक्ष्य प्राप्त गर्न सार्वजनिक निजी साझेदारीताको पद्दतीलाई विकास गरिएको छ। क्षयरोगका बिरामीहरूमा औषधी प्रतिरोधी क्षमता बिकास भएमा उपचार जटिल हुने र लामो समय सम्म स्वास्थ्यकर्मीहरूको प्रत्यक्ष निगरानीमा औषधोउपचार गराउनुपर्ने भएका कारण सरकारको एक्लो प्रयासले मात्र राष्ट्रिय क्षयरोग कार्यक्रमको उद्देश्य प्राप्त गर्न संभव नभएकाले सार्वजनिक निजी |

| | |
|---|---|
| | साझेदारी (PPP) विधिले कार्यक्रमको विद्यमान संरचना एवं सरकारी सेवा प्रदायकहरुको तथ्यपरक रोग निदान गर्ने क्षमता अभिबृद्धि गरी क्षयरोग उपचार तथा नियन्त्रणलाई सुधार गराउने अपेक्षा राखिएको छ। यस प्रकारको सहकार्यले विरामीको गुणस्तरीय निदान तथा व्यवस्थापन हुने हुँदा बहु औषधी प्रतिरोधी क्षयरोग (Multi Drug Resistant ) को बृद्धिलाई रोकी अन्य संवेदनशील क्षयरोगका बिरामीहरुलाई समेत उपचारमा सहजता ल्याउन यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | औषधी प्रतिरोधि क्षयरोगका बिरामीहरुको समयमै निदान, नियमित उपचार तथा उचित व्यवस्थापन गरी पूर्ण रुपमा रोग निको पार्ने |
| अपेक्षित प्रतिफल | औषधी प्रतिरोधि क्षयरोगका बिरामीहरुको समयमै निदान भई उचित उपचार गरी रोग निको पारी संक्रमणमा कमी हुनेछ |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | सार्वजनिक खरिद २०६३ तथा नियमावली २०६४ ( संशोधीत) अनुसार कर्मचारी सेवा करारबाट छनोट गर्ने। यसरी छनोट भएका कर्मचारीलाई सम्झौता गरी काम काजमा लगाउने |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आ.व. २०७८/७९ भित्र संचालन गरिने भएको हुँदा करार जनशक्तिलाई प्रथम चौमासिक भित्र नै छनौट गरी २०७९ असार मसान्त सम्म परिचालन गरिने छ |
| बजेट बाँडफाँट | आपसी सहमति अनुसार तलब निर्धारण भए बमोजिम, कार्यलय सञ्चालनएवं व्यवस्थापन सम्बन्धी खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका, २०७५, सार्वजनिक खरिद २०६३ तथा नियमावली २०६४ (संशोधित) |
| अनुगमन सूचक | हे.अ./स्टाफ नर्स उतिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको प्रमाण पत्र,कार्यक्रम निवेदन, करार सम्झौता, उपस्थिति, दाखिला, हस्तान्तरण फाराम आदि |

## ६१. कृयाकलापको नामः क्षयरोग तथा HIV सम्बन्धी चेतानामुलक सामग्री छपाई तथा वितरण (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.४६० | खर्च शीर्षक: २२५२२ |

| | |
|---|---|
| परिचय | HIV तथा क्षयरोग सम्बन्धी जनचेतना जगाउने कृयाकलापहरु संचालनका लागि आवश्यक सामग्री छपाई तथा वितरण गरिनेछ। |
| उद्देश्य | HIVतथा क्षयरोग सम्बन्धी जनचेतना जगाउने र पैरवी गराउनु हो |
| अपेक्षित प्रतिफल | HIVतथा क्षयरोगका विषयमा सरोकारवाला र सर्वसाधारणहरुलाई जानकारी हुनेछ |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | HIV तथा टि.बी. सम्बन्धी जनचेतना जगाउन IEC सामग्रीहरु बनाई विभिन्न माध्यमबाट प्रचारप्रसार गर्ने । यो कार्यक्रम विनियोजित बजेटको परिधि भित्र रही खर्च गर्नु पर्नेछ |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश सरकारको कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ मा रही स्वीकृत बजेटको परिधिभित्र रही छपाई गरिने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली |

| | |
|---|---|
| | २०६४ |
| अनुगमन सूचक | सामग्री स्टोर दाखिला तथा हस्तान्तरण प्रतिवेदन |

## ६२. कृयाकलापको नाम: MDR बिरामीहरूको परीक्षण गर्न आउँदा जाँदाको यातायात खर्च

| | |
|---|---|
| कृयाकलाप संकेत नं.:२.७.२५.३०७ | खर्च शीर्षक:२२५२२ |

| | |
|---|---|
| परिचय | क्षयरोग प्रतिरोधी डि.आर.का बिरामीहरूको सहज र सफल निदान एवं परीक्षणका लागि उपचार केन्द्रसम्म आउँदा जाँदाको यातायात खर्च उपलब्ध गराउन यो कार्यक्रमको व्यबस्था गरिएको हो। |
| उद्देश्य | औषधि प्रतिरोधी क्षयरोग निदान, फलोअपमा सहज हुने र बिरामीको उपचारको नियमितता गरी निको हुने दर बढाउने |
| अपेक्षित प्रतिफल | समयमै डि.आर.टि.बी.का बिरामीहरू पत्ता लाग्ने, समुदायमा संक्रमणमा कमी आउने, साथैबिरामीलाई आर्थिक रुपमा सहयोग भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय मार्फत डि.आर.टि.बी. उपचार केन्द्रहरू |
| सञ्चालन प्रकृया | MDR बिरामीहरूको परीक्षण गर्न आउँदा जाँदाको यातायात खर्च<br>• नेपाल सरकार, राष्ट्रिय वीमा बोर्डले कार्यक्रम लागू भएका जिल्लाहरूमा औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूको रू १,००,०००। (एकलाख) बराबरको निःशुल्क वीमा व्यवस्था गरेकोले त्यसको निदान, आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन गर्न बीमा सुविधायुक्त अस्पतालमा प्रेषण गर्ने ।<br>• यदि यातायात खर्च निजले गरेको वीमा रकम भन्दा वढी खर्च भएमा मात्र यस शीर्षकबाट खर्च सिफारिश गर्नुपर्दछ ।<br>• यातायात खर्चको हकमा सम्बन्धित उपचार केन्द्रलाई पेश्की रकम उपलव्ध गराई फर्छयोट गर्ने वा सोधभर्ना दिने व्यवस्था गरिनेछ।<br>• सुविधा खर्च पाउने व्यक्तिःरोग निदान तथा उपचारमा रहेका औषधी प्रतिरोधी क्षयरोग विरामीहरू।<br>• सुविधा पाउने अवधिः निदानको समय तथा उपचार अवधिभर । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आ.व.२०७८/०७९ श्रावण देखि असार महिनासम्म |
| बजेट बाँडफाँट | डि.आर.टिबीका बिरामीहरूको Baseline Investigation को प्रचलित दर रेट लागत र सो का लागि उपचार केन्द्रसम्म आउँदा जाँदा लाग्ने सार्वजनिक यातायातको भाडा बराबरको रकम । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | • डि. आर. टिबी पत्ता लागेका बिरामी संख्या<br>• डि. टिबी उपचारमा आएका बिरामी सख्या<br>• उपचार खर्च प्राप्त गरेका बिरामी संख्या |

## ६३. कार्यक्रमको नाम: प्रयोगशालाको लागि केमिकल औजार उपकरण सामग्री खरिद (स्वास्थ्यसेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.४४ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रयोगशालाहरुको गुणस्तरीयता कायम गर्न र कर्मचारीहरुको ज्ञान , सिप र क्षमता विकास गर्न प्रयोगशालको लगि आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद कार्यक्रम रहेको छ । |
| उद्देश्य | कर्मचारीहरुको तालिमका लगि आवश्यक केमिकल तथा उपकरण सामग्री खरिद गरीज्ञान, सिप र क्षमता विकास गर्न साथै परिक्षणको गुणस्तरीयता ल्याउने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई गुणस्तरीयता कायम भएको हुनेछ |
| कार्यान्वियन गर्ने कार्यालयरनिकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४(संशोधित)बमोजिम संचालन गर्ने |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद ऐन २०६३ अनुसार गरिने छ र कर्णाली प्रदेश खर्च बाडफाँड मापदण्ड निर्देशिका,२०७५हुने छ |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३ |
| अनुगमन सूचक | खरिद ईकाइको निर्णय ,दाखिला रिपोर्ट |

## ६४. कृयाकलापकको नामः कोल्डरुम तथा भ्याक्सिन सुरक्षाको लागि इन्धन

| | |
|---|---|
| कृयाकलापसंकेतनं. २.७.२२.१४० | खर्चशीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | रोगबाट वचाउन सकिने रोगहरुबाट वचाउनको लागि गुणस्तरीय खोप सेवाको सुनिश्चिता गर्नुपर्ने हुन्छ।विधुतीय श्रोतको वेलावेलामा हुने प्राविधिक समस्याको कारण खोप भन्डारण सुनिश्चित राख्नको लागि समयमा नै कोल्डरुम तथा भ्याक्सिन सुरक्षाको लागि इन्धनको व्यवस्था गर्नुपर्ने हुन्छ। |
| उद्देश्य | खोपको गुणस्तरीयता सुनिश्चिततको लागि इन्धन खरिद तथा संचालन गरी उर्पयुत्त कोल्डचेन कायम गर्ने । |
| अपेक्षित प्रतिफल | आकस्मीक रुपमा हुने विधुत कटौतीको कारण जेनेरेटर संचालन भई भ्याक्सिनको गुणस्तरीयता कायम हुनेछ<br>रेफ्रिजिरेटर भ्यानबाट जिल्लाहरुमा भ्याक्सिन ढुवानी गरी गुणस्तरीय भ्यक्सिनको वितरण हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | प्रचलित नियमानुसार खरिद तथा संचालन गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | आवश्यक अनुसार प्रचलित नियमनुसार |
| बजेट बाँडफाँट | आवश्यकताको आधारमा प्रचलित नियमनुसार |
| सन्दर्भसामग्री | कर्णली खर्च मापदण्ड तथा सार्वजनिक खरिद ऐन |
| अनुगमनसूचक | प्रदेश कोल्डरुमा भएको जेनेरेटर को लगबुक, गाडीको लगबुक तथा अन्य आवश्यक कागजातहरु |

## ६५. कृयाकलापकको नामः वार्षिक स्वास्थ्य कार्यक्रम समीक्षा संचालनको लागि सहयोग

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.४९६ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश तथा जिल्लाहरुमा संचालित जनस्वास्थ्य तथा चिकित्सकीय सेवाको समय समयमा समीक्षा तथा पृष्ठपोषण दिनुपर्ने हुन्छ।यसरी वार्षिक समिक्षाको लागि प्रदेश स्वास्थ्य सेवा निर्देशनालयको निम्ति सहयोगको लागि कार्यक्रम राखिएको हो। |
| उद्देश्य | प्रदेशको स्वास्थ्य समिक्षा कोभिड १९ को महामरीलाई ध्यान राख्दै आवश्यक जनस्वास्थ्यका मापदण्डहरु अपनाउदै कार्यक्रम संचालन गरिनेछ । |
| अपेक्षित प्रतिफल | जनस्वास्थ्यका मापदण्डहरु अपनाउदै वार्षिक समिक्षा प्रदेशस्तरमा संचालित भएको हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन गर्ने अवधि र अनुमानित मिति | प्रदेश स्वास्थ्य समिक्षाको मिति तय भएपछि आर्थिक वर्षभित्र |
| बजेट बाँडफाँट | आवश्यकता अनुसार |
| सन्दर्भ सामग्री | प्रचलित नियमानुसार |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल, मिटिङ्ग माइनुट तथा अन्य कागजातहरु |

## ६६. कृयाकलापकको नामः खोप तथा बाल स्वास्थ्य

| | |
|---|---|
| कृयाकलापसंकेतनं. २.७.२२.४९४ | खर्चशीर्षक २२५२२ |

**यस शीर्षक अन्तर्गत निम्न कृयाकलापहरु राखिएको छ ।**

**१.नियमित खोप कार्यक्रमको साथै कोभिड खोपको समिक्षा, सुक्ष्मयोजना, कोल्डचेन, आपूर्ति, पूर्ण खोप घोषणा र सरसफाई प्रर्वद्धनको समिक्षा**

| | |
|---|---|
| परिचय | सबै तह स्वास्थ्यसंस्था, पालिका, जिल्ला स्वास्थ्य सेवा कार्यालय र प्रदेश स्वास्थ्य सेवा निर्देशनालयले हरेक वर्ष नियमित खोपको सुक्ष्म योजना तयार गर्नुपर्छ । नियमित खोप तथा कोभिड खोप र सरसफाई प्रर्वद्धनको समिक्षा गरी पृष्ठपोषण गर्नुपर्छ । सो कार्यान्वयनका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | सबै तहहरुले आआफ्नो निकायको नियमित खोप तथा कोभिड खोपको सुक्ष्म योजना तयार गर्ने । कार्यक्रममा रहेका कमीकमजोरीको पहिचान गरी समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | जनस्वास्थ्यका मापदण्डहरु सुक्ष्म योजना तयारी कार्यशाला र वार्षिक समिक्षा प्रदेश स्तरमा संचालित भएको हुनेछ । |
| कार्यन्वयनगर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालय मार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही संचालनगर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। दैनिक भ्रमण भत्ता, खाजा, स्टेशनरी, हल भाडा, अन्य प्रचलित नियमानुसार गरिनेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | सुक्ष्मयोजना, कार्यक्रम संचालनको विल भरपाई, अन्य कागजातहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

**२. CCEOP साइटका भ्यासिन ह्यान्डलरहरुलाई कोल्डचेन संचालनको अभिमुखिकरण (सहभागीहरु (कोल्ड चेन तथा फोकल पर्सन) को लागि २ व्याचमा**

| | |
|---|---|
| परिचय | खोपको गुणस्तरताको कोल्डचेनको व्यवस्था उचित हुनुपर्छ। यसको लागि CCEOP साइटका कोल्डचेन फोकल पर्सनको अभिमुखिकरण गरी क्षमता विकास गर्न यो कृयाकलाप राखिएको हो। |
| उद्देश्य | सबै CCEOP साइटका कोल्डचेन तथा फोकल पर्सनहरुको कोल्डचेन व्यवस्थापन र भ्याक्सिन हयान्डलिनमा क्षमता अभिबृद्धि गर्नु |
| अपेक्षित प्रतिफल | जनस्वास्थ्यका मापदण्डहरु अपनाउदै प्रदेशस्तरमा कार्यक्रम संचालित भएको हुनेछ। त्यसैगरी सबै CCEOP साइटमा कोल्डचेन व्यस्थापन सुदृढ हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालय मार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा रही संचालन गर्ने |
| **संचालन गर्ने अवधि र अनुमानित मिति** | स्वीकृत कार्ययोजना अनुसार |
| **बजेट बाँडफाँट** | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम मागगरी कार्यक्रम संचालन गर्नुपर्नेछ। दैनिक भ्रमण भत्ता, खाजा, स्टेशनरी, हल भाडा अन्य प्रचलित |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

**३. भ्याक्सिन स्टोर र सवस्टोरका फोकल पर्सनहरुलाई Effective Vaccine Management (EVM) SOP अध्यावधिक र क्षमता अभिबृद्धि गर्ने (१व्याच)**

| | |
|---|---|
| परिचय | खोपको गुणस्तरताको खोप कोल्डचेन र यसको भण्डारण विधि उचित हुनुपर्छ। यसको लागि भ्याक्सिन स्टोर र सवस्टोरका फोकलपर्सनहरुको अभिमुखिकरण गरी क्षमता विकासगर्न यो कृयाकलाप राखीएको हो । |
| उद्देश्य | भ्याक्सिन स्टोर र सवस्टोरका फोकलपर्सनहरुको EVM SOP मा क्षमता अभिबृद्धि गर्नु |
| अपेक्षितप्रतिफल | जनस्वास्थ्यका मापदण्डहरु अपनाउदै प्रदेशस्तरमा कार्यक्रम संचालित भएको हुनेछ। त्यसैगरी सबै भ्याक्सिन स्टोर र सवस्टोरको व्यस्थापन सुदृढ हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालय मार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिनमा |

| | |
|---|---|
| | रही संचालन गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृतगराई युनिसेफ नेपालमा रकममाग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ<br>दैनिक भ्रमण भत्ता ,खाजा, स्टेशनरी, हल भाडा , अन्य प्रचलित |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्यकागजातहरु कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

**४. नियमित खोप कार्यक्रम र पूर्ण खोप दिगोपना सुदृढिकरणको लागि पहूंच नपुगेका जिल्ला, शहरीक्षेत्रहरु मा संयुक्त अनुगमन (स्वास्थ्य सेवा निर्देशनालय, खरिद तथा आपूर्ति शाखा, विश्व स्वास्थ्य संगठन, युनिसेफ)**

| | |
|---|---|
| परिचय | खोप बालबालिकाको नैसर्गिक अधिकार हो र खोप ऐन २०७२ लाई आत्मसाथ गर्दै सबै जिल्लाले पूर्ण खोप दिगोपना सुनिश्चित गर्नु सम्बन्धित सबै निकायको दायित्व हो।यसको लागि पहुच नपुगेका जिल्ला तथा शहरी क्षेत्रहरुमा संयुक्त अनुगमन गरी पृष्ठपोषण गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | नियमित खोप तथा पूर्ण खोप कार्यक्रमको दिगोपना सुनिश्चित गर्ने |
| अपेक्षितप्रतिफल | सबै जिल्लाहरुले पूर्ण खोप दिगोपनाको लागि खोप ऐन २०७२ अनुसार गतिविधिहरु गरेको हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सामाजिक विकास मन्त्रालय मार्फत बजेट स्वीकृत गरी प्रचलित नियम र मापदण्डको अधिन मा रही संचाल नगर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम मागगरी कार्यक्रम संचालन गर्नुपर्नेछ |
| सामग्री | खोपऐन २०७२, अन्य स्वीकृत मापदण्डहरु निर्देशिकाहरु |
| अनुगमनसूचक | अनुगमन चेकलिष्ट, भ्रमण आदेश, कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु |

**५. प्रदेशस्तरको आपूर्ति व्यवस्थापन कार्य समतिको चैमासिक वैठक संचालनको लागि वैठक खर्च सहयोग**

| | |
|---|---|
| परिचय | प्रदेशस्तरको आपुर्ति व्यवस्थापनको चौमासिक बैठक संचालन गरी आपूर्ति व्यवस्थापन रहेका कमीकमजोरी पहिचान गरी समस्याको समाधान गर्न पृष्ठपोषण गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आपूर्ति व्यवस्थापनमा रहेका समस्याको समाधान गरी व्यवस्थापनमा सुधार ल्याउने |
| अपेक्षित प्रतिफल | आपूर्ति व्यवस्थापनमा सुधार हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |

| | |
|---|---|
| संचालन प्रकृया | सबै सम्बन्धित साझेदार संस्थासँग समन्वय गरी प्रचलित नियम अनुसार गर्ने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। बैठक भत्ता ,खाजा, स्टेशनरी, अन्य प्रचलित |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु,उपस्थिति |

**६. खोप कार्यक्रममा डि.क्वु.एस.ए. र आर.डि.क्यु.ए (DQSA/RDQA) कार्यक्रम संचालन (शहरी क्षेत्र तथा खोप कभरेज कम भएको जिल्लाहरु)**

| | |
|---|---|
| परिचय | खोप कार्यक्रमको तथ्याङ्कको गुणस्तर सुधारको लागि सो कार्यक्रमको तथ्याङ्को लेखाजोखा गरी त्रुटिको पहिचान गर्नुपर्छ। त्रुटिको समयमै समाधान गर्नुपर्छ।समाधानको लागि पृष्ठपोषणका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | तथ्याङ्कको गुणस्तर तथा तथ्याङ्क व्यवस्थापनका विभिन्न आयामहरुको मूल्याकन गरी देखिएका कमीकमजोरीहरुलाई सुधार गर्दै खोप कार्यक्रमको तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्ने |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रमको तथ्याङ्कको गुणस्तर सुधार हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | सम्बन्धित स्वास्थ्य संस्थालाई DQSA/RDQA बारे जानकारी गराउने।धेरै राम्रो अथवा कमजोर सूचकहरु कम्तिमा ४ वटा तयगरी सो सूचकहरुको अभिलेख र प्रतिवेदनहरु केलाउने र RDQA को निर्देशिका अनुसार RDQA फारम भर्ने।अन्त्यमा पृष्ठपोषणगर्ने र कार्ययोजना बनाउने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। दै. भ्र. भत्ता, खाजा, स्टेशनरी अन्य प्रचलित कानून अनुसार । |
| सन्दर्भ सामग्री | RDQA/DQSA को निर्देशिका, RDQA फारम, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | RDQA गरेको प्रतिवेदन, अन्य कागजातहरु, |

**७. खोप ऐन तथा खोप कार्यक्रमको लागि मुख्यमन्त्रि, मन्त्रालय, मेयर, तथा प्रदेश सांसदहरुको लागि पैरवी तथा अभिमुखिकरण**

| | |
|---|---|
| परिचय | खोप कार्यक्रमको स्तरबृद्धि र पूर्णखोप घोषणा एंवम दिगोपनाको लागि खोप ऐन तथा खोप कार्यक्रम सम्बन्धी मुख्यमन्त्रि, मन्त्रालय, मेयर, तथा प्रदेश सांसदहरुको पैरवी तथा अभिमुखिकरणका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | खोप कार्यक्रम र यसको महत्व सम्बन्धी मुख्यमन्त्रि, मन्त्रालय, मेयर, तथा प्रदेश सांसदहरुलाई जानकारी गराउने |
| अपेक्षित प्रतिफल | खोप ऐन कार्यान्विनयनको लागि नीति निर्माण तहबाट कडाइका साथ लागु हुनेछ । |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |

| | |
|---|---|
| संचालन प्रकृया | अभिमुखिकरणको लागि पत्राचार गरी सहभागीताको लागि सम्बन्धित निकायलाई जानकारी गराउने |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ। बैठक भत्ता ,खाजा, स्टेशनरी, अन्य प्रचलित |
| सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा अन्य कागजातहरु, उपस्थिति |

## ८. खोप कार्यक्रममा संचार तथा सामाजिक परिचालन कार्यक्रम (C४D) कियाकलापहरु

| | |
|---|---|
| परिचय | सामाजिक परिचालन गरी समुदाय स्तरमा खोप कार्यक्रमको जनचेतनाका कार्यक्रमहरु मार्फत खोप कार्यक्रमको फैलावट र पँहुच बढाउनु पर्छ । यसको लागि संचार माध्यम परिचालन गरी खोप कार्यक्रम सम्बन्धी महत्वपूर्ण सन्देशहरु दिन यो कृयाकलप राखिएको हो । |
| उद्देश्य | संचार माध्यमहरुबाट खोप कार्यक्रम सम्बन्धी महत्वपूर्ण सन्देशहरु प्रवाह गरी जनचेतना अभिबृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रमको सम्बन्धी जनचेतना बढि सेवाको उपभोग बढ्नेछ । |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | संचारकर्मीहरुसँग अन्तरक्रिया गरी खोप कार्यक्रमको अभिमुखिकरण गर्ने र सन्देशहरु सृजना गरी संचार माध्यमबाट प्रवाह गर्न प्रचलित नियम अनुसार सम्झौता गर्ने साथै यस कार्यक्रम अन्तर्गत स्वास्थ्य शिक्षा प्रवाहमा आवश्यक अन्य सामाग्रीहरु समेत खरिद गर्न, आवश्यकता अनुसार वितरण गर्न सकिनेछ |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्ने छ |
| सन्दर्भ सामग्री | खोप ऐन, खोप कार्यक्रमको निर्देशिका, प्रस्तुतिकरण सामग्री |
| अनुगमन सूचक | सम्झौता पत्र, अन्य कागजातहरु |

## ९. खोप सम्बन्धी सुचाङ्कको अनलाईन प्यालट फर्म (DHIS-२) को समिक्षा

| | |
|---|---|
| परिचय | खोप कार्यक्रम प्रगति लेखा जोखा गर्न सही अभिलेख र प्रतिवेदन राख्न जरुरी हुन्छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोको लागि online reporting DHIS2 को व्यवस्था गरेको छ । यस सुचारु रुपमा संचालन गर्न नियमित रुपमा समिक्षाका लागि कार्यक्रम राखिएको हो । |
| उद्देश्य | DHIS-2 मा Reporting नियमित गराउने |
| अपेक्षित प्रतिफल | खोप कार्यक्रमको प्रतिवेदन DHIS2 मा नियमित अद्यावधिक भएको हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | जिल्ला स्वास्थ्य सेवा कार्यालयसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने |
| संचालन गर्ने अवधि र | स्वीकृत कार्ययोजना अनुसार |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्ने छ । दै. भ्र. भत्ता, खाजा, स्टेशनरी, अन्य प्रचलित |
| सन्दर्भ सामग्री | खोप कार्यक्रम अभिलेखहरु, प्रस्तुतिकरण सामग्री, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली |
| अनुगमन सूचक | कार्यक्रम संचालनको विल तथा उपस्थिती अन्य कागजातहरु |

## ६७. कृयाकलापको नाम: किशोर किशोरी स्वास्थ्य कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.७.२२.३२१ | खर्चशीर्षक:२२५२२ |

### १. टेलिमेन्टल हेल्थ स्वास्थ्य सेवाको विस्तार (५अस्पताल)

| | |
|---|---|
| परिचय | किशोर किशोरीको मानसिक स्वास्थ्य अत्यन्तै महत्वपूर्ण रहने गरेको पाइन्छ । राष्ट्रिय स्वास्थ्य नीति तथा जनस्वास्थ्य ऐनमा पनि मानसिक स्वास्थ्यको विषयमा महत्वका साथ प्रकाश पारिनुले वर्तमान परिपेक्ष्यमा यसको बढ्दो आवश्यकता बारे वुझ्न सकिन्छ । यसको लागि टेलिमेन्टल हेल्थ स्वास्थ्य सेवाको विस्तार गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | टेलिमेन्टल हेल्थ सेवाको माध्यमबाट किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको प्रवाह गर्नु। |
| अपेक्षित प्रतिफल | कर्णाली प्रदेशका ५वटा जिल्लाहरुमा किशोर किशारीहरुको लागि आवश्यकीय परामर्श प्रदान गरिनेछ। |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | किशोर किशोरी मानसिक स्वास्थ्यको लागि आवश्यक कार्यक्रम बनाई स्वास्थ्य सेवा निर्देशनालयबाट सामाजिक विकास मन्त्रालय, टेलिमेडिसिन कार्यक्रमसंग समन्वय गरी युनिसेफ नेपालबाट रकम माग गरी ५ वटा जिल्लाहरुमा यो सेवा विस्तारको लागि कार्य गरिनेछ। |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | सामाजिक विकास मन्त्रालय मार्फत कार्यक्रम तथा बजेट स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नु पर्नेछ। |
| सन्दर्भ सामग्री | मानसिक स्वास्थ्य नीति, जनस्वास्थ्य ऐन, स्वास्थ्य नीति, सार्वजनिक खरिद ऐन, कर्णाली खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | विस्तारीत कार्यक्रम अनुसार ५ वटा जिल्लाका अस्पतालहरुमा आवश्यकीय पूर्वाधार सहित कार्यक्रम संचालन भएको हुनेछ । ५ वटा अस्पतालहरुमा किशोर किशोरी मानसिक स्वास्थ्यको लागि अति आवश्यकीय तालिम हासिल गरेको हुनेछन्।. |

## ६८. कृयाकलापको नाम: मातृ तथा नवशिशु स्वास्थ्य (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलापसंकेतनं.: २.७.२२.३१९ | खर्चशीर्षक:२२५२२ |

**यस शीर्षक अन्तर्गत निम्न कृयाकलापहरु राखिएको छ ।**

**१.KMC सेवाको सुदृढीकरणको लागि सहयोग (KMC कोठा तथा कर्नरको मर्मत तथा संभार) 'मुगु, हुम्ला, कालिकोट, दैलेख, जाजरकोट अस्पतालमा**

| | |
|---|---|
| परिचय | नेपाल मातृ तथा बाल मृत्यु दर उच्च भएको देश मध्येमा पर्दछ । नेपालमा कम जन्म तौल भएका बच्चाहरु मा अत्याधिक बाल मृत्यु दर उच्च भएको पाइन्छ । यसरी कम जन्म तौल भएका बच्चाहरुलाई बचाउनका लागि के.एम.सी सेवाको सुरुवात गर्नका लागि यो क्रियाकलाप राखिएको छ। |
| उद्देश्य | कम जन्म तौल भएका नवजात शिशुहरुलाई शितांगहुनबाट बचाउने |
| अपेक्षित प्रतिफल | मुगु, हुम्ला, कालिकोट, दैलेख, जाजरकोट अस्पतालहरुमा के.एम.सी सेवाको सुरुवात भएको हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | निर्देशनालयबाट कार्यक्रम तथा बजेट बनाई सामाजिक विकास मन्त्रालय मार्फत स्वीकृत गराई युनिसेफ नेपालसंग बजेट माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रदेश स्वास्थ्य सेवा निर्देशनालयबाट बजेट तथा कार्यक्रम बनाई सामाजिक बिकास मन्त्रायलय मार्फत युनिसेफ नेपालमा माग गर्नुपर्ने छ । यसरी बजेट बाँडफाँट गर्नको लागि प्रचलित नियम तथा मापदण्डहरु लाई आधार मान्नु पर्नेछ |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड, सार्वजनिक खरिद ऐन तथा प्रचलित अन्य मापदण्डहरु |
| अनुगमन सूचक | के.एम.सी सेवा सुरुवात तथा सेवाको अभिलेख |

**२.प्रदेश स्तरमा नवशिशु स्वास्थ्य योजना तथा समिक्षा गोष्ठी**

| | |
|---|---|
| परिचय | नेपाल नव शिशु मृत्युदर उच्च भएको देशमा पर्दछ । शिशु जन्मेपछि उसको स्याहारमा पर्याप्त ध्यान नपुग्दा कतिपय शिशुहरु जन्मेको १ घण्टा भित्रै मृत्यु हुने गरेको पाइन्छ । निसास्सिएर जन्मिएका शिशुहरुको समयमानै व्यवस्थापन नहुनु, औषधि तथा अन्य उपकरणको अभाव, समुदाय तथा स्वास्थ्य चौकी स्तरमा उपयुक्त प्रेषण प्रणाली नहुनु, योजना आदिको अभाव गुणस्तरयुक्त नव शिशु स्वास्थ्य उपचार तथा व्यवस्थापन क्षेत्रका चुनौतीहरु लाई समाधानका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | प्रदेश भरी नवजात शिशु स्वास्थ्य क्षेत्रमा भए गरेका कार्यहरुको समिक्षा गर्ने र आगामी दिनको लागि योजना वनाउने |
| अपेक्षित प्रतिफल | यस कार्यक्रम मार्फत विरामी वच्चाको उपचार, समयमा नै गरिने प्रेषण, जन्मिने वितिकै गरिने स्याहार, निशुल्क नव शिशु उपचार, नव शिशुमा सम्भावित व्याक्टेरियाको गम्भिर संक्रमणको उपचार व्यवस्थापन तथा भए गरेका कार्य प्रगतिको जानकारी हुने र आगामी दिनको लागि मार्ग प्रशस्त भई कार्य योजना निर्माण हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/ कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | स्वास्थ्य सेवा निर्देशनालयबाट विस्तृत कार्यक्रम बनाई सामाजिक बिकास मन्त्रालयबाट स्वीकृत गराई युनिसेफ नेपालसंग रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्नेछ |

| | |
|---|---|
| संचालन गर्ने अवधि र अनुमानित मिति | आर्थिक वर्ष भित्र तथा बजेट प्राप्त भएको मितिले ६ महिना भित्रमा |
| बजेट बाँडफाँट | प्रचलित नियम तथा मापदण्डको अधिनमा रही बजेट बाँडफाँट तथा परिचालन गर्ने । दै. भ्र. भत्ता ,खाजा, स्टेशनरी, अन्य प्रचलित |
| सन्दर्भ सामग्री | नव शिशु स्याहार सम्बन्धी मापदण्डहरु, नीति तथा रणनितिहरु |
| अनुगमन सूचक | कार्यक्रम संचालनको कागजातहरु, कार्यक्रम सम्पन्न प्रतिवेदन, अन्य प्रचलित सुचांकहरु |

### ६९. कृयाकलापको नाम: प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा RRT परिचालन तथा सामग्री व्यवस्थापन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२४५०. | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कुनै पनि समय र स्थानमा जुनसुकै रोगको महामारी, विपत तथा प्रकोप हुनसक्छ । तसर्थ सम्वद्ध निकायहरु बीच छलफल तथा समन्वय गरी प्रकोप व्यवस्थापनका लागि तयारी अवस्थामा रहन र तत्काल रेस्पोन्स गर्न लागि प्रदेश र जिल्लामा आरआरटी परिचालन कार्यक्रम राखिएको छ । |
| उद्देश्य | महामारी वा प्रकोप वा विपतको समयमै व्यवस्थापन गरी संभाव्य क्षति न्यूनीकरण गर्ने |
| अपेक्षित प्रतिफल | प्रकोप तथा महामारी व्यवस्थापनका लागि तयारी अवस्थामा रहीविपदबाट हुनसक्ने जन धनको क्षति कम गर्नका लागि तत्काल परिचनलत भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | • प्रकोप व्यवस्थापनका लागि तत्कालआवश्यक समन्वय गरी प्रकोप स्थानमापरिचालन गर्ने।<br>• प्रकोप स्थानमा परिचालन गर्न तत्काल आवश्यक पर्ने कुनैपनि यातायात तथा ढुवानिको साधन प्रयोग गर्न सकिने छ<br>• आर आर टी समितिको नियमित बैठक बसि महामारी तथा प्रकोपको पूर्वतयारी तथा प्रतिकार्य गर्न सकिने छ<br>• परिचालित टोलीको प्रमाणित प्रतिवेदन प्रकोप वा महामारी वा विपद नियन्त्रण भए पश्चात यथासक्य छिटो आदि निकायमा पठाउने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | • RRT महामारीमा प्रत्यक्ष रुपमा संलग्न हुने स्वास्थ्यकर्मी तथा व्यवस्थापकहरूलाई नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायातको ब्यवस्था गरिनेछ ।साथै संलग्न ब्यक्ति तथा स्वास्थ्यकर्मीलाई खाजा,खानारबासकोव्यवस्थागरिनेछ<br>• नियमानुसार जनशक्ति परिचालन, भत्ता, उपकरण, आवश्यक औषधी सरसामान खरिद तथा ढुवानी र व्यवस्थापन खर्च।<br>• स्वीकृत बजेटको परिधि भित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी वार्षिक कार्यक्रम अनुसार खर्च गर्ने |
| सन्दर्भ सामग्री | विपद पूर्वतयारी प्रतिकार्य योजना |
| अनुगमन सूचक | बैठकहरूको विवरण, कार्ययोजना, परिचालन भएकाको विवरण |

**७०.कृयाकलापको नाम: महामारी तथा संक्रामक रोगको जनचेतनाको लागि आवश्यक सामग्री छपाई प्रकाशन तथा प्रसारण (स्वास्थ्य सेवा)**

| कृयाकलाप संकेतः २.७.२२.४५२ | खर्च शिर्षकः २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | हाल नेपालका भौगोलीक हिसावले बिकट भएका जिल्ला तथा स्थानीय स्तरमा सामान्य भन्दा केही बढिमात्रामा देखिन सक्ने संक्रामक रोगहरुको बारेमा स्थानीय स्तरमा सचेतना तथा व्यबस्थापन कार्य गर्न यो शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | माहामारी जन्य संक्रामक रोगहरुलाई न्यूनिकरणका लागि समूदायलाई जनचेतना मार्फत जिम्मेवार बनाउने |
| अपेक्षित प्रतिफल | रोगको संक्रमण कम भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | स्थानीय आवस्यकता अनुसारको महामारी तथा संक्रामक रोगहरुको रोकथाम नियन्त्रण व्यवस्थापनका लागि सूचना सामग्री उत्पादन , प्रसारण तथा सचेतना कार्यक्रमको योजना स्वीकृत गरी संचालन गर्ने<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कृयाकलाप बजेट बाँडफाँट र स्वीकृत गराई आबश्यकता अनुसार खर्च गर्ने |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू, सम्बन्धित निर्देशिकाहरु |
| अनुगमन सूचक | कार्यक्रम संचालन प्रतिवेदन |

**७१.कृयाकलापकको नामः स्वास्थ्य संस्थामा सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी क्षमता अभिबृद्धि (वातावरण संरक्षण सरसफाई कार्यक्रम)**

| कृयाकलाप संकेत नं. २.७.२१.११ | खर्चशीर्षक २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | धेरैजसो सरुवा रोगको कारक तत्व भनेको नै असुरक्षित खानेपानि तथा सरसफाईमा कमि हुनु नै हो।स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मी तथा उपचारमा जाने विरामी तथा उनिहरुका आफन्तहरुलाई विभिन्न सरुवा रोगवाट वचाउनका लागि यो स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र क्षमता अभिबृद्धि गनुपर्ने देखिन्छ। |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुमा सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी क्षमता अभिबृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप र क्षमता अभिबृद्धि भएको हुनेछ |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| संचालन प्रकृया | कार्यक्रम संचालनको लागि कार्यक्रमको विस्तृत खाका तयारगरी खानेपानी तथा सरसफाई कमी भएका जिल्ला तथा पालिकाका स्वास्थ्य संस्थामा गई क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्ने |

| | |
|---|---|
| संचालन गर्ने अवधि र अनुमानित मिति | अर्थिक वर्ष भित्र र स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित नियम तथा कानुनको परिधिमा रही दै. भ्र. भत्ता, खाजा ,स्टेशनरी तथा अन्य |
| सन्दर्भ सामग्री | रष्ट्रिय खानेपानी मापदण्ड २०५३, स्वास्थ्य संस्थामा गुणस्तर सम्बन्धी अन्य मार्गर्दशन तथा दिग्दर्दशनहरु |
| अनुगमन सूचक | खानेपानी तथा सरसफाई सम्बन्धी अभिमुखिकरण गरीएका स्वास्थ्यसंस्था तथा स्वास्थ्यकर्मीहरु, कार्यक्रम संचालन सम्बन्धी सम्पूर्ण कागजातहरु |

## ७२. कृयाकलापको नामः चिकित्सक तथा स्वास्थ्यकर्मीलाई Stabilization Center सम्बन्धी तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.२.७.२२.४७४ | खर्च शीर्षक२२५२२ |

| | |
|---|---|
| परिचय | अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक नर्सिङ्ग तथा स्वास्थ्यकर्मीहरुलाई SC/IMAM सम्बन्धी तालिम प्रदान गरी जटिलता भएका कडा कुपोषणको व्यवस्थापन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धिका लागि कार्यक्रम राखिएको हो । |
| उद्देश्य | अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक नर्स तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्ने, |
| अपेक्षित प्रतिफल | जटिलता भएका कडा कुपोषण भएका बालबालिकाहरुको व्यवस्थापन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रक्रिया | बजेटको परिधिभित्र रही तालिम नलिएका स्वास्थ्य सेवा प्रदायकहरुलाई समावेश गराइ तालिम निर्देशिका बमोजिम तालिम संचालन गर्ने। तालिम संचालनका लागि परिवार कल्याण महाशाखा र यूनिसेफबाट सहजकर्ताको व्यवस्थापन मिलाउने। |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित नियम तथा कानुनको परिधिमा रही दै. भ्र. भत्ता, खाजा, प्रशिक्षण। सहजीकरण, स्टेशनरी, हलभाडा तथा अन्य । |
| सन्दर्भ सामग्री | आइमाम तथा शीघ्र कुपोषणको व्यवस्थापन सम्बन्धी निर्देशिका, कर्णाली खर्च मापदण्ड २०७५ तथा कर्णाली भ्रमण खर्च नियमावली २०७५ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, उपस्थिति |

## ७३. कृयाकलापको नामः मृगौला क्यान्सर मुटु कलेजो लगायतका जटिल रोगहरुको उपचार सहयोग कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.४९९ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले तोकेको ८ वटा कडा रोगहरू (क्यान्सर, मृगौला रोग, मुटु रोग, अल्जाइमर, पार्किन्सन्स, हेड इन्ज्यूरी, स्पाइनर इन्ज्यूरी, सिक्कलसेल एनिमिया) बाट ग्रसित बिपन्न |

| | |
|---|---|
| | बिरामीहरूलाई उपचारमा सहज पहुच पुप्याउन यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | तोकिएका ८ वटा कडा रोगहरूबाट ग्रसित बिपन्न बिरामीहरूलाई उपचारमा सहज पहुच पुर्याउने। |
| अपेक्षित प्रतिफल | बिपन्न बिरामीहरूलाई उपचारमा सहज पहुंच भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय/कार्यालय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रक्रिया | • क्यान्सर, मृगौला रोग, मुटु रोग, अल्जाइमर, पार्किन्सन्स, हेड इन्ज्यूरी, स्पाइनर इन्ज्यूरी, सिक्कलसेल एनिमियाका बिरामी वा निजको नाता प्रमाणित आफन्तले हरेक स्थानीय तहको बिपन्न औषधि उपचार समितिको निर्णय सहितको सिफारिस, नागरिकता/जन्मदर्ता, अस्पतालको रोग निदान तथा उपचारको प्रमाणित कागजात सहित निवेदन पेश गर्नुपर्ने छ।<br>• रितपुर्वक आएका निवेदकहरूलाई निजको वा अस्पतालमा रहेका बिरामीको हकमा निजको नाता प्रमाणित ब्यक्तिको सम्भब भएसम्म बैक खाता वा नगदै प्रति व्यक्ति दैलेख, सल्यान, जाजरकोट र सुर्खेत जिल्लाका विरामीका लागि बढीमा रू. १०,००० रूकुम पश्चिम, जुम्ला र कालिकोटका लागि १५,००० र हुम्ला, डोल्पा र मुगु जिल्लाका विरामीको हकमा रू २०००० यातायात खर्च वापत बर्षमा १ पटक उपलब्ध गराउने ।<br>• क्यान्सरका बिरामीका हकमा यातायात खर्च स्वास्थ्य कार्यालयले नै ब्यवस्था गर्ने।<br>• सोको चौमासिक बिवरण सामाजिक विकास मन्त्रालयमा पठाउने । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | नियमित |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही तोकिए बमोजिम यातायात खर्च रकम उपलब्ध गराउने । |
| सन्दर्भ सामग्री | स्वीकृत कार्यबिधि |
| अनुगमन सूचक | भर्पाइ, बैंक दाखिला भौचर, सम्बन्धित बिरामीको कागजात । |

## (ग) प्रदेश अस्पताल अन्तर्गतका कृयाकलापहरू

### १. कृयाकलापको नामः अस्पतालमा अक्सिजन प्लान्ट व्यवस्थापन (स्वास्थ्य तथा चिकित्सासँग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार)

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.४ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालहरुमा निरन्तर अक्सिजनको आवश्यकता भइराख्ने तर टाढा टाढाबाट खरिद गरेर ढुवानी गर्दा असजिलो नियमित आपुर्तिमा कठिनाइ तथा महगों समेत पर्ने हुदा अक्सिजनको सहज उपलब्धताताका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | विरामीहरुलाई नियमित अक्सिजन उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | अक्सिजन प्लान्ट वा पाइपिङ्ग प्रणाली जडान गरी अस्पतालमा निरन्तर अक्सिजनको उपलब्धता भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश अस्पताल, सुर्खेत |
| सञ्चालन प्रकृया | प्रचलित ऐन नियमानुसार बजेटको परिधिभित्र रही स्थान अनुसारको उपयुक्त अक्सिजन उत्पादन वा पाइपिङ्ग प्रणाली जडान गरी व्यवस्थापन गर्ने।<br>यसका लागि स्पेशिफिकेशन स्वीकृत गराइ प्रक्रिया अगाडि बढाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रचलित ऐन नियमानुसार स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संसोधित) |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

### २. कृयाकलापको नामः प्रदेश अस्पताल सुर्खेतको तला थप कार्य ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.१.२.५०४ | खर्च शिर्षकः ३१११२ |

| | |
|---|---|
| परिचय | प्रदेशको केन्द्र सुर्खेतमा संचालित प्रदेश अस्पताललाई प्रदेशको प्रेषण केन्द्रको रुपमा स्थापित गर्न र भविष्यमा मेडिकल कलेज संचालन गर्न उपयुक्त हुने गरी भवनको व्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | भवनको तल्ला थप गरी शैय्या तथा सेवा बिस्तार गर्न सहयोग हुने । |
| अपेक्षित प्रतिफल | शैय्या थप गरी सेवा बिस्तार गर्न सहजता हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| सचालन प्रकृया | अस्पताल भवनको तल्ला थप निर्माण कार्य गर्न कार्यक्रम तथा लागत अनुमान तयार गरी बहु वर्षिय कार्यक्रम स्वीकृत गराइ प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम निर्माण कार्य गर्ने । |

| | |
|---|---|
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । भवन ऐन २०५५ र यस अन्तर्गत जारी भएको नेपाल राष्टिय भवन संहिता र भवन नियमावली २०६६ । |
| अनुगमन सूचक | कार्य स्वीकार्य प्रतिवेदन |

## ३. कृयाकलापको नामः कम्प्युटर प्रिन्टर लगायतका आवश्यक पर्ने अन्य मेसिनरी सामग्रीहरु ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.७.१४ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालका अभिलेख, विवरण तथा दैनिक प्रशासनिक कार्य गर्न आवश्यक कम्प्युटर प्रिन्टर साथै अन्य मेसिनरी सामग्री खरिद गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अभिलेख तथा प्रतिबेदन साथै प्रशासनिक कार्य गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | काममा छिटो छरितो हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर र मेसिनरी सामग्रीहरुको सूची तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## ४. कृयाकलापको नामः MRI लगायतका अन्य मेडिकल मेसिनरी औजार खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.७.२० | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालको सेवा बिस्तार गरी प्रदेशका जनताहरुलाई सुलभ रुपमा सेवा प्रदान गर्नाका लागि MRI लगायतका मेडिकल मेसिनरी औजार उपकरणखरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालको सेवा बिस्तार भई गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध हुने । |
| अपेक्षित प्रतिफल | थप सेवा उपलव्ध भइ रोग निदान गर्न मद्दत हुने साथै बिरामीलाई आर्थिक भार कम हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएको प्रदेश अस्पताल । |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने MRI लगायत स्वास्थ्य सम्बन्धी उपकरणको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## ५. कृयाकलापको नामः C-Arm Advance मेसिन खरिद ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.७.२३ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालको सेवा बिस्तार तथा गुणस्तरीय शल्यक्रिया सेवा प्रदान गर्न बजेट विनियोजन गरिएको छ |
| उद्देश्य | गुणस्तरीय सेवा बिस्तार हुने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवा बिस्तार भई बिरामीले सहज सेवा पाउने। |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने C-Arm Advance मेसिन खरिदका लागि लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## ६. कृयाकलापको नामः नयां भवनमा Telephone Intercom System जडान ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.७.२४ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा सेवा बिस्तार संगै बिभिन्न विभाग, वार्ड, शाखा संग संचारका लागि Telephone Intercom System जडान गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | सहजरुपमा जानकारी आदान प्रदान हुने । |
| अपेक्षित प्रतिफल | सूचना तथा जानकारी छिटो प्राप्त भइ सेवा प्रदान गर्न सहज हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पतालका बिभिन्न विभाग, वार्ड, शाखाहरुको सूची तयार गरी आवश्यक स्थानमा Telephone Intercom System जडान तथा संचालन गर्न लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## ७. कृयाकलापको नामः Eye Instrument & Equipment सामग्री खरिद ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.७.२५ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा आँखा सेवा बिस्तार गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | एकिकृत उपचार सेवा संचालन हुने । |
| अपेक्षित प्रतिफल | एउटै अस्पतालमा आँखा सेवा सहित सम्पूर्ण सेवा उपलव्ध भइ सेवाग्राहीलाई सहज हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पतालमा आँखा सेवा संचालन गर्न आवश्यक औजार उपकरणको सूची तयार गरी लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

### ८. कृयाकलापको नामः इ.एन.टि.को लागि अडियो रुम सेटअप ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.४.२२.३२ | खर्च शिर्षकः ३११५९ |

| | |
|---|---|
| परिचय | अस्पतालमा नाक, कान, घाँटी सेवा अन्तरगत कान नसुन्ने बिरामीको कान परिक्षण तथा उपचार गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | इ.एन.टी. सेवा को थप उपचार सेवा संचालन हुने । |
| अपेक्षित प्रतिफल | नाक, कान, घाँटी सेवा बिस्तार भइ सेवामा बृढि हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पतालमा कान को परिक्षण गरी उपचार सेवा प्रदान गर्न अडियो रुप सेटअप गर्न आवश्यक औजार उपकरण सामग्रीहरुको सूची तयार गरी लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

### ९. कृयाकलापको नामः इमरजेन्सी देखि वार्ड सम्म सेड निर्माण ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.४.२२.३३ | खर्च शिर्षकः ३११५९ |

| | |
|---|---|
| परिचय | अस्पतालको इमरजेन्सी देखि वार्ड सम्म बिरामी तथा सामान्य व्यक्तिहरुलाई घाम, पानीमा सुरक्षित तरिकाले आवत जावत गर्नाका लागि सेड निर्माण गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | घाम, पानीमा सुरक्षित तरिकाले आवत जावत गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | घाम, पानीबाट सुरक्षित हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पतालको इमरजेन्सी देखि वार्ड, ओ.पि.डि., फार्मसी लगायतका स्थान सम्म सेड निर्माण गर्न लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

### १०. कृयाकलापको नामः नयाँ भवनमा ड्युटी स्टेशन निर्माण ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.६.१३.२५ | खर्च शिर्षकः ३११२३ |

| | |
|---|---|
| परिचय | अस्पतालको नयाँ भवनमा रहेका बिभिन्न वार्डहरुमा उपचारका लागि भर्ना भएका बिरामीहरुलाई सेवा प्रदान गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि ड्युटी स्टेशन निर्माण गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवा प्रदान गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | चिकित्सक तथा स्वास्थ्यकर्मीबाट सहज रुपमा सेवा प्रदान हुने । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पतालको बिभिन्न वार्डहरुमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरुका लागि ड्युटी स्टेशन निर्माण गर्न लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## ११. कृयाकलापको नामः अस्पतालमा कार्यालय सम्वन्धी फर्निचर तथा फिक्चर सामग्री खरिद ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.६.१३.२६ | खर्च शिर्षकः ३११२३ |

| | |
|---|---|
| परिचय | अस्पतालमा स्वास्थ्य सेवा प्रदान गर्न कार्यालय फर्निचर, अस्पताल फर्निचर लगायत फिक्चर आवश्यकता पर्ने भएको हुदाँ फर्निचर तथा फिक्चर खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य सेवा प्रदान गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | सहजरुपमा सेवा प्रदान गर्न सहयोग हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने फर्निचर तथा फिक्चरको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## १२. कृयाकलापको नामः अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु पदपूर्ति नभइ बिशेषज्ञ सेवा संचालन हुन नसकेकाले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा तत्काल बिशेषज्ञ सेवा सहज रुपमा संचालन गर्न का लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | बिशेषज्ञ सेवा नियमितरुमा संचालन भइ सेवा बिस्तार हुने । |
| अपेक्षित प्रतिफल | बिरामीहरुले अस्पतालबाट नियमित रुपमा सहजै बिशेषज्ञ सेवा पाउने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| सचालन प्रकृया | स्थान बिशेष रोगको प्रकोप तथा बिरामीको चाप बमोजिम आवश्यकता अनुसार कार्यक्रम स्वीकृतगराइ करारमा बिशेषज्ञ चिकित्सक लगायत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी नियुक्ति गर्ने । यस भन्दा पहिला सोही कार्यक्रम अन्तरगत कार्यरत कर्मचारीकोकाम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने । साथै दरबन्दीमा कार्यरत चिकित्सकहरुलाई थप उत्प्रेरणा भत्ताको व्यवस्था गर्न सकिने । |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, प्रदेश तथा संघबाट स्वीकृत भएका नीति निर्देशिका मापदण्डहरु। |

## १३. कृयाकलापको नामः अस्पताल सुरक्षा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिभिन्न प्रबृतिका मानिसहरु आउने भएकाले बिरामी, बिरामीका आफन्त, कर्मचारी लगायत अस्पतालको भौतिक बस्तुहरुको सुरक्षार्थ यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | अस्पतालमा चोरी, अनैतिक कार्य, अबैत बस्तुहरुको प्रयोगमा नियन्त्रण तथा भौतिक बस्तुहरुको सुरक्षा हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालमा भौतिक बस्तुको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभुति हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| सचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ सेवा करारमा वा व्यक्ति करारमा सुरक्षा गार्ड व्यवस्था गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## १४. कृयाकलापको नामः पोषण पुनर्स्थापना गृह व्यवस्थापन तथा सुदृढिकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.९८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालहरुमा स्थापना भएका पोषण पुनरस्थापन गृहको व्यवस्थापन तथा सेवा सुदृढिकरण गरी गुणस्तरीय पोषण कार्यक्रम संचालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | पोषण पुनरस्थापना गृहको सुदृढीकरण गरी कुपोषणका कारणले हुने शिशु तथा बाल मृत्यु दर घटाइ समग्र पोषणको अवस्थामा सुधार ल्याउने । |
| अपेक्षित प्रतिफल | पोषण पुनरस्थापना गृहको सुदृढीकरण गरी पोषण सम्बन्धी गुणस्तरीय सेवा प्रदान गरिने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | कार्यक्रम स्वीकृत गराई पोषण पुनरस्थापना गृहको सुदृढीकरणका लागि निम्न कार्य गर्न सकिनेः<br>• भवन तथा भौतिकपूर्वाधारको मर्मत संभार<br>• खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण, सामग्री मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद<br>• अस्पताल फर्निचर मर्मत सुधार<br>• औषधि खरिद<br>• पुनरस्थापना गृहका लागि आवश्यक भाँडाकुडा, ग्यास चुलो, ग्यासको व्यवस्थापन<br>• बेड,मेट्रेस खरिद ।<br>• मेसिनरी औजार तथा सामग्री खरिद<br>• रात्री डिउटी गर्ने १ जना कर्मचारीलाई प्रति रात १५०।०० का दरले खाजा खर्च |

| | |
|---|---|
| | उपलव्ध गराउन सकिने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । निर्देशिकाहरु । |

## १५. कृयाकलापको नामः ६० बर्ष माथिका जेष्ठ नागरिकहररू तथा गरीव असहायलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान ।

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.१६१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय. | ६० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप तथा गरीव असहायलाई अस्पतालमा उपलव्ध स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | ६० वर्ष माथिका जेष्ठ नागरिकहरु तथा गरीव असहायलाई रकम अभावले स्वास्थ्य सेवाबाट बन्छित नभइ सेवामा सबैको पहुँच हुनेछ । |
| अपेक्षित प्रतिफल | ६० वर्ष माथिका जेष्ठ नागरिक तथा गरीव असहायको सेवामा पहुँचमा बृध्दि हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| सचालन प्रकृया | यस शिर्षकमा विनियोजित भएको बजेटको परिधिमा रही तपसिल अनुसार बाँडफाँट गरी कार्यक्रम स्वीकृत गराइ कार्यक्रम संचालन गर्ने<br>औषधि खरिदः अस्पतालमा सेवा लिन आउने जेष्ठ नागरिक तथा गरीव असहाय को अनुमानित संख्या एकिन गरी निःशुल्क बितरणका लागि औषधि खरिद गर्ने ।<br>सेवा शुल्कः जेष्ठ नागरिक तथा गरीव असहायको अनुमानित संख्या एकिन गरी निःशुल्क सेवा प्रदान गरे वापतको सेवा शुल्क अस्पताल व्यवस्थापन समितिमा सोधभर्ना गर्ने ।<br>नेपाल सरकारले जेष्ठ नागरिकहरुको निः शुल्क स्वास्थ्य बिमा गर्ने भएकोले स्वास्थ्य बिमा गराउन उत्प्रेरणा गर्ने र स्वास्थ्य बिमा भएकाहरुलाई यो सुविधा उपलब्ध हुने छैन । |
| बजेट बाँडफाँट | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |

## १६. कृयाकलापको नामः माहामारी तथा संक्रमण रोगहरुको निशुल्क उपचार/दैवी प्रकोप तथा दुर्घटना नियन्त्रण व्यवस्थापन तथा उपचारात्मक कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१६२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा वर्षेनी धेरै मानिसहरु महामारी, दैवी प्रकोप तथा दुर्घटनाका कारण अंगभंग तथा मृत्यु हुने गर्दछ । कर्णाली प्रदेशमा यसको प्रभाव अझ बढी रहेको देखिन्छ । माहामारी तथा दैवी प्रकोपबाट प्रभाबित मानिसहरुको समयमा नै उध्दार गरी उपचार तथा व्यवस्थापन गर्न साथै मानविय क्षति कम गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | माहामारी तथा दैवी प्रकोपबाट प्रभाबित मानिसहरुको समयमा नै उपचार तथा व्यवस्थापन गरी |

| | |
|---|---|
| | मानविय क्षति कम हुने । |
| अपेक्षित प्रतिफल | माहामारी, दुर्घटना, संक्रमण रोग तथा दैवी प्रकोपबाट हुने अंगभंग तथा मानविय क्षति कम हुने |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ निम्न कार्यमा गर्न खर्च सकिनेछ<br>• उपचार खर्च (औषधी तथा औषधी जन्य सामग्री खरिद, सेवा शुल्क)<br>• यातायात खर्च (प्रेषण गर्दा लाग्ने एम्बुलेन्स खर्च) |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## १७. कृयाकलापको नामः सिइओसी सेवा निरन्तरताका लागि लोकम चिकित्सक ब्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.५२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा प्रसुति चाप बढी भै अस्पतालहरुमा उपलव्ध जनशक्तिहरुबाट गुणस्तरीय प्रसुति सेवा प्रदान गर्न समस्या भएको र प्रसुति सेवा लिन अस्पताल सम्म पुगेका महिलाहरुलाई समेत समयमा सेवा नपाएको अवस्थामा उक्त अस्पतालमा थप आवश्यक जनशक्ति व्यवस्थापन गर्नु पर्ने देखिएकोले यो कार्यक्रमा बजेट विनियोजन गरिएकोछ । |
| उद्देश्य | थप जनशक्ति व्यवस्थापन गरी समयमा नै गुणस्तरीय प्रसुति सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | थप जनशक्तिबाट गुणस्तरीय प्रसुति सेवा उपलव्ध हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | यस शिर्षकमा प्राप्त रकमबाट आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यक्रम स्वीकृत गराई अस्पतालको क्षमता बढाउनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्नको लागि खर्च गर्न सक्ने छ । साथै यस शिर्षकको रकममा उल्लेख भए अनुसार करार सेवामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक लगायत चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी नियुक्ति गर्न सकिने छ ।<br>यस शिर्षकमा रकम अपुग भएमा अस्पताल व्यवस्थापन समिति आँफै वा सामाजिक विकास मन्त्रालय संग समन्वय गरी थप रकम व्यवस्थापन गर्न सकिने छ । |
| बजेट बाँडफाँट | कार्यक्रम स्वीकृत गराई खर्च गर्ने । साथै अस्पतालहरुले बिगतमा यसै शिर्षकबाट करार सेवामा जनशक्ति व्यवस्थापन गरेको भए यसै शिर्षकको रकमबाट सेवा निरन्तरता गर्नु पर्नेछ । |
| सन्दर्भ सामग्री | निर्देशिका । |

## १८. कृयाकलापको नामः स्वास्थ्य बीमा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.५७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | यस प्रदेशमा स्वास्थ्य बिमामा आवद्ध बिमितहरुको संख्या बढ्दै गएकोले अस्पतालमा सेवाग्राहीहरुलाई स्वास्थ्य बिमा सेवा छिटो छरितो तथा प्रभावकारी रुपमा प्रदान गर्न छुट्टै स्वास्थ्य बिमा कक्ष स्थापना गरी संचालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य बिमामा आवध्द बिमितहरुलाई छिटो छरितो तथा प्रभावकारी रुपमा सेवा प्रदान गर्ने । |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | बिमितहरुले छिटो छरितो तथा प्रभावकारी रुपमा सेवा पाउनेछन् । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | कार्यक्रम स्वीकृत गराइ स्वास्थ्य बिमा सेवालाई छिटो छरितो तथा प्रभावकारी रुपमा प्रदान गर्न छुट्टै स्वास्थ्य बिमा कक्ष स्थापना गरी संचालन गर्ने ।<br>संचालन विधिः<br>• अस्पतालमा छुट्टै कोठाको व्यवस्था गरी मर्मत, रंगरोगन, फर्निचर तथा पर्दा, कार्पेट, पंख्खा बिद्धुत, कम्प्युटर प्रिन्टर, यु पि एस आदि आवश्यक सामग्रीको व्यवस्था गर्ने ।<br>• सेवाग्राहीको चाप अनुसार करार सेवामा आवश्यक जनशक्ति नियुक्ति गर्ने ।<br>• मसलन्द, इन्टरनेट, संचार, मर्मत आदिमा खर्च गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ ।<br>निर्देशिकाहरु । |

## १९. कृयाकलापको नामः प्रदेशस्तरका कार्यालयहरुको वार्षिक प्रतिबेदन तयारी र छपाइ ।

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.८४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश स्तरका कार्यालयहरुले गत आ.व.मा संचालित कृयाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिबेदन तयार गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | कार्यालयले गत आ.व.मा गरेको भौतिक तथा वृतिय प्रगतिको जानकारी हुने । |
| अपेक्षित प्रतिफल | कार्यालयको सेवाको अवस्था बारे जानकारी भै आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्याङ्कको प्रयोग भइ कार्यक्रम कार्यान्वयनमा सुधार आउने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका कार्यालयहरु । |
| सचालन प्रकृया | तयारी बैठक, कार्य बाँडफाँट, विषयगत प्रवतवेदन तयारी, समन्वय बैठक, समायोजन र कोटेशन मार्फत छपाइ । |
| बजेट बाँडफाँट | बैठक, स्टेशनरी, पारिश्रमिक, छपाइ र वितरण आदि खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## २०. कृयाकलापको नामः कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोषेली कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.११० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा मातृ मृत्युदर प्रति लाख जिवित जन्ममा २३९ र शिशु मृत्युदर प्रति १००० मा २५ (MICS 2019) रहेको छ भने कर्णाली प्रदेशको २७ रहेको छ । स्वास्थ्य संस्थामा प्रसुति गराइ मातृ तथा शिशु मृत्य दरलाई कम गर्न सरकारले बिभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । प्रदेश सरकारले स्वास्थ्य संस्थामा प्रसुति गराउन उत्प्रेरणा गर्न र सुत्केरी महिला तथा नवजात शिशुलाई कुपोषण हुन बाट बचाउन सुत्केरी पोषण कोसेली कार्यक्रम संचालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य संस्थामा दक्ष प्रसुतिकर्मीबाट प्रसुति हुनेको संख्यामा बृद्धि भइ मातृ मृत्यु तथा शिशु |

| | |
|---|---|
| | मृत्यु दर कम हुने र सुत्केरी आमा तथा शिशुलाई कुपोषण हुनबाट बचाउने । |
| अपेक्षित प्रतिफल | सुत्केरी महिला तथा शिशुलाई पोषिलो खाने कुरा उपलव्ध भइ कुपोषणबाट हुने जटिलताबाट बचाउने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय, स्वास्थ्य कार्यालयहरु र अस्पतालहरु । |
| सचालन प्रकृया | प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थामा सुत्केरी हुने नेपाली महिलालाई रु २०००/ (दुई हजार) का दरले सुत्केरी पोषण कोसेली खर्च उपलव्ध गराउनुपर्नेछ ।<br>सुत्केरी पोषण कोसेली खर्च लिन तोकिएको फाराम भरी नेपाली नागरिकताको प्रतिलिपी, महिलाको नागरिकता नभएमा निजको श्रीमान वा अभिभावकको नागरिकताको प्रतिलिपी सहित सहि छाप गरी पेश गर्नु पर्नेछ र स्वास्थ्य संस्थाले भरपाइ गराई (आमा सुरक्षा कार्यक्रमको यातायात खर्च बझ्ने भरपाईमा समाबेश गरी) उक्त रकम सुत्केरी महिलालाई डिस्चार्ज हुदां उपलव्ध गराउनु पर्नेछ ।यो खर्च प्रसुति सम्बन्धी जटिलताको उपचारका लिन आएका महिलाहरुलाई उपलव्ध हुने छैन ।<br>यस शिर्षकमा सामाजिक विकास मन्त्रालयमा रहेको बजेट सम्बन्धित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुलाई अनुमानित प्रसुति हुने संख्या एकिन गरी कार्यक्रम तथा अख्तियारी दिनु पर्नेछ । यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरुले सुत्केरी भएका महिलाहरुलाई सुत्केरी पोषण कोसेली खर्च उपलव्ध गराउनु पर्नेछ र स्वास्थ्य कार्यालयहरुले प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई अनुमानित संख्याको आधारमा पेश्की रकम उपलव्ध गराउनु पर्नेछ । |
| बजेट बाँडफाँट | अनुमानित प्रसुति हुने महिलाहरुको संख्या एकिन गरी तोकिए बमोजिम रकम उपलव्ध गराई खर्च गर्ने । |
| सन्दर्भ सामग्री | निर्देशिका । |

## २१. कृयाकलापको नामः स्वास्थ्य सन्देश विज्ञापन प्रकाशन तथा प्रसारण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१८३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य प्रवद्र्धन गर्न स्थानीय आवश्यकता अनुरुप सम्भव भए सम्म स्थानीय भाषा र शब्दहरुको प्रयोग गरी स्वास्थ्य शिक्षा सामग्रीहरुको उत्पादन गरी स्थानीय समुदायमा प्रचार प्रसार गर्नका वितरण गर्न यस कार्यक्रमको लक्ष्य रहेको छ । |
| उद्देश्य | कार्यालयले गत आ.व.मा गरेको भौतिक तथा वृतिय प्रगतिको जानकारी हुने । |
| अपेक्षित प्रतिफल | रोगको प्रकोप, संक्रमण आदिको बारेमा जानकारी गराई स्वास्थ्य प्रवर्धन गर्न स्थानीय स्तरमा स्वास्थ्य शिक्षा सामग्रीहरु उत्पादन तथा वितरण र प्रशारण गरी जनचेतना अभिबृद्धि हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका कार्यालयहरु । |
| सचालन प्रकृया | • स्वास्थ्य सम्बन्धी सन्देशहरु विभिन्न मिडिया मार्फत आम नागरिकहरुमा स्वास्थ्य सम्बन्धी जनचेतनाका लागि स्वास्थ्य सन्देश प्रसारण गर्ने।<br>• पत्रकारहरु संग अन्तरक्रिया गरी सेवाको जानकारी गराउने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रममा तोकिए बमोजिम । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## २२.    कृयाकलापको नामः प्रेषण व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१८५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानले आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा परिभाषित गरिएको छ ।कर्णाली प्रदेशमा आधा भन्दा बढी जनसंख्या गरीवीको रेखामुनि रहेका छन् । भोक, अज्ञानता र अशिक्षितका कारण रोगबाट ग्रसित सबैलाई स्वास्थ्य सेवामा पहुच पुर्याउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य सेवा पहुचमा बृध्दि भई सेवाबाट बन्चित समुदाय सेवा लिन उत्प्रेरित हुने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा पहुचमा बृध्दि भई निको हुने दर बृद्धि हुने साथै औषद आयु बढ्ने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | निम्न कार्य गर्न अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्न सकिनेछ<br>• गरीव, असहाय, लोपोन्मुख जातीका विरामीहरुलाई उपचारका लागि अन्यत्र प्रेषण गर्नु परेमा प्रचलित भाडा दर अनुसार प्रेषणको कागजातको फोटोकपी लिइ भुक्तानी गरिनेछ ।<br>• अन्यत्रबाट यस अस्पतालमा प्रेषण सुबिधा लिइ उपचार गर्न आएका विरामीहरु निको भई घर फिर्ता हुदा लाग्ने गाडी भाडा बढीमा यातायात खर्च वापत अधिकतम रू. ५००० भुक्तानी गर्न सकिने छ। |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## २३.    कृयाकलापको नामः अस्पतालजन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम ।

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१८८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुदा सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण गरी बिसर्जन गर्नुपर्ने हुदा यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलिकरण गरी व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | Health Care Waste Management Guideline २०१४ अनुसार अस्पतालबाट निस्कने फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ :<br>• भौतिकपूर्वाधारको निर्माण तथा मर्मत संभार<br>• खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण, सामग्री खरिद तथा मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद<br>• सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद<br>• मेसिनरी औजार तथा सामग्री खरिद<br>• कार्यालय सहयोगी २ जनासम्म करारमा नियुक्ति गर्न सकिने |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ ।Health |

| | |
|---|---|
| | Care Waste Management Guideline २०१४. |

## २४. कृयाकलापको नामः अस्पतालमा बिरामीलाई खाना पकाउनको लागि आवश्यक भाडा कुडा खरिद ।

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२८.६ | खर्च शिर्षकः २२५२९ |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि भर्ना भएका बिरामीहरुलाई निशुल्क खानाको व्यवस्था अस्पतालले गर्ने भएकोले भान्छामा खाना पकाउन आवश्यक पर्ने भाडा कुडा खरिद गर्न बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | बिरामीलाई खानाको व्यवस्थापन गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | सफा स्वच्छ खानाको व्यवस्थाप गर्न सहज हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पतालको बिभिन्न वार्डहरुमा उपचारका लागि भर्ना भएका बिरामीहरुलाई सफा स्वच्छ खानाको व्यवस्थापन गर्न आवश्यक भाडा कुडाको सूची तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ नियमानुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## २५. कृयाकलापको नामः बिरामीका लागि रासन सिदा

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.१.१.१ | खर्च शिर्षकः २७१११ |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग विभागमा भर्ना भएका बिरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक खानाको व्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम बिरामीलाई पोषणयूक्त खाना उपलव्ध गराइ उपचारमा सहयोग हुनेछ । |
| अपेक्षित प्रतिफल | बिरामीलाई आर्थिर भार कम हुने र पूर्ण उपचार गराइ जानेछन् । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु। |
| सचालन प्रकृया | प्रत्येक वर्षको माघ १ गते देखि पौष मसान्त सम्म वा यस अघि स्थानीय निकायमा अख्तियारी गएका अस्पतालको हकमा श्रावण १ देखि आगामी आ.व.को भाद्र मसान्त सम्मका लागि उपचारका लागि भर्ना हुने बिरामीको अनुमानित संख्या एकिन गररे तोकिए बमोजिम को स्केल अनुसार जिल्ला दररेट समितिको निर्णानुसार लागत अनुमान तयार गरी दैनिक खानाको व्यवस्था गर्ने।प्रत्येक दिनको (आईतवार देखि शनिवार ) फुडमेनु प्रदर्शन गर्ने। |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |

## २६. कृयाकलापको नामः निशुल्क स्वास्थ्य सेवाका लागि औषधी खरिद (औषधीहरू खरिद)

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.३ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | औषधि अभाव सृजना हुन नदिइ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्रि खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | • औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने ।<br>• नागरिकले निशुल्क स्वास्थ्य सेवा पाएका हुनेछन्।<br>• आधारभुत स्वास्थ्य सेवाको सुनिश्चित भइ सेवाको पँहुचमा अभिबृद्धि हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय, जन/ स्वास्थ्य सेवा कार्यालय, अस्पतालहरू |
| सञ्चालन प्रकृया | • आवश्यक पर्ने औषधी तथा सामग्रीहरुको परिणाम एकिन गर्ने<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट र अन्य दातृ निकायहरुबाट उपलब्ध हुन सक्ने औषधी तथा सामग्रीहरुको यकिन गर्ने ।<br>• स्थानीय तहले खरिद गर्नसक्ने औषधि तथा सामग्रीहरुको एकिन गर्ने ।<br>• मन्त्रालयमा सूचिकृत भएका सप्लायर्सहरुसँग तोकिएको औषधिहरुको दररेट माग गरी सबैको औषतबाट हरेक आईटमको लागत अनुमान तयार गर्ने ।<br>• लागत अनुमानको आधारमा स्वीकृत कार्यक्रम र शर्शत अनुदानबाट प्राप्त भएको बजेट परिधिभित्र रही खरिद गर्न सकिने हरेक औषधि तथा अन्य सामग्रीहरुको परिमाण यकिन गर्ने ।<br>• सञ्चालन हुने शिविर र जनस्वास्थ्य अभियानको हकमा आवश्यक पर्ने औषधि तथा सामग्रीहरुको छुट्टै परिणाम निञयौल गरी प्रमाणित गराउने ।<br>• आवश्यकता अनुसार औषधि उपकरण सामग्रीहरुको स्पेसिफिकेशन तयार गरी सम्बन्धित अधिकारीबाट प्रमाणित गराउने ।<br>• माथि उल्लेखित औषधि एवं सामग्रीहरु आपुर्तिको लागि छनौट भएको पक्षसँग नियम अनुसार निश्चित अवधिभित्र आपुर्ति गर्ने गरी, गुणस्तर एवं स्पेसिफिकेशन अनुसार सुनिश्चित हुने गरी तथा प्रचलित कानूनमा भएका अन्य आवश्यक विषयबस्तु समेत समेटी सम्झौता गर्नुपर्नेछ ।<br>• खरिद गरिएको औषधि तथा अन्य सामग्रीहरु सुरक्षित तरिकाले प्रदेशको सम्बन्धित मेडिकल स्टोरले सुरक्षित भण्डारण एवं व्यवस्थित आपूर्ति गर्नुपर्नेछ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने ।<br>• सम्बन्धित स्टोरहरुमा सामान्य आपूर्तिको सिधान्त अनुसार Proper Storage, Handling, Inventory management लगाएत First Expiry First Out, First In First Out बमोजिम कार्य गर्ने ।<br>• मन्त्रालय वा मातहतका निकायले खरिद गरेका औषधि उपकरण तथा सामग्रीहरुको समन्वय, अनुगमन, मुल्याङ्कन तथा गुणस्तर परिक्षण मन्त्रालयको स्वास्थ्य सेवा महाशाखाले |

| | |
|---|---|
| | गर्नुपर्ने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | निशुल्क अत्यावश्यक औषधी सूची, कर्णाली प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि २०७५, प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली । |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, कार्य सम्पन्न प्रतिवेदन |

## २७. कृयाकलापको नामः ल्याव सेवा सचालन तथा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.४ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | रोगको सहि निदान गरी उपचार गर्न ल्याव सेवाको ठूलो भूमिका रहेको हुन्छ । अस्पतालमा ल्याव सेवा प्रदान गर्ने स्थान साँगुरो, अव्यवस्थित भएकोले त्यसलाई समय सापक्ष स्तरबृध्दि गरी नियमित संचालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | व्यवस्थित ल्यावबाट गुणस्तरीय परिक्षण प्रतिबेदन तयार गरी रोग निदानमा सहयोग हुने |
| अपेक्षित प्रतिफल | गुणस्तरीय परिक्षण गरी रोग निदानमा सहयोग हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु। |
| सचालन प्रकृया | अस्पतालको ल्यावको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्यको सूचि तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ ल्यावलाई आवश्यक केमिकल रियजेन्ट तथा प्रयोगशाला सम्बन्धी उपकरण, सामग्री खरिद गर्ने । |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## २८. कृयाकलापको नामः मेसिनरी औजार उपकरण खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.१, ११.३.९.१४ | खर्च शिर्षकः३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न जनशक्ति, भौतिकपूर्वाधार का साथै स्वास्थ्य सम्बन्धी उपकरण आवश्यकता पर्ने भएको हुदाँ स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध हुने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवाका साथै सेवा बिस्तार हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने मेसिनरी औजार उपकरणको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने । |

| | |
|---|---|
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## २९. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी मेशिनरी औजार खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.१ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न जनशक्ति, भौतिकपूर्वाधार का साथै स्वास्थ्य सम्बन्धी उपकरण आवश्यकता पर्ने भएको हुदाँ स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध हुने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवाका साथै सेवा बिस्तार हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएको प्रदेश अस्पताल । |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी उपकरणको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । साथै गत आ.व. मा खरिद प्रक्रिया सुरु गरेको भए सोही अनुसार खरिद कार्यलाई निरन्तरता दिनु पर्नेछ । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## ३०. कृयाकलापको नामः अस्पतालको स्टोर भवन निर्माण ।

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.१.२.४९२ | खर्च शिर्षकः ३१११२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा प्राप्त तथा खरिद गरीएका औषधी, औजार उपकरण, मसलन्द तथा सामग्रीहरु उचित स्थानमा व्यवस्थितरुपमा भण्डारण गर्न  उपयूक्त घरको व्यवस्थाका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | भवन निर्माण गरी औषधी, सामग्री तथा मेसिनरी औजारहरु सुरक्षित तथा व्यवस्थित गर्न सहयोग हुने । |
| अपेक्षित प्रतिफल | उपयूक्त वातावरणमा औषधी सामग्रीहरु भण्डारण हुने र मेसिनरी औजार सुरक्षित हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पतालहाता भित्र उपयूक्त स्थानमा स्टोर भवन निर्माण गर्न कार्यक्रम तथा लागत अनुमान स्वीकृत गरी निर्माण कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । स्वास्थ्य संस्था स्थापना, संचालन र स्तरोन्नती सम्बन्धी २०७०, भवन ऐन २०५५ र यस अन्तरगत जारी भएको नेपाल राष्टिय भवन संहिता र भवन नियमावली २०६६ । |

## (घ) मानव संसाधन विकास केन्द्र, स्वास्थ्य तालिम शाखा अन्तर्गतका कृयाकलापहरू

### १. कृयाकलापको नामः COVID 19 को लागि PPE, Mask, Sanitizer, Spray खरिद (तयारी सामान खरिद खर्च)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.१.२. | खर्च शिर्षकः २२५२१ |

| | |
|---|---|
| परिचय | कोभिड १९ को महामारीमा रोकथाम, प्रतिकार्य, तथा नियन्त्रणका लागि कार्यालयमा आवश्यक पर्ने सामग्रीहरु खरिद गर्ने । |
| उद्देश्य | कोभिड १९ को संक्रमणबाट बच्नका लागि। |
| अपेक्षित प्रतिफल | कार्यालयमा प्रभावकारी कार्य सम्पादनमा सहजता भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत |
| सञ्चालन प्रकृया | प्रचलित ऐन नियमानुसार र स्वीकृत कार्ययोजना अनुसार |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधि भित्र रही खरिद योजना बनाइ कार्यालय प्रमुखसंग स्वीकृत गराइ खरिद गर्ने । |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ |
| अनुगमन सूचक | औषधि दाखिला प्रतिवेदन |

### २. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी कृयाकलापको एकीकृत कार्यस्थल अनुशिक्षण सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन

| | |
|---|---|
| **कृयाकलाप संकेतः २.७.५.३२** | **खर्च शीर्षक नं. २२५२२** |

| | |
|---|---|
| परिचय | कुनै पनि कार्यक्रम निश्चित उद्देश्य हासिल गर्न संचालन गरीन्छ । कार्यक्रम तथा कृयाकलाप पश्चात उक्त उद्देश्यहरु कति पूर्ति भए वा भएनन् त्यसबाट के कस्तो उपलव्धी हुन सक्यो र यसका के के कारणहरु हुन भन्ने निर्धारण गर्ने प्रक्रिया नै कार्यक्रम पश्चातको मूल्यांकन हो । विशेष गरी तालिम केन्द्रबाट संचालन भएका स्किल बेस तालिम तथा कार्यक्रमको प्रभावकारिता मूल्यांकनको लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • तालिममा सिकेका ज्ञान सीपहरुको कसरी प्रयोग भइरहेको छ त्यसको जानकारी लिने ।<br>• सिकेका कुरा प्रयोग गर्न कस्ता कठिनाई छन वा सिकेका कुरा कति अपर्याप्त छन् भन्ने जानकारी लिने<br>• प्रयोग गर्दा का समस्या वा कमीहरुलाई तत्काल कार्यक्षेत्रमा हटाउन वा पछिका लागि तालिम आवश्यकता पहिचान गर्ने |
| अपेक्षित प्रतिफल | • सीपमा आधारित तालिमको प्रभावकारिता र उपयोगिताको मूल्याँकन भइ भविष्यमा संचालन गरिने तालिमको गुणस्तरमा बृद्धि हुने ।<br>• स्वास्थ्यक्षेत्रमा सँचालन भएका कार्यक्रम प्रभावकारी रुपमा सँचालन भई सेवाको गुणस्तरमा सुधार भई पँहच तथा उपभोगमा वृध्दि हुनेछ । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने निकाय | • मानव संसाधन विकास केन्द्र सुर्खेत |
| सचालन प्रकृया | • बार्षिक बजेटको परिधिभित्र रही कार्य योजना बनाउने र कार्य योजना अनुसार कार्यक्रम संचालन गरी प्रतिवेदन वनाउने । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेशखर्च मापदण्ड निर्देशिका,२०७५ कर्णाली भ्रमण खर्च नियमावली २०७५ तालिम सम्बन्धी सामग्रीहरु |
| सन्दर्भ सामग्री | अध्ययन सामग्री, जिल्ला स्वास्थ्य प्रशिक्षक सीप विकास कार्यक्रम निर्देशिका |
| अनुगमन सूचक | सुपरीवेक्षण अनुगमन तथा मूल्याकन प्रतिवेदन । |

## ३. कृयाकलापको नामः सामाजिक व्यवहार परिवर्तन तालिम (SBC)

| | | |
|---|---|---|
| **कृयाकलाप संकेतः २.७.२२.१६८** | | **खर्च शीर्षक नं. २२५२२** |

| | |
|---|---|
| **परिचय** | विभिन्न कार्यक्रम अन्तरगतका सेवाहरु गुणस्तरीय रुपमा जनस्तरसम्म पु_याउन र स्वास्थ्य सेवा प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि सेवा प्रदायकको कार्यदक्षता अभिबृद्धि हुन आवश्यक हुन्छ । सोका लागि कार्यदक्षतामा आधारित तालिम तथा अन्य अति आवश्यक तालिमको आवश्यकता रहन आउदछ । घर परिवार समाजभित्र रहेका बाधा अड्चनहरुलाई हटाएर आउन सक्ने सकारात्मक परिवर्तन नै वास्तवमा सामाजिक परिवर्तन हो । सामाजिक व्यवहारमा सकारात्मक परिवर्तनविना गुणस्तरीय सेवा अपुरो हुन जाने भएकोले व्यवस्थित गर्न यो तालिम कार्यक्रम राखिएको छ । |
| **उद्देश्य** | स्वास्थ्य सेवा प्रवाहका क्रममा जनशक्तिलाई आवश्यक सीप र दक्षताको विकास गरी सामाजिक व्यवहारमा स्वास्थ्यको सकारात्मक परीवर्तन ल्याउने ।<br>व्यवहार परिवर्तनको लागि सवैभन्दा बढी सम्भावना भएको समूहको खोजी गरी व्यवहार परिवर्तनका अवरोधलाई प्रभाव पार्ने तथ्यहरु विचारहरु अवधारणाहरु र सिद्धान्तहरुलाई प्रकृयागत रुपमा समेटी व्यवहार परिवर्तनका रणनैतिक उद्देश्य तयार गरी परिवर्तनलाई असर गर्ने । |
| **अपेक्षित प्रतिफल** | विभिन्न तहका स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिका लागि आवश्यक सामाजिक व्यवहार परिवर्तन सम्बन्धी ज्ञान सीप र अवधारणाको अभिबृद्धि भई गुणस्तरीय सेवा प्रवाह पहुच तथा उपभोगमा बृद्धि हुनेछ । |
| **कार्यान्वयन गर्ने निकाय** | मानव संसाधन विकास केन्द्र, सुर्खेत |
| **सचालन प्रकृया** | विज्ञहरु र सरोकारवालाहरुसँग बैठक बसी नियमको परिधी भित्र रही कार्यक्रम र गतिविधि तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। स्थानीय तहका स्वास्थ्य व्यवस्थापन समितिका पदाधिकारीलाई उनीहरुको प्रत्यक्ष सहभागीतामा सँचालन हुने तालिममा प्रशिक्षक एसविसी टट् प्रस व्यक्ति हुनुपर्ने छ र पालिका प्याकेज म्यानुअल अनुसारको कन्टेन्ट समावेश गरी तालिम सँचालनको सहभागी स्थान तथा समय छनौट गरी सचालन गरिने छ । |
| **बजेट बाँडफाँट** | तयारी तथा व्यवस्थापन खर्च आदि प्रचलित ऐन नियम निर्देशिका अनुसार विभिन्न खर्च शीर्षकमा बाँडफाँट गरी निर्देशकबाट स्वीकृत गराएर सँचालन गर्ने । |
| **सन्दर्भ सामग्री** | सम्बन्धीत अध्ययन सामग्री, एस वि सी पालिका प्याकेज २०७६ कर्णाली प्रदेश खर्च मापदण्ड |

| | |
|---|---|
| | निर्देशिका २०७५ स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५ |
| **अनुगमन सूचक** | तालिम लिनेको संख्या तथा सम्पन्न प्रतिवेदन । |

## ४. कृयाकलापको नामः भ्यासेक्टोमी (NSV ) तालिम

| | |
|---|---|
| **कृयाकलाप संकेतः २.७.२२.१७५** | **खर्च शीर्षक नं. २२५२२** |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशका जिल्लामा कार्यरत मेडिकल डक्टरको परिवार योजना कार्यक्रममा ज्ञान र सीपको अभिबृद्धि गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | परिवार योजना कार्यक्रममा लक्ष्य र उद्देश्य हासिल गर्नको लागि सरोकारवालाको ज्ञान सीपमा अभिबृद्धि गर्ने । |
| अपेक्षित प्रतिफल | परिवार योजना कार्यक्रममा सेवाको ग्राही सख्यामा उलेख्य बृद्धि भएको हुने छ । |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्र वीरेन्द्रनगर, सुर्खेत |
| सचालन प्रकृया | वार्षिक कार्यक्रम भित्र रही चौमासिक लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक योजना अनुसार कार्यक्रम विनियोजित बजेटको परिधिमा रही लागत अनुमान निर्देशकबाट स्वीकृत गराउनु पर्दछ । गरी सोही ऐन, नियम बमोजिम बजेटको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्रशिक्षक एव सहभागीको छनौट गरी तालिम सँचालन गर्ने । |
| बजेट बाँडफाँट | तयारी तथा व्यवस्थापन खर्च, दै भ्र.भत्ता आदि प्रचलित एन नियम निर्देशिका अनुसार विभिन्न खर्च शीर्षकमा बाँडफाँट गरी निर्देशकबाट स्वीकृत गराएर तालिम केन्द्र बाट सुचिकृत सँस्था सग समन्वय गरी सहभागी तथा स्थान छनौट गरी तालिम सँचालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ र स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५ |
| अनुगमन सूचक | तालिम लिनेको संख्या सम्पन्न प्रतिवेदन । |

## ५. कृयाकलापको नामः दक्ष प्रसुति सेवाकालीन तालिम (SBA )

| | |
|---|---|
| **कृयाकलाप संकेतः २.७.२२.१७७** | **खर्च शीर्षक नं. २२५२२** |

| | |
|---|---|
| परिचय | सुरक्षित प्रसुति सेवाका लागि दक्ष प्रसुति तालिम प्राप्त चिकित्सक तथा नर्सिंग स्टाफको भुमिका महत्वपूर्ण हुन्छ । आमा तथा नवशिशु दुवैको ज्यान जोखिमबाट बचाई मातृ तथा नवशिशु मृत्युदर र रोग दर घटाउन स्टाफनर्स र अ न. मी. लाई दक्ष प्रसूती सेवा तालिमको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुमा आवश्यक ज्ञान सिप तथा धारणाको अभिबृद्धी गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा प्रदान गर्दा गुणस्तरीयता कायम हुनेछ |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्र सुर्खेत |
| संचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही बजेट बाँडफाँट गरी निर्देशक बाट स्वीकृत गर्ने। तालिम साईट सग समन्वय तथा सहभागी छनौट गर्ने र तालिम संचालन गर्ने । |
| बजेट बाँडफाँट | तयारी तथा व्यवस्थापन खर्च बैठक र प्रशिक्षक भत्ता तथा संयोजन खर्च । |

| | |
|---|---|
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५ |
| अनुगमन सूचक | दक्ष प्रसूति  तालिम प्राप्त संख्या तालिम सम्पन्न प्रतिवेदन । |

## ६. कृयाकलापको नामः मध्यमस्तरीय स्वास्थ्य सेवा प्रदायक क्लिनिकल अभ्यास तालिम (MLP)

| **कृयाकलाप संकेतः २.७.२२.१७८** | **खर्च शीर्षक नं. २२५२२** |
|---|---|

| | |
|---|---|
| परिचय | हेल्थ असिस्टेन्ट र अ हे व का लागि तयार गरिएको यो तालिममा क्लिनिकल मेडिसियनको आधारभूत कुराहरु समावेश गरिएको छ । History taking, Physical Examination, मुख्य २० वटा Common Problems, मुख्य १० वटा Procedure, Emergency , Obstetric first Aid, Major Chronic Problem लगायतका विभिन्न समस्याहरु व्यवस्थापन गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | मध्यम स्तरीय स्वास्थ्य सेवा प्रदायकहरुको आवश्यक ज्ञान सीप अभिबृद्धि हुने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि भई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाहमा अभिबृद्धि हुने। |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्र वीरेन्द्रनगर सुर्खेत । |
| सचालन प्रकृया | मापदण्ड अनुसारको सहभागी तथा प्रशिक्षकहरुको व्यवस्थापन गरी कार्यक्रम संचालन तथा नियमानुसार सम्पन्न गर्नुपर्ने छ ।<br>**सहभागी छनौटको मापदण्ड**<br>• प्रदेश सरकार स्थानीय तह मातहत रहेका स्वास्थ्य संस्थामा कार्यरत २ वर्ष सेवा अवधि पुगेका स्थायी पारामेडिक्सहरु ।<br>**प्रशिक्षकको मापदण्ड**<br>• एम एल पी सम्बन्धी तालिमको प्रशिक्षक प्रशिक्षण तालिम PTC TOT प्राप्त स्वास्थ्यकर्मी, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको सूचीमा सुचिकृत प्रशिक्षक र संवन्धित विषय विज्ञलाई यो तालिमको प्रशिक्षकमा सहभागी गराईनेछ ।<br>• कार्यक्रम संयोजक वा कार्यालयले तोकेको कर्मचारीले विनियोजित बजेटको परिधिमा रही खर्चको बाँडफाँट टिप्पणी निर्देशकबाट स्वीकृत गराउनु पर्दछ । हाल यस प्रदेशमा एम एल पी तालिम साइट स्थापना प्रकृयामा रहेको र अन्य प्रदेशमा पूर्वाधार तयार भएका एम एल पी तालिम साइटहरुसंग समन्वय गरी सञ्चालन गर्न सकिनेछ । प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षकहरुमा बाँडफाँट गरी प्रमुखबाट स्वीकृत गराई मात्र तालिम संचालन र खर्च गर्नुपर्नेछ । |
| बजेट बाँडफाँट | तयारी, बैठक तथा व्यवस्थापन खर्च, भ्रमण खर्च, निर्वाह खर्च प्रशिक्षक तथा संयोजन खर्च, तालिम सामग्री खरीद |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५, कर्णाली भ्रमण खर्च नियमावली २०७५, स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५ |
| अनुगमन सूचक | तालिम लिनेको संख्या सम्पन्न प्रतिवेदन । |

## ७. कृयाकलापको नामः कोल्डचेन तथा खोप सम्बन्धी आधारभूत तालिम

| | |
|---|---|
| **कृयाकलाप संकेतः २.७.२२.१७९** | **खर्च शीर्षक नं. २२५२२** |

| | |
|---|---|
| परिचय | विभिन्न स्वस्थ्य सस्थामा कार्यरत खोप सग सम्बन्धित स्वास्थ्यकर्मीलाई कोल्डचेन तथा खोप बारे ज्ञान सीपको अभिवृध्दि गरी सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | खोप कार्यलाई निरन्तर रुपमा प्रभावकारी र गुणस्तरीय रुपमा संचालन गर्न।<br>खोप सँग सँलग्न स्वास्थ्यकर्मीको ज्ञान सीपमा अभिवृध्दि गर्ने । |
| अपेक्षित प्रतिफल | प्रभावकारी रुपमा कार्यक्रम संचालन भइ लक्षित कार्यक्रमको प्रगति हासिल भएको हुने । |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्रसुर्खेत । |
| सचालन प्रकृया | वार्षिक कार्यक्रमभित्र रही चौमासिक लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक योजना अनुसार निर्णय बमोजिम कार्यक्रम विनियोजित बजेटको परिधिमा रही लागत अनुमान निर्देशकबाट स्वीकृत गराउनु पर्दछ । आवश्यक प्रशिक्षक तथा सहभागीको छनौट गरी स्थान र समय तथा सामग्रीहरुको सूचि तयार गरी सचालन गर्ने । |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहि आर्थिक नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७५ कर्णाली भ्रमण खर्च नियमावली २०७५ स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५ |
| अनुगमन सूचक | तालिम लिनेको संख्या सम्पन्न प्रतिवेदन । |

## ८. कृयाकलापको नामः किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य तालिम (ASRH)

| | |
|---|---|
| **कृयाकलाप संकेतः २ ७ २२ ३२१** | **खर्च शीर्षक नं० २२५२२** |

| | |
|---|---|
| परिचय | किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदायक स्वास्थ्यकर्मीहरुलाई सेवा सम्बन्धी ज्ञान धारणा र सीप मा अभिवृध्दि गरी सेवा ग्राहीलाई गुणस्तरीय किशोरकिशोरी मैत्री सेवा तथा परामर्श प्रदान गर्नका लागि यो तालिम सञ्चालन गरीन्छ । |
| उद्देश्य | स्वास्थ्य सस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुमा आवश्यक ज्ञान सीप तथा धारणाको अभिबृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवा प्रदान गर्दा गर्दा गुणस्तरीयता कायम हुने । |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्र, सुर्खेत । |
| सचालन प्रकृया | वार्षिक कार्यक्रम भित्र रही चौमासिक लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक योजना अनुसार कार्यक्रम विनियोजित बजेटको परिधिमा रही लागत अनुमान निर्देशकबाट स्वीकृत गराउनु पर्दछ । गरी सोही ऐन, नियम बमोजिम बजेटको अधिनमा रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्रशिक्षक एव सहभागीको छनौट गरी तालिम सँचालन गर्ने । |
| बजेट बाँडफाँट | तयारी तथा व्वस्थापन बैठक |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५ |
| अनुगमन सूचक | तालिम लिनेको संख्या सम्पन्न प्रतिवेदन । |

## ९. कृयाकलापको नाम –संक्रमण रोकथाम तथा स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापन तालिम

| | |
|---|---|
| **कृयाकलाप संकेतः २.७.२२.४०२** | **खर्च शीर्षक नं. २२५२२** |

| | |
|---|---|
| परिचय | स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरु सेवाग्राही सरसफाईकर्मी र वातावरणलाई सुरक्षित राख्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न यो तालिम राखिएको हो। यस तालिममा सम्बन्धित प्रशिक्षक बाट स्वास्थ्यकर्मीलाई समग्र संक्रमण रोकथाम बारे तथा आवश्यक ज्ञान तथा सीप प्रदान गरीन्छ । |
| उद्देश्य | स्वास्थ्यकर्मीलाई प्रभावकारी र सुरक्षित संक्रमण रोकथाम सम्बन्धी व्यवहार बारे ज्ञान सीप प्रदान गर्ने। |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीलाई प्रभावकारी र सुरक्षित संक्रमण रोकथाम सम्बन्धी व्यवहार बारे ज्ञान सीप ज्ञान हाँसिल भई सेवा प्रवाहमा सहजता आएको हुने। |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्र वीरेन्द्रनगर, सुर्खेत । |
| संचालन प्रकृया | विनियोजित बजेटको परिधिमा रही खर्चको बाँडफाँट गरी सरोकारवालाहरुको सहभागीतामा मापदण्ड अनुसारको सहभागी तथा प्रशिक्षकको व्यवस्थापन गरी पाठ्यक्रम तथा तालिम प्याकेज विकास गरी कार्यक्रम सचालन सम्पन्न गर्नुपर्ने छ । |
| बजेट बाँडफाँट | प्रचलित एन नियम अनुसार विनियोजित बजेट रकमका लागि विभिन्न खर्च शीर्षकहरमा बाँडफाँट गरी तालिम सँचालन र खर्च गर्नुपर्नेछ । |
| **सन्दर्भ सामग्री** | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ |
| **अनुगमन सूचक** | तालिम लिनेको संख्या प्रतिवेदन |

## १०.कृयाकलापको नामः जलवायु परिवर्तन र स्वास्थ्यमा प्रभाव सम्बन्धी सेवा प्रदायकका लागि तालिम

| | |
|---|---|
| **कृयाकलाप संकेतः २.७.२२.४०३** | **खर्च शीर्षक नं. २२५२२** |

| | |
|---|---|
| परिचय | जलवायु दिनहुँ परिवर्तन भईरहेको छ जुन कुरा नेपाल लगायत विश्वका धेरै देशहरुमा विभिन्न स्वरुपमा देखिएको छ । जलवायु परिवर्तनले स्थानीय स्तरमा स्वास्थ्य सम्बन्धी संचालन भईरहेका कार्यक्रमहरुमा पर्न जाने असर सम्बन्धी जनस्तरबाट नै प्रकृया अपनाई यसका लागि अनुकूलता र विभिन्न किसिमका न्यूनीकरणका उपायहरु प्रयोजनमा ल्याउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | समुदायस्तरमा रहेका स्वास्थ्य सेवा प्रदायक तथा अन्य सम्बन्धित व्यक्तिहरुलाई जलवायु परिवर्तन र स्वास्थ्य प्रभावको आधारभूत तत्वको विषयमा ज्ञान दिई जलवायु परिवर्तनको प्रभावलाई कम गराउनु । |
| अपेक्षित प्रतिफल | जलवायु परिवर्तन संवदनशील रोगहरु पत्ता लाग्ने स्वास्थ्यको आवश्यकता न्यूनीकरण कृयाकलापहरु अनुकूलन रणनीतिहरु र तिनिहरुलाई स्वास्थ्य सेवाको नेतृत्वमा विभिन्न स्वास्थ्य योजना र कृयाकलाप समावेश हुने । |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्र वीरेन्द्रनगर, सुर्खेत। |
| सचालन प्रकृया | बार्षिक बजेटको परिधिभित्र रही कार्य योजना बनाई तालिम प्याकेज अनुसार सहभागी छनौट गरी कार्यक्रम संचालन गर्ने । |
| बजेट बाँडफाँट | प्रचलित ऐन, नियम, निर्देशिका अनुसार विनियोजित बजेट रकम खर्च गर्नका लागि बिभिन्न खर्च शीर्षक जस्तै दैभ्रभ, कक्षा सचालन प्रशिक्षक भत्ता, शैक्षिक सामग्री, हेन्डआउट, खाजा तथा |

| | |
|---|---|
| | स्थानीयलाई यातायात तथा भत्ता आदिमा बाँडफाँड गरी प्रमुखबाट स्वीकृत गराई मात्र तालिम संचालन  र खर्च गर्नुपर्नेछ । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५, स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका २०७५ जलवायु परिवर्तन र स्वास्थ्यमा प्रभाव सम्बन्धी सन्दर्भ पुस्तका । |
| अनुगमन सूचक | तालिम लिनेको संख्या, सम्पन्न प्रतिवेदन । |

## ११. कृयाकलापको नाम  स्वास्थ्य तालिम आवश्यकता पहिचान सम्बन्धी अन्तरकृया कार्यक्रम

| कृयाकलाप संकेतः २.७.२२.४०५ | खर्च शीर्षक नं. २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | तालिम आवश्यकता पहिचानले  कार्यसंम्पादन गर्न चाहिने क्षमता  तथा व्यक्तिमा भएको वास्तविक क्षमताबीचको अन्तर पत्ता लगाउने गर्दछ। तसर्थ व्यवस्थित  तालिम योजना तथा कार्यन्वयन गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य तालिम आवश्यकता पहिचान सम्बन्धी ज्ञान सीपको अभिवृदि गरी TNA गर्न सक्ने बनाउने। |
| अपेक्षित प्रतिफल | तालिम आवश्यकता पहिचान गर्ने  वैज्ञानिक विधि सम्बन्धी ज्ञान सीपको  अभिवृदि भई प्रभावकारी रुपमा कार्यक्रम संचालन भई व्यहारमा प्रयोग भएको हुने छ । |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्रसुर्खेत । |
| सचालन प्रकृया | वार्षिक कार्यक्रमभित्र रही चौमासिक लक्ष्यको आधारमा तयार भई स्वीकृत भएको वार्षिक  कार्य योजना अनुसार  कार्यक्रम संचालन गर्नु पर्दछ |
| बजेट बाँडफाँट | सहजकर्ता भत्ता दै भ्रभत्ता खर्च यातायात स्टेशनरी खाजा खर्च । |
| सन्दर्भ सामग्री | अध्ययन सामग्री जिल्ला स्वास्थ्य प्रशिक्षक सीप विकास कार्यक्रम। टिएनए डिस्कशन नोट स्टाफ कलेज जाउलाखेल । |
| अनुगमन सूचक | तालिम  लिनेको संख्या, संम्पन्न प्रतिवेदन । |

## १२. कृयाकलापको नामः   स्वास्थ्य तालिम सामग्री खरिद

| कृयाकलाप संकेतः २.७.२२.४०६ | खर्च शीर्षक नं. २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | स्वास्थ्य तालिमको गुणस्तरीयता कायम गर्न प्रशिक्षार्थीको आवश्यक ज्ञान सीप र क्षमता विकास गर्न तालिमको लागि सामग्री खरिद कार्यक्रम राखिएको छ |
| उद्देश्य | स्वास्थ्य तालिमलाई प्रभावकरी  ढंगले  संचालन गर्ने । |
| अपेक्षित प्रतिफल | तालिमको गुणस्तरीयता कायम भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | श्री मानव संसाधन विकास केन्द्र वीरेन्द्रनगर, सुर्खेत |
| सचालन प्रकृया | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ तथा प्रचलित ऐन नियम तथा निर्देशिका बमोजम साथै कार्यदल समितको निर्णय बमोजिम हुनेछ । |
| बजेट बाँडफाँट | सार्वजनिक खरिद एन २०६३ नियमावली २०६४ संशोधित संचालन गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ । |
| अनुगमन सूचक | जिन्सी दाखिला प्रतिवेदन |

## १३. कृयाकलापको नामः मानसिक स्वस्थ्य सम्बन्धी सचेतना कार्यक्रम

| कृयाकलाप संकेतः २.७.२२.४१० | खर्च शीर्षक नं. २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | जीवनशैली खानपान मानसिक असन्तुलन आदि आजको विश्वमा नसर्ने रोगको मुख्य कारण रहेका छन्। विश्व व्यापी रुपमा महामारीको रुपमा फैलिएको कोभिड १९ का कारण मानसिक समस्या ह्वात्तै बढेको सन्दर्भमा न्यूनीकरण को लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्थानीय तहमा कार्यरत स्वास्थ्य कर्मी शिक्षक स्थानीय नेतृत्वलाई मनोवैज्ञानिक प्रथामिक उपचार एवँ मनोसामाजिक परामर्श सम्बन्धी ज्ञान धारणा र सीपको अभिवृध्दि गर्ने । |
| अपेक्षित प्रतिफल | नसर्ने रोगको बारेमा जनचेतना बृद्धि हुने र मानसिक समस्याबाट ग्रसितको सख्यामा कमी आएको हुने छ । |
| कार्यान्वयन गर्ने निकाय | मानव संसाधन विकास केन्द्रवीरेन्द्रनगर, सुर्खेत। |
| सचालन प्रकृया | वार्षिक बजेटको परिधिभित्र रही कार्यक्रम स्वीकृत गरी स्थानीय तह सग समन्वय तथा मापदण्ड बमोजिम का प्रशिक्षक र सहभागी स्थान र समय छनौट तथा तालिम प्याकेज निर्माण गरी अभिमुखिकरण तालिम सँचालन गर्न सकिने छ । |
| बजेट बाँडफाँट | बजेटको परिधिभित्र रहेर आर्थिक नियमानुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | मानसिक स्वास्थ्य सम्बन्धी आधारभूत तालिम पुस्तिका |
| अनुगमन सूचक | तालिम प्राप्त संख्या संम्पन्न प्रतिवेदन । |

## १४. कृयाकलापको नामः विभिन्न दिवस मनाउने (स्वास्थ्य शिक्षा सीप तथा निजामती)

| कृयाकलाप संकेतः २.७.२५.१७२ | खर्च शीर्षक नं. २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | महत्वपूर्ण दिवस मार्फत जनचेतना समुदायस्तर सम्म फैलाई सकारात्मक सोचको विकास गरी स्वास्थ्य प्रवर्दन गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य शिक्षाको महत्व जनस्तर सम्म पुर्याई जनचेतना जनचेतना अभिवृदि गर्ने। |
| अपेक्षित प्रतिफल | व्यवहारमा परिवर्तन भई जीवनशैलीमा सकारात्मक सोचको विकास हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | श्री मानव संसाधन विकास केन्द्र वीरेन्द्रनगर, सुर्खेत |
| सचालन प्रकृया | दिवस मनाउनुपूर्व आवश्यकता अनुसार बैठक वसी संचालन योजना बनाई विभिन्न सचेतनामूलक कृयाकलापहरु संचालन गर्ने । |
| बजेट बाँडफाँट | दिवस संचालनको लागि स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिने छ । |
| सन्दर्भ सामग्री | विभिन्न नाराहरु पोष्टर पम्पलेट |
| अनुगमन सूचक | दस्तावेजहरु सहभागीको विवरण बैठका निर्णयहरु। |

## १५. कृयाकलापकको नामः विद्यालय नर्सको लागि किशोर किशोरी स्वास्थ्य तथा किशोर किशोरीको मानसिक स्वास्थ्य वारेमा तालिम (दुई व्याच)

| कृयाकलाप संकेत नं. २.७.२२.३२१ | खर्च शीर्षक २२५२२ |
|---|---|

| | |
|---|---|
| परिचय | किशोर किशोरी मानसिक स्वास्थ्यका सन्दर्भमा स्वास्थ्यकर्मीको भुमिका अत्यन्तै महत्वपूर्ण हुनाले स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धि आवश्यक देखिन्छ । कणर्ाली प्रदेशका जिल्लाहरुमा मानसिक स्वास्थ्य तथा किशोर किशोरी स्वास्थ्यको अवस्था कमजोर देखिनु का साथै स्वास्थ्यकर्मीमा समेत ज्ञान तथा क्षमता बृद्धिको लागि यस्ता तलिम वान्छनिय देखिन्छ । |
| उद्देश्य | स्वास्थ्यकर्मीहरुमा किशोर किशोरी मानसिक स्वास्थ्य सन्दर्भमा क्षमता अभिबृद्धि गरिनेछ । |
| अपेक्षित प्रतिफल | स्वास्थ्यकर्मीहरुले किशोर किशोरीहरुको मानसिक स्वास्थ्य सन्दर्भमा ज्ञान तथा सीप हासिल गरी ग्रामीण भेगमा समेत मानसिक स्वास्थ्य सेवा प्रदान गरिने छ । |
| कार्यन्वयन गर्ने निकाय/कार्यालय | मानव संसाधन विकास केन्द्र |
| संचालन प्रकृया | मानव संसाधन विकास केन्द्रवाट बजेट बाँडफाँट गरी सामाजिक विकास मन्त्रालय मार्फत स्वीकृत गराई युनिसेफ नेपालमा रकम माग गरी कार्यक्रम संचालन गर्नुपर्ने छ । यस्तो तालिम मानव संसाधन विकास केन्द्रले उपयुक्त देखिएको स्थानमा गर्न सकिने छ । |
| संचालन गर्ने अवधि र अनुमानित मिति | आर्थिक वर्षभित्र तथा युनिसेफ नेपालवाट रकम प्राप्त भएको मितिले ६ महिना भित्र । |
| बजेट बाँडफाँट | विस्तृत कार्यक्रम वनाई सामाजिक विकास मन्त्रालयवाट स्वीकृत गराई गर्नुपर्ने छ । |
| सन्दर्भ सामग्री | मानसिक स्वास्थ्य नीति, जनस्वास्थ्य ऐन, स्वास्थ्य नीति, सार्वजनिक खरिद ऐन, कर्णाली खर्च मापदण्ड |
| अनुगमन सूचक | तालिम सञ्चालन सम्पन्न प्रतिवेदन |

## (ङ) प्रदेश आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्रहरूका कृयाकलापहरू

### १. कृयाकलापको नामः गाँउघर/शहरी क्लीनिक संचालन तथा नसर्ने रोग ब्यवस्थापन कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४०१, २.७.२२.१ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका नागरिकलाई नसर्ने रोगका बारेमा जनचेतना दिने तथा आयुर्बेद चिकित्सा सेवा उपलब्ध गराउन यो कार्यक्रम शुरु गरिएको हो। |
| उद्देश्य | स्वास्थ्य संस्थाको पहुचबाट टाढा रहेका जनतालाई प्रत्यक्ष स्वास्थ्य सेवा उपलब्ध गराउने। |
| अपेक्षित प्रतिफल | रोग न्युनिकरण तथा नसर्ने रोगको ब्यबस्थापन गर्न सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • गाँउघर क्लिनिक तथा नसर्ने रोग ब्यबस्थापनका लागि छुट्याइएको बजेटको परीधीभित्र रही ६० प्रतिशत औषधि खरीद र बाँकी ४० प्रतिशत अन्य ब्यबस्थापन तथा संचालन खर्च गर्नुपर्नेछ ।<br>• सम्बन्धित कार्यक्रम निर्देशिका तथा मापदण्ड अनुसार कार्यक्रम संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आबश्यक औषधी खरिद,भ्रमण खर्च तथा अन्य ब्यबस्थापन |
| सन्दर्भ सामग्री | सम्बन्धित निर्देशिका,मापदण्ड ,कार्यबिधि आदि |
| अनुगमनसूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन,भ्रमण(बिल,भर्पाई,प्रतिवेदन)औषधि खरीद आदेश, दाखीला रीर्पेट,बिरामी बिवरण |

### २. कृयाकलापको नामः स्तनपायी आमाको लागि निशुल्क दुग्धबर्धक औषधी वितरण

| | |
|---|---|
| कृयाकलापसंकेतः २.६.५.६८ | खर्चीशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रयाप्त दुध नआउने समस्या भएका स्तनपायी आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धबर्धकऔषधी खरिद गरी बितरण गर्ने हेतुले यो कार्यक्रम शुरु गरिएको हो । |
| उद्वेश्य | प्रयाप्त दुध नआउने समस्या भएका स्तनपान गराइरहेका आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धबर्धक औषधीको प्रयोग गरी भबिश्यमा हुन सक्ने कुपोषण जन्य रोगबाट बचाउने । |
| अपेक्षित प्रतिफल | स्तनपान गराइरहेका आमाहरु र बच्चाहरुको शारिरीक तथा मानसिक रुपमा स्वस्थ्य हुनेछन्। |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सचालन प्रकृया | आयुर्वेद कार्यलयहरू / स्वास्थ्य संस्थामा आउने स्नपायी आमालाई प्रत्येक १५ दिनको पुनरावृतमा दुग्दबर्धक निशुल्क औषधी बितरण गर्ने (प्रत्येक स्नपायी आमालाई ३-६ महिना सम्म, सुत्केरी भएको ६ महिना भित्रका महिलाहरु मात्र)आबश्यकता अनुसार जिल्लामा रहेका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टरहरु सँग समन्वयन गरी सो मार्फत बितरण गर्न सकिनेछ । |
| संचालन गर्ने अबधि | निरन्तर |
| बजेट बाँडफाँट | दुग्दबर्धक औषधी खरिद तथा अन्य ब्यबस्थापन खर्च |

| | |
|---|---|
| सन्दर्भ सामग्री | निर्देशिका,मापदण्ड ,कार्यबिधि आदि |
| अनुगमन सूचक | दुग्दबर्धक औषधि वितरण रेकर्ड |

### ३. कृयाकलापको नाम पुर्वकर्म/पंचकर्म तथा योग सेवा विस्तार कार्यक्रम

| | |
|---|---|
| कृयाकलापसंकेतः २.७.२२.२ | खर्चशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | पुर्वकर्म पंचकर्म र योगकार्यक्रमका माध्यमबाट आयुर्बेद संस्थाहरुमा आउने सेवाग्राहीहरुको स्वास्थ्य प्रबर्धन गर्न यो कार्यक्रम शुरु भएको हो । |
| उद्देश्य | आयुर्बेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरुको जाँच गरी योग र पुर्वकर्म/पचकर्मको माध्यमबाट स्वास्थ्य संरक्षण प्रबर्धन आबश्यक उपचारका साथै परामर्श दिने । |
| अपेक्षित प्रतिफल | यस सेवाबाट बिरामीहरु तथा सेवाग्राहीहरुको स्वास्थ्य संरक्षण,प्रबर्धन र पुर्नस्थापनमा सघाउ पुगी पुर्वकर्म/पंचकर्म तथा योग सेवाहरूको विस्तार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | कार्यक्रम संचालन गर्दा<br>• पूर्वकर्म,पंचकर्ममा प्रयोग हुने मुख्य औषधीहरू खरीद गर्ने ।<br>• यो कार्यक्रम हप्ताको ६ दिन नै संचालन हुनेछ ।<br>• स्वेदन,कर्मको लागि अनुसुचि २ मा तोकिएका द्रव्यहरूलाई रोग अनुसार प्रयोग गर्ने ।<br>• बजेटको परीधी भित्ररही पंचकर्म अन्तर्गत पुर्वकर्मको रुपमा स्नेहन, स्वेदन, शिरोधारा, कटीबस्ती ,ग्रीवाबस्ती, नस्य र योग कार्यक्रम संचालनगर्न आवश्यक सामग्री समेत खरिद गर्ने ।<br>• सेवाग्राहीलाई सेवा दिएको बिवरण अनुसुची भरी राख्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेटबाँडफाँट | पुर्वकर्म पंचकर्म र योगकार्यक्रम संचालनका लागि आबश्यक औषधी,तेल र उपकरणहरु तथा अन्य सामग्रीहरु खरिद गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | बिरामीको तथ्याङ्क, दाखीला प्रतिवेदन |

### ४. कृयाकलापको नाम आयुर्वेद तथा योग सम्बन्धी निशुल्क स्वास्थ्य शिबिर संचालन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४, २.७.२२.३०९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्न आवश्यक ठानी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुँच नपुगेका स्थानहरूमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्सा सम्बन्धी सचेतना अभिबृद्धि भै स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू छनोट गरी आबश्यकता अनुसार नजिकको आयुर्वेद औषधालयहरूसँग समन्वयन गरी सम्भव भएसम्म विशेषज्ञ चिकित्सक समेत परिचालन गर्नेगरी तोकिएको कार्ययोजना अनुसार योग तथा आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने ।<br>• नियमानुसार अनुसुची अनुसार हुने गरी दै.भ्र.भ.,सहजकर्ता भत्ता, खाजा, स्टेसनरी तथा बिबिध आदि।<br>• अभियान सञ्चालनका लागि दै.भ्र.भत्तामा दोहोरोपना नपर्ने गरी विशेषज्ञ चिकित्सकलाई खटिएको दिनको दैनिक रू. ५००० र चिकित्सकलाई रू. २५०० पारिश्रमिक वापत भुक्तानी गरिनेछ ।<br>• शिबिर विहान देखि साझसम्म सञ्चालन हुने भएकाले अभियानका खटिनेहरूका लागि खाजा, खाना वापत प्रतिव्यक्ति रू. ५०० सम्म खर्च गर्न सकिनेछ ।<br>• यातायात तथा ढुवानीका लागि गाडी भाडामा लिई परिचालन गरिनेछ ।<br>• आवश्यकतानुसार औषधी तथा जनशक्ति र स्वास्थ्य सामग्री आदि<br><br>प्राथमिकताः आयुर्वेद सेवाको पहुँच नपुगेका स्थानहरू ।<br>लक्षित समूहः सेवाग्राही र आम नागरिकहरू ।<br>स्थानः तोकिए बमोजिम |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | आबश्यक औषधी खरिद, प्रचार, प्रसार, भ्रमण खर्च तथा अन्य ब्यबस्थापन |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५, कर्णाली भ्रमण खर्च नियमावली २०७५, आदि |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, खरीद आदेश औषधिको दाखीला, बिरामी तथ्याङ्क आदि |

## ५. कृयाकलापको नामः जेष्ठ नागरिक स्वास्थ्य प्रर्वधन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.६ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | जेष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रुपमा सेवा लिन आउने जेष्ठनागरिकको निशुल्क जाँच गरी स्वास्थ्य प्रबर्धन गर्ने रसायन एवं शक्तिवर्धक औषधी निशुल्क वितरण गरी जेष्ठ नागरिकको स्वास्थ्य रक्षा गर्न यो कार्यक्रम शुरु गरिएको हो । |
| उद्देश्य | जेष्ठ नागिरकलाई आबश्यकता अनुसार पुर्वकर्म/पंचकर्म रसायन योगको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रबर्धन उचित परामर्श गरी स्वास्थ्यमा पहुँच विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | जेष्ठ नागरिकमा स्वास्थ्य प्रवर्धन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सचालन प्रकृया | आयुर्बेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीहरु तथा समुदायमा स्वास्थ्य सेवाबाट बञ्चित आर्थिक रुपले बिपन्न वर्गका जेष्ठनागरिकहरुका लागि काम गरीरहेका स्थानीय संघ संस्थाहरु बृध्दाश्रम, योग केन्द्रहरुको समन्वयमा तिनीहरुको पहिचान गरी |

| | |
|---|---|
| | नियमित रुपमा स्वास्थ्य जाँच गर्ने तथा औषधीको व्यबस्था मिलाउने ।<br>आचार रसायन आहार-बिहार व्यायाम योग विधीलाई विशेष ध्यान पुर्याउनु पर्नेछ । |
| संचालन गर्ने अबधि | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | रसायन एवं शक्तिवर्धक आयुर्बेद औषधीहरु खरिद, वातसामक तेल खरिद, तथा अन्य व्यवस्थापन खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | खरीद आदेश, दाखिला रिपोर्ट ,सेवाग्राही सख्या |

## ६. कृयाकलापको नामः अत्यावश्यक आयुर्वेद औषधि खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः७.२.९.२ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न अत्यावश्यक आयुर्वेद औषधीहरू खरिदको कृयाकलाप राखिएको हो । |
| उद्देश्य | रोगहरुको प्राथमिकता अनुसार आवश्यक हुने औषधि खरिद गर्ने । |
| अपेक्षित प्रतिफल | आबश्यक आयुर्वेद खरीद र आपूर्ति भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • औषधिको प्राथमिकता निर्धारण गरी आयुर्वेदिक आौषधि खरिद गर्दा अनुसूचि ४ अनुसारका निःशुल्क बितरण गरिने अत्याबश्यक आयुर्वेद आौषधिहरूको मिति २०७४।७।२३ को स्वीकृति सूचि (२३ वटा ) लगायत अन्य आबश्यक आयुर्वेद औषधिहरू खरीद गर्ने ।<br>• गुणस्तरयुत्त औषधिहरू मापदण्ड पूर्याइ खरीद गर्ने ।<br>लक्षित समूहः सेवाग्राहीहरू । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | खरीद, वितरण र फुटकर खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५,सार्वजनिक खरीद ऐन २०६३,खरीद नियमावली<br>निर्देशिका, कार्यविधि, मापदण्डहरु |
| अनुगमन सूचक | खरिद आदेश, दाखिला रिपोर्ट आदि। |

## ७. कृयाकलापको नामः राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति, राष्ट्रिय/अन्तरष्ट्रिय योग दिवस मनाउने

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२९.५,२.७.२२.४१६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कार्तिक महिनामा राष्टिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति/ माघ महिनामा राष्ट्रिय योग दिवश/असार महिनामा अन्त राष्ट्रिय योग दिवश मनाउने प्रयोजनका लागि यो कार्यक्रम राखिएको हो । |

| | |
|---|---|
| उद्देश्य | आयुर्वेद तथा योग पद्धतिको सरक्षण तथा स्मरण गर्दै यसको प्रचार प्रसार गर्ने । |
| अपेक्षित प्रतिफल | योगाभ्यासबाट हुने लाभका विषयमा जनचेतना अभिबृदि हुनेछ । नसर्ने रोगको न्यूनिकरणमा सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सचालन प्रकृया | • धन्वन्तरी जयन्तिका दिन स्वास्थ्य सम्बन्धी बिभिन्न जनचेतनामूलक कृयाकलाप सहित आरोग्य दिवश मनाउने ।<br>• प्रत्यक वर्ष माघ १ गते र June 21 मा चिकित्सकीय येगाभ्यास therapeutic yoga सहित सर्वसाधारणको उल्लेख्य सहभागिता हुन सक्ने स्थान छनोट गरी क्रमस राष्टिय योग दिवश र अन्त राष्ट्रिय यो ग दिवश विविध कृयाकलाप सहित अभियानका रुपमा मनाउने ।<br>• योग र आयुर्वेदको महत्व वारे प्रचार प्रसार गर्ने ।<br>प्रगति विवरण संघिय आयुर्वेद तथा बैकल्पिक विभागमा पठाउने । |
| संचालन गर्ने अबधि | तोकिएको मिति अनुसार |
| बजेट बाँडफाँट | आबश्यकता अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ८. कृयाकलापको नामः स्वास्थ्य जीवन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | जीवनशैली परीवर्तनका लागि योग ध्यान प्राणायाम स्थानीय स्वास्थ्य प्रर्वधन जडीवुटीको प्रयोग गर्न तथा स्वास्थ्य प्रर्वधन र गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | चिकित्सा सम्बन्धी योगको अभ्यास तथा चिकित्सकीय सेवा दिने र जनताहरुलाई नसर्ने प्रकारका रोगहरु र तिनको रोकथामको बारेमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीमा मानसिक तथा शारीरीक थकान,तनाव व्यवस्थापन भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • सेवाग्राहीको समस्या अनुसार योग शिक्षा तथा योगअभ्यास गराउने रोगानुसारको औषधि तथा आहार विहार सम्वन्धी जानकारी दिने ।<br>• योग अभ्यास पस्चात शिलाजीत, अमृत चिया, तथा स्वास्थयवर्धक रसायन दिने<br>• विरामीलाई आवश्यकतानुसार पूर्वकर्म पँचकर्म गराउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | औषधी खरिद तथा अन्य सँचालन खर्च, योग प्रशिक्षक भत्ता सहयोगी भत्ता तथा अन्य खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका, मापदण्ड ,कार्यबिधि आदि |
| अनुगमन सूचक | दाखीला रीर्पोट,कार्यक्रम प्रतिवेदन |

## ९. कृयाकलापको नामः क्षारसुत्र सेवा तथा सामान्य शल्यक्रिया सेवा संचालन तथा व्यावस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२९.८ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | पाइल्स, फिसर, फिष्टुला एवं अन्य गुदद्वार सम्बन्धी रोग को पहिचान गरी आवश्यकतानुसार शल्यक्रिया गर्न यो कार्यक्रम राखिएको हो। |
| उद्देश्य | पाइल्स, फिसर तथा फिष्टुला एवं अन्य गुदद्वार सम्बन्धी रोगको प्रभावकारी उपचार गर्ने। |
| अपेक्षित प्रतिफल | गुदविकार सम्बन्धी बिरामीले प्रभाबकारी उपचार पाउनेछन्त्र पाइल्स,फिसर,फिष्टुलारोगको सामान्य शल्यकृया सम्पन्न भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय /निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका  आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • बिरामीको छनोट गरी आबश्यकतानुसार शल्यक्रिया तथा क्षारशुत्र सेवा प्रदान गर्नेको लागि आवश्यक कृयाकलाप संचालन गर्ने। |
| सञ्चालनगर्ने अवधि र अनुमानित मिति | वार्षिक स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | बजेटको परिधि भित्र रही कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ अनुसार खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | निर्देशिका, कार्यविधि ,मापदण्डहरु |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन,बिरामी बिवरण आदि |

## १०. कृयाकलापको नामः रुरल फार्मेसी औषधी निर्माण वितरण व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२८ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने कच्चा पदार्थहरुबाट औषधी निर्माण गरी जिल्ला भित्रका आयुर्बेद संस्थाहरुमा तथा आयुर्वेद सेवा सँचालन भएका प्राथमीक स्वस्थ्य केन्द्रमा आयुर्बेदिक औषधी आपुर्ती गर्न यो कार्यक्रमको ब्यवस्था  गरिएको छ । |
| उद्देश्य | रुरल फार्मेसीबाट औषधी निर्माण भइ आयुर्वेद कार्यलयहरूमा व्यवस्थीत रूपमा वितरण गर्ने । |
| अपेक्षित प्रतिफल | सुरक्षित प्रभावकारी गुणस्तरीय आयुर्बेद औषधीहरु निशुल्क रुपमा जनताले पाउने छन् । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका  आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • कच्चापदार्थ खरिद गरी औषधालयको रुरल फार्मेसिमा औषधी निर्माण तथा औषधी आपुर्तिगर्ने । स्थानीय स्तरमा उपलब्ध आयुर्वेदीक जडिबुटीलाई प्रथमिकता दिइ औषधि निमार्ण गर्नुपर्नेछ ।<br>• स्थानीय स्तरमा पाउने जडिबुटीहरुको बढीभन्दा बढी सदुपयोग गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेटबाँडफाँट | आबश्यक मेशीन, जडिबुटी तेल कच्चा पदार्थ खरिद, आबश्यक प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, ढुवानी, भ्रमण खर्च, मर्मत तथा अन्य संचालन खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यविधि आदि |

| | |
|---|---|
| अनुगमन सूचक | दाखीला प्रतिवेदन,हस्तान्तरण फारम, |

## ११. कृयाकलापको नामः प्रयोगशालाको लागि केमिकल औजार उपकरण सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४४ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रयोगशालामा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न भौतिक पूर्वाधार का साथै स्वास्थ्य सम्बन्धी उपकरण आवश्यकता पर्ने भएको हुदाँ स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय प्रयोगशाला सेवा उपलव्ध गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय प्रयोगशाला सेवाका साथै सेवा बिस्तार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | प्रयोगशालालाई आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी उपकरणको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । साथै गत आ.व. मा संचालन भएको ल्याब सेवा कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँड | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संशोधित) । |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन ,कार्यक्रम सम्पन्न प्रतिवेदन |

## १२. कृयाकलापको नामः विद्यालय आयुर्वेद योग शिक्षा कार्यक्रम

| | |
|---|---|
| कृयाकलापसंकेतः २.७.२२.१७ | खर्चशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | आयुर्वेद योग शिक्षाका बिभिन्न कृयाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्बेद योग शिक्षा कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विध्यार्थी र घर परिवारमा योग गर्न प्रोत्साहन गर्ने ।तथा स्थानीय जडिबुटीको पहिचान ,प्रयोग तथा संरक्षण गर्ने । |
| अपेक्षित प्रतिफल | स्वस्थ जीवनशैली, योग तथा आयुर्वेद सम्बन्धी सचेतना प्राप्त गरेको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • आयुर्वेद,योग शिक्षा तथा जीवनशैली व्यवस्थापनमा तोकिएको विषयवस्तुमा आधारित रही कक्षा संचालन गर्ने<br>• एउटा बिद्यालयमा कम्तिमा २ वटासम्म योगको र आयुर्वेदको बारेमा कक्षा संचालन र अभ्यास गराउने । |
| सञ्चालनगर्ने अवधि र | स्वीकृत कार्ययोजना अनुसार । |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि यातायात खर्च, स्टेशनरी, शैक्षिक सामग्री, दैनिक भ्रमण खर्च, विविध खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन, उपस्थिति, भ्रमण बिल, भर्पाई आदि |

## १३. कृयाकलापको नामः आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सूचना सामग्री प्रकाशन प्रसारण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२९.९ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगीता बारे जानकारी गराउन तथा योगको बारेमा जानकारी दिने श्रब्यदृष्य तथा छापा सामग्री तयार पारी आयुर्वेद सम्बन्धी सचेतना जगाउन यो कार्यक्रम परिकल्पना गरिएको हो । |
| उद्देश्य | आयुर्वेद विषय समेटिएको सन्देश उत्पादन र प्रशारण तथा प्रकाशन गर्ने । |
| अपेक्षित प्रतिफल | जनसमुदायमा आयुर्वेद सेवाको बारेमा जानकारी भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • आयुर्वेद विषय समेटिएको सामग्री उत्पादन गर्ने ।<br>• विभिन्न विधुतीय एवं छापा माध्पमबाट प्रसारण तथा प्रकाशन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | वार्षिक कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम लागत अनुमान तयार गरी आदि सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराइ खर्च गर्ने गराउने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५<br>निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | सूचना प्रसारण, दाखिला, आदि |

## १४. कृयाकलापको नामः आयुर्वेद संस्थाहरुबाट वातसामक तेल वितरण कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२९.१, २.७.२२.१९४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | जीर्ण बातरोगका विरामी,जेष्ठनागरिक तथा दुर्बल बिरामीलाई अभ्यङ्ग मार्फत बात रोगलाई न्युनीकरण गर्न यो कार्यक्रम संचालन गरिएको हो । |
| उद्देश्य | बातरोग तथा बेदना शमन गरी बिरामीको स्वास्थ्य रक्षा गर्न । |
| अपेक्षित प्रतिफल | बातरोग तथा बेदनाजन्य रोगको न्युनिकरण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/ निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • बातरोगी तथा जेष्ठनागरिकको छनौट गर्ने।<br>• बातसामक तेल निर्माण तथा खरिद गरी आवश्यकतानुसार बितरण गर्ने |

| | |
|---|---|
| | • उपयुक्त ढाँचामा तथ्याङ्क ब्यवस्थापन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | वार्षिक कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | बातसामक कच्चा पदार्थ खरिद, तेल खरिद तथा ब्यवस्थापन खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमनसूचक | दाखीला प्रतिवेदन, तेल वितरण गरिएको सुचि आदि |

## १५. कृयाकलापको नामः महिला स्वयंसेविकहरुलाई आयुर्वेद तथा जडीवुटीहरु सम्बन्धी अभिमुखिकरण कार्यक्रम

| | |
|---|---|
| कृयाकलापसंकेतः २.७.२९.४ | खर्चीशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | महिला स्वयंसेविकहरुलाई आयुर्वेद तथा जडीवुटीहरु सम्बन्धी जानकारी दिइ स्वयंसेविकाको माध्यमबाट स्थानीय जनतालाई जडिबुटीको परिचय,प्रयोग,महत्व बारे जानकारी दिन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जडिबुटीको परिचय, प्रयोग र महत्वबारे जानकारी दिने । |
| अपेक्षित प्रतिफल | जडिबुटीको संरक्षण एवं प्रबर्धन गर्नमा मद्दत पुगेको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • बिभिन्न पालिकासंग समन्वय गरी महिला स्वयंसेविका छनौट गरी कार्यक्रम संचालन गर्ने ।<br>• कार्यक्रममा आयुर्वेद स्वास्थ्य संस्था बाट प्रदान गरिने सेवाहरू, स्थानीय जडिबुटीको परिचय र उपयोगिता, नसर्ने रोगको नियन्त्रण र व्यवस्थापनको लागि आयुर्वेद तथा वैकल्पिक चिकित्साको महत्वको बारेमा सिकाउने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्टेशनरी, सहभागी भत्ता, प्रशिक्षक भत्ता, खाजा तथा अन्य संचालन खर्च । |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू, कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन,उपस्थिती |

## १६. कृयाकलापको नामः नागरिक आरोग्य कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२३ | खर्चीशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | नसर्ने प्रकारका रोगहरुको न्युनिकरण गर्न र जिवनशैली परिवर्तन गरी आरोग्यता प्राप्त गर्न यो कार्यक्रम संचालन गरिएको हो । |
| उद्देश्य | नसर्ने प्रकारका रोगहरूको रोगथामको उपायहरूको बारमा जानकारी गराउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य प्रर्बद्धन भइ सेवाग्राहीले स्वस्थ्य र दीर्घायू जीवन यापन गर्नेछर्न् र नसर्ने रोगमा सुधार हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/ | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |

| | |
|---|---|
| निकाय | |
| सञ्चालन प्रकृया | • आवश्यकता अनुसार जनशक्ति परिचालन गरी स्वीकृत कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श तथा योग शिविर संचालन गर्ने।<br>• सेवाग्राहीको समस्या अनुसार योग शिक्षा तथा योगाअभ्यास गराउने रोगानुसारको आहार विहार सम्वन्धी जानकारी दिने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेटबाँडफाँट | प्रशिक्षक भत्ता,दै.भ्र.भ योगमा आवश्यक उपकरण तथा सामग्री खरीद अन्य संचालन खर्च । |
| सन्दर्भ सामग्री | कार्यक्रम प्रतिवेदन,दाखीला रीर्पोट आदि |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन |

## १७. कृयाकलापको नामः निजीस्तरबाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको लागत संकलन तथा अनुगमन निरिक्षण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२९.२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | जिल्लामा रहेका निजी स्तर वाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको लागत संकलन तथा अनुगमन निरिक्षण गरी त्यसमा देखिएका कमी कमजोरीलाई सुधार गर्न र आयुर्वेद तथा वैकल्पिक चिकित्साको सेवालाई ब्यबस्थित गर्न यो कार्यक्रम शुरु गरिएको हो । |
| उद्देश्य | जिल्लामा रहेका निजी स्तर वाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको नियमन गर्ने। |
| अपेक्षित प्रतिफल | जिल्लामा रहेका आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाहरु मापदण्ड अनुरुप संचालित हुनेछन। |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सचालन प्रकृया | • जिल्लामा रहेका निजी स्तर वाट संचालित आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य संस्थाको अनुगमन समिति मार्फत अनुगमन निरिक्षण गरी मापदण्ड बमोजिम संचालन गर्न निर्देशन दिने।<br>• अनुसूचि १२ बमोजिम तथ्याङ्क ब्यबस्थापन गर्ने । |
| बजेट बाँडफाँट | भत्ता, भ्रमण खर्च, यातायात, खाजा तथा अन्य खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका,मापदण्ड,कार्यबिधि आदि |

## १८. कृयाकलापको नामः परम्परागत स्वास्थ्यकर्मीसँग अन्तर्क्रिया कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२९.३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | परम्परागत रुपमा धामी झाँक्री झारफुक तथा जडीवुटीवाट उपचार गर्ने व्यक्तिहरुलाई सही जानकारी गराउन तथा स्थानीय जडीवुटीको पहिचान तथा प्रयोगवारे सचेतना फैलाई समाजका गलत प्रचलनलाई सुधार गर्न यो कार्यक्रम शुरु गरिएको हो । |

| | |
|---|---|
| उद्देश्य | परम्परागत स्वस्थ्यकर्मीबाट भएका परम्परागत ज्ञानलाई खोज अनुसन्धान गर्ने र संरक्षण गर्ने । |
| अपेक्षित प्रतिफल | • परम्परागत स्वास्थ्यकर्मीको ज्ञानमा सुधार हुनेछ गलत प्रचलन हट्नेछ ।<br>• परम्परागत स्वास्थ्यकर्मीलाई सही ज्ञानको संरक्षण हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सचालन प्रकृया | • जिल्लामा रहेका परम्परागत रुपमा धामीझाँक्री झारफुक तथा जडीवुटीवाट उपचार गर्ने व्यक्तिहरुको स्थानीय तहको समन्वयनमा सहभागी छनौट गरी कार्यक्रम संचालन गर्ने (कम्तिमा ३० जना सहभागी गर्नुपर्ने)<br>• परम्परागत स्वस्थ्यकर्मीलाई सही ज्ञान तथा सूचना दिने ।<br>• जिल्लामा भएका परम्परागत स्वस्थ्यकर्मीहरूको लागत संकलन गर्ने ।<br>• परम्परागत स्वास्थ्यकर्मी बाट भएका गलत प्रयोग तथा व्यवहारको सुधार गर्ने ।<br>• अनुसूचि १२ बमोजिम अध्याबधिक गर्ने । |
| बजेट बाँडफाँट | स्टेशनरी, सहभागी भत्ता, प्रशिक्षक भत्ता, खाजा तथा अन्य संचालन खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका, मापदण्ड ,कार्यबिधि आदि |

## १९. कृयाकलापको नामः अन्य सेवा शुल्क/पंञ्चकर्म संन्चालन गर्ने अभ्यङ्गकर्ता

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२९.६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क रुपमा प्रदान गर्ने र सेवाग्राहीलाई सेवा प्रदान गर्न अभ्यङ्गकर्ता सेवा करारमा लिइ पंञ्चकर्मको स्रोत ब्यबस्थापन गर्न यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | सेवाग्राहीहरुलाई आयुर्बेद सेवा प्रदान गर्न करार सेवामा अभ्यङ्गकर्ता नियुक्ती गर्ने । |
| अपेक्षित प्रतिफल | आबश्यक अभ्यङ्गकर्ताको आपुर्ति हुनेछ र सेवाग्राहीहरुले पुर्वकर्म/पंचकर्म सेवा लिन सहज हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सचालन प्रकृया | • १ जना महिला र १ जना पुरुष अभ्यङ्ग कर्ताको रुपमा करार सेवामा नियुक्ती गरी पंञ्चकर्म सेवा व्यवश्थापन सहित कार्यक्रम संचालन गर्ने ।<br>• अभ्यङ्ग कर्ताको रुपमा करार सेवामा नियुक्ती गर्दा आयुर्बेद बिषय पढेको / कम्तिमा बिगत १ बर्ष देखी आयुर्वेद संस्थामा काम गरेको अनुभबि ब्यक्तीलाई नियुक्ती गर्ने ।<br>• अभ्यङ्ग कर्ताको रुपमा करार सेवामा नियुक्ती गर्दा अनुसुचि ५ बमोजिम हुनुपर्नेछ । |
| बजेट बाँडफाँट | कर्मचारी तलबभत्ता अन्य ब्यबस्थापन |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |

## २०. कृयाकलापको नामः पत्रकारहरु सग आयुर्वेद सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.५.१६३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश आयुर्वेद औषधालयले प्रदान गरेका आयुर्वेद तथा वैकल्पिक चिकित्साका सेवाहरूलाई आम सेवाग्रहिहरुलाई सचारकर्मी मार्फत जानकारी गराउनका लागि यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | • आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी सेवाहरु सबै नागरिक सम्म पुयाउन।<br>• प्रदेश आयुर्वेद औषधालयका सूचना तथा गतिविधिहरु आम नागरिक माझ पुयाउन ।<br>• औषधालयलाई सेवाग्राहि मैत्रि बनाउन ।<br>• औषधालयको स्तर उन्नति गर्ने । |
| अपेक्षित प्रतिफल | सूचना को सहज पहुच बाट आयुर्बेद संस्थाहरुको सेवा प्रति आम नागरिकहरुको आकर्षण बढनुको साथै गुणस्तरीय सेवा दिनमा लागि सहजता हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्वेद औषधालय |
| सचालन प्रकृया | • विभिन्न संचार माध्यमा( छापा, रेडियो ,टेलिभिजन, विधुतिय ) लगाएत अन्य संचार क्षेत्रमा कार्यरत पत्रकारहरु लाई आमन्त्रण गरी अन्तरक्रिया गर्ने ।<br>• प्रचलित ऐन, नियमावलीको परिधिमा रहि १ दिने कार्यक्रम संचालन गरिनेछ । |
| संचालन गर्ने अबधि | तोकिएको चौमासिक अनुसार |
| बजेट बाँडफाँट | भत्ता तथा अन्य संचालन, ब्यबस्थापन खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २१. कृयाकलापको नाम –शिलाजित प्रशोधन तथा च्वयनप्राश निर्माण कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.४१८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा पाइने कच्चा शिलाजित तथा अन्य जडिवुटिको संकलन प्रशोधन र निमार्ण गरी माग अनुसार कर्णाली प्रदेशमा रहेका सम्पुर्ण आयुर्बेद संस्थाहरुमा तथा आयुर्वेद सेवा सँचालन भएका पालिकास्थित नागरिक आरोग्य सेवा केन्द्रहरुमा आपुर्ति गर्ने उद्देश्यले यो कार्यक्रम शुरु गरिएको हो । |
| उद्देश्य | • कर्णालीमा भएका जडिबुटीहरुबाट सुरक्षित प्रभावकारी गुणस्तरीय शुद्ध शिलाजित / च्यवनप्राश निमार्ण गरी उपलब्ध गराउने ।<br>• कर्णाली प्रदेश तथा अन्य स्थानमा पाइने,जडिबुटी , कच्चापदार्थहरुबाट औषधी निर्माण गरी कर्णाली प्रदेशमा रहेका सम्पुर्ण आयुर्बेद संस्थाहरुमा आयुर्बेदिक औषधी आपुर्ती गर्ने ।<br>• प्रदेशमा भएका जडिबुटीहरुको बढीभन्दा बढी सदुपयोग गर्ने । |
| अपेक्षित प्रतिफल | • सुरक्षित प्रभावकारी गुणस्तरीय निशुल्क रुपमा शुद्ध शिलाजित / च्यवनप्राश प्रदेशका जनताले पाउने छन् ।<br>• प्रदेशमा भएका जडिबुटीहरुको सदुपयोगको हुनेछ । |

| | |
|---|---|
| | • जनताहरूको आर्थिक कृयाकलाप तथा रोजगारीका अवसर समेत श्रृजना गर्न सहयोग पुग्नेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्वेद औषधालय |
| सचालन प्रकृया | शिलाजित/ च्यवनप्राश निर्माणका लागि आबश्यक जडिबुटीहरु र कच्चा पदार्थ खरिद गर्ने र प्रशोधन तथा निर्माण गरी वितरण गर्ने । |
| संचालन गर्ने अबधि | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | आवश्यक मेशीन, उपकरण, कच्चापदार्थ, खरिद, आबश्यक प्राविधिक तथा अन्य जनशक्ती व्यवस्थापन, ढुवानी तथा अन्य संचालन खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २२. कृयाकलापको नामः अस्पतालका लागि फर्निचर तथा फिक्चर खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः११.६.१३.४ | खर्च शिर्षकः ३११२३ |

| | |
|---|---|
| परिचय | अस्पतालमा स्वास्थ्य सेवा प्रदान गर्न कार्यालय फर्निचर, अस्पताल फर्निचर लगायत फिक्चर आवश्यकता पर्ने भएको हुदाँ फर्निचर तथा फिक्चर खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | स्वास्थ्य सेवा प्रदान गर्न सहज हुने । |
| अपेक्षित प्रतिफल | सहजरुपमा सेवा प्रदान गर्न सहयोग हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने फर्निचर तथा फिक्चरको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २३. कृयाकलापको नामः अस्पतालजन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१८८ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालबाट दुई प्रकारका फोहोरमैला; सामान्य र अस्पतालजन्य फोहोर निस्कने हुदा सामान्य प्रकारको फोहोरलाई डम्पीङ साइडमा फाल्न मिल्छ भने अस्पतालजन्य फोहोरलाई निर्मलिकरण गरी बिसर्जन गर्नु पर्ने हुदा यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला निर्मलिकरण गरी व्यवस्थित रुपमा बिसर्जन हुने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट सेवा प्रदायक र समुदायमा हुने जोखिम कम हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |
| सचालन प्रकृया | Health Care Waste Management Guideline 2014अनुसार अस्पतालबाट निस्कने |

| | |
|---|---|
| | फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्न कार्यक्रम स्वीकृत गराई निम्न कार्य गर्न सकिने छ:<br>• भौतिक पूर्वाधारको मर्मत संभार<br>• खानेपानी, बिद्युत, मेसिनरी औजार उपकरण, सामग्री मर्मत<br>• फर्निचर तथा फिक्चर खरिद<br>• सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद<br>• मेसिनरी औजार तथा सामग्री खरिद<br>• कार्यालय सहयोगी २ जनासम्म करारमा नियूक्ति गर्न सकिने |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । Health Care Waste Management Guideline 2014. |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २४. कृयाकलापको नामः कार्यालयको बार्षिक प्रगति पुस्तिका प्रकाशन

| | |
|---|---|
| कृयाकलाप संकेतः२.४.१२.५ | खर्च शिर्षकः २२३१५ |

| | |
|---|---|
| परिचय | प्रदेश स्तरका कार्यालयहरुले गत आ.व.मा संचालित कृयाकलाप, उपलब्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिबेदन तयार गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | कार्यालयले गत आ.व.मा गरेको भौतिक तथा वृतिय प्रगतिको जानकारी हुने । |
| अपेक्षित प्रतिफल | कार्यालयको सेवाको अवस्थाबारे जानकारी भै आगामी योजना, कार्यक्रम र निर्णय प्रकृयामा सूचना एवं तथ्याङ्कको प्रयोग भइ कार्यक्रम कार्यान्वयनमा सुधार आउने। |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सचालन प्रकृया | तयारी बैठक, कार्य बाँडफाँट, विषयगत प्रतिवेदन तयारी, समन्वय बैठक, समायोजन र कोटेशन मार्फत छपाइ। |
| बजेट बाँडफाँट | बैठक, स्टेशनरी, पारिश्रमिक, छपाइ र वितरण आदि खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २५. कृयाकलापको नामः स्वास्थ्यसम्बन्धी मेसिनरी औजार खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.१४ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न जनशक्ति, भौतिक पूर्वाधार का साथै स्वास्थ्य सम्बन्धी उपकरण आवश्यकता पर्ने भएको हुदाँ स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध हुने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवाका साथै सेवा बिस्तार हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु । |

| | |
|---|---|
| सचालन प्रकृया | अस्पताललाई आवश्यक पर्ने स्वास्थ्य सम्बन्धी उपकरणको सूचि तयार गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २६. कृयाकलापको नामः ल्याव सेवा सचालन तथा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.४ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | रोगको सहि निदान गरी उपचार गर्न ल्याव सेवाको ठूलो भूमिका रहेको हुन्छ । अस्पतालमा ल्याव सेवा प्रदान गर्ने स्थान साँगुरो, अव्यवस्थित भएकोले त्यसलाई समय सापक्ष स्तरबृध्दि गरी नियमित संचालन गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | व्यवस्थित ल्यावबाट गुणस्तरीय परिक्षण प्रतिबेदन तयार गरी रोग निदानमा सहयोग हुने |
| अपेक्षित प्रतिफल | गुणस्तरीय परिक्षण गरी रोग निदानमा सहयोग हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु। |
| सचालन प्रकृया | अस्पतालको ल्यावको अवस्था हेरी तत्काल सुधार गर्नु पर्ने कार्यको सूचि तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराइ ल्यावलाई आवश्यक केमिकल रियजेन्टतथा प्रयोगशाला सम्बन्धी उपकरण सामग्री खरिद गर्ने । |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २७. कृयाकलापको नामः क्षारसुत्र व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१९६ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | पाइल्स,फिसर,तथा फिस्टूला एवं अन्य गुदद्र सम्बन्धी रोगको पहिचान गरी आवश्यकतानुसार शल्यक्रिया गर्न यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | पाइल्स, फिसर तथा फिस्टूला एवं अन्य गुदद्र सम्बन्धी रोगको प्रभाबकारी उपचार गर्ने । |
| अपेक्षित प्रतिफल | गुदविकार सम्बन्धी बिरामीले प्रभाबकारी उपचार पाउने छन्् । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्बेद औषधालय |
| सचालन प्रकृया | • बिरामीको छनौट गर्ने ।<br>• आबश्यकतानुसार उपचार तथा क्षारशुत्र गर्ने।<br>• नियमित ड्रेसिङ तथा परिक्षण गरिनेछ ।<br>• उपयुत्त ढाँचामा तथांक राखीनेछ । |
| संचालन गर्ने अबधि | निरन्तर |
| बजेट बाँडफाँट | उपकरण तथा आकश्यक सामग्रीहरु खरीद |

| | |
|---|---|
| | औषधिहरु खरीद अन्य ब्यवश्थापन खर्च |
| सन्दर्भ सामग्री | निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | विरामीको उपचार तथ्याङ्क |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## २८. कृयाकलापको नाम – निशुल्क आयुर्बेद स्वास्थ्य शिबिर संचालन

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.२२० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सेवा सम्बन्धी सचेतना र सेवा प्रवाह गर्न आवश्यक ठानि यो कृयाकलाप राखियको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुमा आयुर्वेद चिकित्सा सम्बन्धी सेवा प्रवाह गर्ने। |
| अपेक्षित प्रतिफल | आयुर्वेद चिकित्साको पहुँच नपुगेका जनताले आयुर्वेद चिकित्सावाट स्वास्थ्य लाभ लिन सक्नेछन। |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्बेद औषधालय |
| सचालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्थाको पहुच नपुगेका स्थानहरुको छनोट गरी कायर्यक्रम स्थल निर्धारण गर्ने।<br>• सम्वन्धीत स्थानीय तहसँग समन्वय गरी आयुर्वेद औषधालयहरु र आयुर्बेद शाखाका आबश्यकता अनुसार अन्य जनशति परिचालन गरी कार्ययोजना अनुसार आयुर्वेद स्वास्थ्य शिविर संचालन गर्ने। |
| संचालन गर्ने अबधि | • तोकिएको चौमासिक अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि पूर्व तयारी बैठक बसी आयुर्वेद औषधि खरिद, यातायात खर्च, खाजा, प्रचार प्रसार खर्च, दैनिक भ्रमण खर्च,विविधखर्च आदिको सम्बन्धित निकायको प्रमुखबाट स्वीकृत गराउने र खर्च गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली भ्रमण खर्च नियमावली २०७५<br>निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | शिविर सम्पन्न प्रतिवेदन |

## २९. कृयाकलापको नामः बृहत योग/ध्यान शिविर

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१९३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | योग र ध्यानबाट स्वस्थ्य जिबनको बारेमा जानकारी गराउन ,योगलाई ब्यवहारमा अभ्यास गर्न प्रोत्साहित गर्न र योग/ध्यान को अभ्यास गराउने प्रयोजनका लागि साथै योग/ध्यान शिविर संचालन गर्नका लागि यो कार्यक्रम राखीएको हो। |
| उद्देश्य | योग/ध्यान जीबनशैलीको बारेमा जानकारी गराउने र ब्यवहारमा ल्याउन प्रोत्साहन गर्ने । |
| अपेक्षित प्रतिफल | सेवाग्राहीहरूको योग/ध्यान अभ्यासबाट स्वास्थ्य प्रर्बधन हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्वेद औषधालय, सुर्खेत |

| | |
|---|---|
| सचालन प्रकृया | • जिल्लाको कुनै धेरै जनसंख्या भएको स्थानहरुको छनोट गरी आबश्यकता अनुसार जनशक्ति परिचालन गरी कार्ययोजना अनुसार योग/ध्यान शिविर संचालन गर्ने । कार्यक्रम संचालन गर्दा आबश्यकता बमोजिम पालिका तथा योग/ध्यानसँग सम्बन्धी संघसंस्थासँग समन्वयन गर्ने । |
| संचालन गर्ने अबधि | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रशिक्षक भत्ता, दै.भ्र.भ योगमा आबश्यक उपकरण तथा सामग्री खरीद अन्य संचालन खर्च । |
| सन्दर्भ सामग्री | निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३०. कृयाकलापको नामः पुर्वकर्म/पंचकर्म संचाचलन तथा ब्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१९५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | पुर्वकर्म /पंचकर्म माध्यमबाट आयुर्बेद संस्थाहरुमा आउने सेवाग्राहीहरुको स्वास्थ्य प्रबर्धन गर्न यो कार्यक्रम शुरु भएको हो । |
| उद्देश्य | आयुर्बेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरुको जाँच गरी पुर्वकर्म/पचकर्मको माध्यमबाट स्वास्थ्य संरक्षण प्रबर्धन आबश्यक उपचारका साथै परामर्श दिने । |
| अपेक्षित प्रतिफल | यस सेवाबाट बिरामीहरु तथा सेवाग्राहीहरुको स्वास्थ्य संरक्षण,प्रबर्धन र पुर्नस्थापनमा सघाउ पुगेको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्वेद औषधालय |
| सचालन प्रकृया | • अनुसुचि ५ मा तोकीएको फारम बनाउने र आयुर्बेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरुको जाँच गरी समस्याको पहिचान गरी आबश्यकता अनुसार पंचकर्मका लागि सिफारिस गर्ने ।<br>• स्वेदन,कर्मको लागि अनुसुचि ५ मा तोकीएका द्रव्यहरूलाई रोग अनुसार प्रयोग गर्ने ।<br>• पंचकर्म अन्तर्गत पुर्वकर्मको रुपमा स्नेहन, स्वेदन, शिरोधारा, कटीबस्ती ,ग्रीवाबस्ति, नस्य र योग कार्यक्रम संचालनगर्न आवश्यक सामग्री समेत खरिद गर्ने ।<br>• सेवाग्राहीलाई सेवा दिएको बिवरण अनुसुची भरी राख्ने । |
| संचालन गर्ने अबधि | निरन्तर |
| बजेट बाँडफाँट | पुर्वकर्म पंचकर्म संचालनका लागि आबश्यक औषधी, तेल र उपकरणहरु तथा अन्य सामग्रीहरु खरिद तथा आवश्यक्तानुसारमहिला/पुरुष अभ्यङ्गकर्ता ब्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका,मापदण्ड ,कार्यबिधि आदि |
| अनुगमन सूचक | सेवाग्रीहको संख्या |

## ३१. कृयाकलापको नामः महामारी तथा संक्रामक रोगहरुको रोकथाम नियन्त्रण ब्यवस्थापन तथा सचेतना कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१९२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | शहरी तथा ग्रामीणा क्षेत्रमा बढ्दै गैरहेको महामारी जन्य रोगका बारेमा जनचेतना फैलाई सो को रोकथाम नियन्त्रण र ब्यबस्थापनमा सहयोग पुर्याउनको लागि यो कार्यक्रम सुरु गरिएको हो। |
| उद्देश्य | महामारी जन्य तथा संक्रामक रोगहरुको रोगथाम नियन्त्रण तथा ब्यवस्थापन गर्नमा सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | महामारी जन्य तथा संक्रामक रोगहरु न्युनिकरण भइ समुदायमा फैलिन रोक्नको लागि सहयोग पुगेको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्वेद औषधालय |
| सचालन प्रकृया | संक्रामक जन्य रोगहरुको बारेमा सचेतना कार्यक्रम संचालन गर्ने। |
| संचालन गर्ने अबधि | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वास्थ्य सुरक्षा सामग्रीहरु खरिद, भत्ता भ्रमण खर्च तथा अन्य संचालन ब्यबस्थापन खर्च |
| सन्दर्भ सामग्री | निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३२. कृयाकलापको नामः ल्याव सेवा संचालन तथा ब्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१९७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | आयुर्वेद चिकित्सा पद्धतिलाई प्रविधीमैत्री वनाउन, रोगको निदानलाई तथ्यमूलक वनाउन र उपचार गर्न तथा आयुर्वेद चिकित्सा पद्धतिलाई स्तरोन्नती गरी गुणस्तरीय सेवा दिन यो सेवा शुरु गरिएको हो । |
| उद्देश्य | रोगको प्रभावकारी निदान गरी गुणस्तरीय सेवा दिने । |
| अपेक्षित प्रतिफल | तथ्यमा आधारीत निदान भई गुणस्तरीय सेवा प्रदान भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्वेद औषधालय |
| सचालन प्रकृया | आवश्यकताको पहिचान गरी औजार उपकरण खरिद तथा ल्याबको मर्मत सम्भार र अन्य आवशरयक व्यवस्थापन गर्ने । जनशक्ति व्यवस्थापन गर्ने।उपयुक्त ढाँचामा अभिलेख राख्ने । |
| संचालन गर्ने अबधि | निरन्तर |
| बजेट बाँडफाँट | औजार उपकरण खरीद,जनशक्ती ल्यावमा आवश्यक केमिकलतथा अन्य सामग्री खरिद व्यवस्थापन खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५तथा निर्देशिका,मापदण्ड ,कार्यबिधि आदि |
| अनुगमन सूचक | ल्याव सेवा संचालन भइ सेवा लिएको रेकर्ड |

## ३३. कृयाकलापको नामः सूचना तथा सन्देशमुलक सामग्री प्रकाशन प्रसारण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.४.१४.२ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्थानीयस्तरको उपयोगीता बारेमा जानकारी गराउने तथा योगकोबारेमा जानकारी दीने श्रब्यदृष्य सामग्री तयार पारी आयुर्वेद सम्बन्धी सचेतना जगाउन यस कार्यक्रम राखियको हो । |

| | |
|---|---|
| उद्देश्य | आयुर्वेद विषय समेटीएको सन्देश उत्पादन ,प्रसारण तथा प्रकाशन गर्ने । |
| अपेक्षित प्रतिफल | सेवाग्राही लगायतका आम नागरिकको ज्ञान अभिवृदि भइ उपलब्ध आयुर्वेद सेवाको अधिकतम उपयोग हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरु। |
| सचालन प्रकृया | • आयुर्बेद योग बैकल्पीक चिकित्साका सूचना तथा सन्देशमुलक सामग्रीहरुको छनौट गर्ने ।<br>• आयुर्वेद विषय समेटिएको सामग्री उत्पादन गर्ने ।<br>• विभिन्न विधुतीय एवं छापा माध्यमबाट प्रसारण,प्रकासन गर्ने । |
| संचालन गर्ने अबधि | निरन्तर |
| बजेट बाँडफाँट | सूचना प्रकाशन,प्रसारण, आबश्यकताअनुसार |
| सन्दर्भ सामग्री | निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | प्रकाशित तथा प्रसारित सूचना सामग्रीहरु |

## ३४. कृयाकलापको नामः सफ्टवेयर नविकरण तथा परामर्श सेवा

| | |
|---|---|
| कृयाकलाप संकेतः२.५.४.१ | खर्च शिर्षकः २२४१२ |

| | |
|---|---|
| परिचय | प्रदेश आयर्बेद औषधालयको ब्यबस्थापन सूचना प्रर्णालीलाई चुस्तदुरुस्त बनाउन यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | प्रदेश आयर्बेद औषधालयबाट संचालित गतिबिधीहरुलाई सेवाग्राही तथा तालुक निकायमा पहुच विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | प्रदेश आयर्बेद औषधालयबाट संचालित गतिबिधीहरुको छिटोछरितो रुपमा सेवाग्राही तथा तालुक निकायले जानकारी लिन सक्नेछन् । |
| कार्यान्वयन गर्ने निकाय | प्रदेश आयुर्बेद औषधालय |
| संचालन प्रकृया | सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ।<br>website/सफ्टवेयर मा राखिने सूचना तथा प्रणाली निर्धारण गरी सम्बन्धित फर्मसगँ सम्झौता गरी website/सफ्टवेयर नविकरण तथा स्तर उन्नती गर्ने । |
| संचालन गर्ने अबधि | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना लागत अनुमान तथा अन्य ब्यबस्थापन खर्च । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा निर्देशिका, मापदण्ड, कार्यबिधि आदि |
| अनुगमन सूचक | सफ्टवयर निर्माण भइ कार्यान्वयमा रहेको। |

## ३५. कृयाकलापको नामः आयुर्वेद औषधालयको सेवा विस्तार र व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१९९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रदेश आयुर्बेद औषधालयमा आयुर्बेदको बिभिन्न सेवा विस्तार गरी जनतालाई गुणस्तरीय प्रदेश स्तरिय आयुर्बेद तथा बैकल्पीक चिकित्सालय गर्नको लागि र आयुर्बेद तथा बैकल्पीक स्वास्थ्यसेवा दिनका लागि यो कार्यक्रम शुरु गरिएको हो । |

| | |
|---|---|
| उद्देश्य | यस प्रदेशका जनतालाई गुणस्तरीय आयुर्बेद तथा बैकल्पीक चिकित्साबाट स्वास्थ्य सेवा दिने। |
| अपेक्षित प्रतिफल | यस प्रदेशका जनताले आयुर्बेद तथा बैकल्पीक चिकित्साका पंचकर्म, क्षारसुत्र, प्रयोगशाला, अस्पताल फार्मेसी ,फिजियोथेरापी, एकुपञ्चर, प्राकृतिक आदि पद्दतीबाट गुणस्तरीय उपचारको सेवा पाएका हुनेछन । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरु। |
| संचालन प्रकृया | सेवाबिस्तारका लागि आवश्यक सेवा तथा कार्यक्रमहरु छनौट गर्ने ।<br>सेवा विस्तार कार्यक्रमहरु छनौट गरी गुणस्तरीय सेवा विस्तार गर्न आबश्यक जनशक्ती करारमा लिने ।<br>सेवाबिस्तारका लागि औजार उपकरण फर्निचर तथा आबश्यक अन्य सामग्री खरिद गरी संचालन गर्ने । |
| संचालन गर्ने अबधि | कार्ययोजना अनुसार निरन्तर |
| बजेट बाँडफाँट | सेवाका लागि चाहिने फर्निचर उपकरण तथा सामग्रीहरु खरिद ,आबश्यक चिकित्सक, स्वास्थ्यकर्मी अन्य सहयोगी जनशक्ती ब्यबस्थापन खर्च।<br>अन्य संचालन तथा मर्मत खर्चहरु |
| सन्दर्भ सामग्री | निर्देशिका,मापदण्ड ,कार्यबिधि आदि। |
| अनुगमन सूचक | खरीद आदेश, दाखीला रीपोर्ट आदि |

## ३६. कृयाकलापको नामः मेसिनरी औजार तथा उपकरण खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.१ | खर्च शिर्षकः ३११२२ |

| | |
|---|---|
| परिचय | आयुर्वेद औषधालयहरुमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाहरूलाई ब्यबस्थित एवं चुस्तदुरूस्त बनाइ औषधालयको स्तर उन्नति गर्न यो कार्यक्रम राखीएको हो । |
| उद्देश्य | आयुर्वेद तथा वैकल्पिक चिकित्साका उपकरणको प्रभाबकारी ब्यबस्थापन गर्ने । |
| अपेक्षित प्रतिफल | मेशीनरी औजार उपकरण खरिदबाट आयुर्बेद संस्थाहरुको सेवामा गुणस्तरता आउनुका साथै सेवा विस्तार भइ विरामीले गुणस्तरीय सेवा पाउनेछन् । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरु। |
| सचालन प्रकृया | • आबश्यक मेशीनरी औजार उपकरणको पहिचान गर्ने ।<br>• सार्वजनिक खरीद ऐन। नियमावलीको परिधिमा रहि खरीद एवं भण्डारण,प्रयोग गरिनेछ । |
| संचालन गर्ने अबधि | • तोकिएको चौमासिक अनुसार |
| बजेट बाँडफाँट | सामग्री खरीद,ढुवानि,तथा अन्य ब्यबश्थापन खर्च |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५<br>निर्देशिका कार्यविधि मापदण्डहरु |
| अनुगमन सूचक | दाखिला प्रतिवेदन |

## ३७. कृयाकलापको नामः नागरिक आरोग्य केन्द्र संचालन खर्च

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४०० | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | संघिय सरकारको बार्षिक नीति तथा कार्यक्रम अनुसार निरोगी नेपाल निर्माण अभियान अघि बढाउन सुदृढ सार्वजनिक स्वास्थ्य सेवाका अतिरित स्वच्छ र सन्तुलित आहार शारीरिक ब्यायाम सरसफाइ सहित स्वास्थ्य जिवनशैली अबलम्बन गरी आयुर्वेद लगायतका वैकल्पीक उपचार पद्धतिको प्रर्वधन गर्न स्थानीय तह एवं सामुदायीक संघ संस्था समेतको सहभागीतामा आरोग्य केन्द्र, र योग केन्द्र संचालनार्थ नागरिक आरोग्य केन्द्र स्थापना तथा संचालन गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी आधारभुत आयुर्वेद स्वास्थ्य सेवा समेत उपलब्ध गराउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य प्रर्बद्धन भइ सेवाग्राहीले स्वस्थ्य र दीर्घायू जीवन यापन गर्नेर्छन् र आम नागरिकहरूको स्वास्थ्यमा सुधार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका आयुर्वेद कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • आयुर्वेद स्वास्थ्य संस्था नभएका पालिकाहरूलाई प्राथामिकतामा राखी आरोग्य सेवा केन्द्र क्रमश स्थापना गर्दै जाने ।<br>• नागरिक आरोग्य सेवा केन्द्रको सहजिकरण प्रदेश अन्तर्गतका जिल्ला स्थित आयुर्वेद स्वास्थ्य संस्थाबाट हुनेछ ।<br>• नागरिक आरोग्य सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम पुर्वाधार सम्बन्धित स्थानीय तहले ब्यवस्था गर्नुपर्ने छ ।<br>• आधारभुत आयुर्वेद सेवा, जेष्ठ नागरिक सेवा, परामर्श सेवा, सामान्य आयुर्वेद उपचार सेवा लगायतका सेवाको समुचित ब्यवस्था सम्बन्धित स्थानीय तहको समन्वयमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले गर्नुपर्ने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | कर्मचारी ब्यवस्थापन, औषधि खरिद तथा अन्य ब्यवस्थापन । |
| सन्दर्भ सामग्री | नागरिक आरोग्य कार्यक्रम संञ्चालन निर्देशिका २०७६, |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, |

## अनुसूचिहरू

अनुसूचिहरू १

**पंचकर्म, पुर्वकर्म सेवा सम्बन्धी फारम**

१. नाम थरः

२. उमेर

३. लिङ्ग

४. ठेगाना नगर पालिका/गाँउपालिका वडा नं .

५. पेशा

६. सम्बनित बिरामी वा अभिभावकको दस्तखतः

७ कार्यलय प्रयोजनका लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)

क) मूल दर्ता नं.

ख) सहायक रजिष्टार दर्ता नं.

८. सेवाः योग, पूर्वकर्म, स्नेहन, स्वेदन, शिरोधारा, प्रतिमर्स नश्य कर्म, अन्य

९. पहिले सेवा लिएकोः छ, छैन

अनुसूचि २

**स्वेदन क्रियाको लागि आवश्यक द्रब्यहरू सहितको विधिहरू**

**नाडिस्वेद(स्नेहन,रूक्ष)का लागि औषधि द्रब्यः**

प्रायशः पातहरूको प्रयोग गरीन्छ र फल,बोक्रा,जरा वा कान्डको पनि प्रयोग गर्न सकिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| शीतल चिनी(शिग्रु) | पुनर्नवा | गहत | दशमुल | बृहत पंचमुल |
| गुर्जो | मास | तन्डुल(चामल) | सिमली | तितेपाति |
| बरूण(सिप्लिगान) | मांस रस | कांजी | तिल | सिस्नु |
| कपूर | रास्ना | असुरो | अडिर | तैलपणी |
| धसिङग्रे | बालुवा | ढीके नुन | | |

अनुसूचिहरू ३

## निःशुल्क बिषेश स्वास्थ्य सेवाको प्रयोजनको लागि भरिने फारम

१. नाम थरः

२. उमेर ३.लिङ्ग

४.ठेगाना नगरपालिका/गाँउपालिका वडा नं .

५.पेशा

६.सम्बनित बिरामी वा अभिभावकको दस्तखतः

७.सेवाको किसिमः

क) जेष्ठ नागरिक ख) स्तनपायी आमा

८ कार्यालय प्रयोजनका लागि (२ प्रति मध्ये १ प्रति सेवाग्राहीलाई)

क) मूल दर्ता नं.ख) सहायक रजिष्टर दर्ता नं.

| सि.नं | मिति | सेवाको किसिम | औषधिको नाम | फायल | ग्रा/मि.ग्रा | पुनरावृति मिति | विरामिको/ बुझीलिनेको दस्तखत | दस्तखत(औषधि वितरण शाखा ) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सिफारीश गर्ने स्वीकृत गर्ने

(उपचारमा संलग्न स्वास्थ्यकर्मी) संस्था प्रमुख

नामः नामः

पदः पदः

दस्तखतः दस्तखतः

अनुसूचि ४

**स्तनपायी आमाकालागि औषधिहरू**

| क.स | औषधिको नाम | प्रयोग | मात्रा | प्रयोग विधि | प्रयोग अबधि |
|---|---|---|---|---|---|
| १ | ज्वानो | जोर्निको दुखाइ,गर्भाशय शोधको रूपमा, पेट दुखाइ, पीडादायी महिनावारी तथा प्रसूति ज्वरमा | ३-६ ग्राम | झोलबनाएर आबश्यकतानुसार दिनको ३ पटक सम्म | आबश्यकतानुसार |
| २. | शतावरी | स्तन्य बर्दक,पोषक,रोग प्रतिरोध शक्तिबर्दक | चूर्णः३-६ ग्राम स्वरसः१०-२० मि.ली क्वाथः५०-१०० मि.लि | रस निकालेर,चूर्ण बनाएर,अथवा पकाएर क्वाथको रूपमा दुधसँग खाने । | आबश्यकतानुसार सुत्केरी भएको ६ महिना सम्म |

अनसूचि ५

**पूर्वकर्म, स्नेहन, स्वेदन, शिरोधारा, पंचकर्म संचालन गर्ने अभ्यङ्गकर्ता**

अभ्यङ्गकर्ताः

१.महिला र पुरूष

२. १५ दिन तालिम

३. तालिम दिने निकायः आयुर्वेद चिकित्सकको निगरानिमा आयुर्वेद संस्था ।

४. आयुर्वेद सम्बन्धी अध्ययन गरेको वा आयुर्वेद संस्थामा १ बर्ष काम गरेको अनुभब भएको हुनुपर्ने ।

५. स्थानीय हुनुपर्ने ।

६. उमेरः १८_३५ बर्ष

७. कार्य विवरणः

क) अभ्यङ्ग,स्वेदन र शिरोधारा कक्षको आबश्यक रेखदेख गर्ने ।

ख) आबश्यक पूर्वकर्मका सामग्रीहरू तयार गर्ने ।

ग) चिकित्सकको सिफारीस अनुसार आयुर्वेद स्वास्थ्य संस्थामा आएका सेवाग्राहीहरूलाई अभ्यङ्ग (तेल मालिस) , स्वेदन,शिरोधारा लगायतका कामहरू गर्ने ।

घ) अभ्यङ्ग लगायत सेवा प्रदान गरेको विवरण साथै प्रतिवेदन तयार गर्न सहयोग गर्ने ।

अनुसूचि ६

**गाँउघर क्लिनिक तथा नसर्ने रोगको तथ्याङ्क फारम**

| रोग | १- ५ बर्ष | | | ५-१५ बर्ष | | | १५-४५ बर्ष | | | ४५ बर्ष भन्दा माथि | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | |
| मधुमेह | | | | | | | | | | | | | |
| उच्चरक्तचाप | | | | | | | | | | | | | |
| मृगौला रोग | | | | | | | | | | | | | |
| जिर्णश्वास | | | | | | | | | | | | | |
| मेदोगत रोग | | | | | | | | | | | | | |
| वातब्याधि | | | | | | | | | | | | | |
| अन्य | | | | | | | | | | | | | |

गाँउघर क्लिनिक संचालन स्थानः रोगी संख्या

१........................................... ....................

२.............................................. ...................

३........................................... ..........................

४.............................................. .......................

(अन्य रोगको तथ्याङ्कलाई रोग तेरीज फारम समावेश गरी पठाउने)

अनुसुचि ७

## अत्याबश्यक आयुर्वेद औषधि सूचि

१. निःशुल्क प्रदान गरिने निम्नानुसारका आौैषधिहरू निरन्तर रूपमा प्राप्त हुने ब्यबस्था मिलाउनु पर्नेछ ।

| क.स | रोगको नाम | आौैषधिको वितरण | कैफियत |
|---|---|---|---|
| १ | अम्लपित्त | अविपतिकर चूर्ण | |
| २ | उदर रोग | हिंगवाष्टक चुर्ण | |
| ३ | वातब्याधि | महाँयोगराज गुगुल,महाँनारायण तैल | |
| ४ | श्वशनविकार | सितोपलादी चूर्ण,टंकण भस्म | |
| ५ | स्त्रीरोग | पुष्यानुग चूर्ण | |
| ६ | बालरोग | बालामृत,मृगमदासाव | |
| ७ | उच्च रक्तचाप | सर्पगन्धाघन वटी | |
| ८ | त्वकविकार | निम्बादी चूर्ण,गन्धक रसायन | |
| ९ | कर्ण,नासा,मुख,दन्तरकन्ठरोग | खदीरादी वटी,षड्बिन्दु तेल | |
| १० | आमवात | योगराज गुगुल | |
| ११ | ज्वर | महाँशुदर्शन चूर्ण | |
| १२ | अतिसार,ग्रहणी | महाँशंख वटी,विल्वादि चूर्ण | |
| १३ | व्रण | जात्यादी तेल | |
| १४ | वातरक्त | कैशोर गुगुल | |
| १५ | मूत्रविकार, प्रमेह | चन्द्रप्रभावटी | |
| १६ | विविध | त्रिफला, अश्वगन्धा चूर्ण | |

२. औषधि ब्यबस्थापनः

३. औषधि खरिदः औषधि खरीद गर्दा सार्वजनिक खरीद एन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम खरीद एकाइ गठन गरी प्रचलित आर्थिक एन नियम बमोजिम गर्नुपर्नेछ ।

क) बिनियोजित बजेटबाट ऐन नियमको परीधि भित्र रही तोकीएको औषधि खरीद गर्नुपर्नेछ ।

ख) औषधि खर्चः औषधिको आम्दानी खर्चको अभिलेख छुट्टाछुटै सहायक जिन्सी खाता खडा गरीखर्च ब्यबस्थापन गर्नुपर्नेछ। यसरी राखिएको अभिलेख भण्डारको अभिलेख र उपचार रजिष्टरको अभिलेखसँग भिडेको हुनुपर्नेछ ।

अनुसूचि ८

## अत्याबश्यक आयुर्वेद औषधि तथा अन्य जिन्सी अध्याबधिक गर्दा भर्नुपर्ने खपत विवरण फारम

| क.स | औषधिको नाम | औषधिको मासिक खर्च विवरण | | औषधि हस्तान्तरण गरेको संस्थाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | परिणाम | इकाइ | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## औषधिको मैज्दात विवरण फारम

| क. स | औषधिको नाम | औषधि प्राप्तिको श्रोत । कार्यक्रम | | | | | | | | | | | औषधिको जम्मा परिणाम | इकाइ तोल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गतअ.वको बाँकी मैजात | संघिय सरकारबाट प्रास | प्रदेश निर्देशनालयबाट प्रास औषधि | जि आ.औ. खरीद | प्रदेश स्लर फार्मेशीबाट प्रास | गाँउघर क्लिनिक औषधि खरीद | पंचकर्मको औषधि खरीद | स्वास्थ्य शिविरको लागि औषधि | चूर्ण आऔधिको निर्माण | तेल खरीद | अन्यबाट औषधिको खरीद।प्राप्ती | | | |
| | | | | | | | | | | | | | | | |

अनुसुचि ९

**निःशुल्क विशेष उपचारसम्बन्धी ब्यबस्था**

१.निःशुल्क प्रदान गरिने विशेष उपचार सेवाहरूः

अ) जेष्ठ नागरिक लागिः

क) पञ्चकर्म अन्तर्गत पूर्वकर्म स्नेहन र स्वेदन

ख) रसायन योगका लागि एकल चूर्ण अौषधिहरू

२. अश्वगन्धा चूर्ण

३. आमलकी चूर्ण

४. अमृता चूर्ण

आ) स्तनपाइ आमाका लागि

१. शतावरी चूर्ण

२. दशमुल तेल

२) औषधि खरीदः

औषधि खरीद गर्दा सार्वजनिक खरिद एन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम खरिद एकाइ गठनगरी प्रचलित आर्थिक एन नियम बमोजिम गर्नुपर्नेछ ।

क) बिनियोजित बजेटबाट एन नियमको परिधि भित्र रही तोकीएका औषधिहरू खरीद गर्नुपर्नेछ ।

ख) औषधि खर्चः औषधिको आम्दानि खर्चको अभिलेख छुटाछुटै सहायक जिन्सी खाता खडा गरी खर्च ब्यबस्थापन गर्नुपर्नेछ । यसरी राखीएको अभिलेख भण्डारको अभिलेख र उपचार रजिष्टरको अभिलेखसँग भिडेको हुनुपर्नेछ ।

अनुसुचि १०

**कार्यक्रम सम्पन्न प्रतिवेदनको नमुना**

१. कार्यक्रमको नामः

२. स्वीकृत बजेट र खर्च शिर्षक नः

३. कार्यत्रफमको संक्षिप्त परिचय तथा उदेश्यः

४. कार्यक्रम संचालन प्रकृयाः

५. कार्यक्रम संचालन स्थान र मितिः

६. कार्यक्रममा संलग्न जनशक्तिको नामावलिः

७. कार्यक्रमका सवल पक्षः

८. कार्यक्रममा सुधार गर्नपर्ने पक्षः

९. खर्च रकमको विस्तृत विवरण - statement of expenditure

| सि.नं | बिवरण | बिनियोजित रकम | खर्च रकम | बाँकी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१०.फोटो तथा अन्य विवरणः

अनुसुचि ११

## कार्यक्रमको प्रगति प्रतिवेदन फारम

श्री......................

बजेट उपशिर्षक.नं........................ चैमासिकः प्रथम/दोस्रो/तेस्रो आ.ब

| क.स | कार्यक्रम/क्रियाकलाप | वार्षिक लक्ष | | चौमासिक लक्ष | | चौमासीक प्रगति | | कार्यक्रम अबधि | | स्थान | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुंजिगत खर्च अन्तरगत कार्यक्रमहरू | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| | चालु खर्च अन्तरगतका कार्यक्रमहरू | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |

नोटः कार्यक्रम समाप्त भएको २१ दिन भित्र विवरण उपलब्ध गराउन हुन ।

तयार गर्नेः सदर गर्नेः

नामः नामः

पदः पदः

दस्तखतः दस्तखतः

अनुसूचि १२

**परम्परागत स्वास्थ्यकर्मी(झारफुक,धामी,झाँक्री,गुरौ,आम्ची आदि) हरूको उनिहरूले गरेका मुख्य उपचार सहितको लगत संकलन फारम**

| क.स | नाम थर | ठेगाना | कार्य अबधि | विस्तारीत सेवा | ज्ञान प्रासिको स्रोत | विशिष्ट रोग | पथ्यापथ्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आयुर्वेद तथा वैकल्पिक चिकित्साका स्वास्थ्य संस्थाहरूको लगत संकलन फारमः

| क.स | संस्थाको नाम | प्रोपराइटरको नाम | संस्था रहेको ठेगाना | संस्था संचालन भएको अबधि | संस्था दर्ता र संचालन स्वीकृति (मिति) | सेवाको प्रकार | संलग्न चिकित्सक/ स्वास्थ्यकर्मीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| तयार गर्नेको नामः | कार्यालय प्रमुखको नामः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| दर्जाः | दर्जाः |
| मितिः | मितिः |

## (च) प्रदेश जनस्वास्थ्य प्रयोगशाला अन्तर्गतका कृयाकलापहरू

### १. कृयाकलापको नामः प्रयोगशालाको लागि प्रिफ्याब भवन निर्माण

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.१.२.४९३ | खर्च शिर्षकः ३१११२ |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालावाट सेवा प्रवाहमा सजिलो होस भन्ने हेतुले र छिटो तथा छरितो भवनको अभास गर्ने उद्देश्यले आयोजना गरिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरुले सेवा प्रवाहमा गुणस्तरीयता ल्याउन । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई कर्णाली प्रदेशमा रोग नियन्त्रण गरी गुणस्तरीयता कायम गर्ने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश सुर्खेत । |
| सञ्चालन प्रकृया | पुरानो प्रिफ्याब भवनसँगै जोडिनेगरी संरचना निर्माणका लागि लागत अनुमान गरी कार्यालयलको आवश्यकता अनुसार साथै प्रचलीत नियम अनुसार पूर्वाधार निर्माण गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही खर्चको बाँडफाँट गरी भवन निर्माण गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ तथा स्वास्थ्य भवन निर्माण तथा सञ्चालन सम्बन्धी अद्यावधिक निर्देशिकाहरू । |
| अनुगमन सूचक | भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन |

### २. कृयाकलापको नामः पुराना भवनहरुको मर्मत संरचनात्मक सुधार

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.१.३.१, ११.१.३.१८ | खर्च शिर्षकः ३११६१ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट प्रदान गरिने सेवालाई सहज र प्रभावकारी बनाउन विद्यमान भौतिक पूर्वाधारहरूको मर्मत तथा संरचनात्मक सुधार गर्नका लागि यस क्रियाकलापको व्यवस्था गरिएको हो । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत कर्मचारीहरुले सेवा प्रवाहमा गुणस्तरीयता ल्याउन । |
| अपेक्षित प्रतिफल | रोगको समयमा नै निदान भई गुणस्तरीय स्वास्थ्य सेवामा अभिबृद्धि हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मेहलकुना अस्पताल, कर्णाली प्रदेश सुर्खेत |
| सञ्चालन प्रकृया | पुरानो संरचनाको मर्मत तथा सम्भारका लागि लागत अनुमान गरी कार्यालयलको आवश्यकता अनुसार साथै प्रचलित नियम अनुसार पूर्वाधारको मर्मत सम्भार गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही खर्चको बाँडफाँट गरी भवन निर्माण गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ तथा स्वास्थ्य भवन निर्माण तथा सञ्चालन सम्बन्धी अद्यावधिक निर्देशिकाहरू । |

| | |
|---|---|
| अनुगमन सूचक | भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन |

### ३. कृयाकलापको नामः गाडी तथा मोटरसाइकाल पार्किङ्ग सेड निर्माण

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.१.३.९ | खर्च शिर्षकः ३११६१ |

| | |
|---|---|
| परिचय | प्रदेश जनस्वास्थ्य प्रयोगशालामा कार्यरत कर्मचारीको प्रयोजनका लागि गाडी तथा मोटर साइकल पार्किङ्ग सहज गराउन आवश्यक पार्किङ्ग सेड निर्माण गर्न अत्यावश्यक देखिएकोले यस क्रियाकलापको व्यवस्था गरिएको हो । |
| उद्देश्य | सवारी साधनहरूको सुरक्षित पार्किङ्ग गर्न |
| अपेक्षित प्रतिफल | सवारी साधनको सुरक्षित पार्किङ्ग हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला कर्णाली प्रदेश सुर्खेत । |
| सञ्चालन प्रकृया | संरचना निर्माणका लागि लागत अनुमान गरी कार्यालयलको आवश्यकता अनुसार साथै प्रचलित नियम अनुसार पूर्वाधार निर्माण गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बार्षिक बजेटको परिधिभित्र रही खर्चको बाँडफाँट गरी भवन निर्माण गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ तथा स्वास्थ्य भवन निर्माण तथा सञ्चालन सम्बन्धी अद्यावधिक निर्देशिकाहरू । |
| अनुगमन सूचक | भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन |

### ४. कृयाकलापको नामः पिसीआर र जनरल ल्यावको लागि पावर व्याकअप खरिद तथा जडान (स्वास्थ्य तथा चिकित्सासंग संम्वन्धी यन्त्र, उपकरण तथा मेशिन औजार)

| | |
|---|---|
| कृयाकलाप संकेतः ११.३.९.४८ | खर्च शिर्षकः३११२२ |

| | |
|---|---|
| परिचय | प्रयोगशाला तथा कार्यालय प्रयोजनका लागि निरन्तर आवश्यकता भइराख्ने विद्युत आपूर्तिको विकल्पका लागि प्रयोगशाला सञ्चालन गर्न पावर व्याकअप तथा अन्य मेशिनरी औजार तथा उपकरणहरू खरिद गरी त्यसको सहज उपलब्धताका लागि यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | प्रयोगशालामा निरन्तर विद्युत आपूर्ति गराउन । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच उपलब्ध हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | प्रदेश जनस्वास्थ्य प्रयोगशाला |
## २५. कृयाकलापको नामः वातावरणीय तथा पेशागत स्वास्थ्य र सरसफाई (पानी शुद्धिकरण, हातधुने प्रबर्द्धन फोहोर मैला ब्यबस्थापन)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.१२१ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | सरसफाई तथा फोहोरजन्य रोगहरुको बढी जोखिममा रहेका समुदायलाई लक्षित गरी वातावरणीय तथा पेशागत स्वास्थ्यको वारेमा जानकारी गराउनुका साथै ब्यक्तिगत सरसफाई, समुदायको सरसफाई इत्यादीको बारेमा जनचेतना फैलाउने कार्य गर्न अभिप्रेरित गर्ने । |
| उद्देश्य | वातावरणीय तथा पेशागत स्वास्थ्यको बारेमा समुदायलाई जानकारी गराई वातारण र पेशाका कारण सम्भावीत हुने जोखिमहरुको बारेमा जानकारी दिने। |
| अपेक्षित प्रतिफल | समाजको वातावरणीय सरसफाईका साथै ब्यक्तिगत सरसफाईमा ठोस योगदान पुग्ने। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | कार्यालय प्रमुखबाट कार्ययोजना स्वीकृत गराई स्वास्थ्य सेवाको पहुच तथा अन्य बाताबरणीय तथा पेशागत स्वास्थ्य जोखिम समुदाय छनोट गरी सम्बन्धित समुदायको नजिकको स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीहरु, म.स्वा.से., आमासमूह र सरोकारवालाहरु सहितको २५ देखि ३० जना को सहभागीता अन्तरक्रिया, सचेतना तथा केही प्रयोगात्मक अभ्यासहरु गराई कार्यक्रमको श्रोतव्यक्ति तथा अन्य स्वास्थ्यकर्मीले सहजीकरण गर्नका लागि संम्भव भए Power Point Presentation सो नभएमा फ्लेक्स ब्यानरबाट प्रस्तुतिकरण गर्नु पर्ने छ । |
| बजेट बाँडफाँट | निर्देशिका वा नियमानुसार |
| सन्दर्भ सामग्री | Brochure, पम्पलेट तथा अन्य सामग्री |
| अनुगमन सूचक | सम्बन्धित समुदायमा रहेको संस्थामा रेकर्ड रहेको हुनुपर्ने । |

## २६. कृयाकलापको नामः स्वास्थ्यकर्मीहरुका लागि खोप सम्बन्धी ४ दिने तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२१४ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | दिनानु दिन खोपको संख्या बृद्धि हुनु आफैमा राम्रो कुरा हो तर यसको उचित तथा गुणस्तरीय भएन भने नकारात्मक समस्या समेत सिर्जना हुन सक्ने कुरालाई मध्यनजर गर्दै खोप कार्यमा प्रत्यक्ष संलग्न जनशक्तिका लागि खोपसंग सम्बन्धित तालिम नलिएकाहरुका लागि खोप ऐन, नियमावली, नयां खोप तालीकाको बारेमा जानकारी, खोपको उचित भण्डारण, Transportation तथा कोल्डचेन ब्यबस्थापन र संक्रमण नियन्त्रण समेतको जानकारी तथा दक्षता अभिबृद्धिको लागि ४ दिनको प्याकेजमा खोपसंग आदि स्वास्थ्यकर्मीलाई तालिम दिने । |
| उद्देश्य | खोप सम्बन्धी स्वास्थ्यकर्मीहरुको क्षमता तथा दक्षता अभिबृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | गुणस्तरीय खोप सेवा सञ्चालन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | यस अघि यो तालिम नलिएका नयाँ स्वास्थ्यकर्मीका साथै धेरै अगाडि तालिम लिई पुनतार्जगी तालिम नलिएका हे.अ./सि./अ.हे.व./ स्टाफ नर्स/सि./अनमी हरु छनोट गरी तालिम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | तालिमको प्रशिक्षक निर्देशिका तथा सहभागी पुस्तिकाद्वारा स्वास्थ्य सेवा बिभागले तोकेको निर्देशिकाको अधिनमा रहि तालिम कार्यक्रम संचालन गर्नुपर्ने । |
| सन्दर्भ सामग्री | तालिम निर्देशिका |
| अनुगमन सूचक | तालिम प्रतिवेदन |

## २७. कृयाकलापको नामः एच.आइ.भी. एस.टि.आइ. स्क्रिनिङ्ग शिविर (प्रदेश तथा जिल्ला)

| | |
|---|---|
| कृयाकलाप संकेत :२.७.२२.२१९ | खर्चशिर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | वैदेशिक रोजगारीमा जाने मोसमी कामदारहरू एच.आइ.भी.एस.टि.आइ.को उच्च जोखिममा रहेका छन्।त्यस्ता संक्रमित व्यक्तिहरूबाट समुदायमा संक्रमण फैलिन सक्ने सम्भावना रहेकोछ । चेतनाको कमिको कारण लाज र संकोचले त्यस्ता रोगहरू लुकाएर राख्ने बानी पनि उत्तिकै छ । जसका कारणले सामुदायिक स्वास्थ्यमा जटिलताहरू बढेर जाने सम्भावना भएकोले समय मै त्यस्ता व्यक्तिहरूको पहिचान गरी उपचारमा ल्याउनुपर्दछ । |
| उद्देश्य | समुदायमा रहेका तर पत्ता नलागेका एच.आइ.भी.एस.टि.आइ. प्रभावितलाई पत्ता लगाइ उपचारको दायरामा ल्याउने । |
| अपेक्षित प्रतिफल | समुदायमा पत्ता नलागेका एच.आइ.भी.एस.टि.आइ. प्रभावितहरू उपचारको दायरामा आउनेछन् । समुदायमा यसको संक्रमण दर घटेको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, जन/स्वास्थ्य सेवा कार्यालय र स्थानीय पालिका । |
| सञ्चालन प्रक्रिया | |

| | |
|---|---|
| | • पूर्व तयारी बैठक र समन्वय बैठकहरू गर्ने ।<br>• लक्षित समुदाय र स्थानको पहिचान गर्ने । मिति तोक्ने<br>• आवश्यक जनशक्ति सामग्री तथा उपकरणहरूको व्यवस्था गर्ने<br>• शिविर सञ्चालन हुनु पूर्व पर्याप्त प्रचार प्रसार गर्ने ।<br>• शिविरको अघिल्लो दिन नै शिविर स्थलको भौतिक व्यवस्थापन गर्ने<br>• शिविर सञ्चालन गरी संक्रमितहरूलाई उपचार शुरू गर्ने ।स्वास्थ्य शिक्षा दिने । सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने । |
| बजेट बाँडफाँट | शिबिरमा खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई प्रचलित खर्च मापदण्ड अनुसार दै.भ्र.भ., यातायात खर्च, खाजा व्यवस्था गर्न सकिने। |
| अनुगमनका सूचकहरू | पूर्व तयारी बैठकका निर्णयहरू, तथ्याङ्कहरू |

## २८. कृयाकलापको नामः सूचना तथा सन्देशमूलक सामग्री प्रकाशन

| | |
|---|---|
| कृयाकलाप संकेत २.४.१४.२ | खर्च शिर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | समुदायमा स्वास्थ्यसँग सम्बन्धित सन्देशहरू प्रवाह गर्नका लागि स्वास्थ्य सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू अपरिहार्य छन्। स्वास्थ्य सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू समय मै आपूर्ति गर्ने कार्य महत्वपूर्ण छ । |
| उद्देश्य | स्वास्थ्य सूचना तथा सन्देशमूलक सामग्रीहरू प्रकाशन गरी वितरण गर्नु यो कार्यक्रमको उद्देश्य रहेको छ । |
| अपेक्षित प्रतिफल | जनचेतना अभिबृद्धि भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | सामाजिक विकास मन्त्रालय, जन/स्वास्थ्य सेवा कार्यालय । |
| सञ्चालन प्रक्रिया | स्वास्थ्य सम्बन्धी सूचना ,शिक्षा तथा सञ्चार सामग्रीहरू आवश्यक परिमाण निर्धारण गरी प्रचलित अर्थिक कार्यविधि तथा ऐन नियमावलीको परिधि भित्र रही मन्त्रालयबाट गठित विज्ञ समितिबाट प्राप्त सामग्री विकास तथा छपाइ गरी वितरण गर्ने व्यवस्था गरिनेछ । |
| बजेट बाँडफाँट | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार |
| अनुगमनको सूचक | प्रगति प्रतिवेदन |

## २९. कृयाकलापको नामः एच.एम.आइ.एस. तथ्याङ्क भेरिफिकेशन तथा फलोअप मिटिङ

| | |
|---|---|
| कृयाकलाप संकेत २.७.२२.११२ | खर्च शिर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | तथ्याङ्कलाई नै आधार बनाएर नीति निर्माण तथा योजना तर्जुमा लगायतका महत्वपूर्ण कामहरू गरीन्छ । यसको विश्वसनियता र शुद्धता अपरिहार्य नै हुन्छ । जसको लागि समय समयमा तथ्याङ्कको अध्ययन अनुगमन स्थलगत अनुशिक्षण र शुद्धिकरण गर्नु अत्यावश्यक हुन्छ । |
| उद्देश्य | नियमित सूचना व्यवस्था प्रणाली सुदृढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय तथ्याङ्कमा अधारित योजना तर्जुमा |
| कार्यान्वयन गर्ने | जन/स्वास्थ्य सेवा कार्यालय |

| | |
|---|---|
| कार्यालय र निकाय | |
| संचालन प्रक्रिया | रिपोर्टिङको अवस्था कमजोर भएका र तथ्याङ्क एकरूपतामा समस्या भएका स्वास्थ्य संस्थाहरू पहिचान गरी रिपोर्टिङ तथा अभिलेख फर्मेट अनुसारको गुणस्तरीयता र एकरूपताको लेखाजोखा गर्ने, कार्यस्थल अनुशिक्षण तथा पृष्ठपोषण प्रदान गर्ने । |
| बजेट बाँडफाँट | खाजा, स्टेशनरी र दै.भ्र.भत्ता, मसलन्द नियमानुसार |
| अनुगमनका सूचक | HMIS प्रतिवेदनको गुणस्तर |

## ३०. कृयाकलापको नामः प्रिजम्टिभ क्षयरोग विरामीको सक्रिय खोजपडताल (Microscopy Camp)

| कृयाकलाप संकेतः२.७.२२.११६ | खर्च शिर्षक : २२५२२ |
|---|---|
| परिचय | क्षयरोगको केश नोटिफिकेशन बढ्ने। |
| उद्देश्य | एक्टिभ विधिबाट क्षयरोगी पत्ता लगाइ उपचारको दायरामा ल्याउने । |
| अपेक्षित प्रतिफल | समुदायमा लुकेर बसेका क्षयरोग विरामीहरू पत्ता लागि उपचार हुने । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | केशहरू बढी भएका वा सम्भावित स्थानीय तहसँग समन्वय गरी तालिम प्राप्त प्रयोगशालाकर्मी तथा चिकित्सक सहित आवश्यक जनशक्ति परिचालन गरी क्याम्प सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरुलाई नियमानुसारको दै.भ्र.भ. तथा परिचालन हुने कर्मचारीका लागि खाजा भत्ता आदि । |
| अनुगमनका सूचक | एक्टिभ बिधिबाट क्षयरोगी पत्ता लागेकाको विवरण। |

## ३१. कृयाकलापको नामः स्वास्थ्य शिक्षा सामग्री उत्पादन वितरण र प्रसारण

| कृयाकलाप संकेत :२.७.५.४३ | खर्च शिर्षक : २२५२२ |
|---|---|
| परिचय | समुदायमा देखा परेका र देखा पर्न सक्ने स्थानीय स्वास्थ्य समस्या विशेष गरी सुरक्षित मातृत्व,नसर्ने रोग, सरूवा रोग तथा जलवायु परिवर्तन जस्ता विषयहरूलाई ध्यानमा राखेर स्वास्थ्य प्रवर्धन गर्ने स्थानीय अवश्यकता अनुरूप सम्भव भएसम्म स्थानीय भाषाको प्रयोग गरी स्वास्थ्य शिक्षा सामग्रीको उत्पादन गरी स्थानीय समुदायमा प्रचार प्रसार गर्नका लागि वितरण गर्ने यस कार्यक्रमको लक्ष्य रहेको छ । स्वास्थ्य शिक्षा श्रव्यदृश्य सामग्री उत्पादन गर्दा सेवाबाट बन्चित वर्गलाई विशेष रूपमा प्राथमिकता दिइ ती वर्गको समेत पहुँच हुन सक्ने सजिलैसँग बुझ्न सक्ने सन्देशहरूको विकास तथा उत्पादन र प्रकाशन प्रसारण गर्ने । |
| उद्देश्य | सुरक्षित मातृत्व, वाल तथा नवशिशु स्वास्थ्य, सर्ने नसर्ने रोगहरू जलवायु परिवर्तन जस्ता विषयहरूमा स्थानीय समुदायमा देखा परेका वा देखा पर्न सक्ने स्वास्थ्य समस्या रोगको प्रकोप आदिको बारेमा जानकारी गराइ स्वास्थ्य प्रवर्धन गर्न स्वास्थ्य शिक्षा सामग्रीको उत्पादन प्रकाशन प्रसारण गर्ने । |
| अपेक्षित प्रतिफल | सुरक्षित मातृत्व ,वाल तथा नवशिशु स्वास्थ्य सम्बन्धी जानकारी भइ सर्ने, नसर्ने रोग, जलवायु प्रदुषण जस्ता विषयहरूका वारेमा स्थानीय समुदायले स्वास्थ्य समस्या परेका खण्डमा स्वास्थ्य सस्थामा गई स्वास्थ्य समस्याको समाधान गर्न सक्षम हुनेछन् । |
| कार्यान्वयन गर्ने | जन/स्वास्थ्य सेवा कार्यालय, मेहलकुना अस्पताल |

| | |
|---|---|
| निकाय | |
| सञ्चालन प्रक्रिया | • स्वास्थ्य प्रमूख र सरोकारवाला सुपरिवेक्षकहरूसँग छलफल गर्ने<br>• स्थानीय स्तरमा देखा परेका माथि उल्लेखित विषयहरूसँग सम्बन्धित प्रमुख स्वास्थ्य समस्याहरू पहिचान गर्ने साथै तथ्याङ्क विश्लेषण गर्न उपलव्ध तथ्याङ्क तथा सूचनाहरू केलाउने।<br>• तथ्याङ्क विश्लेषण गरे पछि देखिएका स्वास्थ्य समस्याहरूको प्राथमिकता सुची तयार गर्ने ।<br>• प्राथमिकता सुचीमा परेका कुन कुन विषयमा स्वास्थ्य शिक्षा सामग्री उत्पादन गर्ने हो सो को निर्णय गर्ने ।<br>• सम्बन्धित विषयविज्ञहरूबाट सन्देश लेखन ,परिमार्जन तथा अन्तिम रूप दिने कार्य गराउने प्राविधिक समिति भएमा सो बाट समेत अनुमोदन गराउने ।<br>• सामग्री उत्पादनको लागि स्पेशिफिकेशन तयार गर्ने जसमा सामग्रीको विषय, डिजाइन लगायत उत्पादन गरिने सामग्रीका विषयमा विस्तृत रूपमा उल्लेख गर्ने ।<br>• उत्पादन प्रकाशन ,प्रशारण गर्ने । |
| बजेट बाँडफाँट | पूर्व तयारी, डिजाइनिङ, उत्पादन, परिक्षण श्रोता सर्वेक्षण |
| अनुगमनका सूचकहरू | प्रतिवेदन तथा उत्पादित सामग्रीहरू |

## ३२. कृयाकलापको नामः TB/HIV-CABA संक्रमित बालबालिकाहरूका लागि पोषण वापतको सहयोग

| | |
|---|---|
| कृयाकलाप संकेत :२.७.२२.१२४ | खर्च शीर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | राष्ट्रिय एच.आइ.भी. र एड्स रणनीति (२०११-२०१६) ले परिलक्षित गरे अनुसार एच.आई.भी संक्रमित तथा प्रभावित बालवालिकाहरूको संरक्षण र स्याहारको लागि परिवार र समुदायको क्षमता अभिबृद्धि गर्ने कुरामा नेपाल सरकारले प्रतिवद्धता व्यक्त गरेको छ ।यसै प्रतिवद्धता पुरा गर्दै एच.आई.भीबाट संक्रमित तथा प्रभावित बालबालिकाहरूलाई संरक्षण प्रदान गर्दै दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा सहयोग कार्यक्रम राखिएको हो । |
| उद्देश्य | एच.आइ.भी संक्रमित बालबालिकामा हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेल्चेक्राइबाट संरक्षणका लागि वातावरण तयार पार्ने, परिवार र समुदायमा माया, ममता, अपनत्व तथा सम्मानपूर्ण जीवनयापन लगाएत उनीहरूको शिक्षा, स्वास्थ्य पोषण र स्याहार लगायतका आधारभूत बाल अधिकारको सुनिश्चित गर्दै उनीहरूको शारिरीक, मानसिक, भावनात्मक र सम्वेदनात्मक विकासमा योगदान गर्नका लागि संक्रमित बालबालिका र तिनीहरूका परिवारलाई सामाजिक संरक्षण प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | HIV संक्रमित बालबालिकामा हुन सक्ने विभिन्न प्रकारका दुर्व्यवहार, शोषण, भेदभाव, हिंसा र हेलचेक्राइबाट संरक्षणका लागि वातावरण तयार गर्ने, परिवार र समुदायमा माया, ममता, अपनत्व तथा सम्मानपूर्ण जीवनयापन लगायत उनीहरूको शिक्षा, स्वास्थ्य, पोषण र स्याहार लगायतका आधारभूत बालअधिकारको सुनिश्चित गर्ने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | जिल्ला CABA कार्यान्वयन समितिको निर्णयानुसार एच.आई.भी संक्रमितहरूलाई एकमुष्ठ रकम रू. |

| | |
|---|---|
| | ६००० बैंक खातामा जम्मा गरी भुक्तानी हुनेछ । उक्त रकमबाट नियमित रूपमा विद्यालय पठाउने नियमित रूपमा स्थानीय स्वास्थ्य संस्थामा जाँच गराउने एन्टीरेक्ट्रोभाइरल उपचारका लागि सहयोगको दायित्व बालबालिकाको अभिभावकको हुनेछ । जिल्ला CABA कार्यान्वयन समिति गठन नभएको जिल्लाको हकमा जनस्वास्थ्य सेवा कार्यालय प्रमख अस्पताल प्रमुख र ए.अर.टी.मा कार्यरत स्वास्थ्यकर्मी, फोकल पर्सन तथा संवन्धित साझेदार संस्थाहरूसँग बैठकमा निर्णय गराइ माग भइ आएमा एच.आइ.भी. संक्रमित बालबालिकाहरूको लागि सामाजिक संरक्षण अनुदान सञ्चालन कार्यविधि २०७० अनुसार भुक्तानी हुनेछ ।जसको अभिलेख समेत अध्यावधिक गर्नुपर्ने छ। |
| बजेट बाँडफाँट | पोषण खर्च नगद अनुदान, बैठक भत्ता । |
| अनुगमनको सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## ३३. कृयाकलापको नामः कार्यालयको वार्षिक प्रगति पुस्तिका प्रकाशन

| | |
|---|---|
| कृयाकलाप संकेत :२.४.१२.५ | खर्च शिर्षक : २२३१५ |

| | |
|---|---|
| परिचय | जन/स्वास्थ्य सेवा कार्यालयबाट गत आ.व.मा संचालित कृयाकलाप, उपलव्धी, समस्या र सुझावहरू समेटिएको वार्षिक प्रतिवेदन तयारी एवं प्रकाशन गर्ने कृयाकलापका लागि यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | जन/स्वास्थ्य सेवा कार्यालय तथा जिल्ला भित्र संचालित स्वास्थ्य सम्बन्धी गतिविधिहरूको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने । |
| अपेक्षित प्रतिफल | जिल्लागत र स्थानीय तहगत रूपमा सेवाको अवस्थाबारे जानकारी भै भावी योजना, कार्यक्रम र निर्णय प्रक्रियामा सूचना र तथ्याङ्कको प्रयोग भइ स्वास्थ्य सेवामा सुधार आउने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | तयारी बैठक, कार्य बाँडफाँट, विषयगत प्रतिवेदन तयारी, समन्वय बैठक, समायोजन गर्ने र कोटेशन मार्फत छपाइ गर्ने । |
| बजेट बाँडफाँट | बैठक भत्ता स्टेशनरी, पारिश्रमिक, छपाइ र वितरण अदि खर्च । |
| अनुगमनका सूचक | प्रगति प्रतिवेदन |

## ३४. कृयाकलापको नामः Road Traffic Accident संक्रमित सचेतना तथा अभिमुखिकरण (ट्राफिक प्रहरी एवं अन्यको समन्वयमा)

| | |
|---|---|
| कृयाकलाप संकेत :२.६.५.२ | खर्च शिर्षक : २२५१२ |

| | |
|---|---|
| परिचय | सडक उपयोग गर्ने सबै जना जसमा पैदल हिड्ने ,साइकल चलाउने ,गाडी चलाउने या सार्वजनिक यातायातका साधन चलाउनेहरू सडक दुर्घटनामा परी चोटपटक लाग्ने र मृत्यु समेत हुने अवस्थालाई सडक दुर्घटना भनिन्छ । सडक दुर्घटनामा परी अधिक संख्यामा यात्रु, सवारी चालक तथा सडक यात्रीको समेत अंगभंग हुने र मृत्यु समेत हुने समस्या अधिक मात्रामा बढ्दै गएको छ । यस्ता दुर्घटनाको प्रमुख कारण ट्राफिक नियमका बारेमा जानकारी नहुनु नै हो । |

| | |
|---|---|
| | सवारी दुर्घटनाबाट चालक देखि यात्रुसम्मलाई बचाउन सवारी दुर्घटना सम्बन्धी अभिमुखिकरण कार्यक्रम राखिएको छ । |
| उद्देश्य | ट्राफिक नियमहरूको बारेमा जानकारी गराइ यातायात दुर्घटना न्युनिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | सडक दुर्घटना न्युनिकरण भइ घाइते तथा मृत्यु दर घट्ने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | जिल्ला ट्राफिक प्रहरी कार्यालयसँग समन्वय गरी १ दिने सचेतना कार्यक्रम संचालन गर्ने। |
| बजेट बाँडफाँट | तयारी बैठक भत्ता खाजा स्टेशनरी सहजकर्ता भत्ता, यातायात खर्च |
| अनुगमनको सूचक | कार्यक्रमको प्रगति प्रतिबेदन |

## ३५. कृयाकलापको नामः क्षयरोग मोडुलर तालिम २ व्याच र कुष्ठरोग वेसिक तालिम १ व्याच

| | |
|---|---|
| कृयाकलाप संकेत :२.७.२२.२१७ | खर्च शिर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | क्षयरोग तथा कुष्ठरोगको उपचार र व्यवस्थापनका विधि र प्रक्रियाहरू परिवर्तन भइरहेको र स्वास्थ्य संस्थाहरूमा नयाँ नियक्त भई आएका स्वास्थ्यकर्मीहरूले उपचार र व्यवस्थापन सम्वन्धी तालिम नपाएको अवस्थामा उपचार र व्यवस्थापनमा समस्या हुन जाने भएकाले उनीहरूलाई लक्षित गरी क्षयरोग मोडुलर र कुण्ठरोग बेसिक सम्बन्धी तालिमको कार्यक्रम राखिएको हो । |
| उद्देश्य | नया नियुक्त तालिम नपाएका स्वास्थ्यकर्मीहरूलाई तालिम दिइ दक्ष बनाउने |
| अपेक्षित प्रतिफल | क्षयरोग र कुष्ठरोगको वेसिक तालिम लिए पछि उपचार र व्यवस्थापन सहज हुने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | • जिल्लामा तालिम नपाएका नया नियुक्त स्वास्थ्यकर्मीहरूको सूची तयार पार्ने । सम्बन्धित पालिकाको स्वास्थ्य शाखा तथा स्वास्थ्य सस्थासँग समन्वय गरी तालिमको स्थान, मिति र सहभागी संख्याको निश्चित गर्ने ।<br>• तालिम सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | यातायात खर्च , स्टेशनरी खाजा, तालिम सामग्री , श्रोत व्यक्ति सहजकर्ता भत्ता/दैनिक भ्रमण भत्ता |
| अनुगमनको सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३६. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी बिभिन्न दिवसहरू (अन्य)/जयन्ती दिवस र अन्य कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेत :२.७.२५.३०६, २.७.२५.३०९, २.७.२८.२ | खर्च शिर्षक : २२५२२, २२५२९ |

| | |
|---|---|
| परिचय | वर्षभरि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका स्वास्थ्य सम्वन्धी विभिन्न दिवसहरू पर्दछन् । यस्ता दिवसहरूले सम्बन्धित स्वास्थ्य समस्याका बारेमा समुदायलाई सचेत गराउने भएका कारण ती दिवसहरू लक्षित समूहलाई केन्द्रित गरी मनाउन यस कार्यक्रम राखिएको हो । |
| उद्देश्य | विभिन्न स्वास्थ्य समस्याहरूको बारेमा जन समुदायलाई सचेत र जागरूक बनाउने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सम्वन्धी जनचेतना अभिबृद्धि हुने । कुनै रोग अथवा स्वास्थ्यको बारेमा नया जानकारी र सन्देश जनस्तरमा अध्यावधिक हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |

| | |
|---|---|
| संचालन प्रक्रिया | • वर्षभरि मनाइने स्वास्थ्य दिवसहरूको क्यालेण्डर तयार पार्ने ।<br>• सम्बन्धित फोकल पर्सनको सक्रियतामा जिल्लामा रहेका सरोकारवाला सहयोगी संघसस्थाहरूसँग समन्वय गर्ने । बैठक बसी कार्यक्रमको स्वरूप तयार गर्ने ।बजेट तथा जिम्मेवारी वाडफाँड गर्ने ।<br>• दिवससंग आदि विषयवस्तु सम्बन्धी सूचना तथा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने साथै टिसर्ट, क्याप, ज्याकेट उत्पादन गर्न सकिनेछ । |
| बजेट बाँडफाँट | व्यानर स्टेशनरी, खाजा, बैठक भत्ता । |
| अनुगमनको सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३७. कृयाकलापको नाम : Birthing Center का नर्सिङ्ग कर्मचारीका लागि आकस्मिक प्रसुति सेवा EOC कार्यक्रमको अभिमुखिकरण

| | |
|---|---|
| कृयाकलाप संकेत २.७.२२.२०४ | खर्च शिर्शक २२५२२ |

| | |
|---|---|
| परिचय | आकस्मिक प्रसुति सेवाको आवश्यकता भएका सम्पूण महिलाहरुले ती सेवाहरु उपभोग नगरेसम्म मातृ मृत्युदर घटाउने उद्देश्य पुरा हन सक्दैन । अतः उपलब्ध सेवाको उपयोग भइरहेको छ भन्ने सुनिश्चित गर्नुपर्ने हुन्छ र यदि नगरिएको भए त्यसको कारण पत्ता लगाई समयमै उपयुक्त कदम चाल्नुपर्ने हुन्छ । यसको लागि आकस्मिक प्रसुति सेवाको निरन्तरता तथा नियमित रुपमा अभिमुखिकरण, अनुगमन तथा समिक्षा गर्न उपयुक्त पद्धति एंव सूचकहरुको आवश्यकता पर्दछ । यसै आवश्यकतालाई ध्यानमा राखेर बर्थिङ सेन्टरका नर्सिङ्ग कर्मचारीलाई अभिमुखिकरण र प्रसुति सेवा उपलब्धता तथा उपभोगको अनुगमनका लागि आकस्मिक प्रसुति सेवा अनुगमन निर्देशिकाको आधारमा प्रत्येक क्षेत्र तथा स्थानीय तह अन्तरगतको प्रसुति सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाहरुले उपलब्ध गराएको आकस्मिक प्रसुति सेवा वारे अनुगमन तथा समिक्षा गर्नुपर्ने हुन्छ । स्वास्थ्य संस्थाको सुरक्षित प्रसुति सेवा र जटिलता पता लगाउन अनुगमन गर्ने र EOC को समिक्षा गरेर आगामी दिनहरुमा त्यसलाई अझ प्रभावकारी कसरी बनाउन सकिन्छ भनि छलफल गराउनुपर्ने हुन्छ । |
| उद्देश्य | स्वास्थ्य संस्थाहरुले आकस्मिक प्रसुति सेवाको उपलव्ध गरे नगरेको लेखाजोखा गरी उपभोग नगरेको भए कारण पत्ता लगाई उपभोग दर वढाउन कार्ययोजना वनाई कार्यान्वयन गर्ने । |
| अपेक्षित प्रतिफल | आकस्मिक प्रसुति सेवाको आवश्यकता भएका महिलाहरुको पहिचान गरी समयमै प्रसुति सम्बन्धी जटिलताको व्यवस्थापन भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जनस्वास्थ्य /स्वास्थ्य सेवा कार्यालय र सबै स्थानीय तहहरु |
| संचालन प्रक्रिया | • कार्यक्रम संचालन गर्नुपुर्व कार्यक्रमका विषयवस्तुका सम्वन्धमा पुर्वतयारी गर्न तथा समन्वय गर्नुपर्नेछ ।<br>• कार्यक्रम संचालन गर्दा प.हे.न. वा सो कार्यक्रम सम्बद्ध व्यक्तिले २ दिनमा १ दिन अभिमुखिकरण र १ दिन समिक्षा गर्नेगरी गर्नुपर्नेछ ।<br>• यो कार्यक्रम संचालन गर्दा EOC Monitoring Guideline अनुरुप गर्नुपर्नेछ । |

| | |
|---|---|
| | • यसरी EOC Review गर्दा EOC Met need कम भएका गाउ तथा नगरपालिकाका वार्ड तथा समुदायलाई विशेष प्राथमिकता दिइ EOC Met need बढाउन कार्ययोजना तयार पार्नुपर्नेछ । |
| बजेट बांडफांड | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ वमोजिम गर्ने । |
| सन्दर्भ सामग्री | EOC Monitoring Guideline, Service Coverage Indicator |
| अनुगमन सूचक | यस सम्बन्धी सम्पूण अभिलेखहरु चुस्त दुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने । |

## ३८. कृयाकलापको नामः Menstrual Hygiene महिनावारी स्वास्थ्य तथा सरसफाई अभियान

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२०८, २.७.२५.२० | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्रजनन उमेरका महिलाहरुमा प्राकृतिकरुपमा हुने महिनावारीलाई विशेषगरी नेपालका सुदुर पश्चिम तथा कर्णाली प्रदेशका विभिन्न स्थानहरुमा एक प्रथाका रुपमा लिएर महिनावारीका समयमा महिलाहरुलाई अलगै व्यवहार गरेको अवस्था छ।जस्को कारणले महिलाहरु को स्वास्थ्यमा प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा असर परिरहेको छ।यस्तो समस्या समाधानका लागि छाउपडि प्रथा उन्मुलन तथा महिनावारी सरसफाई सम्बन्धी अभिमुखिकरण कार्यक्रम आवश्यक छ। |
| उद्देश्य | छाउपडी प्रथा उन्मुलनका लागि सरोकारवालासँग वकालत गर्ने र महिनावारी सरसफाई प्रबद्धन गर्ने । |
| अपेक्षित प्रतिफल | छाउपडी प्रथा उन्मुलनका लागि महिनाबारी सरसफाईका बिषयमा जनचेतना अभिबृद्धि भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य कार्यालयले स्थानीयस्तरमा तथा स्थानीयस्तरले पालिकास्तरमा गर्नेछन । |
| संचालन प्रक्रिया | • यस कार्यक्रमको लक्षित समूहमा छाउपडी प्रथाको प्रभाव रहेका कर्णाली प्रदेशका प्रजनन उमेर समुहका महिलारकिशोरीहरुहुनेछन।<br>• कार्यक्रम संचालन गर्दा प्रदेश र स्थानीयस्तरमा महिनावारी स्वास्थ्य सम्बन्धी अभियानका अभियान्तालाई समेत सहजकर्ताका रुपमा प्रयेगगर्न सकिनेछ।<br>• कार्यक्रम विशेषगरी माध्यमिक तहका छात्राहरु वा अन्य किशोरकिशोरीहरु वा आमा समूहलाई लक्षित गर्नु पर्नेछ। |
| बजेट बांडफांड | सेनिटरी प्याड खरिद, सामग्री व्यवस्थापन, दै.भ्र.भ, खाजा खर्च आदि। |
| सन्दर्भ सामग्री | महिनाबारी स्वच्छता सम्बन्धी तालिम पुस्तिका |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ३९. कृयाकलापको नामः VIA का लागि सामग्री खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत नः२.७.२२.२०६, २.७.२२.६९ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने स्वास्थ्य समस्याहरु मध्य पाठेघरको मुखको क्यान्सर (cervical cancer ) पनि हो।जसको समयमानै पहिचान हुन नसक्दा महिलाहरुले कष्टकर जीवनयापन गर्न परिरहेको |

| | |
|---|---|
| | छ।जसलाई कर्णाली जस्तो दुर्गम ठाउँहरुमा VIA विधिबाट समयमै cervical cancer पहिचान गर्नकोलागि आवश्यक पर्ने सामग्रीहरु को उपलव्धता हुन जरुरी देखिन्छ। |
| उद्देश्य | VIA विधिबाट समयमै cervical cancer पहिचान गर्नकोलागि आवश्यक पर्ने सामग्री खरिद गर्ने उद्धेश्यले यो कार्यक्रम राखिएको छ। |
| अपेक्षित प्रतिफल | पाठेघरको मुखको क्यान्सरको शूरुकै अवस्थामा VIA विधिबाट पहिचान गर्न सकिनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरु |
| संचालन प्रक्रिया | VIA विधिबाट क्यान्सर स्क्रिनिङ गर्दा आवश्यक पर्ने VIA set, spacullom, surgical drum, bowl, autoclave acetic acid जस्ता सामग्री खरिद गर्न सकिनेछ र यस्ता सामग्री खरिद गर्दा आवश्यक सामग्रीको मात्रा निर्धारण गरी मौजुदा सार्वजनिक खरिद ऐन वमोजिम गर्नु पर्नेछ। |
| बजेट बाडँफाट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ वमोजिम गर्ने। |
| अनुगमनका सूचक | यस सम्बन्धी सम्पूर्ण अभिलेखहरु चुस्तदुरुस्त राखि कार्यक्रम समपन्न भएको १५दिनभित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने। |

## ४०. कृयाकलापको नामः पाठेघरको मुखको क्यानसर जाँचका लागि VIA set, Silicon ring pessary खरिद

| | |
|---|---|
| कृयाकलाप संकेत नः २.७.५.५१ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने स्वास्थ्यसमस्याहरु मध्ये पाठेघरको मुखको क्यानसर (cervical cancer ), पाठेघर खस्ने समस्या र अव्स्टेटिक फिस्टुला पनि हुन । जसको समयमा नै पहिचान हुन नसक्दा महिलाहरुले कष्टकर जीवनयापन गर्न परिरहेको छ। जसलाई कर्णाली जस्तो दुर्गम ठाउहरुमा VIA विधिबाट समयमै cervical cancer पहिचान गर्नको लागि अवश्यक पर्ने सामग्रीहरुको उपलव्धता हुन जरुरी देखिन्छ। |
| उद्देश्य | VIA विधिबाट समयमै cervical cancer पहिचान गर्न, पाठेघर खस्ने समस्या र अव्स्टेटिक फिस्टुला भएका मिहलाहरुको समयमै पिहचान गर्न र कन्जरभेटिभ व्यवस्थापन गर्न सहज हुनेछ । |
| अपेक्षितप्रतिफल | पाठेघरको मुखको क्यान्सरको शूरुकै अवस्थामा VIA विधिबाट पहिचान गर्न सकिनेछ । पाठेघर खस्ने समस्या र अव्स्टेटिक फिस्टुला भएका महिलाहरुको समयमै पिहचान गरी आवश्यक्तानुसार कन्जरभेटिभ व्यवस्थापन र अप्रेसनका लागि प्रेषण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन /स्वास्थ्य सेवा कार्यालयहरु |
| संचालन प्रक्रिया | VIA विधिबाट क्यान्सर स्क्रिनिङ गर्दा आवश्यक पर्ने VIA set, speculum, surgical drum, bowl, autoclave acetic acid, औषधीजस्ता सामग्रीका साथै VIA camp का लागि Mask, sanitizer, PPE आवश्यकताका अधारमा खरिद गर्न सकिनेछ।र यस्ता सामग्री खरिद गर्दा आवश्यक समग्रीको मात्रा निर्धारण गरी मौजुदा सार्वजनिक खरिद ऐन वमोजिम गर्नु पर्नेछ। |

| | |
|---|---|
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ वमोजिम गर्ने । |
| अनुगमनका सूचक | यस सम्बन्धी सम्पूण अभिलेखहरु चुस्त दुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने । |

## ४१. कृयाकलापको नामः भि.आइ.ए. र अव्स्टेटिक फिस्टुलाका लागि स्क्रिनिङ क्याम्प

| | |
|---|---|
| कृयाकलाप संकेत नः २.७.२२.१२३ | खर्च शिर्षक :२२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने स्वास्थ्य समस्याहरु मध्ये पाठेघरको मुखको क्यानसर (cervical cancer ), पाठेघर खस्ने समस्या र अव्स्टेटिक फिस्टुला पनि हुन् । जसको समयमा नै पहिचान हुन नसक्दा महिलाहरुले कष्टकर जीवनयापन गर्न परिरहेको छ।जसलाई कर्णाली जस्तो दुर्गम ठाउहरुमा VIA विधिबाट समयमै cervical cancer पहिचान गर्नको लागि अवश्यक पर्ने सामग्रीहरुको उपलव्धता हुन जरुरी देखिन्छ। |
| उद्धेश्य | VIA विधिबाट समयमै cervical cancer पहिचान गर्न, पाठेघर खस्ने समस्या र अव्स्टेटिक फिस्टुला भएका महिलाहरुको समयमै पिहचान गर्न र कन्जरभेटिभ व्यवस्थापन गर्न सहज हुनेछ। |
| अपेक्षित प्रतिफल | पाठेघरको मुर्खको क्यान्सरको शूरुकै अवस्थामा VIA विधिबाट पहिचान गर्न सकिनेछ । पाठेघर खस्ने समस्या र अव्स्टेटिक फिस्टुला भएका महिलाहरुको समयमै पिहचान गरी आवश्यक्तानुसार कन्जरभेटिभ व्यवस्थापन र अप्रेसनका लागि प्रेषण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकायहरु | जन /स्वास्थ्य सेवा कार्यालयहरु |
| कार्यक्रम संचालन प्रक्रिया | ➢ यो कार्यक्रमको फोकल पर्सनको रुपमा प.हे.न.ले गर्नुपर्नेछ ।<br>➢ यो कार्यक्रमको रोकथामको लागि स्थानीयस्तरमा समन्वय गरी विभिन्न जनचेतना मूलक कृयाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।<br>➢ स्क्रिनिङ शिविर सञ्चालन गर्नु पुर्व जिल्लाले पाठेघरको मुखको क्यान्सर, पाठेघर खर्स्ने तथा अब्टफस्टुलाको समस्या भएका महिलाहरु वढी भएका र सेवाको पहुचँ बाट टाढा रहेका गाउ पालिका वा नगरपालिका का वडाहरु एकिन गरी सोही स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। एक स्थानको सिविरमा कम्तीमा ४० जना सेवाग्राहीको जाच गरिएको हुनेछ ।<br>➢ स्थानीय तहहरु र गैरसरकारी संघ संस्थाले सञ्चालन गर्ने VIA विधिबाट समयमै cervical cancer पहिचान गर्न, पाठेघर खस्ने समस्या र अव्स्टेटिक फिस्टुला शिविर स चालन भएको स्थान नदोहोरिएको हुनुपर्नेछ ।<br>➢ छनोट गरिएको स्थानमा. मा वस्क्रवनङ क्याम्प भन्दा कम्तिमा १ हप्ता पहिले नै प्रचार प्रसारको व्यवस्था मिलाउनु पर्नेछ ।<br>➢ जन/स्वास्थ्य सेवा कार्यालय वा अस्पतालमा कार्यरत मेडिकल अफिसर तथा रिङपेसरी राख्न पाठेघरको मुर्खको क्यान्सर को परिक्षण गर्न सक्षम नर्सिङ्ग, PHN/Counseller/SNANMसस्थानीय स्वास्थ्य सस्थामा संस्थामा कार्यरत स्वास्थ्यकर्मी लगायत कम्तीमा ३ जना प्राविधिक सहितको टोलीबाट सेवा प्रवाह गर्ने । |
| बजेट बाँडफाँट | यातायात तथा सामान ढुवानी, रिङ पेसरी, औषधी दैनिक भ्रमण भता र स्थानीय तह भता र अन्य विविधमा खर्च गर्न सकिने । |

| | |
|---|---|
| अनुगमनका सूचक | यस सम्बन्धी सम्पूण अभिलेखहरु चुस्त दुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने । |

## ४२. कृयाकलापको नामः संक्रमण रोकथाम IP Wholesite Orientation

| | |
|---|---|
| कृयाकलाप संकेत नः २.७.२२.२०५ | खर्च शिर्षक :२२५२२ |

| | |
|---|---|
| परिचय | संक्रमण रोकथाम गुणस्तरीय स्वास्थ्य सेवाको एक अभिन्न अङ्ग हो । स्वास्थ्य सेवा दिने क्रममा विरामी र स्वास्थ्य सेवा दिने व्यक्ति, स्वास्थ्य संस्थाका सहयोगी कर्मचारी र स्वस्थ्य संस्थामा आउने अन्त्य व्यक्तिलाई समेत सम्भावित संक्रमणबाट बचाउनका लागि व्यवहार परिवर्तन गर्न मद्दत पुर्याउने उद्देश्यले स्वास्थ्य संस्थाहरुमानै गई सम्पूर्ण कर्मचारीहरुलाई तालिम दिन कार्यक्रम राखिएको छ । |
| उद्धेश्य | स्वास्थ्य संस्थाहरुका स्वास्थ्यकर्मीहरुका साथै अन्य सहयोगी कर्मचारीहरुलाई संक्रमण रोकथाम तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि गराई सिप तथा धारणा परिवर्तनमा सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | संक्रमण रोकथाम तथा फोहोरमैला ब्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि गरी सिप तथा धारणा परिवर्तनमा सहयोग पुगेको हुनेछ । |
| कार्यान्वयन गर्ने निकायहरु | जन /स्वास्थ्य सेवा कार्यालयहरु |
| कार्यक्रम संचालन प्रक्रिया | ➢ यो कार्यक्रम प.हे.न.ले संचालन गर्नुपर्नेछ ।<br>➢ सम्बन्धित स्वास्थ्य संस्थामा नै गएर संचालन गर्नु पर्नेछ ।<br>➢ तालिम संचालन पुर्व एक दिन सहजकर्ताले तयारी गर्नुपर्नेछ ।<br>➢ संक्रमण रोकथाम सम्बन्धी DTOT प्राप्त कम्तीमा ३ जना सहजकर्ताले संचालन गर्नुपर्नेछ।<br>➢ यो तालिमको अवधि २ दिनको हुनेछ ।<br>➢ संक्रमण रोकथाम तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी निर्देशिका भित्रका विषयबस्तु र संस्थाको सरसफाइको अवस्था हेरी गर्नुपर्ने छ। |
| बजेट बाँडफाँट | बजेटको प्रयाप्तता हेरी संक्रमण रोकथामका लागि आवश्यक सामग्रि खरिद , दैनिक भ्रमण भता, स्थानीय भता र यातायात तथा सामान ढुवानी, र अन्य विविधमा खर्च गर्न सकिनेछ । |
| अनुगमनका सूचक | यस सम्बन्धी सम्पूर्ण अभिलेखहरु चुस्त दुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने । |

## ४३. कृयाकलापको नामः कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेत न. : २.७.२२.११० | खर्च शिर्षक : २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा मातृ मृत्यु दर प्रति लाख जिवित जन्ममा २३९ र शिशु मृत्यु दर प्रति १००० मा २१ रहेको छ । प्रदेश सरकारले स्वास्थ्य संस्थामा प्रसुति गराउन उत्प्रेरिरित गर्न र सुत्केरी महिला तथा नवजात शिशुलाई कुपोषण हुन बाट बचाउन सुत्केरी पोषण कोसेली कार्यक्रम संचालन गर्न यस वर्षमा बजेट बिनियोजन गरिएको छ । |
| उद्धेश्य | स्वास्थ्य संस्थामा दक्ष प्रसुति कमीबाट प्रसुति हुनेको संख्यामा बृद्धि भई मातृ मृत्यु तथा नवशिशु मृत्यु |

| | |
|---|---|
| | दर कम हुने र सुत्केरी आमा तथा नवशिशुलाई कुपोषण हुनबाट बचाउने । |
| अपेक्षित प्रतिफल | प्रवतफल सुत्केरी महिला तथा नवशिशुलाई पोषिलो खाने कुरा उपलब्ध गराई कुपोषण हुनबाट हुने जटिलताबाट बचाउने । |
| कार्यान्वयन गर्ने निकायहरु | जन /स्वास्थ्य सेवा कार्यालयहरु, मेहलकुना अस्पताल । |
| कार्यक्रम संचालन प्रक्रिया | • प्रसुति सेवा प्रदान गने स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थामा सुत्केरी हुने नेपाली महिलालाई रु २०००/- दुई हजारका दरले सुत्केरी पोषण कोसेली खर्च उपलब्ध गराउनु पर्नेछ।<br>• सुत्केरी पोषण कोसेली खर्च निम्नानुसारको फाराम भरी नेपाली नागरिकताको प्रतिलिपी, महिलाको नागरिकता नभएमा नीजको श्रीमान वा अविभाबकको नागरिकताको प्रतिलिपी सहित सही छाप गरेर पेश गर्नुपर्नेछ र स्वास्थ्य संस्थाले भरपाइ गराई उक्त रकम सुत्केरी महिलालाई डिस्चार्ज हुदां उपलब्ध गराउनु पर्नेछ ।<br>• यो खर्च प्रसुति सम्बन्धी जटिलताको उपचारका लागि आएका महिलाहरुलाई उपलब्ध हुने छैन।<br>• प्रदेश अस्पतालको हकमा मे.सु., सम्बन्धित चिकित्सक र मेट्रोनको सिफारिसमा अति गरीब, गरीब, बिपन्न महिलालाई मात्र सुत्केरी पोषण कोसेली खर्च उपलब्ध गराउनु पर्नेछ ।<br>• यस शिर्षकमा सामाजिक विकास मन्त्रालयमा रहको बजेट आदि अस्पताल तथा स्वास्थ्य कार्यालयहरुलाई अनुमानित प्रसुति हुने संख्याको एकिन गरेर कार्यक्रम तथा अख्तियारी दिनु पर्नेछ । यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरुले सुत्केरी भएका महिलाहरुलाई सुत्केरी पोषण कोसेली खर्च उपलब्ध गराउनु पर्नेछ र स्वास्थ्य कार्यालयहरुले प्रसुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई अनुमानित संख्याको आधारमा पेश्की रकम उपलब्ध गराउनु पर्नेछ। एकपटक सेवालिएर पुन जटिल समस्या लीई आएमा मेट्रोनको सिफारिशमा सामाजिक सेवा ईकाई मार्फत पुन रकम उपलब्ध गराउनु पर्नेछ । |
| बजेट बाँडफाँट | अनुमानित प्रसुति हुने संख्याको एकिन गरेर प्रतिव्यक्ती रु.२०००(दुई हजारका) दरले उपलब्ध गराउने । |
| अनुगमनका सूचक | यस सम्बन्धी सम्पूण अभिलेखहरु चुस्त दुरुस्त राखि कार्यक्रम समपन्न भएको १५ दिन भित्र स्वास्थ्य निर्देशनालय र सामिजक विकास मन्त्रालयमा पठाउने । |

## ४४. कृयाकलापको नामः प्रयोगशालाकर्मीहरुको लागि आधारभूत तालिम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४३० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | कर्णाली प्रदेशमा रहेका प्रयोगशालामा कार्यरत कर्मचारीहरुको क्षमता,ज्ञान र सिप विकास गन आधारभुत प्रयोगशाला तालिम आयोजाना गरिएको छ । |
| उद्देश्य | प्रयोगशालामा कार्यरत नया कर्मचारीहरुको क्षमता,ज्ञान र सिप विकास गर्न साथै परिक्षणको गुणस्तरीयता कायम गर्ने । |
| अपेक्षित प्रतिफल | निदान तथा उपचारमा सहयोग भई गुणस्तरीयता कायम भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालयरनिकाय | जन/स्वास्थ्य सेवा कार्यालय। |

| | |
|---|---|
| सञ्चालन प्रकृया | प्रति समुहमा १० जना सहभागि गराई १५ दिनसम्म तालिम निर्देशिका अनुसार गरिने छ । |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च बाँडफाँट मापदण्ड निर्देशिका,२०७५र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली २०७५ अनुसार हुने छ । |
| सन्दर्भ सामग्री | NPHL SOP, PPHL Basic Lab, Training Guideline |
| अनुगमन सूचक | तालिम सम्पन्न प्रतिवेदन, एकीकृत सुपरीवेक्षण चेकलिष्ट |

## ४५. कृयाकलापको नामः खानेपानीको गुणस्तर परीक्षण तथा निगरानी

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४३१, २.७.२२.१३४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | खानेपानीको जैविक, रसायनिक र भौतिक परिक्षण गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | खानेपानीको गुणस्तर सुनिश्चित गर्न विभिन्न प्यारामिटरहरु आवधिक रुपमा परिक्षण गर्ने। |
| अपेक्षित प्रतिफल | पानीजन्य रोगहरु नियन्त्रण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • यो कार्यक्रम बार्षिक जिल्लाको कम्तिमा तीनवटा पालिका छनौटगरी सो क्षेत्रको खानेपानीको मुहान, धारा, घर, होटल, विद्यालय, स्वास्थ्य संस्थाको पानीको नमुना परीक्षण पानी गुणस्तर जांच गर्ने मेशिनको प्रयोग गरी गर्नु पर्नेछ।<br>• सम्बन्धित स्थानीय तहहरुसंग समन्वयमा पानीको नमुना परिक्षण गरी सोको नतिजालाई सम्बन्धित स्थानीय तह, स्वास्थ्य सेवा निर्देशनालय र प्रदेश जनस्वास्थ्य प्रयोगशालामा प्रतिवेदन पठाउने र जिल्ला तथा प्रदेशको समीक्षा कार्यक्रममा प्रस्तुत गर्ने।<br>• धेरै जनघनत्व भएका स्थानीय तहका खानेपानी योजनाबाट चौमासिक, प्रि र पोस्ट मनसुन एवं खानेपानीजन्य रोगको प्रकोपको अवस्थामा आवश्यकता अनुसार गुणस्तर जांच गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | नमुना संकलन गर्न जाने स्वाकाका प्रयोगशाला लगाएतका कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, पानी जांच्ने मेशिनको मर्मत सम्भार, रियजेन्ट लगायत उपकरणको खरिदमा बजेट बाँडफाँट गरी खर्च गर्न सकिने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, वाटर सेफ्टि प्लान, वाटर क्वालिटि सर्भिलेन्स निर्देशिका |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ४६. कृयाकलापको नामः HIV Test पोजेटिभहरु भएका व्यक्तिहरुसंग अन्तरक्रिया कार्यक्रम (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७..२२.४३४ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | गरी पोजेटिभ भएका बिरामीहरुसंग अन्तरक्रिया गर्नका लागि यस कार्यक्रममा बजेट बिनियोजन गरिएको छ । |

| | |
|---|---|
| उद्देश्य | HIV positive patients लाई आवश्यक ज्ञान, सीप र कार्य दक्षताको विकास गर्ने, |
| अपेक्षित प्रतिफल | HIV Positive संक्रमितहरुको ज्ञान धारणामा विकास भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय÷निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | विश्व स्वास्थ्य संगठनको HIV Testing and Counseling Training निर्देशिका<br>National HIV Testing and Treatment Guideline 2017 HIV Testing, Counselling गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार तोकिएको मितिभित्र |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | सम्बन्धित निर्देशिका तथा स्वास्थ्य शिक्षा सामग्री |
| अनुगमन सूचक | कार्यसम्पन प्रतिवेदन |

## ४७. कृयाकलापको नामः निजि स्वास्थ्य संस्थाहरुः अस्पताल, पोलीक्लिनिक, प्रयोगशाला, डेण्टल क्लिनिक अनुगमन, नियमन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४३३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | निजि स्वास्थ्य संस्था स्थापना संचालनतथा स्तरोन्ती मापदण्ड अनुसार सेवा संचालन अनुमति पाएका स्वास्थ्य संस्थाको अनुगमन तथा नियमनका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको हो । |
| उद्देश्य | नेपाल सरकारको Public Private Partnership बाट जनतालाई अधिकतम स्वास्थ्य सेवाको पँहुच बढाउन स्वास्थ्य संस्था स्थापना संचालन तथा स्तरोन्नती मापदण्ड २०७० र जनस्वास्थ्य नियमावाली २०७७ को कार्यान्वयन गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । |
| अपेक्षित प्रतिफल | प्रचलित कानुन तथा नियमले तोके बमोजीम गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • नियमानुसार सेवा संचालन अनुमति दर्ता र नविकरणका लागि कार्यालयलाई प्राप्त आबेदनको आधारमा नियमानुसार अनुगमन गरी स्वास्थ्य सेवा संचालन अनुमतिका लागि सरकारले तोकेको राजश्व संकलन गर्ने, नविकरण गर्ने, अनुगमन गर्नुका साथै प्रक्रिया नपुगी सेवा संचालनमा रहेका संस्थाहरुलाई कानुन बमोजीम कार्बाही समेत गर्ने ।<br>• सञ्चालनमा रहेका निजि स्वास्थ्य संस्था, स्वीकृति प्राप्त स्वास्थ्यसंस्थाको अर्ध बार्षीक प्रतिवेदन प्रदेश अनुगमन समितिलाई उपलब्ध गराउने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.व.को प्रथम, दोस्रो र तस्रो चौमासिक |
| बजेट बाँडफाँट | दै.भ्र.भत्ता, बैठक भत्ता, गाडी भाडा, अनुगमन भत्ता, खाजा खर्च र बिबिध खर्च समेत हुने गरी बजेट बाँडफाँट गरी खर्च गरिने छ । |
| सन्दर्भ सामग्री | प्रचलितनियम, कानुन, निर्देशिका र चेकलिष्ट आदि । |

| | |
|---|---|
| अनुगमन सूचक | दर्ता तथा नविकरण सुचि |

## ४८. कृयाकलापको नामः आधारभूत प्राथमिक उपचार तालिम (Basic First Aid Training) स्वास्थ्य सेवा

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४१९ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अत्यावश्यक ठानिएका स्थानहरु छनोट गरी विद्यालयका शिक्षक, बिद्यार्थी तथा महिला स्वयंसेविकाहरु मध्येबाट छनोट गरी आधारभूत प्राथमिक उपचार तालिमको लागि यस कार्यक्रममा बजेट बिनियोजन गरिएको छ । |
| उद्देश्य | सुर्खेत जिल्लाका संबेदनशील या उच्च जोखिममा रहेको स्थान र समुदायलाई लक्षित गरी २ दिने आधारभूत प्राथमिक उपचार तालिम दिई आपतकालीन स्वास्थ्य सेवा प्रदानमा सुनिश्चतता गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सेवाको संबेदनसिल ठानीएका क्षेत्रको स्थान र समुदायका मानिसहरुको आपतकालीन सेवामा पँहुच भएको हुने । |
| कार्यान्वयन गर्ने कार्यालय | जन /स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | तालिमका लागि छनोट भएकाहरु मध्येबाट १ ब्याचमा कम्तीमा १५ र बढिमा २५ जना सहभागी गराई २ दिने तालिम संचालन गरिने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.व. भित्रमा |
| बजेट बाँडफाँट | दै.भ्र.भ., गाडी भाडा,अनुगमन भत्ता, खाजा खर्च र विविध खर्च समेत हुने गरी बजेट बाँडफाँट गरी खर्च गरिने छ । |
| सन्दर्भ सामग्री | तालिम सामग्रीहरुका साथै स्वास्थ्य सुरक्षा सामग्री आदि । |
| अनुगमन सूचक | कार्यक्रम संचालन भएको प्रगती प्रतिबेदन |

## ४९. कृयाकलापको नामः मानव सेवा आश्रम, प्रशान्ती बृद्धाश्रम लगायतका स्थानहरुमा चौमासिक स्वास्थ्य परिक्षण सेवा

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४२३ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | मानव सेवा आश्रम तथा प्रशान्ती बृद्धाश्रममा रहने बस्ने मानिसहरुको स्वास्थ्य जाँचका लागि यस कार्यक्रममा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | मानव सेवा आश्रम तथा प्रशान्ती बृद्धाश्रममा रहने बस्ने मानिसहरुको स्वास्थ्य परिक्षण तथा उपचार गर्ने । |
| अपेक्षित प्रतिफल | तोकिएको स्थानका मानिसहरुको स्वास्थ्य परीक्षण तथा उपचार भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय | जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेत । |
| सञ्चालन प्रक्रिया | आधारभूत स्वास्थ्य सबैका लागि समान अधिकार र पहुचको स्थापना गर्ने उद्देश्यले मानव सेवा आश्रम तथा प्रशान्ती बृद्धाश्रममा रहेका महानुभावहरुको चौमासिक स्वास्थ्य जाँच तथा उपचार |

| | |
|---|---|
| | ब्यबस्थापन गरिने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार तोकिएको मितिभित्र |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | चिकित्सा सेवा, बिरामी परिक्षण तथा औषधी बितरण |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## ५०. कृयाकलापको नामः लोपोन्मुख राउटे समुदायमा स्वास्थ्य शिबिर तथा स्वास्थ्य सुरक्षा सामग्री बितरण सेवा

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४२४ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | लोपोन्मुख फिरन्ते राउटे समुदायका मानिसहरुको स्वास्थ्य जाँचका साथै स्वास्थ्य सुरक्षा सामग्री बितरणका लागि यस कार्यक्रममा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | राउटे समुदायमा रहेका स्वास्थ्य समस्या भएका सबै मानिसहरुको स्वास्थ्य परीक्षण तथा उपचार गर्ने। |
| अपेक्षित प्रतिफल | लोपोन्मुख राउटेहरुको वस्तिमा पुगि उनिहरुको स्वास्थ्य परीक्षण तथा उपचार भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय | जन/स्वास्थ्य सेवा कार्यालय, सुर्खेत । |
| सञ्चालन प्रक्रिया | आधारभूत स्वास्थ्य सबैका लागि समान अधिकार र पँहुचको स्थापना गर्ने उद्देश्यले राउटे समुदाय लक्षित आधारभूत तथा आकश्मिक स्वास्थ्य सेवा प्रबाहका लागि निजहरुको स्वास्थ्य जाँच तथा उपचार गरी बजेटको प्रबिधिभित्र रही सामान्य सरसफाइ तथा खाद्य तथा पोषण सामग्री ब्यबस्थापन गरिनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.व. भित्रमा |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | चिकित्सा सेवा, बिरामी परीक्षण तथा औषधी वितरण |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

## ५१. कृयाकलापको नामः औलो कालाजार तथा किटजन्य रोग नियन्त्रण तथा समिक्षा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४३६ | खर्चशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | सुर्खेत जिल्ला भित्रका किट जन्य रोगहरुको बढी प्रकोप रहेका समुदाय लक्षित केश बेस सर्भे, खोज पडताल तथा निगरानीका साथै अनसाईट कोचिङ र कार्यक्रमको समिक्षाको लागि यस कार्यक्रममा बजेट विनियोजन गरिएको छ। |
| उद्देश्य | किटजन्य रोगहरु (औलो, कालाजार, डेंगु र स्क्रब टाईफस) को बर्षेनी महामारी भईरहने समुदायका लक्षित गरी केशको अनुसन्धान, निगरानी , केशबेस सर्भे, समुदायस्तरमा सचेतना कार्यक्रम र समिक्षा समेत गर्ने। |
| अपेक्षित प्रतिफल | किटजन्य रोगहरुको उपचार ब्यबस्थापनका साथै नियन्त्रण भएको हुनेछ । |
| कार्यान्वयन गर्ने | जन/स्वास्थ्य सेवा कार्यालय, सुर्खेत । |

| | |
|---|---|
| कार्यालय | |
| सञ्चालन प्रक्रिया | किटजन्य रोगबाट प्रभावित समुदायको अनुगमन, केशबेस सर्भे तथा सो समुदायमा अवस्थित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई अनुशिक्षण र समुदायलाई सचेतना फैलाउने समेतको कार्य गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | चालु आ.व. भित्रमा |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट |
| सन्दर्भ सामग्री | स्वास्थ्य शिक्षा सामग्री, उपचार निर्देशिका आदि |
| अनुगमन सूचक | कार्य सम्पन्न प्रतिवेदन |

### ५२. कृयाकलापको नामः रेडक्रस आँखा अस्पतालसंगको साझेदारीमा निःशुल्क मोतीबिन्दुको शल्यक्रिया स्वास्थ्य बिमा अनुसार (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.४३४ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | आँखा रोग सम्बन्धी सेवा सम्पूर्ण स्वास्थ्य संस्थामा उपलव्ध नभएकाले आँखा सम्बन्धी बिशेष आँखा शिविर सञ्चालन तथा सेवा विस्तार गर्न बार्षिक कार्यक्रममा समावेश गरिएको छ । |
| उद्देश्य | • आँखा अस्पताल नभएका तथा सिमान्तकृत समुदायहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न ।<br>• भौगोलिक तथा आर्थिक रुपले आँखा स्वास्थ्य सेवाको पहुँच नपुगी अप्रेशन हुनवाट वञ्चित व्यक्तिहरुको आँखा शल्यक्रिया गर्ने । |
| अपेक्षित प्रतिफल | आखाँ सम्बन्धी रोग मोतीबिन्दुको निदान भई बिरामीले उपचारात्मक सेवा प्राप्त गरेका हुने छन्। |
| कार्यान्वयन गर्ने कार्यालय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | नेपाल रेड्क्रस सोसाइटी, सुर्खेत आँखा अस्पतालसँग पूर्वतयारी बैठक बसी शिविरको स्थान तथा ढाँचा सम्बन्धी निर्णय गर्ने ।<br>मोतीबिन्दुको समस्या भएका स्वास्थ्य बिरामीहरुलाई निःशुल्क आँखा बिशेष मोतीबिन्दुको सल्यक्रिया शिबिर संचालन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजन अनुसार। |
| बजेट बाँडफाँट | शिविर संचालनका लागि स्वीकृत बजेटको परिधि भित्र रही बीमाको दररेटमा नबढने गरी आवश्यकता अनुसार बाँडफाँट गरी खर्च गर्न सकिनेछ। |
| सन्दर्भ सामग्री | आखाँ उपचार सम्बन्धी अद्यावधिक निर्देशिका |
| अनुगमन सूचक | शिविरबाट लाभान्वितहरूको संख्या, अभिलेखिकरण, खर्चको विवरण, |

### ५३. कृयाकलापको नामः नया नियुक्त तथा तालिम नलिएका स्वास्थ्यकर्मीलाई क्षयरोग सम्बन्धी तालिम प्रचार ) प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण

| | |
|---|---|
| कृयाकलाप संकेत नं१४६.५.७.२ :. | खर्च शीर्षक२२५२२ : |

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाहरूमा नया नियुक्त भइ अएका र व्यवस्थापन सम्वन्धी तालिम नपाएका स्वास्थ्यकर्मीलाई तालिम प्रदान गर्न बजेट बिनियोजन गरिएको छ। |

| | |
|---|---|
| उद्देश्य | नया नियुक्त र तालिम नपाएका स्वास्थ्यकर्मीहरूलई तालिम दिई दक्ष बनाउने |
| अपेक्षित प्रतिफल | तालिम पश्चात उपचार र व्यवस्थापन सहज भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| संचालन प्रक्रिया | मापदण्ड अनुसारको तालिम कार्यक्रम बनाई कार्यालय प्रमुख बाट स्वीकृत भए अनुसार तालिम सञ्चालन गर्ने ।<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| बजेट बाँडफाँट | यातायात खर्च , तालिम सामग्रि ,स्टेशनरी खाजा , श्रोत व्यक्ति सहजकर्ता भत्ता ,दै.भ.भ्र. |
| अनुगमनको सूचक | तालिम सम्पन्न प्रतिवेदन |

## ५४. कृयाकलापको नामः क्षयरोग कुष्ठरोग सम्बन्धी क्षमता अभिबृद्धि/ तालिम

| | |
|---|---|
| कृयाकलाप संकेत नं११.२२.७.२ :. | खर्च शीर्षक२२५२२ : |

| | |
|---|---|
| परिचय | क्षयरोगका विरामीको पहिचान र सही उपचारमा बृद्धि गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | क्षयरोगका बिरामीहरूको पहिचानमा बृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | लुकेर रहेका क्षयरोगका बिरामीहरूको पहिचान भै उपचार पद्धतिमा सामेल गराइएका हुनेछन् । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | निजी स्वास्थ्य संस्थाहरूको छनौट कार्यक्रममा (१ दिनको) अन्तरकृया र छलफल ,अभिमुखीकरण सम्बन्धित स्वास्थ्य कार्यालय र पालिकाबाट समेत आदिकर्मचारी तथा प्रमुख /संयोजकलाई पनि सहजिकरणको लागि सहभागि गराउने ।<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | तयारी, स्टेशनरी, खाजा, हलभाडा, इन्धन, दैनिक भ्रमण भत्ता, स्थानीय यातायात प्रशिक्षण/सहजिकरण, फुटकर खर्च आदि । |
| सन्दर्भ सामग्री | क्षयरोग सम्बन्धी सन्दर्भ पुस्तकहरू, प्रोटोकल, प्रस्तुतीकरण स्लाईड, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ कर्णाली भ्रमण खर्च नियमावली २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५५. कृयाकलापको नामः Presumptive क्षयरोग विरामीको सक्रिय खोजपडताल (Microscopic Camp) (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.५.६० | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | क्षयरोगको केश नोटिफिकेशन बढाउनका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | एक्टिभ विधिबाट क्षयरोगी पत्ता लगाइ उपचारको दायरामा ल्याउने । |
| अपेक्षित प्रतिफल | समुदायमा लुकेर बसेका क्षयरोग विरामीहरू पत्ता लागेका हुनेछन । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | केशहरु बढि भइका वा समभावित स्थानीय तहसँग समन्वय गरी तालिम प्राप्त प्रयोगशालाकर्मी तथा चिकित्सक सहित अवश्यक जनशक्ति परिचालन गरी क्याम्प सञ्चालन गर्ने । |
| बजेट बाँडफाँट | चिकित्सकसँग सम्झौता गरी दैनिक बढीमा रू. २५०० कर काट्ने र अन्यको हकमा नियमानुसारको दै.भ्र.भ. तथा परिचालन हुने कर्मचारीका लागि खाजा भत्ता आदि । |
| अनुगमनका सूचक | एक्टिभ विधिबाट क्षयरोगी पत्ता लागेकाको विवरण |

## ५६. कृयाकलापको नामः क्षयरोग सम्बन्धी स्वास्थ्यकर्मीहरुलाई तालिम (उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)

| | |
|---|---|
| कृयाकलाप संकेत नं.: २.६.४.६३ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | क्षयरोगका विरामीको पहिचान र सही उपचारमा बृद्धि गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | क्षयरोगका बिरामीहरूको पहिचानमा बृद्धि गर्ने |
| अपेक्षित प्रतिफल | लुकेर रहेका क्षयरोगका बिरामीहरूको पहिचान भै उपचार पद्धतिमा सामेल गराइएका हुनेछन् । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | • निजी स्वास्थ्य संस्थाहरूको छनौट, अभिमुखीकरण, अन्तरकृया र छलफल (१ दिनको), कार्यक्रममा सम्बन्धित स्वास्थ्य कार्यालय र पालिकाबाट समेत सम्बन्धित कर्मचारी तथा प्रमुख/संयोजकलाई पनि सहजिकरणको लागि सहभागि गराउने ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | तयारी, स्टेशनरी, खाजा, हलभाडा, इन्धन, दैनिक भ्रमण भत्ता स्थानीय यातायात, प्रशिक्षण/सहजीकरण फुटकर खर्च आदि । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ५७. कृयाकलापको नामः SNCU सेवा संचालन तथा व्यवस्थापन ।

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.५.५० | खर्च शीर्षक नं. २२५२२ |

| | |
|---|---|
| परिचय | नेपालमा नवजात शिशुको मृत्यु दर प्रति हजारमा २१ जना रहेको छ । कर्णाली प्रदेशको अवस्था यो भन्दा बढी रहेको पाइन्छ । नेपाल सरकारले मातृ तथा नवजात शिशुको मृत्यु दर कम गर्न बिभिन्न कार्यक्रम संचालन गर्दै आएको कुरा बिदितै छ । नवजात शिशुहरुमा हुने संक्रमण रोकथाम तथा उपचारका लागि SNCU/NICU सेवाको महत्वपूर्ण भूमिका हुने हुदां SNCU सेवा संचालनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | SNCU सेवा संचालन गरी नवजात शिशुहरुको मृत्यु दर कम हुने । |
| अपेक्षित प्रतिफल | नवजात शिशुहरुको मृत्यु दर कम हुने । |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | मेहलकुना अस्पताल, जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| संचालन प्रकृया | अस्पताल प्रमुखबाट कार्यक्रम स्वीकृत गरी निम्न कार्य गर्न सकिनेछः<br>• SNCU सेवा संचालनका लागि कोठा तयार गर्ने (कोठा मर्मत, रंगरोगन, बत्ति पानीको व्यवस्था) ।<br>• फर्निचर तथा फिक्चर खरिद, मर्मत ।<br>• औजार उपकरण, सामग्री खरिद ।<br>• औषधी तथा औषधी जन्य सामग्री लगायत अन्य सामग्री खरिद । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम बमोजिम । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

### ५८. कृयाकलापको नामः Stabilization Centre/ Nutrition Rehabilitation Home व्यवस्थापन सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.१३५ | खर्च शीर्षक नं. २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालको Stabilization Centre तथा पोषण पुनरस्थापना गृह संचालनार्थ आवश्यक व्यवस्थापकीय सुधारका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | अस्पतालको Stabilization Centre तथा पोषण पुनरस्थापना गृह व्यवस्थित रुपमा संचालन हुने। |
| अपेक्षित प्रतिफल | अस्पतालको Stabilization Centre तथा पोषण पुनरस्थापना गृहमा देखिएका समाधान गरी नियमित व्यवस्थित रुपमा संचालन हुने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा कार्यालय मुगु, रूकुम पश्चिम, सल्यान, डोल्पा, हुम्ला, कालिकोट, जाजरकोट, दैलेख |
| संचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यक्रम स्वीकृत गराइ भवन, खाने पानी, बिध्युत, बेड मर्मत फर्निचर तथा फिक्चर, खाना पकाउने सामग्रीहरु, मेसिनरी औजार, तथा लगायत अत्यावश्यक सामग्रीहरु खरिद गर्न सकिने । |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, प्रदेश तथा संघबाट स्वीकृत भएका नीति निर्देशिका मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

### ५९. कृयाकलापको नामः अस्पतालमा डाइटिसियनको व्यवस्था

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.५.१०.२ | खर्च शीर्षक नं. २२४१९ |

| | |
|---|---|
| परिचय | अस्पतालमा अन्तरंगमा भर्ना भएका विरामीहरुलाई तोकिए बमोजिमको खानाको व्यवस्था, अनुगमन तथा निरिक्षणका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | विरामीहरुलाई गुणस्तरीय तथा पोषणयूक्त खानाको सुनिश्चित गर्ने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय तथा पोषणयूक्त खानाको आपूर्ती हुने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ्य सेवा कार्यालय सल्ला, मुगु र डोल्पा |
| संचालन प्रकृया | कार्यक्रम स्वीकृत गराइ, करारमा डाइटिसियन सुरपभाइजर पाँचौ तह नियूक्ति गर्ने । डाइटिसियनको योग्यता स्वास्थ्य सेवा नियमावली हुनेछ । डाइटिसियनले दैनिक खानाको अनुगमन, सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने र प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि मासिक तलव भत्ता रु२८२००।०० नबढ्ने गरी १३महिना(चाडबाड खर्च सहित)को लागि बजेट बाडँफाडँ गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, प्रदेश तथा संघबाट स्वीकृत भएका नीति निर्देशिका मापदण्डहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६०. कृयाकलापको नामः अस्पतालका लागि सफ्टवयर खरिद तथा जडान (जिल्ला स्तरका अस्पतालहरुमा)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. २.७.२२.६८ | खर्च शीर्षक नं. २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालबाट बिधुतिय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | बिधुतिय स्वास्थ्य अभिलेख राख्ने। |
| अपेक्षित प्रतिफल | अभिलेख प्रणाली चुस्त दुरुस्त भएको हुनेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | बजेट विनियोजन भएका स्वास्थ्य सेवा कार्यालय तथा अस्पतालहरू |
| संचालन प्रकृया | • गत आववाटै संचालनका लागि प्रक्रृयामा रहेका अस्पतालहरूमा बिधुतिय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन प्रणाली निरनतर सन्चालनमा ल्याउन आवश्यक कार्य गर्ने ।<br>• प्राविधिकबाट लागत अनुमान तयार गर्ने साथै सफ्टवेयर जडान गर्न अघि आवश्यक तयारी वैठक गर्ने।<br>• अस्पतालहरूबाट बिधुतिय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि सफ्टवेयर जडान गर्ने ।<br>• बिधुतिय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि थप उपकरण<br>• अस्पतालहरूबाट बिधुतिय स्वास्थ्य अभिलेख तथा प्रतिवेदन संचालन गर्नको लागि स्वास्थ्य व्यवस्थापन तथा सूचना प्रणाली र DHIS२ संग compatible हुने खालको सफ्टवेयर जडानको लागि आवश्यक उपकरण (जस्तै Server, High end Desktop, Chromebook, laptop, core switch, Router, WIfi Apps, Networking components, label printer, barcode reader, आदि) तथा अन्य अति आवश्यक सामाग्रीहरू खरिद गरी संचालनमा ल्याउने । यदी उक्त सामाग्री खरिद भैसकेको अवस्थामा सो सामाग्रीको मर्मत गरी |

| | |
|---|---|
| | ब्यवस्थापन गर्न सकिने छ ।<br>• प्राबिधिक सेवा वापतको शुल्क उपलब्ध गराउन सकिने ।<br>• प्रचलित ऐन कानूनको अधिनमा रही तोकिए बमोजिम खरिद तथा जडान कार्य गर्ने । |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम बमोजिम । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | बिधुतिय स्वास्थ्य अभिलेख संचालनको अवस्था, दाखिला प्रतिवेदन |

## ६१. कृयाकलापको नामः अस्पतालहरूमा ICU बेड खरिद तथा ब्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेत नं. ११.६.१३.२१ | खर्च शीर्षक नं. ३११२३ |

| | |
|---|---|
| परिचय | अस्पतालमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न खरिद गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध हुने । |
| अपेक्षित प्रतिफल | गुणस्तरीय सेवाका साथै सेवा बिस्तार हुनेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने निकाय | बजेट विनियोजन भएका स्वास्थ्य सेवा कार्यालय तथा अस्पतालहरू |
| संचालन प्रकृया | • अस्पताललाई ICU सेवा उपलब्ध गराउनका लागि आवश्यक पर्ने परिमाणको ICU बेडको एकिन गरी कार्यक्रम तथा लागत अनुमान स्वीकृत गराइ सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार खरिद कार्य गर्ने ।<br>• ICU बेड आवश्यक मात्रामा मौज्दात रहेको अवस्थामा ICU कक्ष व्यवस्थापनमा रकम खर्च गर्न सकिनेछ। |
| बजेट बाँडफाँट | स्वीकृत लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |

## ६२. कृयाकलापको नामः स्वास्थ्यकर्मीहरुलाई HIV Testing & Counselling Training

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.४.२५ | खर्चशिर्षकः २२५१२ |

| | |
|---|---|
| परिचय | HIV Testing तथा Counseling का बिषयमा स्वास्थ्यकर्मीहरूलाई आधारभूत तालिम दिन यो तालिमको व्यवस्था गरिएको छ । |
| उद्देश्य | HIV Testing तथा Counseling सम्बन्धी तालिम मार्फत ज्ञान, सीप र कार्यदक्षताको विकास गर्ने, |
| अपेक्षित प्रतिफल | प्रभावकारी रूपमा HIV Testing & Counselling Training भएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालयरनिकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | विश्व स्वास्थ्य संगठनको HIV Testing and Counseling Training निर्देशिका National HIV Testing and Treatment Guideline 2017 बमोजिम स्वास्थ्यकर्मीहरुलाई HIV Testing & Counselling Training तालिम सञ्चालन गर्ने ।सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |

| | |
|---|---|
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार तोकिएको मितिभित्र |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार बजेटको बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | सम्वन्धीत निर्देशिका |
| अनुगमन सूचक | कार्यसम्पन प्रतिवेदन |

## ६३. कृयाकलापको नामः कार्यक्रम समिक्षा गोष्ठी

| | |
|---|---|
| कृयाकलाप संकेतः२।६।६।५ | खर्चशिर्षकः २२५१२ |

| | |
|---|---|
| परिचय | कृयाकलापहरुको लेखाजोखा र कमी कमजोरी औल्याउन र सुधार गर्न यो कार्यशाला गोस्ठी राखिएको । |
| उद्देश्य | तथ्याङ्क तथा कार्यक्रमहरुको विश्लेषण मार्फत समस्याहरु पहिचान गरी समाधान गर्ने । |
| अपेक्षित प्रतिफल | समस्याहरु पहिचान गरी समाधानको कार्ययोजना बनेको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | स्वीकृत कार्ययोजना अनुसार स्थानीय तहका स्वास्थ्य संयोजक तथा सम्पूर्ण सरोकारवालाहरु लाई सहभागी गराई संचालन गर्ने।<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट वाँडफाट | कर्णाली प्रदेशको खर्च सम्बन्धी मापदण्ड निर्देशिका २०७५ अनुसार खर्चको बाँडफाँट कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ । |
| सन्दर्भ सामग्री | वार्षिक कार्यको HIMS/DHIS2 प्रतिवेदन, कर्णाली प्रदेश खर्च बाँडफाँट मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश भ्रमण खर्च नियमावली, २०७५ अनुसार हुनेछ । |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६४. कृयाकलापको नामः स्वास्थ्य सम्बन्धी कृयाकलापहरूको (खोप, महामारी, प्रकोप, सुरक्षित मातृत्व, पोषण, बालरोग, औलो, कीटजन्य, जनसङ्ख्या, क्षयरोग, एचआइभी, कुष्ठरोग, श्वास, सामुदायिक इकाइ, बर्थिङ सेन्टर, प्रयोगशाला तथा बजेट कार्यान्वयन) एकीकृत सुपरीवेक्षण अनुगमन र मुल्याङ्कन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२२, २.७.५.३२, २.७.२२.१०७ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | प्राथमिकता प्राप्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न निरन्तर अनुगमन, मुल्याङकन, तथा कार्यस्थल कोचिङ गरी सहयोगात्मक सुपरिवेक्षेण तथा coaching गर्न आवश्यक भएकोले यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा भइरहेका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा Onsite Coaching गरी समयमै सुधारका लागि पहल गर्ने । |
| अपेक्षित प्रतिफल | कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भै सेवाको गुणस्तरमा सुधार हुनेछ । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • वार्षिक सुपरिवेक्षण तालिका बनाइ कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण तथा कार्यस्थल कोचिङ गर्नुपर्नेछ।<br>• प्रत्येक पटक अनुगमन गर्दा निदृश्ट गरिएको चेकलिष्ट भरी फोटोहरु सहितको प्रतिवेदन सम्बन्धी शाखा मा पेश गर्नुपर्नेछ।<br>• अनुगमन गर्दा विगतमा सुधार गर्नुपर्ने विषयहरू मा सुधार भएनभएको र आगामि दिनमा सुधार गर्नुपर्ने विषयमा समेत सम्वन्धीत स्वास्थ्यसंस्था का कर्मचारिहरू संग समन्वय गरी कार्ययोजना बनाउनुपर्नेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बाँडफाँट गरी आर्थिक नियमानुसार गर्ने |
| सन्दर्भ सामग्री | सम्बन्धित चेकलिष्टहरू |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ६५. कृयाकलापको नामः अस्पतालमा विशेषज्ञ तथा विशेष सेवा व्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४६, :२.७.५.६२ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालको स्वीकृत दरबन्दीमा बिशेषज्ञ चिकित्सकहरु तथा अन्य विशेष प्रकृतिको जनशक्ति पदपूर्ति नभइ बिशेषज्ञ तथा विशेष सेवा संचालन हुन नसकेकाले र बिरामीको चाप बढी भएका अस्पतालहरुमा तत्काल बिशेषज्ञ सेवा सहज रुपमा संचालन गर्नका लागि यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | बिशेषज्ञ सेवा नियमितरुमा संचालन भइ सेवा बिस्तार गर्ने। |
| अपेक्षित प्रतिफल | बिरामीहरुले अस्पतालबाट नियमित रुपमा सहजै बिशेषज्ञ सेवा पाएका हुनेछन । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| संचालन प्रकृया | बिशेष रोग तथा बिरामीको चाप बमोजिम आवश्यकता अनुसार कार्यक्रम स्वीकृतगराइ करारमा बिशेषज्ञ चिकित्सक तथा अन्य बिशेष जनशक्ति (CEONC, Physiotherapy, Radiology, Anesthesia आदि) र बिशेषज्ञ तथा विषेश सेवामा सहयोग गर्ने कर्मचारी नियुक्ति गर्ने तथा यस भन्दा पहिला सोही कार्यक्रम अन्तरगत कार्यरत कर्मचारीको काम संन्तोषजनक पाइएमा निरन्तरता दिन सकिने । |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड निर्देशिका २०७५, प्रदेश तथा संघबाट स्वीकृत भएका नीति निर्देशिका मापदण्डहरु । |
| अनुगमन सूचक | सेवाग्राहिको संख्या, करार सम्झैता पत्र |

## ६६. कृयाकलापको नामः अस्पताल सुरक्षा कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४८ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालमा बिभिन्न प्रबृतीका मानिसहरु आउने भएकाले अस्पतालको भौतिक बस्तुहरुको सुरक्षार्थ यो कृयाकलाप राखिएको छ । |
| उद्देश्य | अस्पतालको सुरक्षा गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालमाको निगरानी तथा शान्ति सुरक्षाको प्रत्याभुति भएको हुनेछ। |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| संचालन प्रकृया | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ सेवा करारमा सुरक्षा गार्ड राख्ने ।सम्भव भए सम्म व्यवसायिक सुरक्षाकर्मी परिचालन गर्ने संस्था मार्फत सेवा करार लिनु पर्नेछ वा आधारभुत सुरक्षा तालिम लिएका व्यक्तिलाई छनौट गर्नुपर्नेछ। |
| बजेट बाँडफाँट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि कार्यालय प्रमुखबाट कार्यक्रम स्वीकृत गराइ खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । |
| अनुगमन सूचक | सम्झैता पत्र |

## ६७. कृयाकलापको नामः पूर्णखोप घोषणाको लागि घुम्ती खोप सेवा संचालन तथा सर्वेक्षणमा सहजिकरण

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.११४, २.७.५.५७, २.७.२२.३०,२.७.२२.२१५ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | पूर्णखोप सुनिश्चित गर्न यस शिर्षकमा बजेट राखिएको छ। |
| उद्देश्य | १५ महिना सम्मका सबै वालवालिकाले सबैमात्रा खोप पुरा गरेको सुनिश्चित गर्ने |
| अपेक्षित प्रतिफल | पूर्ण खोप घोषणा तथा दिगोपना सुनिश्चितता |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • पूर्णखोप घोषणाका लागि स्थानीय तहमा घुम्ती खोप सेवा सञ्चालन गर्ने ।<br>• सबै प्रक्रिया पुरा गर्ने चरणमा रहेको स्थानीय तहमा सर्भेक्षण गर्ने ।<br>• सर्भेक्षण गरिसकेका स्थानीय तहका हकमा अन्य आवश्यक प्रकृयामा सहजीकरण गर्ने ।<br>• उक्त कार्यक्रमहरू सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने।<br>• पूर्णखोप दिगोपनाको सुनिश्चितताका लागि समीक्षा गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | दैनिक भ्रमण खर्च, यातायात तथा ढुवानी खर्च |
| सन्दर्भ सामग्री | परिवार कल्याण महाशाखाको परिमार्जित पूर्णखोप निर्देशिका २०७५ र कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६८. कृयाकलापको नामः नसर्ने रोग सम्बन्धी स्क्रिनींग क्याम्प र जनस्वास्थ्य प्रवर्धन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.६७, २.७.२२.२५ | खर्चशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | समुदायमा रहेको तर पहिचान नभएको नसर्ने रोगको उचित निदान |

| | |
|---|---|
| उद्देश्य | उच्च रक्तचाप, मधुमेह, दमको पहिचान गरी उपचारमा पहुच अभिबृद्धि गर्नका साथै नसर्ने रोग रोकथामका लागि रोकथाममुलक कृयाकलाप संचालन गर्ने |
| अपेक्षित प्रतिफल | नसर्ने रोगका नया विरामीहरु फेला पर्ने र उपचारको दायरामा आउने रोकथाम हुने |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • स्थानीय तहहरुको समन्वयमा स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तोकिएको लक्ष्य र बजेटको परिधी भित्र रहि स्थानीय तहको संख्या एकिन गरी १ दिने वृहत स्क्रिनिङ क्याम्प आयोजना गर्ने ।<br>• मधुमेहका लागि ग्लुकोमिटरबाट परिक्षण, रक्तचाप मापन, मोटोपना परिक्षण गर्ने र नसर्ने रोगका प्रमुख ४ कारक तत्व न्यूनिकरण सम्बन्धी शिवीर स्थलमै जनचेतना जगाउने जिंगल,पोस्टर, अन्य स्वास्थ्य शिक्षा सामग्रीहरु प्रवाह गर्ने।<br>• पत्ता लागेका विरामीहरुलाई स्वास्थ्य संस्थामा प्रेषण गर्ने । सम्भव भए सम्म यो कृयाकलाप र भिआइए स्क्रिनिंग संगसंगै संचालन गर्ने।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | शिवीर तयारीका साथै संचालनार्थ स्वास्थ्य शिक्षा सामग्री प्रकाशन, ग्लुकोमिटर सेट, बिपी सेट आदि खरिद गर्ने, दैभ्रभ, स्थानीय यातायात खर्च, खाजा, स्टेशनरी लगायतमा खर्च गर्न सकिने |
| सन्दर्भ सामग्री | पेन प्याकेज पुस्तिका २०७५, कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | सहभागी संख्या, हाजीरी, कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ६९. कृयाकलापको नामः नर्सिङ्ग कर्मचारीहरु MNH क्लनिकल तालिम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.११४ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | नर्सिङ्ग कर्मचारीहरुको ज्ञान सीप तथा दक्षता अपडेट गरी यो प्रदेशमा हुने मातृ तथा नवजात शिशु मृत्युदर कम गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको । |
| उद्देश्य | मातृ तथा नवजात शिशुमा हुनसक्ने जटिलताहरुको समयमै पहिचान तथा व्यवस्थापन गरी आवश्यक भएमा समयमै प्रेषण गर्ने । |
| अपेक्षित प्रतिफल | सेवाको गुणस्तरमा अभिबृद्धि भई मातृ तथा नवजात शिशु रुग्णता तथा मृत्युदरमा कम भएको हुनेछ। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | यस कार्यक्रम सञ्चालन गर्दा परिवार कल्याण महाशाखा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सम्बन्धी प्रशिक्षक निर्देशिका र सन्दर्भ पुस्तिका अनुसार गर्नु पर्नेछ।<br>• कार्यक्रम ३ दिन सञ्चालन गर्नुपर्नेछ ।<br>• यस कार्यक्रम सञ्चालन गर्दा सहजीकरणका लागि सामाजिक विकास मन्त्रालय तथा स्वास्थ्य |

| | |
|---|---|
| | सेवा निर्देशनालयसँग समन्वय गर्नुपर्नेछ ।<br>• कार्यक्रम सञ्चालन गर्दा बढी भन्दा बढी अभ्यास/क्लिनिकल सिमुलेशन। demonstration बिधि अपनाउनुपर्नेछ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | कर्णाली प्रदेशको खर्च निर्देशिका २०७५ बमोजिम गर्नुपर्नेछ । |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार |
| सन्दर्भ सामग्री | परिवार कल्याण महाशाखाद्वारा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सम्बन्धी प्रशिक्षक निर्देशिका र सन्दर्भ पुस्तिका |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन |

## ७०. कृयाकलापको नामः स्थानीय तहका जनप्रतिनिधि, प्रशासकीय अधिकृत, स्वास्थ्य संयोजकसंग स्वासथ्य सम्बन्धी समन्वय बैठक, समीक्षा र योजना तर्जुमा

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.४२,२.७.२२.९१ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्थानीय तहमा योजना तर्जुमा, प्राथमिकता निर्धारण बिधि लगायत सूचना व्यवस्थापनलाई नियमित गराउन यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्थानीय तहमा कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्वास्थ्यका सूचकहरुको प्रक्षेपण योजना तथा समिक्षा संचालन गर्ने |
| अपेक्षित प्रतिफल | प्रभावकारी योजना तथा समिक्षा भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालयरनिकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | स्थानीय तहवाट जनप्रतिनिधि, प्रशासकीय अधिकृत स्वास्थ्य शाखा प्रमुख र सामाजिक विकास समितिका संयोजकलाई संलग्न गराइ दुइ दिने योजना तर्जुमा समिक्षा कार्यक्रम संचालन गर्ने ।सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी कार्यक्रम संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | दैनिक भ्रमण भत्ता तथा गोष्ठि संचालनार्थ खर्च बाँडफाँट गर्ने |
| सन्दर्भ सामग्री | कर्णाली प्रदेश खर्च मापदण्ड २०७५, योजना तर्जुमा दिग्दर्शन |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, |

## ७१. कृयाकलापको नामः लामो अवधिका परिवार नियोजन साधन शिविर

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.११७, २.७.५.६३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | परिवार योजनाका आधुनिक साधनहरुको पहुंच अभिबृद्धि गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | इम्पलान्ट र आयूसिडीको प्रयोग दर बढाउने |
| अपेक्षित प्रतिफल | परिवार नियोजनको प्रयोगदर पहुँचमा बृद्धि भएको हुनेछ। |
| कार्यान्वयन गर्ने | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |

| | |
|---|---|
| कार्यालय/निकाय | |
| सञ्चालन प्रकृया | स्थानीय तहसंग समन्वय गरी विनियोजित बजेट र लक्ष्यमा रहि सेवा उपलब्ध नभएका स्वास्थ्य संस्थाहरुको संख्या छनोट गरी तालिम प्राप्त स्वास्थ्य सेवा प्रदायक वा भिजिटंङ प्रोभाइडर परिचालन गरी १ दिने शिविर मार्फत संस्थामै सेवा प्रवाह गर्ने<br>सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | खटिने सेवा प्रदायकको दैंभ्रभ, स्थानीय स्वास्थ्यकर्मी, स्वयंसेवीकाहरुको यातायात खर्च, पूर्व तयारी र वैठक भत्ता एवं खाजा खर्च सामान्य उपकरणमा बाँडफाँट गर्ने साथै इम्पलान्ट र आयूसिडी सेट जिल्ला स्टोरबाटै व्यवस्थापन गर्ने। |
| सन्दर्भ सामग्री | नेपाल मेडिकल स्टान्डर्ड भोलुम १, डीएमटी फ्लिप चार्ट,मेक ह्विल पुस्तिका, साथै कर्णाली प्रदेश खर्च मापदण्ड २०७५ |
| अनुगमन सूचक | शिविर प्रतिवेदन, एच एम आइ एस इन्ट्री भएको । |

## ७२. कृयाकलापको नामः अस्पतालजन्य फोहोरमैला व्यवस्थापन कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २।७।२२।१८८ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | अस्पतालजन्य फोहोरको सुरक्षित व्यवस्थापनका लागि यस शिर्षकमा बजेट बिनियोजन गरिएको छ। |
| उद्देश्य | अस्पतालजन्य फोहोरमैला व्यवस्थित रुपमा बिसर्जन गर्ने । |
| अपेक्षित प्रतिफल | अस्पतालजन्य फोहोरबाट हुने जोखिम कम भएको हुने । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| संचालन प्रकृया | Health Care Waste Management Guideline 2014 अनुसार गर्ने<br>• सुरक्षा सामग्री तथा फोहोर व्यवस्थापनका लागि आवश्यक सामग्री खरिद<br>• मेसिनरी औजार तथा सामग्री खरिद<br>• आवश्यकता अनुसार सरसफाई कर्मचारी करारमा नियूक्ति गर्न सकिने |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम तथा लागत अनुमान अनुसार खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संसोधित) । Health Care Waste Management Guideline 2014. |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न विवरण, कारार समझैता |

## ७३. कृयाकलापको नामः महिनावारी स्वास्थ्य तथा सरसफाई अभियान

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३१० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरूमा महिनावारी हुँदा अपनाउनुपर्ने व्यक्तिगत सरसफाइ संग सम्बन्धित विभिन्न सरोकारवाला सँग समन्वय गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि यस कार्यक्रम राखिएको हो । |

| | |
|---|---|
| उद्देश्य | महिनावारीको समयमा उचित सरसफाई बारे आवश्यक ज्ञान , सीप प्रदान गर्दै सकारात्मक धारणाको विकास गर्ने । |
| अपेक्षित प्रतिफल | महिनावारी सरसफाइ सम्बन्धी सचेतनामा अभिबृद्धि भइ सकारात्मक व्यवहार परिवर्तनका साथै स्वस्थजीवन यापनमा योगदान पुगी विरामी तथा मृत्युदरमा कमी आउनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • विद्यालयमा महिनावारी स्वच्छता सम्वन्धी अन्तरकृया र छलफल तगायतका काययक्रम गर्ने।<br>• किशोर अवस्थाका बालबालिकाहरूको संख्या धेरै भएका, पहुँचबाट टाढा रहेका, पिछडिएका वर्गका किशोरीहरू अध्ययन गर्ने विधालयमा कार्यक्रम गर्ने ।<br>• समेट्नुपर्ने विषयबस्तुमा महिनावारीको परिचय, महिनावारी चक्र, महिनावारी सरसफाइ, महिनावारी सम्बन्धी मान्यता, अन्धविश्वास, धार्मिक परम्परामा छलफल तथा अन्तर्क्रिया ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ अनुसार कार्यालय प्रमुख बाट स्वीकृत गराइ कार्यक्रम सम्पन्न गर्ने । दै.भ्र. भत्ता, खाजा |
| सन्दर्भ सामग्री | निर्देशिका,स्वास्थ् प्रवधन पुस्तिका ,संचारका लागि स्वास्थ्य सम्बन्धी प्राविधिक विषयबस्तुहरू २०७० |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन |

### ७४. कृयाकलापको नामः क्यान्सर रोगका विपन्न विरामीहरूलाई यातायात खर्च (जेष्ठ नागरिक, दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम)

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.१.१.२ | खर्च शिर्षकः २७१११ |

| | |
|---|---|
| परिचय | नेपाल सरकारले २०६७ साल देखि विपन्न नागरिकहरुलाई लक्षित गरी ८ प्रकारका क्यान्सर लगायतका कडारोगहरुको उपचारमा सहुलियत रु एकलाख सम्मको उपचार सहुलियत प्रदान गर्दैं आएको छ । क्यान्सर पिडित विरामीहरुलाई उपचार गरिने अस्पताल सम्म पुग्न सहज बनाउन यातायात खर्च वापत राहत स्वरुप सहयोग गर्न यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • विपन्न नागरिकहरुलाई क्यान्सर रोगको उपचारमा सहयोग पुर्याउने । |
| अपेक्षित प्रतिफल | • क्यान्सरबाट प्रभावित विरामीहरु यातायात खर्चको कमिबाट हुने उपचारमा ढिलाई नभई समयमै उपचार पाउने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | सामाजिक विकास मन्त्रालय तथा मातहतका निकायहरु । |
| सञ्चालन प्रकृया | • विपन्न नागरिकले स्थायी वसोवास भएको जिल्लाको स्थानीय तहको सिफारिस सहित यातायात खर्चको मागको निवेदन पेश गर्नु पर्ने ।<br>• निवेदकले स्थानीय निकायको पत्र सहित क्यान्सर रोग लागेको र अस्पतालमा उपचाररत रहेको अस्पतालको पत्र पेश गर्नु पर्ने । |

| | |
|---|---|
| | • यातायात खर्चको औचित्यताको लागि मन्त्रालयका प्रतिनिधि,प्रदेस अस्पतालका प्रतिनिधि र स्वास्थ्य निर्लेशनालयका प्रतिनिधि सहितको समितिले औचित्यताको आधार निर्धारण गरी निर्णय गरेपछि रकम भुक्तानि गरिने वा मन्त्रालयले थप रकम उपलब्ध गरायपछि उक्त रकम बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ । विरामिको नाममा बैंक खाता नभएको खण्डमा मात्र नगद भुक्तानि दिनुपर्ने छ । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | प्रथम, दोस्रो र तेस्रो चौमासिक |
| बजेट बाँडफाँट | • विपन्न नागरिकको उपचारको लागि तोकियको समितिबाट यातायात खर्च रकम निर्णय भएपछि एक पटकको लागि सल्यान, दैलेख, जाजरकोट र सुर्खेतका लागि रू १००००/ रूकुम पश्चिम, जुम्ला र कालिकोटका लागि १५०००/ र हुम्ला, मुगु र डोल्पा जिल्लाका लागि रू. २००००/ यातायात खर्च वापत उपलब्ध गराउने । |
| सन्दर्भ सामग्री | विपन्न नागरिकको उपचारसंग आदि निर्देशिकाहरु |
| अनुगमन सूचक | यातायत खर्च पाएका क्यान्सर रोगिहरुको संख्या, बैठकका निर्णयहरू |

## ७५. कृयाकलापको नामः निशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.३/४/६/१३/१४/१५ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | औषधि अभाव सृजना हुन नदिइ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्रि खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • निशुल्क सूचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना बमोजिम प्रचलित ऐन अनुसार खरिद गरी सम्बन्धित स्टोरहरुमा राख्ने, गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने।<br>• माग र आवश्यकता भएको अवस्थामा अत्यावश्यक औषधिका साथै अन्य औषधिको व्यवस्थापन गर्नसकिने छ।<br>• खरिद गरिएको औषधि माग गरेको स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने।<br>• माथि उल्लेखित कृयाकलापहरू बिभिन्न कार्यक्रममा उल्लेख भएतापनि औषधि/उपकरण र औषधिजन्य सामग्रीहरू एकमुष्ठ सूचना गरी खरिद गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने।<br>स्वीकृत बजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित प्रमुखबाट स्वीकृत गराइ खरिद गर्ने |

| | |
|---|---|
| | |
| सन्दर्भ सामग्री | निशुल्क अत्यावश्यक औषधी सूची, कर्णाली प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि २०७५, प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, |

## ७६. कृयाकलापको नामः ७० बर्ष माथिका जेष्ठ नागरिकहररूलाई अस्पतालमा सवै खालका स्वास्थ्य सेवा निशुल्क व्यवस्थापन सहयोग

| कृयाकलाप संकेतः २.७.५.५२, २.७.५.४५ | खर्च शीर्षक नं. २२५२२० |
|---|---|
| परिचय | ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई सम्मान स्वरुप अस्पतालमा उपलव्ध स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउनका लागि यस शिर्षकमा बजेट विनियोजन गरिएको छ |
| उद्देश्य | ७० वर्ष माथिका जेष्ठ नागरिकहरु रकम अभावले स्वास्थ्य सेवाबाट बन्छित नभइ सेवामा सबैको पहुँच हुनेछ । |
| अपेक्षित प्रतिफल | ७० वर्ष माथिका जेष्ठ नागरिकको सेवामा पहुँचमा बृध्दि हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| संचालन प्रकृया | यस शिर्षकमा विनियोजित भएको बजेटको परिधिमा रही तपसिल अनुसार बाँडफाँट गरी कार्यक्रम स्वीकृत गराइ कार्यक्रम संचालन गर्ने<br>औषधि खरिदः अस्पतालमा सेवा लिन आउने जेष्ठ नागरिकको अनुमानित संख्या एकिन गरी निःशुल्क बितरणका लागि औषधि खरिद गर्ने ।<br>सेवा शुल्कः जेष्ठ नागरिकको अनुमानित संख्या एकिन गरी निःशुल्क सेवा प्रदान गरे वापतको सेवा शुल्क अस्पताल व्यवस्थापन समितिमा सोधभर्ना गर्ने । |
| बजेट बाँडफाँट | यस शिर्षकमा बजेट विनियोजन भएका सामाजिक विकास मन्त्रालय र मातहतका निकाय सबै । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |

## ७७. कृयाकलापको नामः भ्याक्सिन स्टोर तथा सब स्टोर तथा कोल्ड चेन व्यवस्थापन

| कृयाकलाप संकेतः २.७.५.६४ | खर्च शिर्षकः २२५२२ |
|---|---|
| परिचय | भ्याक्सिनलाई सुरक्षित राखी वितरण तथा प्रयोग सम्म पुर्याउनको लागि भ्याक्सिन स्टोर तथा सव स्टोरहरुमा अति आवश्यकीय राष्ट्रिय मापदण्डहरुका आधारमा व्यवस्थापन गनुपर्ने हुन्छ । |
| उद्देश्य | जिल्ला भ्याक्सिन स्टोरको तथा पायक पर्ने स्थानको सव स्टोर व्यवस्थापन हुने । |
| अपेक्षित प्रतिफल | इफेक्टिभ भ्याक्सिन मापदण्डहरु पुरा भएको हुनुपर्ने । |
| कार्यान्वयन गर्ने निकाय | जन/स्वास्थ्य सेवा कार्यलयहरु तथा प्रदेश स्वास्थ्य आपूति केन्द्र |
| संचालन प्रकृया | • जिल्लाका भ्याक्सिन स्टोर तथा स्थानीय तहका सव स्टोरमा रहेका कोल्डचेन सामग्रीहरु लगायत रेफ्रिजिरेटर जेनेरेटरको सामान्य मर्मत तथा आवश्यक कोल्डचेन सामग्रीहरु जस्तै फोम प्याड,जिपलग समेत खरिद गर्न सकिने ।<br>• हुम्ला, मुगु, डोल्पा जस्ता स्थानहरुमा सदरमुकामबाट भ्याक्सिन आपूर्ती गर्दा कठिनाई हुने हुदाँ सडकको पँहुच राष्ट्रिय सडक संजालमा भएका तथा कोल्डचेन व्यवस्थापन गर्न सक्ने स्थानीय निकाय संग सम्झौतागरी कोल्डचेन सव सेन्टर व्यवस्थापन गर्न सकिने छ। सोका |

| | |
|---|---|
| | लागि स्थानीय तहले फोकल पर्सन तोक्ने, भौतिक पूर्वाधार व्यवस्थापन गर्ने र आसपासका स्थानीय निकाय वा स्वास्थ्य संस्थाहरुसंग प्रभावकारी समन्वय गर्नु पर्नेछ भने स्वास्थ्य कार्यालय वा निर्देशनालयले खोप सम्बन्धी सम्पूर्ण तालिम दिने, नियमित खोप व्यवस्थापन गरीदिने र आवश्यक बजेट उपलब्ध गराउनु पर्नेछ।<br>• जिल्लाको बजेटवाट कार्य सम्पादन अभाव भएमा प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रलाई अनुरोध गर्ने । |
| बजेट बाँडफाँट | मर्मत तथा खरिदका लागि आवश्यकता अनुसार बाँडफाँट गर्ने । |
| सन्दर्भ सामग्री | इभिएम मापदण्ड निर्देशिका परिवार कल्याण महाशाखा निर्देशिका तथा प्रतलित सार्वजिनक खरिद ऐन वमोजिम । |

## ७८. कृयाकलापको नामः वातावरणीय तथा पेशागत स्वास्थ्य र सरसफाइ (पानी सुद्धिकरण, हात धुने प्रवर्धन, फोहरमैला व्यस्थापन र जलवायु परिवर्तन) सम्बन्धी सचेतना कार्यक्रम

| | |
|---|---|
| क्रियाकलाप संकेत नं. २.७.५.७२ | खर्च शीर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | वातावरणीय तथा पेशागत स्वास्थ्यको वारेमा जानकारी गराउनुका साथै ब्यक्तिगत सरसफाई, वातावरणीय सरसफाई बारेमा जनचेतना फैलाउने कार्य गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | वातावरणीय तथा पेशागत स्वास्थ्य सम्बन्धित जोखिमहरुको बारेमा जानकारी दिने। |
| अपेक्षित प्रतिफल | वातावरणीय तथा पेशागत स्वास्थ्य र सरसफाइमा सुधार भएको हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन ।स्वास्थ्य सेवा कार्यालयहरू। |
| संचालन प्रकृया | • सामाजिक विकास मन्त्रालयरस्वस्थ्य सेवा निर्देशनालय बाट प्रशिक्षकका लगि समन्वय गरी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु, म.स्वा.से. आमासमूह र सरोकारवालाहरु सहितको सहभागीतामा अन्तरक्रिया, सचेतना तथा केही प्रयोगात्मक अभ्यासहरु गराई संचालन गर्ने।<br>• सम्बन्धित निर्देशिकाहरु |
| बजेट बाँडफाँट | कृयाकलाप, बजेट बाँडफाँट र स्वीकृत गराई आबश्यकता अनुसार खर्च गर्ने |
| सन्दर्भ सामग्री | सम्बन्धित निर्देशिकाहरु |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन,उपस्थिति आदि |

## ७९. कृयाकलापको नामः मानसिक स्वास्थ्य, धुम्रपान, मद्यपान, लागुपदार्थ न्यूनीकरण सम्बन्धी कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.५.६५, २.७.२२.१६७ | खर्चशिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | नसर्ने रोगहरूका साथै मानसिक स्वास्थ्य आधारभूत तालिम तथा अभिमुखिकरण कार्यक्रमहरुलाई प्याकेजको रुपमा विकास गरी एकैसाथ सञ्चालन गर्न यो कार्यक्रमको ब्यवस्था गरिएको छ । |
| उद्देश्य | नसर्ने रोगहरूको बारेमा जनचेतना बृध्दि, मानसिक रोग, र त्यसको पहिचानका बारेमा जानकारी गराइ मनोसामाजिक परामर्श गर्ने। |
| अपेक्षित प्रतिफल | मानसिक रोगीहरुको पहिचान हुने, स्वास्थ्य, धुम्रपान, मद्यपान, लागुपदर्थ न्यूनीकरण भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | जन/स्वास्थ्य सेवा कार्यालयहरू। |

| | |
|---|---|
| सञ्चालन प्रक्रिया | • सामाजिक विकास मन्त्रालय/स्वस्थ्य सेवा निर्देशनालय बाट प्रशिक्षकका लगि समन्वय गरी स्वास्थ्यकर्मीहरूलाई सहभागी गराइ मानसिक रोग सम्बन्धी मानसिक स्वास्थ्य र Focus psychological Support को बारेमा अभिमुखिकरण गर्ने ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालय संग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्टेशनरी, सहभागी भत्ता, प्रशिक्षक भत्ता,द भ्र भ, तथा अन्य संचालन खर्च |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन |

## ८०. कृयाकलापको नामः स्वास्थ्य शिक्षा सामग्री उत्पादन, वितरण र प्रसारण (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.२५, २.६.५.३, २.७.२२.१५५ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | स्वास्थ्य शिक्षा सामग्रीको माध्यमबाट स्वास्थ्य सम्बन्धी सूचनाहरु प्रवाह गरी समुदायका मानिसहरुलाई स्वास्थ्यका विभिन्न विषयहरुबारे जानकारी गराई ज्ञान अभिबृद्धि गरी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न माध्यमहरुबाट स्वास्थ्य सम्बन्धी सन्देशहरु प्रवाह गर्न यो कार्यक्रमको कार्यक्रम राखिएको छ । |
| उद्देश्य | • भाषा, धर्म, संस्कृतिलाई ध्यानमा राखी स्थानीय स्वास्थ्य समस्याको आवश्यकता अनुसार स्थानीय सञ्चार माध्यमहरुबाट आमसमुदायमा स्वास्थ्य सम्बन्धी जानकारीमूलक सन्देशहरु प्रवाह गर्ने ।<br>• स्थानीय सञ्चारको माध्यमबाट सामाजिक व्यवहार परिवर्तनका सूचना प्रसारण गरी स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र व्यवहार परिवर्तत गर्ने र उपलव्ध स्वास्थ्य सेवाको उपभोग गर्न अभिप्रेरित गर्ने । |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सम्बन्धी सकारात्मक व्यवहार परिवर्तन भई स्वस्थ जीवन शैली अपनाइएको हुनेछ |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रकृया | • मौसम अनुसार देखापर्ने गरेका रोग एवं स्वास्थ्य समस्याहरुको प्रकोपहरुको तथ्याङ्क विश्लेषण गर्ने र प्राथमिकताको सूची तयार गर्ने ।<br>• सन्देश प्रसारणको विधि यकिन गर्ने र स्पेशीफिकेशन तयार गर्ने ।<br>• सूचना प्रशारणका माध्यमहरु एफ एम प्रशारण, Hoarding Board, टेलिभिजन प्रशारण, सांस्कृतिक प्रायोजन, Documentary उत्पादन तथा प्रर्दशनी, Electric Display, Wall Painting, छापा तथा पत्रपत्रिका, विद्यालय स्वास्थ्य शिक्षा, स्टिकर, पम्पलेट, पोष्टर, लिफ्लेट, आदि विभिन्न जानकारीमूलक सामग्री आवश्यकता अनुसार उत्पादन गरी वितरण गरिनेछ ।<br>• स्वास्थ्य शिक्षा सामग्री प्रसारणको विषयवस्तुमा पत्रकारहरूलाई अभिमुखिकरण गर्ने |
| सञ्चालन गर्ने अवधि र | प्रथम, दोस्रो र तेस्रो चौमासिक |

| | |
|---|---|
| अनुमानित मिति | |
| बजेट बाँडफाँट | सार्वजनिक खरीद ऐन तथा नियमावली, आर्थिक ऐन , नियम तथा कानून अनुसार प्रमुखबाट कृयाकलाप बजेट बाँडफाँट र स्पेसिफिकेशन स्वीकृत गराई आबश्यकता अनुसार स्वास्थ्य शिक्षा सामग्री उत्पादन गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | विभिन्न सूचनामुलक सामग्रीहरू |
| अनुगमन सूचक | बैठकका निर्णयहरू, दस्तावेजहरू |

## ८१. कृयाकलापको नामः आँखा सेवा विस्तार तथा ब्यवस्थापन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.५३ | खर्चशिर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | आँखा सेवा विस्तार तथा ब्यबस्थापन गर्न यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | आँखा उपचार सेवा विस्तार गर्ने । |
| अपेक्षित प्रतिफल | आँखाको समस्या भएका विरामीहरुले सर्वसुलभ रुपमा सेवा पाएका हुनेछ । |
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन। स्वास्थ्य कार्यालयहरू |
| संचालन प्रक्रिया | • आँखा सेवा प्रदायक सरकारी तथा सेवामुलक संस्थाको सेवा विस्तार तथा व्यवस्थापनमा जनशक्ति तथा उपकरणमा सहयोग गर्न सकिनेछ ।<br>• आँखा उपचार सेवा उपलब्ध नभएको स्थानीय तहले आँखा उपचार सेवा स्थापना गरी आफ्नै व्यवस्थापनमा सञ्चालन गर्न चाहेमा आवश्यक सहकार्य गर्न सकिनेछ । |
| संचालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | प्रदेश सरकारको प्रचलित आर्थीक खर्च गर्ने ऐन र प्रदेश सरकारको खर्च निर्देशिका बमोजिम अग्रीम कार्ययोजना बनाई कार्यक्रम संचालन गर्नु पर्ने छ । |
| सन्दर्भ सामग्री | सम्वन्धित सन्दर्भ सामग्री |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिबेदन |

## ८२. कृयाकलापको नामः अस्पतालहरूमा फिजियोथेरापी युनिट सञ्चालन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलापको संकेतः २.७.२२.४८९ | २२५२२ |

| | |
|---|---|
| परिचय | बिश्व बैंक तथा विश्व स्वास्थ्य संगठनद्वारा जारी गरिएको अपाङ्गता सम्बन्धी प्रतिवेदनका अनुसार कुल जनसंख्याको १५ प्रतिशत मानिसहरुमा कुनै न कुनै प्रकारको अपाङ्गता भएको पाइएको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसन्ख्याको करिब २ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । हाल नसर्ने रोगको ब्यापकता बढेसंगै अल्पकालीन र दीर्घकालीन अपाङ्गतामा समेत बृद्धि भएको पाइन्छ । ती व्यक्तिहरूको दैनिक जीवनयापनमा सहजता ल्याउनको लागि फिजियोथेरापी तथा पुर्नस्थापना सेवाको दीर्घकालीन आवश्यकता पर्ने भएकाले फिजियोथेरापी सेवालाई थप सुदृढिकरण गर्नको लागि यस कार्यक्रमको व्यवस्था गरिएको छ । |

| | |
|---|---|
| उद्देश्य | कर्णाली प्रदेशका हरेक जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरु तथा अन्य पुर्नस्थापना सेवाको आवश्यकता भएका ब्यक्तिहरुलाई गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने । |
| अपेक्षित प्रतिफल | अपाङ्गता भएका व्यक्तिहरुले गुणस्तरीय फिजियोथेरापी तथा पुनर्स्थापना सेवा सहज रुपमा प्राप्त गर्नेछन् । |
| कार्यान्वयन गर्ने निकाय | स्वास्थ सेवा कार्यालय । |
| संचालन प्रकृया | • अस्पतालको फिजियोथेरापी इकाईमा आएका बिरामीहरुको assessment गरी फिजियोथेरापी तथा पुनर्स्थापना सेवा प्रदान गर्ने र सेवा प्राप्त गरेका व्यक्तिहरुको अभिलेख राख्ने ।<br>• यस कार्यक्रमबाट फिजियोथेरापी सेवा प्रदायक जनशक्तिको व्यवस्थापन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाँट | फिजियोथेरापी इकाईमा कार्यरत फिजियोथेरापिस्टको पारिश्रमिक उपलब्ध गराउन सकिनेछ । |
| सन्दर्भ सामग्री | अपाङ्गता व्यबस्थापन रोकथाम, उपचार तथा पुर्नस्थापना नीति रणनीति तथा १० बर्से कार्ययोजना (२०७३—२०८२), नेपाल सरकारको मिनिमम सर्भिस स्टान्डर्ड (MSS), WHO rehab २०३० A call for action |
| अनुगमन सूचक | • फिजियोथेरापि तथा पुर्नस्थापना सेवा प्राप्त गरेका व्यक्तिहरुको विस्तृत विवरण सहितको सेवा रजिस्टर ।<br>• सेवाग्राहि सन्तुष्टी सर्वेक्षण फारम तथा घटना अध्यन प्रतिबेदन (केस स्टडि) |

## ८३. कृयाकलापको नामः बाल तथा मातृ मृत्युदर न्युनीकरणका लागि गाउँपालिकाहरूमा बर्थिङ सेन्टरहरूको क्षमता विकास तथा बिशेष स्वास्थ्य शिविर सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.३१३ | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | पायक पर्ने स्थानको बर्थिङ सेन्टरहरूको क्षमता विकास, तथा पूर्वाधार विकास गरी बाल तथा मातृ मृत्युदर न्युनीकरणका गर्नका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | बर्थिङ सेन्टरहरूको क्षमता विकास तथा पूर्वाधार विकासगरी बाल तथा मातृ मृत्युदरमा कमी ल्याउने । |
| अपेक्षित प्रतिफल | बर्थिङ सेन्टरहरूको क्षमता विकास तथा स्वास्थ्य सेवामा पहुच भई बाल तथा मातृ रुग्णता र मृत्युदरमा कमी हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • जिल्लाको धेरै घरधुरीको पायक पर्ने क्षेत्र भएको, सुत्केरीको संख्या बढि हुने, न्यूनतम पूर्वाधार तथा जनशक्ति भएका दुई देखि तीनवटा बर्थिङ सेन्टरहरु छनौट गर्नु पर्नेछ।<br>• छनौट भएका बर्थिङ सेन्टरहरुको थप आवश्यक पूर्वाधार सुत्केरि कक्ष, प्रतिक्षालय, |

| | |
|---|---|
| | ट्वाईलेट, बिजुली बत्तिको र नर्सिङ्ग क्वाटर पहिचान गरी सो को व्यवस्थापन गर्नु पर्नेछ।<br>• यस अघि सामाजिक विकास मन्त्रालयको रकमबाट निर्माण सुरु भएका बर्थिङ सेन्टरहरुको बाँकि काम पूरा गर्न पनि यो रकम यवस्थापन गर्न सकिनेछ।<br>• सो बर्थिङ सेन्टरमा जनशक्ति थप गर्नु पर्ने भएमा अनुभवी तथा तालिम प्राप्त स्टाफ नर्स वा अ.न.मि<br>• बर्थिङ सेन्टरहरूको क्षमता विकास<br>• बर्थिङ सेन्टरहरूको क्षमता अभिबृद्दी गर्न आवश्यक सामग्री, औजार उपकरणको व्यवस्था गर्ने। आवश्यकता अनुसार मर्मत सम्भार गर्न सकिनेछ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्ने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | स्वीकृत कार्यक्रम अनुसार लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संसोधन)। संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |
| अनुगमन सूचक | कार्यक्रम सम्पन्न प्रतिवेदन, दाखिला प्रतिवेदन |

## ८४. कृयाकलापको नामः निशुल्क स्वास्थ्य सेवाका लागि औषधि खरिद

| | |
|---|---|
| कृयाकलाप संकेतः ७.२.९.३ | खर्च शिर्षकः २७२१३ |

| | |
|---|---|
| परिचय | नेपालको संविधानमा प्रत्याभूत गरिएको स्वास्थ्य सेवा निशुल्क पाउने नागरिकको अधिकार सुनिश्चित गर्न यो कृयाकलाप राखिएको हो । |
| उद्देश्य | औषधि अभाव सृजना हुन नदिइ नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामाग्रि खरिद गरी प्रभावकारी सेवा प्रवाह गर्ने । |
| अपेक्षित प्रतिफल | औषधि उपलब्धता भइ प्रभावकारी रूपमा स्वास्थ्य सेवा प्रवाह हुने । |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | स्वास्थ्य सेवा निर्देशनालय |
| सञ्चालन प्रकृया | • निशुल्क सुचिका औषधीहरुको वार्षिक आवश्यक परिमाण प्रक्षेपण गर्ने ।<br>• स्वीकृत खरिद योजना र प्रचलित ऐन अनुसार खरिद गरी आदि स्टोरहरुमा राख्ने।<br>• गुणस्तरीय औषधी खरिद सुनिश्चित गरेर मात्र औषधि खरिद गर्ने ।<br>• माग र आवश्यकता भएको अवस्थामा अत्यावश्यक औषधिका साथै अन्य औषधिको व्यवस्थापन गर्नसकिने छ।<br>• खरिद गरिएको औषधि माग गरेको स्वास्थ्य संस्थाहरुमा वितरण गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | • स्वीकृत कार्ययोजना अनुसार विनियोजित बजेटको परिधिभित्र रहेर माग तथा आवश्यकता अनुसार बजेट बाँडफाँट गर्ने ।<br>• स्वीकृत बजेटबाट औषधी र सर्जिकल सामग्रीहरुका लागि बाँडफाँट गरी सम्बन्धित |

| | |
|---|---|
| | प्रमुखबाट स्वीकृत गराइ प्रचलित ऐन नियमको परिधि भित्र रहि खरिद गर्ने । |
| सन्दर्भ सामग्री | निशुल्क अत्यावश्यक औषधी सूची, कर्णाली प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि २०७५, प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली |
| अनुगमन सूचक | खरिद प्रकृया, दररेट, औषधीको विवरण, गुणस्तरको लेखाजोखा, दाखिला विवरण, |

## ८५. कृयाकलापको नामः HMIS, DHIS र LMIS तथ्याङ्क प्रविष्टी तथा व्यवस्थापनको लागि कम्प्युटर जनशक्ति करार (व्यक्ति करार)

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : २.५.७.२३ | खर्च शीर्षकः २२४१३ |

| | |
|---|---|
| परिचय | आ.ब. २०५१/२०५२ मा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली लागू भए पश्चात स्वास्थ्य सेवाहरुको सूचनाहरु एकद्वार प्रणालीबाट उपलव्ध गरिने प्रावधान रहेको छ । आ.ब. २०७३/०७४ देखि जिल्लाबाट DHIS २ अनलाईन सफ्टवेयरमा प्रतिवेदन प्रविष्ट गर्ने कार्य शुरु गरिएको हो । सोही आ.ब. मा प्रत्येक जिल्ला जन / स्वास्थ्य कार्यालयका तथ्याङ्क अधिकृत र सहायकहरूलाई र सरकारी अस्पतालमा कार्यरत मेडिकल रेकर्डर अधिकृतहरुलाई DHIS २ सम्बन्धी तालिम प्रदान गरी सकिएको छ। गत आ.ब.२०७७/७८ मा सबै स्थानीय तहका स्वास्थ्य संयोजकहरूलाई e-LMIS सम्बन्धी तालिम समेत प्रदान गरी अनलाईनबाट प्रबिष्ट गर्ने कार्य भईरहेकोले HMIS, LMIS, e-LMIS सम्बन्धी सूचना प्रविष्ट गर्न र सूचना व्यवस्थापनका लागि करारमा जनशक्ति भर्ना गरी परिचालन गर्ने कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्वास्थ्य क्षेत्रमा प्रयोग हुने HMIS, DHIS २ Platform/LMIS मार्फत स्वास्थ्य सूचना सम्बन्धी कार्यको व्यवस्थापन गर्नका लागि योग्यता र दक्षताका आधारमा जनशक्ति भर्ना गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हो। उक्त जनशक्तिले गर्ने मुख्य कार्यक्रमहरू तपसिल बमोजिम रहेका छन्<br>• HMIS, DHIS-२/e-LMIS मा सूचना प्रविष्ट गरी प्रतिवेदन तयार गर्ने,<br>• E-Governance मा सहयोग पुर्याउने कार्य,<br>• सूचनालाई योजना निर्माणमा सहयोग पुर्याउने<br>• गुणस्तरीय स्वास्थ्य सूचना प्रणालीको दिगो विकासमा टेवा पुर्याउने , |
| अपेक्षित प्रतिफल | स्वास्थ्य सूचनाहरू HMIS, e-LMIS, DHIS-२ मा नियमित पूर्ण र समय सीमाभित्र प्रविष्ट हुनेछ , |
| कार्यान्वयन गर्ने निकायकार्यालय/ | सामाजिक विकास मन्त्रालय/ स्वास्थ्य सेवा निर्देशनालय र जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | HMIS, DHIS-२, e-LMIS प्रविष्टी गर्नका लागि करारमा जनशक्ति लिन तपसिल बमोजिमका कृयाकलापहरू गरिनेछः<br>• प्रचलित आर्थिक ऐन नियम, करार सेवा नियमावली अनुसार शैक्षिक योग्यता पुगेका दक्ष जनशक्ति भर्ना गरिनेछ<br>• प्रतिवेदन प्रविष्ट सम्बन्धी अभिमुखिकरण गरिनेछ,<br>• उक्त जनशक्तिलाई लागि दरवन्दी रिक्त वा आवश्यक भएको स्थानमा खटाइनेछ,<br>• निज करारमा लिइएको जनशक्तिले नियमित रूपमा प्रतिवेदन प्रविष्ट गर्नुपर्नेछ, |

| | |
|---|---|
| | • HMIS, DHIS-२, e-LMIS को प्रतिवेदनलाई विश्लेषण गरी परिणाममुखि योजना निर्माण गर्नमा सहयोग गर्नुपर्नेछ । |
| सञ्चालन गर्ने अबधि र अनुमानित मिति | आ ७९ भित्र सञ्चालन/२०७८ .ब.गरिनेभएको हुँदा करार जनशक्तिलाई प्रथम चौमासिक भित्र नै छनौट गरी असार मसान्त २०७९ सम्म परिचालनगरिने छ। |
| बजेट बाँडफाँट | करारमा नियुक्त गरिएको जनशक्तिलाई नियमानुसार पारिश्रमिक तथा सुबिधा उपलब्ध गराउने , |
| सन्दर्भ सामग्री | सार्वजनिक खरिद ऐनकर्णाली खर्च मापदण्ड (संशोधित) २०६३ र नियमावली २०६४ , कार्यबिधिहरू ,नियमावली ,निर्देशिका २०७५ तथा प्रचलित ऐन |
| अनुगमन सूचक | योग्यता पुगेका दक्ष जनशक्तिको करार नियुक्ति भएको |

## ८६. कृयाकलापको नामः वैदेशिक रोजगारमा जानेहरूका लागि स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम

| | |
|---|---|
| कृयाकलाप संकेतः २.६.४.१६ | खर्चशिर्षकः २२५१२ |

| | |
|---|---|
| परिचय | विभिन्न दक्ष अदक्ष पेशामा वैदेशिक रोजगारमा जानेहरूका लागि सुरक्षित व्यवहार अपनाउनु महत्वपूर्ण विषय हो । खासगरी विभिन्न जोखिमपूर्ण कार्यहरु तथा व्यवहार गर्दा सावधानि नअपनाउनाले हुने मानविय क्षति तथा अङ्गभङ्गको सम्भावनालाई न्यूनिकरण गर्नकालागि सर्वसाधारणहरुलाई लक्षित गरी यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | पेशागत जोखिमको बारेमा जानकारी तथा सुरक्षित व्यवहार सम्वन्धी ज्ञान, सीप, र सकरात्मक धारणा अभिबृद्धि गर्ने। |
| अपेक्षित प्रतिफल | वैदेशिक रोजगारमा जाने व्यक्तिहरुमा सुरक्षित एवं स्वस्थ्य व्हार अपनाइएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रक्रिया | • बैदेशिक रोजगारमा जानेहरुको लागि सामाजिक विकास कार्यालयको समन्वय तथा जिल्ला प्रशासन कार्यालयको सहकार्यमा हेल्पडेस्क स्थापना गरी कार्य सञ्चालन गर्ने।<br>• सामाजिक विकास कार्यलयको समन्वय तथा स्थानीय तहसंगको सहकार्यमा १ दिने Occupational Health सम्बन्धी अभिमूखिकरण कार्यक्रम गर्ने ।<br>• प्रशिक्षका लागि सामाजिक विकास मन्त्राल र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गर्न। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार । |
| बजेट बाँडफाट | स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहि यातायात खर्च, स्टेशनरी, शैक्षिक सामग्री। |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५ तथा आदि निर्देशिका |
| अनुगमन सूचक | कार्यक्रम प्रतिवेदन,उपस्थिति |

## ८७. कृयाकलापको नामः प्रकोप महामारी नियन्त्रणका लागि प्रदेश र जिल्लामा आरआरटी परिचालन (स्वास्थ्य सेवा)

| | |
|---|---|
| कृयाकलाप संकेत नंः२.७.५.३८ | खर्च शीर्षक २२५२२ |

| | |
|---|---|
| परिचय | पहिरो तथा बाढीको प्रकोपबाट बिभिन्न संक्रामक रोगको महामारी तथा जोखिम रहन्छ । ती घटनाहरु कुनै पनि समय र स्थानमा हुनसक्छन्।तसर्थ यसको रोकथामकालागि सम्वद्ध |

| | |
|---|---|
| | सरोकारवाला निकायहरु बीच छलफल तथा समन्वय गरी प्रकोप व्यवस्थापनका लागि तयारी अवस्थामा रहन र तत्काल प्रतिकार्य गर्नका लागि प्रदेश र जिल्लास्तरमा रहेका आरआरटीलाई सक्रिय गरी परिचालन गर्न यस कार्यक्रम राखिएको छ । |
| उद्देश्य | जोखिमपूर्ण क्षेत्रमा महामारी, प्रकोप वा विपद्को समयमै पूर्वतयारी तथा ब्यवस्थापन गरी सम्भावित क्षतिको न्यूनीकरण गर्ने |
| अपेक्षित प्रतिफल | प्रकोप तथा महामारी व्यवस्थापनका लागि तयारी अवस्थामा रहीविपदबाट हुनसक्ने जन धनको क्षति कम गर्नका लागि तत्काल परिचनलत भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | जन/स्वास्थ्य सेवा कार्यालय |
| सञ्चालन प्रक्रिया | • जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गरी पूर्वतयारीका लागि आवश्यक सामग्रीहरूको संचिति गर्ने,<br>• प्रकोप व्यवस्थापनका लागि तत्काल प्रदेश जिल्ला तथा स्थानीय तहमा आवश्यक समन्वय , गरी प्रकोप स्थानमा जनशक्ति परिचालन गर्ने।<br>• प्रकोप भएका स्थानमा आवश्यक पर्ने सामग्री ढुवानिको लागि यातायातको व्यवस्था गर्ने ।<br>• प्राथमिकताका आधारमा परिचालित टोलीको प्रभावित समुदायको लगत तयार गरी बिभिन्न प्रतिकार्यका कार्यहरू गर्ने ,<br>• महामारी प्रकोप तथा ,विपद् नियन्त्रणका क्रममा भएरहेका कृयाकलापहरू तथा नियन्त्रण भइसकेपछि यथाशक्य छिटो त्यसको संक्षिप्त प्रतिवेदन सामाजिक विकास मन्त्रालयमा पठाउने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | आवश्यकता अनुसार |
| बजेट बाँडफाँट | • RRT महामारीमा प्रत्यक्ष रुपमा संलग्न हुने स्वास्थ्यकर्मी तथा व्यवस्थापकहरूलाई नियमानुसार दैनिक भ्रमण भत्ता तथा यातायातको ब्यवस्था गरिनेछ ।साथै संलग्न ब्यक्ति तथा स्वास्थ्यकर्मीलाई खाजा, खाना र बासको व्यवस्था गरिनेछ ,<br>• नियमानुसार जनशक्ति परिचालन औषधी आवश्यक ,उपकरण ,भत्ता ,सरसामान खरिद तथा ढुवानी र व्यवस्थापन खर्च,<br>• स्वीकृत बजेटको परिधिभित्र रही आवश्यकता अनुसार बजेट बाँडफाँट गरी कार्यक्रम सञ्चालन गर्ने । |
| सन्दर्भ सामग्री | मनसून पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८<br>कोभिड १९ को रोकथाम उपचार तथा प्रतिकार्य ,नियन्त्रण ,**आकस्मिक** योजना २०७८ |
| अनुगमन सूचक | बैठक तथा निर्णयहरूको विवरण ,कार्ययोजना , परिचालन भएकाको विवरण |

## ८८. कृयाकलापको नामः Cervical cancer, पाठेघर खस्ने समस्याको स्क्रिनिंग क्याम्प

| | |
|---|---|
| कृयाकलाप संकेतः २.५.७.७४ | खर्च शीर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | महिलाहरुमा हुने प्रजनन स्वास्थ्य समस्याहरु मध्ये पाठेघर खस्ने साथै Obstetric Fistula पनि मुख्य समस्याहरु हुन्। सोको समयमै पहिचान गरी उपचार गर्ने यो कार्यक्रम राखिएको छ । |
| उद्देश्य | स्क्रिनिङ शिबिरमा आएका महिलाहरुको प्रभावकारी रुपमा क्यान्सर, पाठेघर खस्ने समस्या साथै Obstetric Fistula को पनि निदान गरी प्रेषण गर्ने। |

| | |
|---|---|
| अपेक्षित प्रतिफल | क्यान्सर, पाठेघर खस्ने समस्या साथै Obstetric Fistula को शूरुकै अवस्थामा पहिचान भएको हुनेछ । |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| सञ्चालन प्रक्रिया | **कार्यक्रम सञ्चालन विधि**<br>• स्क्रिनिङ्ग शिविर सञ्चालन गर्नु भन्दा अगाडि जिल्लाले पाठेघर खस्ने तथा अब्ष्टेट्रिक फिस्टुलाको समस्याभएका महिलाहरु वढी भएका र सेवाको पहुँचबाट टाढा रहेका स्थानीय तहहरु सँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।<br>• जिल्ला स्वास्थ्य कार्यालय वा अस्पतालमा कार्यरत मेडिकल अफिसर तथा रिङपेसरी राख्न पाठेघरको मुखको क्यान्सर को परिक्षण गर्न भी आई ए जाच गर्न सक्षम स्टाफनर्स, Counselor/ANM सहित स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी लगायत कम्तिमा ३ जना प्राविधिक सहितको टोलीबाट पाठेघर खस्ने समस्या पाठेघरको मुखको क्यान्सर तथा अब्स्टेट्रिक फिस्टुलाको स्क्रिनिङ तथा रिङ्ग पेसरी लगाउने कार्य गर्ने ।<br>• अब्स्टेट्रिक फिस्टुलाको निशुल्क शल्यक्रियाको लागि भने प्रदेश अस्पतालमा मात्र प्रेषण गर्नुपर्दछ । सोको उपचारका लागि लाग्ने सम्पूर्ण खर्च अस्पतालले व्यहोर्ने छ ।<br>• यस प्रकारको शिविर सञ्चालन गर्दा अन्य शिविर तथा मिल्दोजुल्दो कार्यक्रमसँग सहकार्य गर्न सकिने । |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू |
| बजेट बाँडफाँट | स्वीकृत कार्ययोजना अनुसार |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ (संसोधित) संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |
| अनुगमनका सूचकहरू | सेवा लिनेको संख्या |

## ८९. कृयाकलापको नामः HMIS तथ्याङ्क भेरिफिकेशन तथा फलोअप मिटिंग

| | |
|---|---|
| कृयाकलाप संकेत २११२.२२.७., २.७.५.५६ | खर्च शिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | तथ्याङ्क लाई नै अधार बनाएर नीति निर्माण तथा योजना तर्जुमा लगाएतका महत्वपूर्ण कामहरू गरीन्छ । यसको विश्वसनियता र सुध्दता कायम गर्न अध्ययन अनुगमन स्थलगत अनुशिक्षणका लागि यो कार्यक्रम राखिएको छ। |
| उद्देश्य | नियमित सूचना व्यवस्था प्रणाली सुदृढिकरण गर्ने । |
| अपेक्षित प्रतिफल | योजना तर्जुमाका लागि गुणस्तरीय तथ्याङ्क उपलब्ध भएको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय र निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| संचालन प्रक्रिया | प्रतिवेदनको अवस्था कमजोर भएका र तथ्याङ्क एकरूपतामा समस्या भएका स्वास्थ्य संस्थाहरू पहिचान गरी प्रतिवेदन तथा अभिलेख फर्मेट अनुसारको गुणस्तरीयता र एकरूपताको लेखाजोखा गर्ने कार्यस्थल अनुशिक्षण तथा पृष्ठपोषण प्रदान गर्ने ।, |
| बजेट बाँडफाँट | खाजा, दै.भ्र.भ, स्टेशनरी |

| | |
|---|---|
| अनुगमनका सूचक | HMIS को तथ्याङ्कको गुणस्तर मापन प्रतिवेदन |

## ९०. कृयाकलापको नामः स्थानीय रैथाने (Local food) पोषक खाद्ध बस्तु प्रबर्धन कार्यक्रम (बहुक्षेत्रीय पोषणका अन्य कृयाकलाप)

| | |
|---|---|
| कृयाकलाप संकेतः२.७.२२.१२०, २.७.५.७० | खर्च शिर्षकः २२५२२ |

| | |
|---|---|
| परिचय | पोषणको क्षेत्रमा थप लगानी गरी स्थानीय स्तरमा संचालन हुने बहुक्षेत्रीय पोषण योजनामा थप सहयोग पुगोस भन्ने उद्देश्यले यो कार्यक्रम राखेको हो। |
| उद्देश्य | कर्णालीमा पाईने पौष्टिक रुपले महत्वपुर्ण खाद्यपदार्थहरुलाई संरक्षण, प्रबर्धन गरी समुदायको पौष्टिक अवस्था सुधार गर्ने। |
| अपेक्षित प्रतिफल | स्थानीय रैथाने पोषक खाद्यबस्तुको अध्ययनमा र प्रबर्धनमा सहयोग पुगेको हुनेछ। |
| कार्यान्वयन गर्ने कार्यालय/निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका जन/स्वास्थ्य सेवा कार्यालयहरू। |
| सञ्चालन प्रकृया | • स्थानीय खाद्यवस्तुलाई प्रबर्धन, प्रशोधन गरी नविनतम खाद्य सामग्री तयार गर्ने व्यवसायी, समूहहरुलाई संलग्न गराई जिल्लास्तरीय अन्तरकृया कार्यक्रम गर्ने ।सोही कार्यक्रममा उत्पादनहरूको Display गर्ने व्यवस्था गर्न सकिनेछ ।<br>• यसमा पोषण बिज्ञहरु, उद्यम बिज्ञहरु र गुणस्तरसंग संबन्धित बिज्ञहरु र महत्वपूर्ण सरोकारवालाहरुको संलग्नतामा प्रस्तुतिकरण एवम् प्यानल छलफल गर्ने ।<br>• कार्यक्रमबाट उत्पादनको गुणस्तर सुधार, प्याकिङ्ग, रिप्याकिङ्ग र बजारिकरणमा सहयोग पुग्ने खालका सामग्रीहरू प्रदर्शन, प्रस्तुतिकरण र छलफल गर्ने ।<br>• सामाजिक विकास मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयसंग समन्वय गरी संचालन गर्ने। |
| सञ्चालन गर्ने अवधि र अनुमानित मिति | स्वीकृत कार्ययोजना अनुसार |
| बजेट बाँडफाँट | गोष्ठी संचालनमा लाग्ने खर्च , स्रोत व्यक्ति, यातायात तथा दैनिक भ्रमण भत्ता खर्च स्वीकृत बजेटको परिधि भित्ररही आवश्यकता अनुसार बाँडफाँट गरी गर्ने। |
| सन्दर्भ सामग्री | रैथाने खाद्य वस्तु पोषण सम्बन्धी कागजातहरु |
| अनुगमन सूचक | प्रकृया ,बैठकको विवरण , अध्ययन प्रतिवेदन |

## ९१. कृयाकलापको नामः बिरामीका लागि रासन सिदा

| | |
|---|---|
| कृयाकलाप संकेत नं. : ७.१.१.१ | खर्च शिर्षक : २७१११ |

| | |
|---|---|
| परिचय | अस्पतालमा उपचारका लागि अन्तरंग विभागमा भर्ना भएका बिरामीहरुलाई चिकित्सकले सिफारिस गरे बमोजिम तोकिएको स्केल अनुसार दैनिक खानाको व्यवस्था गर्न यस शिर्षकमा बजेट विनियोजन गरिएको छ । |
| उद्देश्य | चिकित्सकको सिफारिस बमोजिम बिरामीलाई पोषणयूक्त खाना उपलव्ध गराई उपचारमा सहयोग हुनेछ । |
| अपेक्षित प्रतिफल | बिरामीलाई आर्थीक भार कम हुने र पूर्ण उपचार गराइ जानेछन् । |

| | |
|---|---|
| कार्यान्वयन गर्ने निकाय | यस शिर्षकमा बजेट विनियोजन भएका अस्पतालहरु। |
| संचालन प्रकृया | प्रत्येक वर्षको माघ १ गते देखि पौष मसान्त सम्म वा यसअघि स्थानीय निकायमा अख्तियारी गएका अस्पतालको हकमा श्रावण १देखि आगामी आ.व .को भाद्र मसान्तसम्मका लागि उपचारका लागि भर्ना हुने बिरामीको अनुमानित संख्या एकिन गररे तोकिए बमोजिमको स्केल अनुसार जिल्ला दररेट समितिको निर्णयानुसार लागत अनुमान तयार गरी दैनिक खानाको व्यवस्था गर्ने।प्रत्येक दिनको (आईतवार देखि शनिवार ) फुड मेनु प्रदर्शन गर्ने।यस सम्बन्धी विवरण अनुसूचि १ मा उल्लेख गरिएको छ ) |
| बजेट बाँडफाँट | लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| सन्दर्भ सामग्री | कर्णाली खर्च मापदण्ड २०७५, सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ । संघ तथा प्रदेशबाट स्वीकृत निर्देशिकाहरु। |

## ९२. कृयाकलापको नामः मातृ तथा शिशु स्वास्थ्य सम्बर्धनात्मक कार्यक्रम सञ्चालन

| | |
|---|---|
| कृयाकलाप संकेतः २.७.२२.५, २.७.५.६८ | खर्चशिर्षकः२२५२२ |

| | |
|---|---|
| परिचय | स्तनपायी आमाहरुलाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धबर्धक औषधी खरिद गरी बितरण गर्ने हेतुले यो कार्यक्रमको व्यवस्था गरिएको छ । |
